# वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन

## आ.व. २०८२/८३

# स्वास्थ्य


कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

# विषय सूची


समष्टिगत निर्देशन ........ i

चालूतर्फका क्रियाकलापहरु ........ १

क. सामाजिक विकास मन्त्रालय अन्तर्गतका क्रियाकलापहरु ........ १

ख. स्वास्थ्य सेवा निर्देशनालय अन्तर्गतका क्रियाकलापहरू ........ २८

ग. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र अन्तर्गतका क्रियाकलापहरु ........ ७८

घ. मानव संसाधन विकास केन्द्र अन्तर्गतका क्रियाकलापहरु ........ १०९

ङ. प्रदेश अस्पताल अन्तर्गतका क्रियाकलापहरु ........ ११६

च. मेहेलकुना अस्पताल अन्तर्गतका क्रियाकलापहरू ........ १२५

छ. प्रदेश जनस्वास्थ्य प्रयोगशाला अन्तर्गतका क्रियाकलापहरु ........ १३७

ज. प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र अन्तर्गतका क्रियाकलापहरू ........ १४८

झ. स्वास्थ्य सेवा कार्यालय तथा जनस्वास्थ्य सेवा कार्यालय अन्तर्गतका क्रियाकलापहरु ........ १९५

ञ. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरूका क्रियाकलापहरू ........ २७७

पूँजीगततर्फका क्रियाकलापहरु ........ ३२३

१. खर्च शीर्षक: गैर आवासीय भवन निर्माण/खरिद (३१११२), अन्य सार्वजनिक निर्माण (३११५९) र निर्मित भवनको संरचनात्मक सुधार खर्च (३११६१) अन्तर्गतका क्रियाकलापहरू ३२३


प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

# समष्टिगत निर्देशन

- सामाजिक विकास मन्त्रालय वा अन्तर्गतका स्वास्थ्य क्षेत्रसँग सम्बद्ध कार्यक्रमहरूको निर्दिष्ट उद्देश्य बमोजिम कार्यान्वयनमा दक्षता, मितव्ययीता, एकरूपता तथा सहजीकरण गरी प्रभावकारिता अभिवृद्धि गराउने उद्देश्यले देहाय बमोजिमको समष्टिगत मार्ग/निर्देशन तयार गरिएको छ ।

- स्वीकृत कार्यक्रम तथा प्राप्त अख्तियारी अनुसारको खर्च गर्दा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, कर्णाली प्रदेश विनियोजन ऐन २०८२, कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ अनुरूप कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। यसका साथै आर्थिक मामिला तथा योजना मन्त्रालय तथा यस मन्त्रालयबाट यस आर्थिक वर्षका लागि लक्षित गरी जारी गरिएका निर्देशिका तथा परिपत्र अनुरूप गर्नुपर्नेछ ।

- विगलका वर्षहरूमा आर्थिक वर्षको अन्त्यमा अत्यधिक कामको चाप हुने गरेको छ । त्यसो हुँदा कामको गुणस्तरमा समस्या हुने, भुक्तानीको ठूलो अंश आर्थिक वर्षको अन्त्यमा हुने गरेको छ । यसले यस्ता कार्यले समग्र शासकीय र वित्तीय सक्षमता र कार्यकुशलतामा समेत प्रश्न उठ्ने गरेको छ यस विषयलाई ध्यान दिदै चालु आर्थिक वर्षमा तेस्रो त्रैमासिक सम्म कार्य सम्पन्न गर्ने गरी सबै कार्यालयहरूले कार्य योजना बनाउने र सोही अनुसार कार्यान्वयन गर्ने । यो दिग्दर्शनको आधारमा सबै सम्बन्धित कार्यालयहरूले कुनै कार्यक्रम चौथो त्रैमासिकमा मात्र गर्न पर्ने रहेछ भने सकभर त्यसको भौतिक पक्ष सो भन्दा अगावै सम्पन्न गरी रकम भुक्तानीको काम मात्र चौथो त्रैमासिकमा गर्ने गरी आवश्यक व्यवस्था मिलाउने ।

- कार्यक्रम सञ्चालन गर्दा कुनै समस्या भएमा सम्बन्धित समस्या समाधानका लागि सरोकारवालाहरुसँग छलफल गर्ने । त्यसरी छलफल गर्दा रकम र कार्यक्रमको बारेमा स्पष्ट जानकारी गराउने र रचनात्मक सुझाव लिन प्रयत्न गर्नुपर्नेछ। त्यसरी स्थानीय वा कार्यालयस्तरमा समस्या समाधान हुन नसक्ने भएमा तत्काल मन्त्रालयको सम्बन्धित शाखा, महाशाखासँग सम्पर्क गरी निकास निकाल्ने ।

- जिल्लास्थित स्वास्थ्य सेवा कार्यालयमा अस्पतालतर्फका कार्यक्रमहरु संचालन गर्दा चिकित्सा सेवा शाखा प्रमुख र जनस्वास्थ्य तर्फका कार्यक्रमहरु संचालन गर्दा जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले कार्यक्रमको फोकल पर्सन तोक्नु पर्नेछ । फोकल पर्सन तोक्दा सम्बन्धीत शाखामा कार्यरत कर्मचारी भन्दा अन्य शाखाका कर्मचारीलाई फोकल पर्सन तोक्न पाइने छैन तर कार्यक्रमको जिम्मेवारी मुख्यगरि सम्बन्धीत शाखा प्रमुखको हुनेछ। साथै उपचारात्मक सेवामा खटिने जनशक्तिहरु जस्तै चिकित्सक, रेडियोग्राफर, फिजीयोथेरपिष्ट, प्रयोगशालाकर्मी, IPD, OPD, OT Emergency मा खटिने पारामेडीस/जनरल नर्सिंग लगायतलाई जनस्वास्थ्य तर्फका कार्यक्रमहरुको फोकल पर्सन तोक्न पाइने छैन ।

- कार्यक्रम तथा सेवा प्रवाहबारेको विवरणका आधारमा कार्यक्रमहरूको नियमित रूपमा अनुगमन गरिने हुँदा प्रदेश तह अन्तर्गत प्रदान गरिने शिक्षा, सामाजिक सेवाको तथ्याङ्कीय विवरण अद्यावधिक गराउनु पर्नेछ ।
- कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार प्राविधिक सहयोग तथा सहजीकरणका लागि संघीय र प्रदेशका कार्यक्रमसँग सम्बन्धित महाशाखा एवं निर्देशनालयसँग समन्वय गर्न सकिनेछ । साथै प्रदेश स्तरबाट आवश्यकता अनुसार कार्यक्रमहरूको अनुगमन हुनेछ ।
- वैदेशिक सहायता समावेश भएको कार्यक्रमको हकमा आवश्यकता अनुसार सम्बन्धित निकायसँगको समन्वय तथा यस निर्देशिका बमोजिम कार्यक्रम सञ्चालन गरी तोकिए बमोजिमको ढाँचामा तोकिएको निकायमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।
- कार्यक्रम सम्पन्न भएपश्चात सामाजिक विकास मन्त्रालय एवं शिक्षा विकास निर्देशनालयमा उल्लिखित कार्यक्रम सम्बन्धी प्रतिवेदन पठाउनु पर्नेछ ।
- हरेक त्रैमासिक अवधि सम्पन्न भएको १ हप्ता भित्र त्रैमासिक प्रगति विवरण अनिवार्य रूपमा तोकिएको ढाँचा बमोजिम तयार पारी निर्देशनालय तथा मन्त्रालयमा पठाउनु पर्नेछ । यसरी प्रतिवेदन गर्दा प्रमुख तथा उल्लेख्य क्रियाकलापहरूको फोटो र भिडियो समेत पठाउनु पर्नेछ ।

घनश्याम भण्डारी
मा. मन्त्री

प्रदेश सचिव

## चालूतर्फका क्रियाकलापहरु

### क. सामाजिक विकास मन्त्रालय अन्तर्गतका क्रियाकलापहरु

१.१ कृयाकलापको नाम – महामारी तथा आकस्मिक स्वास्थ्य व्यवस्थापन कोष

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१४३ | २२५२२ | १०००० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जनस्वास्थ्य ऐन २०७५ तथा नियमावली २०७७, कर्णाली स्वास्थ्य सेवा ऐन २०७८ तथा नियमावली २०८० तथा बहुप्रकोप प्रतिकार्य योजना २०७९, प्रादेशिक विपद् प्रतिकार्य योजना तथा मनसून प्रतिकार्य योजनाले निर्दिष्ट गरे बमोजिम आपतकालीन अवस्थामा आपतकालीन स्वास्थ्य उपचारमा चिकित्सकीय समूह परिचालन, औषधि तथा उपकरण तथा सूचना व्यवस्थापन जस्ता प्रतिकार्य तथा अन्य व्यवस्थापन गर्नका लागि महामारी तथा आकस्मिक स्वास्थ्य व्यवस्थापन कोषको व्यवस्था गरिएको छ। |
| उद्देश्य | स्वास्थ्य आपतकालीन अवस्थामा जोखिममा रहेका व्यक्तिहरुलाई तत्काले आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने तथा आधारभूत स्वास्थ्य सेवाको पुनर्स्थापना गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य आपतकालीन अवस्थामा जोखिममा रहेका व्यक्तिहरुले आकस्मिक तथा आधारभूत स्वास्थ्य सेवा प्राप्त गरी जोखिममुक्त हुनेछन्। |
| संचालन प्रक्रिया | • बहुप्रकोप प्रतिकार्य योजना अनुसार प्रतिकार्यका कार्यक्रम सञ्चालन गर्ने,<br>• प्रदेशस्तरमा द्रुत प्रतिकार्य टोली/समूह गठन भएको सुनिश्चित गर्ने,<br>• स्वास्थ्य तथा पोषण क्लष्टर सक्रिय भइ बैठकले प्रतिकार्यका कार्यक्रमहरुको निर्णय गर्ने,<br>• आकस्मिक स्वास्थ्य अवस्थामा प्रभावकारी व्यवस्थापनका लागि प्रतिकार्य योजना तर्जुमा गर्ने,<br>• प्रदेशमा भएका आकस्मिक प्रकोपका घटनाहरुको तत्काल प्रतिकार्य गर्नका लागि चिकित्सकीय तथा स्वास्थ्यकर्मीहरुको समूह गठन गरी परिचालन गर्ने,<br>• प्रदेशका बिभिन्न स्थानमा भएका महामारीको अवस्था बारेमा पर्याप्त स्थलगत अध्ययन गरी सूचना संकलन गर्ने,<br>• आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने जनशक्ति, औषधि उपकरण तथा सूचना सम्बन्धी बिभिन्न सामग्रीहरुको खरिद, वितरण तथा व्यवस्थापन गर्ने,<br>• आवश्यकताका आधारमा बहुप्रकोप आपतकालीन अवस्था सिर्जना भएका स्थानका स्वास्थ्य संस्थामा प्रतिकार्यका लागि रकम निकासा गर्ने, |

| | |
|---|---|
| बजेट बाँडफाटँ | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, आइ.सी.एस. कमिटीको बैठकको निर्णय, बहुप्रकोप प्रतिकार्य योजना, स्वास्थ्य तथा पोषण क्लष्टरको बैठकबाट पारित निर्णय, प्रादेशिक आर.आर.सी. को निर्णय अनुसार बजेट बाँडफाँट गरी उपयोग गरिनेछ। |
| सन्दर्भ सामग्री | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त निर्देशन, प्रादेशिक मनसून/प्रकोप प्रतिकार्य योजना, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ तथा अन्य कानूनी दस्तावेजहरु। |
| अनुगमन सूचक | • प्रादेशिक द्रुत प्रतिकार्य समिति/टोलीको बैठक तथा निर्णय,<br>• स्वास्थ्य तथा पोषण क्लष्टरको बैठक तथा निर्णयहरु<br>• आपतकालीन चिकित्सकीय तथा स्वास्थ्यकर्मीहरुको समूह परिचालन भएको,<br>• आवश्यक औषधि उपकरण तथा अन्य सामग्री खरिद गरेको बिवरण,<br>• कार्यक्रम सम्पन्न प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति | प्रमुख, स्वास्थ्य सेवा महाशाखा, सामाजिक विकास मन्त्रालय |

### १.२ कृयाकलापको नाम – मानसिक स्वास्थ्य रणनीति कार्यान्वयन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१५२ | २२५२२ | ३००० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समतामूलक पहुँच सुनिश्चित गरी न्यायसंगत र जवाफदेही रही एकीकृत रुपमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा निरन्तररुपमा उपलब्ध गराउनका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | सबै वर्गमा सरल र सुलभ तरीकाले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवाको सर्वव्यापी पहुँच उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | • हालसम्म कार्यान्वयन हुन नसकेका मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजनमा समावेश भएका योजनाहरुको कार्यान्वयन,<br>• गुणस्तरीय मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवाको सबै वर्गमा सरल, सुलभ र सहज पहुच सुनिश्चितता गरी उपभोगलाई अभिवृद्धि गर्ने।<br>• मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई सम्मानजनक तथा सेवाग्राहीमैत्री बनाउने। |

| | |
|---|---|
| | • मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई दीगो एवं निरन्तरताका लागि आन्तरिक तथा वाह्य श्रोतको पहिचान गरी प्रभावकारी रुपमा परिचालन गर्ने।<br>• सरकारी गैर सरकारी तथा नीजि क्षेत्र बीच प्रभावकारी साझेदारी, समन्वय र सहकार्य गर्ने। |
| संचालन प्रकृया | • मानसिक स्वास्थ्य सेवाको पहुँच कम भएका जिल्ला, स्थानीय तह तथा स्वास्थ्य संस्थाहरुको छनोट गर्ने,<br>• मानसिक स्वास्थ्य सेवाको पहुँच कम भएका स्थानमा कार्यरत विद्यमान स्वास्थ्य जनशक्तिको क्षमताका बारेमा पहिचान गर्ने,<br>• मानसिक स्वास्थ्यका बारेमा स्थानीय तहका पदाधिकारी तथा स्वास्थ्यकर्मीहरु बीच सिकाइको आदान प्रदान तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,<br>• मानसिक स्वास्थ्यमा कार्यरत विभिन्न सरोकारवाला निकायसँग समन्वय, सहकार्य तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने,<br>• स्वास्थ्यकर्मीहरुको क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्न स्वीकृत कार्यक्रम र बजेटको परिधिभित्र रही राष्ट्रिय तालिम केन्द्रले तोकेको MHGAP मोड्यूल १, २A र २B प्रयोग गरी चिकित्सक, नर्सिङ्ग तथा प्यारामेडिक, आयुर्वेद स्वास्थ्यकर्मी हरुलाई मानव संशाधन विकास केन्द्रसँग समन्वय गरी तालिम सञ्चालन गर्ने,<br>• मानसिक स्वास्थ्य तथा परामर्शका विभिन्न सूचनामूलक सामग्रीको विकास तथा उत्पादन गरी पहुँच कम भएका स्थानमा प्रचार प्रसार गर्ने,<br>• मानसिक स्वास्थ्य रणनीतिलाई आयुर्वेद अन्य स्वास्थ्य सेवासँग एकीकृत गरी वृहत्त रुपमा सञ्चालन गर्ने,<br>• स्थानीय तहमा सञ्चालन भएका आधारभूत स्वास्थ्य सेवासँग सम्बन्धित कार्यक्रम र मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखी एकीकृत रूपमा सुपरीवेक्षण तथा अनुगमन गर्ने, |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ अनुसार बजेटको परिधिभित्र रही कार्यक्रमको तय गर्ने र प्रचलित आर्थिक ऐन/नियमानुसार तोकिएका कार्यक्रममा खर्च गर्ने । |
| सन्दर्भ सामग्री | राष्ट्रिय/प्रादेशिक मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना २०७९<br>कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, मानसिक स्वास्थ्य सम्बन्धी राष्ट्रिय रणनीति २०७७, विभिन्न समयमा प्रकाशित सूचना, सञ्चार तथा परामर्श सम्बन्धी सामग्रीहरु, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। |
| अनुगमन सूचक | तालिम, अनुगमन तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न प्रतिवेदन |

| | |
|---|---|
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य अधिकृत, जनस्वास्थ्य शाखा, स्वास्थ्य सेवा महाशाखा |

१.३ कृयाकलापको नाम – मानिसक स्वास्थ्य तथा मनोसामाजिक रणनिति र कार्ययोजना कर्यान्वयन सम्बन्धि सरोकारवालाहरूसँगको छलफल कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१८८ | २२५२२ | ३०० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समतामूलक पहुँच सुनिश्चित गरी न्यायसंगत र जवाफदेही रही एकीकृत रुपमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा निरन्तररुपमा उपलब्ध गराउनका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | सबै वर्गमा सरल र सुलभ तरीकाले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवाको सर्वव्यापी पहुँच उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | • गुणस्तरीय मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवाको सबै वर्गमा सरल, सुलभ र सहज पहुच सुनिश्चितता गरी उपभोगलाई अभिवृद्धि गर्ने।<br>• मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई सम्मानजनक तथा सेवाग्राहीमैत्री बनाउने।<br>• मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई दीगो एवं निरन्तरताका लागि आन्तरिक तथा बाह्य श्रोतको पहिचान गरी प्रभावकारी रुपमा परिचालन गर्ने।<br>• सरकारी गैर सरकारी तथा नीजि क्षेत्र बिच प्रभावकारी साझेदारी, समन्वय र सहकार्य गर्ने। |
| संचालन प्रकृया | • जिल्ला सदरमुकाम बाहेकका कर्णाली प्रदेशका १० जिल्लाका कम्तिमा १ स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्ने।<br>• मानसिक स्वास्थ्य सेवाको पहुँच कम भएका स्थानीय तह तथा स्वास्थ्य संस्थाहरुको छनोट गरिनेछ,<br>• मानसिक स्वास्थ्य सेवाको पहुँच कम भएका स्थानमा कार्यरत विघमान स्वास्थ्य जनशक्तिको क्षमताका बारेमा पहिचान गर्ने,<br>• पहिचान भएका स्थानमा मानसिक स्वास्थ्यसंग सम्बन्धित कार्यक्रम संचालन गर्न योजना तयार गर्ने,<br>• मानसिक स्वास्थ्यका बारेमा स्थानीय तहका पदाधिकारी तथा स्वास्थ्यकर्मीहरु बीच सिकाइको |

| | |
|---|---|
| | आदान प्रदान तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,<br>• मानसिक स्वास्थ्यमा कार्यरत विभिन्न सरोकारवाला निकायसँग समन्वय, सहकार्य तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने,<br>• मानसिक स्वास्थ्य तथा परामर्शका विभिन्न सूचनामूलक सामग्रीको विकास तथा उत्पादन गरी पहुँच कम भएका स्थानमा प्रचार प्रसार गर्ने। |
| बजेट बाँडफाटँ | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ अनुसार बजेटको परिधिभित्र रही कार्यक्रमको तय गर्ने र प्रचलित आर्थिक ऐन/नियमानुसार तोकिएका कार्यक्रममा खर्च गर्ने । |
| सन्दर्भ सामग्री | सूचना प्रसारण, जिन्सि रजिष्टर, आदिराष्ट्रिय/प्रादेशिक मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना २०७९<br>कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, मानसिक स्वास्थ्य सम्बन्धी आधारभूत तालिम पुस्तिका, विभिन्न समयमा प्रकाशित सूचना, सञ्चार तथा परामर्श सम्बन्धी सामग्रीहरु, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। |
| अनुगमन सूचक | तालिम तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य अधिकृत, जनस्वास्थ्य शाखा, स्वास्थ्य सेवा महाशाखा |

१.४ कृयाकलापको नाम – अपाङ्गता भएका व्यक्तिको लागि कृतिम अंग उत्पादन साझेदारी कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.६०९ | २२५२२ | ३००० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | शारीरिक अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सहायक सामग्रीहरु सरकारी तथा निजी क्षेत्रको संयुक्त साझेदारीमा उत्पादन गर्नका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | शारीरिक अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने सहायक सामग्रीको उत्पादन तथा मर्मत गर्ने। |
| अपेक्षित प्रतिफल | Prosthetics & Orthotics सामग्रीहरु उत्पादन भइ शारिरीक अपाङ्ग भएका व्यक्तिहरुलाई वितरण हुने |
| संचालन प्रकृया | • सामाजिक विकास मन्त्रालयबाट कृतिम अङ्ग उत्पादक संस्थाहरुको प्रारम्भिक तथ्याङ्क संकलन गर्ने, |

| | |
|---|---|
| | • प्राप्त तथ्याङ्कका आधारमा उपयुक्त संस्थाको छनौट पश्चात् कृतिक अङ्ग उत्पादन गर्न मन्त्रालय र साझेदार संस्थाबीच सम्झौता गर्ने, <br>• सार्वजनिक खरिद नियमावली २०६४ अनुसार कृतिम अङ्ग सामग्रीको उत्पादन गर्ने <br>• उत्पादित सामग्रीको गुणस्तर निर्धारण गर्ने, <br>• उत्पादित सामग्रीहरु अपाङ्ग भएका व्यक्तिहरुलाई वितरण गर्ने। |
| बजेट बाँडफाटँ | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ |
| अनुगमन सूचक | खरिद सम्बन्धी कागजात, प्राविधिक प्रतिवेदन, अनुगमन। |
| जिम्मेवार व्यक्ति | प्रमुख, स्वास्थ्य सेवा महाशाखा, सामाजिक विकास मन्त्रालय |

१.५ कृयाकलापको नाम – विपन्न तथा असहाय नागरिकहरुका लागि स्वास्थ्य उपचार तथा यातायात खर्च

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१६८ | २२५२२ | २५०० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | बेवारिसे, असहाय, विपन्न, यातायात खर्चको अभावमा अस्पताल पुग्न वा अस्पतालबाट घर जान नसकेका बिरामीहरूलाई उपचार तथा यातायात खर्च सहयोगका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | बेवारिसे, असहाय, विपन्न, यातायात खर्चको अभावमा अस्पताल पुग्न वा अस्पतालबाट घर जान नसकेका बिरामीहरूलाई स्वास्थ्य सेवाको पँहुच अभिवृद्धि गर्नु। |
| अपेक्षित प्रतिफल | उपचार व्यवस्थापनमा सहज पहुँच भएको हुनेछ। |
| संचालन प्रकृया | • वडाको सिफारिस वा उपचार गरिएको अस्पतालले बेवारिसे, असहाय, विपन्न, यातायात खर्चको अभावमा अस्पताल पुग्न वा अस्पतालबाट घर जान नसक्ने बिरामी सिफारिस भई मन्त्रालयमा निवेदन गरे बमोजिम ५ हजारदेखि २० हजारसम्म भौगोलिक दुरीका आधारमा |

| | |
|---|---|
| | यातायात खर्च उपलब्ध गराउने।<br>• उपचारका क्रममा मृत्यु भई आर्थिक अभावमा धार्मिक संस्कार गर्न नसक्ने नागरिकका लागि शववाहन वापतको रकम भुक्तानी दिने।<br>• भुक्तानीका लागि देहाय बमोजिमको समितिले निर्णय गर्नेछः<br>क) संयोजक – सचिव<br>ख) सदस्य - प्रमुख, स्वास्थ्य महाशाखा<br>ग) सदस्य – प्रमुख आर्थिक प्रशासन शाखा<br>घ) सदस्य- प्रमुख, चिकित्सा शाखा,<br>• सेवा लिंदा सेवाग्राहीले निम्नानुसार कागजात पेश गर्नुपर्नेछः<br>क) निवेदन<br>ख) वडा वा अस्पतालको सिफारिस पत्र<br>ग) अस्पतालको बिरामी पुर्जा<br>घ) बिरामी वा बिरामीका नजिकका आफन्तको बैंक खाता विवरण।<br>ङ) मृतकको हकमा मृत्यु प्रमाणपत्र र हकवालाको बैंक खाता विवरण। |
| बजेट बाँडफाँट | स्वीकृत निर्देशिका बमोजिम तोकिएका जिल्लाबाट आउने बिरामीहरुको रोगभारका आधारमा रकमको बाँडफाँट गरी खर्च उपलब्ध गराउने। |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड, कार्यक्रम सञ्चालन कार्यविधि |
| अनुगमन सूचक | यातायात खर्च लिएका बिरामी संख्या |
| जिम्मेवार व्यक्ति | चिकित्सा शाखा, स्वास्थ्य सेवा महाशाखा |

१.६ कृयाकलापको नाम – मानसिक स्वास्थ्य रणनीति सम्बन्धि अन्तक्रिया

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१०८ | २२५२२ | २००० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.२१५३ | २२५२२ | १५०० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जनस्वास्थ्य सेवा ऐन २०७५,राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना २०७७ को लक्ष्य अनुसार नागरिकको मौलिक हकको रूपमा संविधान प्रदत्त स्वास्थ्य सेवाअन्तर्गत मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्न न्यायसङ्गत एवं जवाफदेही ढङ्गले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई प्राथमिक स्वास्थ्य सेवा प्रणालीमा एकीकृत गरी समयसापेक्ष विशिष्टिकृत मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा अविच्छिन्न रुपमा उपलब्ध गराइ मानसिक स्वास्थ्य समस्याको रोकथाम उपचार र पुनर्स्थापना गर्ने अभिप्रायले यस किसिमको कार्यक्रम राखिएको हो। |
| उद्देश्य | सर्वव्यापी मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवाको पहुँच सबै वर्गमा सरल, सुलभ र तरीकाले उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | • सबै वर्गमा गुणस्तरीय सरल, सुलभ र सहज पहुँच सहितको मानसिक स्वास्थ्य सेवा बिस्तार र सेवा प्रदायकहरुको क्षमतामा अभिबृद्धि हुनेछ<br>• मनोसामाजिक सेवालाई सम्मानजनक तथा सेवाग्राहीमैत्री हुनेछ,<br>• मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई दिगो एवं निरन्तरताका लागि आन्तरिक तथा बाह्य श्रोतको पहिचान गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ। |
| संचालन प्रकृया | • प्रदेश निर्वाचन क्षेत्रभित्र विद्यार्थी चाप बढि भएका विद्यालयहरूमा कार्यक्रम सञ्चालन गर्ने।<br>• विद्यालय छनोट गर्दा मानिसक स्वास्थ्य तथा मनोसामाजिक रणनिति र कार्ययोजना कर्यान्वयन कार्यक्रम सञ्चालन गरिएको स्थानीय तह बाहेकका विद्यालयहरू छनोट गर्नुपर्नेछ।<br>• मानसिक स्वास्थ्यसंग सम्बन्धित कार्यक्रम संचालन गर्न योजना तयार गर्ने,<br>• मानसिक स्वास्थ्यका बारेमा स्थानीय तहका पदाधिकारी, तथा स्वास्थ्यकर्मीहरुलाई विद्यालयमा विद्यार्थीहरूबीच सिकाइको आदान प्रदान तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,<br>• मानसिक स्वास्थ्यमा कार्यरत बिभिन्न सरोकारवाला निकायसँग समन्वय, सहकार्य तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने,<br>• मानसिक स्वास्थ्य तथा परामर्शका बिभिन्न सूचनामूलक सामग्रीको विकास तथा उत्पादन गरी पहुँच कम भएका स्थानमा प्रचार प्रसार गर्ने। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ अनुसार बजेटको परिधिभित्र रही कार्यक्रमको तय गर्ने र प्रचलित आर्थिक ऐन/नियमानुसार तोकिएका कार्यक्रममा खर्च गर्ने । |
| सन्दर्भ सामग्री | राष्ट्रिय/प्रादेशिक मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना २०७९<br>कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, मानसिक स्वास्थ्य सम्बन्धी आधारभूत तालिम पुस्तिका, मातृशिशु स्वास्थ्य तथा सर्ने/नसर्ने रोग नियन्त्रणमा मानसिक स्वास्थ्यको प्रभाव सम्बन्धी |

| | |
|---|---|
| | तथ्यहरु, सञ्चार तथा परामर्श सम्बन्धी सामग्रीहरु, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु |
| अनुगमन सूचक | तालिम तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य अधिकृत, जनस्वास्थ्य शाखा, स्वास्थ्य सेवा महाशाखा |

## १.७ कृयाकलापको नाम – स्वास्थ्य सूचना प्रणालीलाई व्यवस्थित गर्न Digital Health State कार्यक्रम सञ्चालन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१४६ | २२५२२ | १५०० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सूचना प्रणाली व्यवस्थित गर्न डिजिटल हेल्थ स्टेट अन्तर्गत प्रदेशमा स्वास्थ्य संस्था तथा जनशक्तिको विधुतीय अभिलेख, नेपाल इएमआर/इएचआर, एम्बुलेन्स जिपिएस प्रणाली, टेलिमेडिसिन वा दूर चिकित्सा सेवा सुनिश्चितता भएको हुनेछ। इ-हेल्थ मार्गदर्शन २०१९ तथा एकीकृत चिकित्सा अभिलेख प्रणाली सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१ ले लक्ष्य गरे अनुसार विधुतीय सूचना प्रणालीमा स्वास्थ्यका सेवा सेवाग्राहीको स्वास्थ्य अभिलेख, सूचना प्रणालीको सुदृढीकरण गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | विधुतीय प्रणाली मार्फत स्वास्थ्य प्रणालीलाई सुदृढीकरण गरी गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा अभिबृद्धि गर्ने |
| अपेक्षित प्रतिफल | • सर्ने तथा नसर्ने रोगहरूको समयमा नै निदान तथा उपचार हुने,<br>• स्वास्थ्य सेवाको पहुँच बाहिर रहेका नागरिकहरुले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने,<br>• स्वास्थ्य सूचना प्रणाली व्यवस्थित हुने, |
| संचालन प्रकृया | • विधुतीय स्वास्थ्य अभिलेख मार्फत सेवाग्राहीहरुको Real Time अभिलेख राख्न मन्त्रालयमा डाटा सेन्टरसहितको एकीकृत विधुतीय सूचना प्रणाली निर्माण गर्ने,<br>• प्रदेशभित्र सञ्चालित सबै अस्पतालहरूको एकीकृत विधुतीय सूचना प्रणालीमा आवद्ध गर्ने।<br>• उल्लेखित कार्यहरू कार्यान्वयनका लागि जनशक्ति व्यवस्थापन, उपकरण, सफ्टवेयर लगायतका अन्य व्यवस्थापन गर्ने।<br>• विभिन्न निकायहरू तथा साझेदार संस्थाहरुसँग समन्वय, सहकार्य तथा साझेदारी गर्ने।<br>• सञ्चालन कार्यविधि तथा कानुनी प्रावधानको व्यवस्था गर्ने। |

| | |
|---|---|
| बजेट बाँडफाटँ | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ तथा प्रचलित नियम/कानून अनुसार खर्चको बाँडफाँट गर्ने। |
| सन्दर्भ सामग्री | दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धी निर्देशिका २०८०,<br>इ-हेल्थ रोडम्याप नेपाल २०१९<br>एकीकृत विद्युतीय सूचना अभिलेख सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८१ |
| अनुगमन सूचक | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| जिम्मेवार व्यक्ति | प्रशासन तथा योजना महाशाखा, प्रमुख। |

१.८ कृयाकलापको नाम – नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा प्रदेश अन्तर्गतका अस्पतालहरुमा रक्तसंचार सेवा संचालन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१४२ | २२५२२ | १००० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | "रक्तसञ्चार सेवा" भन्नाले स्वास्थ्य उपचारका क्रममा रगत वा रक्ततत्व आवश्यकता पर्न गएका व्यक्तिलाई निः शुल्क रूपमा ब्लड ब्याग, रक्त परीक्षण तथा मानव रगत र रक्ततत्व उपलब्ध गराउने सेवा सम्झनु पर्छ । स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ ले रक्तसञ्चार सेवालाई थप व्यवस्थित बनाउन विभिन्न मापदण्डहरू तय गरेको छ । कर्णाली प्रदेशको भूगोल, यातायातको असुविधाका कारण गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि तत्काल आवश्यकतामा रहेका बिरामीहरूको लागि सुलभ र गुणस्तरीय रक्तसञ्चार सेवा उपलब्ध गराउन आवश्यक देखिएकाले प्रदेश अन्तर्गतका अस्पतालहरुमा यस किसिमको सेवा बिस्तार गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | नेपाल रेडक्रस सोसाइटीको समन्वयमा प्रदेश अन्तर्गतका अस्पतालमा रक्त सञ्चार सेवाको बिस्तार तथा सुदृढीकरण गर्ने |
| अपेक्षित प्रतिफल | सिकिस्त बिरामीहरुको उपचार सहज भइ अपाङ्गता तथा मृत्युदरमा कमी आउनेछ |
| संचालन प्रकृया | • रक्त सञ्चार सेवा विस्तार तथा सुदृढीकरणका लागि रोगभार तथा सेवा अनुसार अस्पतालहरुद्वारा मागको आधारमा अस्पताल छनौट गर्ने,<br>• छनौट भएका अस्पतालहरूमा नेपाल रेडक्रस सोसाइटीले रक्तसंचार केन्द्र स्थापना तथा सञ्चालन |

| | |
|---|---|
| | गर्न चाहेमा उपकरण तथा सामाग्री उपलब्ध गराउने। |
| बजेट बाँडफाटँ | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ तथा प्रचलित नियम/कानून अनुसार खर्चको बाँडफाँट गर्ने। |
| सन्दर्भ सामग्री | राष्ट्रिय रक्तसञ्चार नीति २०७१, रक्त सञ्चार सेवा सञ्चालनको मापदण्ड २०७२, स्वास्थ्य संस्था स्थापना सञ्चालन तथा स्तरोन्नति मापदण्ड २०७७, सार्वजनिक खरिद ऐन २०६३, तथा नियमावली २०६४ साथै अन्य प्रचलित कानून र मापदण्डहरु |
| अनुगमन सूचक | प्रदेश अन्तर्गतका अस्पतालहरुमा रक्त सञ्चार सेवाको विस्तार भएको तथा् कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति | प्रमुख, स्वास्थ्य सेवा महाशाखा |

१.९ कृयाकलापको नाम – रणनैतिक स्थानका आधारभूत अस्पतालहरुमा दूर चिकित्सा सेवा सञ्चालन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१४५ | २२५२२ | १००० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | दूर चिकित्सा सेवा भन्नाले विद्युतीय उपकरणको माध्यमबाट एक भौगोलिक स्थानमा रहेको बिरामी वा चिकित्सकले अर्को भौगोलिक स्थानमा रहेको विशेषज्ञ चिकित्सकसँग परामर्शगरी उपचार व्यवस्थापन गर्ने विधि हो । यस विधिमा विशेषज्ञ चिकित्सकबाट रणनीतिक अस्पतालले समेट्ने क्षेत्रमा बिरामीहरुको सूचना तथा प्रविधि (ICT) मार्फत चिकित्सकीय विज्ञता प्रयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो । यसले भर्चुअल माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्दछ। |
| उद्देश्य | • रणनीतिक स्थानका अस्पतालले समेट्ने क्षेत्रका नागरिकहरुलाई विशेषज्ञ सेवा सहितको गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्नु |
| अपेक्षित प्रतिफल | • आवश्यक जनशक्ति तथा उपकरणको व्यवस्थापन गरी दूर चिकित्सा सेवाको विस्तार हुने,<br>• गम्भीर प्रकारका रोगहरूको समयमा नै निदान तथा उपचार हुने,<br>• आधारभूत अस्पतालबाट प्रदान हुने सेवाको गुणस्तरमा अभिवृद्धि हुने,<br>• सामाजिक तथा आर्थिक रूपमा विपन्न तथा सिमान्तकृत समुदायले स्थानीय तहमा नै विशेषज्ञ स्वास्थ्य सेवा प्राप्त हुने। |
| संचालन | • सामाजिक विकास मन्त्रालयबाट स्वीकृत दूर चिकित्सा सेवा तथा विद्युतीय स्वास्थ्य सेवा सम्बन्धी |

| | |
|---|---|
| प्रकृया | निर्देशिका अनुसार कार्यक्रम सञ्चालन गर्ने,<br>• रणनीतिक स्थानका आधारभूत अस्पतालमा सञ्चालनमा रहेको विद्युतीय स्वास्थ्य अभिलेख मार्फत दूर चिकित्सा सेवा सञ्चालन गर्ने,<br>• आवश्यक उपकरण तथा सामग्रीको विषयमा प्राविधिकबाट लागत अनुमान तयार गरी जडान गर्ने,<br>• अस्पतालहरुबाट विधुतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन सञ्चालन गर्नको लागि स्वास्थ्य व्यवस्थापन तथा सुचना प्रणाली र DHIS2 सँग Compatible गराउने,<br>• दूर चिकित्सा सेवा सञ्चालनका लागि अलग्गै कोठाको व्यवस्थापन गर्ने,<br>• रणनीतिक स्थानमा रहेका आधारभूत अस्पतालले विशिष्टकृत अस्पताल वा स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग आवश्यक समन्वय गरी दूर चिकित्सा सेवा सञ्चालन गर्ने,<br>• दूर चिकित्सा सेवा सञ्चालन पूर्व संलग्न चिकित्सक तथा स्वास्थ्यकर्मीको स्थलगत अनुशिक्षण मार्फत क्षमता बिकास गर्ने,<br>• आवश्यकताका आधारमा आधारभूत अस्पतालबाट दूर चिकित्सा सेवा सञ्चालन गर्ने र सिकाइका आधारमा क्रमशः विस्तार गर्दै जाने।<br>• Digital Health State सँग एकीकृत गरी सञ्चालन गर्ने।<br>• कार्यक्रम सञ्चालनका लागि आवश्यक सामाग्री, सर्भर, डिभाइस खरिद तथा साझेदार संस्थालाई सम्झौता बमोजिमको रकम उपलब्ध गराउन सकिने। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ तथा प्रचलित नियम/कानून अनुसार खर्चको बाँडफाँट गर्ने। |
| सन्दर्भ सामग्री | दूर चिकित्सा तथा विधुतीय स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धी निर्देशिका, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। |
| अनुगमन सूचक | दूर चिकित्सा स्वास्थ्य सेवा विस्तार भएका पालिकाहरुको संख्या, दूर चिकित्सा सेवा लिएका सेवाग्राहीहरुको संख्या, अस्पतालमा स्थापना भएको पूर्वाधार तथा ICT व्यवस्थापन |
| जिम्मेवार व्यक्ति | प्रमुख, स्वास्थ्य सेवा महाशाखा |

१.१० कृयाकलापको नाम – स्थानीय तहमा रहेका रणनैतिक स्थानका अस्पताल/स्वास्थ्य संस्थाहरुको सेवा सुदृढीकरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२१४७ | २२५२२ | १००० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्थानीय तहका रणनैतिक स्थानका रहेका अस्पतालहरुको क्षमता बिकास गरी हाल प्रदान भइरहेका सेवाहरुको थप सुदृढिकरण र विस्तार गरी आमनागरिकलाई गुणस्तरीय गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा अभिबृद्धि हुनेछ। |
| संचालन प्रकृया | • स्वास्थ्य सेवा निर्देशनालयसँगको समन्वयमा रणनीतिक स्थानमा रहेका अस्पतालहरूको न्यूनतम् सेवा मापदण्ड (MSS) मापन गर्ने।<br>• MSS मा देखिएका समस्याहरू सुधारका लागि थप कार्यायोजना निर्माण गर्ने।<br>• कार्ययोजना बमोजिम स्तरोन्नतीका लागि आवश्यक उपकरण, सामाग्रीको लागि प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रसँग सहकार्य गर्ने।<br>• कार्यान्वयन गर्ने व्यक्तिः चिकित्सा शाखा, प्रमुख। |
| बजेट बाँडफाँट | वित्तीय हस्तान्तरण पश्चात् अस्पतालले सेवा सुदृढीकरणका लागि आवश्यक उपकरण, सामग्री तथा अन्य व्यवस्थापकीय खर्चका लागि बजेटको बाँडफाँट गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, प्रचलित ऐन नियम तथा नियमावलीहरु ,आदि। |
| अनुगमन सूचक | वितीय हस्तान्तरण, खरिद आदेश दाखिला ,प्रतिवेदन आदि । |
| जिम्मेवार निकाय | स्वास्थ्य सेवा महाशाखा |

१.११ कृयाकलापको नाम – आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरुको भौतिक संरचना निर्माण सम्बन्धी विस्तृत अध्ययन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१५७ | २२५२२ | १००० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवा विस्तार तथा सुदृढीकरण गर्न कर्णाली प्रदेशका तीनवटा आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरु क्रमशः मुगु, दैलेख र सल्यानमा भौतिक संरचना निर्माण गर्न आवश्यक देखिएकाले उक्त संरचनाको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्नका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवा विस्तार तथा सुदृढीकरणका लागि आवश्यक पूर्वाधार निर्माण गर्न |
| अपेक्षित प्रतिफल | मापदण्ड अनुसारको पूर्वाधार तयार गर्नका लागि प्रतिवेदन तयार हुनेछ। |
| संचालन प्रकृया | • मुगु, दैलेख र सल्यान जिल्लाका आयुर्वेद स्वास्थ्य केन्द्रहरुको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्ने।<br>• प्रतिवेदन तयार पश्चात बहुवर्षिय स्रोत सहमति माग गरी ठेक्का प्रकृया अगाडी बढाउने। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, स्वास्थ्य संस्था स्थापना, सञ्चालन र स्तरोन्नति सम्बन्धी २०७७, भवन ऐन २०५५ र यस अन्तर्गत जारी भएको नेपाल राष्ट्रिय भवन संहिता र भवन नियमावली २०६६। |
| अनुगमन सूचक | खरिद सम्बन्धी कागजात, बिल, कार्य प्रगति प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति | चिकित्सा शाखा प्रमुख। |

१.१२ कृयाकलापको नाम - प्राकृतिक उपचार पद्धतीको विकास तथा प्रर्वद्धन गर्न आयुर्वेद तथा प्राकृतिक चिकित्सा सम्बन्धी राष्ट्रिय सम्मेलन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१५७ | २२५२२ | १००० | सामाजिक बिकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्राकृतिक चिकित्साका बिज्ञका अनुसार कुनैपनि औषधीको प्रयोग नगरी, शल्यक्रिया नगरी, सुई नखोपी गरिने उपचार विधी नै प्राकृतिक चिकित्सा हो। यो प्रभावकारी र हानिरहित विधि पनि हो। हरेक व्यक्ति प्राकृतिक रुपमै बलियो, निरोगी, तन्दुरस्त हुनु पहिलो सर्त हो । पछिल्ला बर्षहरुमा मानिसमा देखिँदै गएको भडकिलो जीवनशैली, अस्वस्थ खानपान, चिन्ता जस्ता बिभिन्न कारणले शारिरीक तथा |

| | |
|---|---|
| | मानसिक रुपमा समेत कमजोर हुँदै गएको सन्दर्भमा कर्णाली प्रदेश आयुर्वेदिक जडिबुटीका साथै पोषणयुक्तबालीहरुको प्रमुख गन्तव्य भएकाले शारीरिक, मानसिक, नैतिक र आध्यात्मिक प्रवर्धनका लागि देश/विदेशमा छरिएर रहेका बिभिन्न बिधाका विज्ञहरु बीच विचार विमर्श गर्न, अनुशासित र स्वस्थ जीवन यापनका तरिका सिक्न यस आयुर्वेद तथा प्राकृतिक चिकित्सा सम्वन्धी राष्ट्रिय सम्मेलन कार्यक्रम राखिएको हो। |
| उद्देश्य | शारीरिक, मानसिक, नैतिक र आध्यात्मिक प्रबर्धनका लागि देश/विदेशमा छरिएर रहेका बिभिन्न बिधाका विज्ञहरु बीच विचार विमर्श गर्न, |
| अपेक्षित प्रतिफल | यस सम्मेलनमा सिकेका ज्ञान तथा सीपबाट शारीरिक, मानसिक, नैतिक र आध्यात्मिक प्रवर्धन हुनेछ |
| संचालन प्रकृया | • कार्यक्रम सञ्चालनका लागि सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यूको अभिभावकत्वमा तयारी समिति गठन गरिनेछ,<br>• यो कार्यक्रमको कार्यतालिका अनुसार २ दिनसम्म सञ्चालन गरिनेछ,<br>• यस सम्बन्धी कार्यक्रम कर्णाली प्रदेशको मात्र नभइ समस्त विश्व समुदायलाई महत्वपूर्ण सन्देश दिन सक्ने अपेक्षा गरिएकाले देश विदेशमा कार्यरत प्राकृतिक चिकित्सा विधिका विद्वत् वर्गहरुलाई आमन्त्रण गरिनेछ,<br>• यस कार्यक्रम सञ्चालनपूर्व राष्ट्रियस्तरमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, आयुर्वेद तथा प्राकृतिक चिकित्सा क्षेत्रमा कार्यरत बिभिन्न संस्था तथा उत्पादक लगायत अन्य आयुर्वेद तथा प्राकृतिक चिकित्ससँग सम्बन्धित सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिनेछ,<br>• देव तथा तपस्वीहरुको पुण्य भूमि दैलेख वा सुर्खेतमा सम्मेलन सञ्चालन गरिनेछ,<br>• कर्णाली प्रदेशमा रहेका बिभिन्न परम्परागत प्राकृतिक चिकित्सा बिधि तथा सुगन्धित जटिबुटी बारेमा जानकारी गराइनेछ,<br>• यस कार्यक्रममा देश/विदेशका विद्वानहरुबाट आयुर्वेद तथा प्राकृतिक चिकित्सा बिधिको बारेमा कार्यपत्र प्रस्तुत, आध्यात्मिक प्रवचन, योगध्यान तथा अन्य प्राकृतिक चिकित्साको महत्वका बारेमा आनन्दित विचार विमर्श हुनेछ,<br>• कार्यक्रमलाई सफल बनाउन प्रदेश सरकार, राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँग समन्वय तथा सहकार्य गरिनेछ<br>• कार्यक्रमको अन्त्यमा कर्णाली प्राकृतिक चिकित्सा घोषणापत्र जारी गरिनेछ। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम । |
| सन्दर्भ | प्राकृतिक चिकित्सा सम्बन्धी लेख प्रकाशन, अनुसन्धानमूलक सामग्री तथा बिभिन्न प्रवचनहरु |

| | |
|---|---|
| सामग्री | |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति | चिकित्सा शाखा प्रमुख |

१.१३ कृयाकलापको नाम – कर्णाली स्वास्थ्य पत्र प्रकाशन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१६६ | २२५२२ | ५०० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सेबामा पहुँच नपाएका समूहलाई स्वास्थ्य सेबा प्रदान गर्न, सर्ने तथा नसर्ने रोगको रोकथाम, स्वास्थ्य प्रवर्धन, रोगको शीघ्र निदान, गुणस्तरीय उपचार र पुनर्स्थापना सेवा, त्यसको प्रभावकारी कार्यान्वियन, समावेशी र दिगो ढंगले स्वास्थ्य सेवाको सुदृढीकरणका सम्बन्धमा प्रदेशभित्र उपलब्ध हुने सूचनाहरुलाई एकीकृत गरी बिभिन्न लेख रचना लगायत अन्य सूचनाहरु स्वास्थ्य पत्रकार समूहसंगको साझेदारीमा प्रकाशन गर्नका लागि यस किसिमको कार्यक्रम राखिएको हो। |
| उद्देश्य | उत्थानशील स्वास्थ्य प्रणाली स्थापना गर्नका लागि बिभिन्न किसिमका लेख रचनाहरु प्रकाशन गर्ने |
| अपेक्षित प्रतिफल | कर्णाली स्वास्थ्य पत्र प्रकाशन हुने |
| संचालन प्रकृया | • साझेदारीमा कार्यक्रम गर्नका लागि स्वास्थ्य पत्रकार समूहबाट कार्यक्रम सञ्चालन योजना सहितको अनुरोध पत्र प्राप्त भएमा उक्त कार्यक्रमको आवश्यकताको आधारमा साझेदारी गर्न मन्त्रालयले निर्णय गर्ने ।<br>• मन्त्रालयको निर्णय बमोजिम साझेदार निकायसंग सम्झौता गर्ने र कार्यक्रम सञ्चालन गर्ने ।<br>• साझेदार निकायले रकम मागको लागि कार्यक्रम सम्पन्न प्रतिवेदन मन्त्रालयमा पेश गर्ने ।<br>• निर्णय भए बमोजिमको रकम बिल भरपाइको आधारमा रकम निकाशा गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रमका आधारमा लागत अनुमान तयार गर्ने र कर्णाली खर्च नियमावली अनुसार खर्च गर्नका लागि बजेटको बाँडफाँट गर्ने |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |

| | |
|---|---|
| अनुगमन सूचक | प्रकाशन पुस्तक, सम्झौता पत्र, निर्णयहरू। |
| जिम्मेवार व्यक्ति | प्रमुख, स्वास्थ्य सेवा महाशाखा |

१.१४ कृयाकलापको नाम – साझेदार संस्थाहरुको सहकार्यमा P&O सेवा सम्बन्धि साझेदारी

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१५४ | २२५२२ | ५०० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | शारीरिक अपांङ्गता भएका व्यक्तिहरुका लागि अपाङ्गताका क्षेत्रमा कार्यरत बिभिन्न गैरसरकारी संस्थाहरुको समन्वय तथा सहकार्यमा P&O सेवा उपलब्ध गराउन र अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवन सहज र सरल बनाउने अभिप्रायले सहायक सामग्री व्यवस्थापन, मर्मत तथा प्रयोग सम्बन्धी कार्यको निरन्तरताको लागि यस किसिमको कार्यक्रम राखिएको हो। |
| उद्देश्य | साझेदारीमा शारीरिक अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने सहायक सामग्रीको उपलब्धता, वितरण तथा व्यवस्थापन गर्नु। |
| अपेक्षित प्रतिफल | P & O सेवा प्राप्त भएका नागरिकहरुले सरल सहजरुपमा सामान्य नागरिक सरह जीवन यापन गर्न सक्नेछन्। |
| संचालन प्रकृया | • P&O सामग्री उत्पादक संस्थासँग समन्वय गरी अपाङ्गता भएका व्यक्तिहरुका लागि सामग्री उत्पादन तथा उपलब्ध गराउने,<br>• अपाङ्गता भएका व्यक्तिहरुलाई यसको प्रयोगका बारेमा अनुशिक्षण गर्ने,<br>• साझेदार संस्थाले उत्पादक संस्थासँग समन्वय गरी व्यक्तिको शारिरीक नाप अनुसार प्राविधिकको राय अनुसार सामग्री उत्पादन गर्ने,<br>• आवश्यक भएका व्यक्तिहरुको पहिचान गरी यस किसिसका साहयता सामग्री उपलब्ध गराउन पहल गर्ने वा अन्य संस्थासँग समन्वय गराइनेछ,<br>• सहायता सामग्रीहरुको वितरण गर्ने । |
| बजेट बाँडफाटँ | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, |

| | |
|---|---|
| अनुगमन सूचक | खरिद सम्बन्धी कागजात, प्राविधिक प्रतिवेदन, अनुगमन। |
| जिम्मेवार व्यक्ति | स्वास्थ्य सेवा महाशाखा |

१.१५ कृयाकलापको नाम – साझेदार संस्थाहरुको सहकार्यमा स्वास्थ्य पुनर्स्थापना सेवा

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१५५ | २२५२२ | ५०० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विश्व बैंक तथा विश्व स्वास्थ्य संगठनद्वारा जारी गरिएको अपाङ्गता सम्बन्धी प्रतिवेदनका अनुसार कुल जनसंख्याको १५ प्रतिशत मानिसहरुमा कुनै न कुनै प्रकारको अपाङ्गता भएको पाईन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसंख्या करिव २ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् । हाल नसर्ने रोगको व्यापकता बढेसंगै अल्पकालीन र दीर्घकालीन अपाङ्गतामा समेत बृद्धि भएको पाइन्छ । ती व्यक्तिहरुको दैनिक जीवनयापनमा सहजता ल्याउनको लागि फिजियोथेरापी तथा पुर्नस्थापना सेवाको दीर्घकालीन आवश्यकता पर्ने भएकाले फिजियोथेरापी सेवालाई थप सुदृढिकरण गर्नको लागि यस कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | गुणस्तरीय फिजियोथेरापी तथा पुनर्स्थापना सेवा प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | गुणस्तरीय फिजियोथेरापी तथा पुनर्स्थापना सेवा सहज रुपमा प्राप्त गर्नेछन् । |
| संचालन प्रकृया | • अपाङ्गता साझेदारी कार्यक्रम अर्न्तगत स्वास्थ्य सेवा कार्यालय हुम्लामा रहेको फिजियोथेरापी इकाईमा आएका बिरामीहरुको assessment गरी फिजियोथेरापी तथा पुनर्स्थापना सेवा प्रदान गर्ने,<br>• फिजियोथेरापी सेवा प्रदान गर्न आवश्यक सामाग्रि खरिद गर्ने,<br>• जनशक्तिको व्यवस्थापन गर्ने ।<br>• सेवा प्राप्त गरेका व्यक्तिहरुको अभिलेख राख्ने । |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |

| | |
|---|---|
| अनुगमन सूचक | फिजियोथेरापि तथा पुर्नस्थापना सेवा प्राप्त गरेका लाभग्राहिहरुको अभिलेख विवरण। |
| जिम्मेवार व्यक्ति | प्रमुख, स्वास्थ्य सेवा महाशाखा |

१.१६ कृयाकलापको नाम – प्रादेशिक स्वास्थ्य सम्बन्धी कानून,नीति सम्बन्धी दस्तावेजहरुको समिक्षा, सह-योजना र सहकार्य

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१५८ | २२५२२ | ५०० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | राष्ट्रिय स्वास्थ्य नीति २०७६, जनस्वास्थ्य ऐन २०७५, नियमावली २०७७, पहुँच बाहिर रहेकाहरुलाई समेट्ने रणनीति २०७७, राष्ट्रिय स्वास्थ्य क्षेत्र रणनीति २०८० लगायत प्रदेशस्तरबाट तय गरिएका बिभिन्न ऐन, नीति, रणनीति, निर्देशिका तथा योजनाहरुको हालसम्मको कार्यान्वयनको अवस्थाको समिक्षा, मूल्याङ्कन गर्न  कार्यन्वयनमा सहजीकरण गर्नका लागि कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रदेशस्तरमा राष्ट्रिय प्रादेशिक/अन्तर्राष्ट्रिय/एन नियम नीति, रणनीति लक्ष्यहरुको कार्यान्वयनको अनुगमन, समिक्षा मूल्याङ्कन सम्बन्धी कार्यक्रम/सञ्चालन गर्ने। |
| अपेक्षित प्रतिफल | नीतिगत दस्तावेजहरुको सरोकारवालाहरुले जानकारी प्राप्त गरेका हुनेछन् र कार्यान्वयनका लागी प्रदेश तथा स्थानीय स्तरका प्रतिनिधिमूलक संस्थाका पदधिकारीहरुसँग छलफल कार्यक्रम सम्पन्न हुनेछ। |
| संचालन प्रकृया | • सघीय तथा प्रादेशिकस्तरमा तयारी भएका बिभिन्न जनस्वास्थ्यसग सम्बन्धित कानूनी तथा नीतिगत दस्तावेजहरुको कार्यान्वयनको अवस्थाबारे पक्षधरहरुको सहभागितामा एक दिने समिक्षा तथा मूल्याङ्कन कार्यशाला गोष्ठी आयोजना गर्ने,<br>• समिक्षा तथा मूल्याङ्कनबाट आएका सफलता, असफलता, पृष्ठपोषण र भावी योजनाको बारेमा अभिलेखिकरण गर्ने,<br>• जनस्वास्थ्यसग सम्बन्धित कानूनी तथा नीतिगत दस्तावेजहरुको जानकारी दिन तथा कार्यान्वयनमा सहकार्य गर्न पृष्ठपोषण संकलन गर्न स्थानीय तथा जिल्लास्तरमा अन्तरकृया कार्यक्रम वा कार्यशाला गोष्ठी सञ्चालन सचालन पूर्व केही स्थानीय तथा जिल्लास्तरीय स्वास्थ्य संस्थाहरुको गर्ने,<br>• नीतिगत दस्तावेजहरुको कार्यान्वयनका सबल, दूर्बल अवसर र चुनौतीका बारेमा बिज्ञबाट कार्यपत्र प्रस्तुत गर्ने व्यवस्था गरिनेछ भने आवश्यकताका आधारमा परामर्श सेवा समेत लिन |

| | |
|---|---|
| | सकिनेछ,<br>• यस प्रदेशको लागी सरोकार राख्ने जनस्वास्थ्यसग सम्वन्धित कानूनी तथा नीतिगत प्रदेश राष्ट्रीय तथा अन्तराष्ट्रीय दस्तावेजहरुऽ प्रकाशनहरु अध्ययन अनुसन्धानहरु घोषणापत्रहरुको प्रकाशन पुन प्रकाशन छ्पाई गर्ने सकलन गर्ने उपलब्ध गराउन समन्वय गर्ने श्रोत केन्द्र बनाउने अनलाइन अर्काइभ गर्ने । |
| बजेट बाँडफाटँ | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य अधिकृत, जनस्वास्थ्य शाखा, स्वास्थ्य सेवा महाशाखा |

१.१७ कृयाकलापको नाम – कर्णालीमा आरोग्य पर्यटन सम्बन्धी कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१६५ | २२५२२ | ५०० | सामाजिक बिकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश सरकारले कर्णाली स्वास्थ्य पर्यटनको लागि उदाउँदो गन्तव्य भन्ने मान्यतालाई प्राथमिकतामा राखेको छ। नेपालको पर्यटन रणनीति २०१६– २०२५ ले पनि स्वास्थ्य पर्यटनको प्रवर्धन गर्ने नीति लिएको छ । नेपालमा आयुर्वेद,योग तथा सर्जरीमा आधारित स्वास्थ्य पर्यटनका लागि बर्सेनि हजारौँको सङ्ख्यामा विदेशी पर्यटकहरू आउने सन्दर्भमा कर्णाली प्रदेशमा यस्ता गन्तव्यहरु पर्याप्त रहेकाले ती क्षेत्रको प्रबर्धन, योग, जडिबुटी तथा आयुर्वेदिक चिकित्सालाई प्रर्वधन गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आयुर्वेद चिकित्सा तथा जडिबुटीको प्रवर्धन गर्न सचेतनामूलक अन्तर्क्रिया सञ्चालन गर्ने |
| अपेक्षित प्रतिफल | कर्णाली प्रदेशका बिभिन्न स्थानहरु स्वस्थ जीवनशैली,योग तथा आयुर्वेद चिकित्साको गन्तव्यका रुपमा बिकास हुँदै जानेछन्। |
| संचालन प्रकृया | • योग, खानपान, भान्छाघर औषधालय, आयुर्वेद चिकित्सा पर्यटन सम्बन्धी संक्षिप्त अवधारणा पत्र तयार गरि मन्त्रालयबाट स्वीकृत गर्ने,<br>• प्रदेशका अन्य महत्वपूर्ण स्थानहरुको महत्व तथा आयुर्वेद पर्यटन सम्बन्धी कियाकलापका बारेमा |

| | |
|---|---|
| | बिभिन्न सरोकारवालाहरुसँग अन्तर्क्रिया गर्ने,<br>• पर्यटन सम्बन्धी बिभिन्न गन्तव्य, आयुर्वेद योगसँग सम्बन्धित महत्वका बारेमा सूचनामूलक सामग्री तयार गर्ने र बिभिन्न सञ्चार माध्यम मार्फत प्रचार प्रसार गर्ने।<br>• आयुर्वेद स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवा तथा पर्यटकको आकर्षणका बारेमा समुदायलाई सु-सूचित गर्न सरोकारवाला निकायसँग साझेदारी गर्ने,<br>• आयुर्वेद हेल्थ होमको विकास गर्न सार्वजनिक निजी साझेदारी गर्ने |
| बजेट बाँडफाटँ | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | आयुर्वेद तथा योग सम्बन्धी बिभिन्न प्रकाशनहरु, नेपालको पर्यटन रणनीति २०१६–२०२५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति, भ्रमण विल, भरपाई तथा प्रकाशन आदि |
| जिम्मेवार व्यक्ति | आयुर्वेद चिकित्सक, चिकित्सा शाखा, स्वास्थ्य सेवा महाशाखा |

१.१८ कृयाकलापको नाम – योग ध्यानका माध्यमबाट स्वस्थ आहारविहार, स्वस्थ जीवनशैली परिवर्तनका लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम

| कियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१६७ | २२५२२ | ५०० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कुनैपनि व्यक्ति परिवार र समुदायको जिउने तरीका नै जीवनशैली हो। व्यक्तिको नियमित आहार-बिहार (खाने, काम गर्ने, सुत्ने, व्यायाम, आदि) कुराले मानिसको जीवनशैली झल्काउने र अस्वस्थ जीवनशैलीले रोग निम्त्याउने हुनाले योग ध्यान, स्वस्थ आहार बिहार र जीवनशैली परिवर्तनका बारेमा प्रशिक्षक प्रशिक्षण दिन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | योग ध्यानका माध्यमबाट स्वस्थ आहारबिहार, स्वस्थ जिवनशैली परिवर्तनका लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने |
| अपेक्षित | प्रशिक्षक प्रशिक्षण तालिमबाट सहजकर्ताहरुले समुदायमा योग ध्यान र स्वस्थ आहारबिहारका बारेमा |

| | |
|---|---|
| प्रतिफल | तालिम दिन सक्षम हुनेछन्। |
| संचालन प्रकृया | • भान्साघर औषधालय सम्बन्धी जानकारीमूलक सामाग्री निर्माण गरी प्रकाशन गर्ने।<br>• स्वस्थ जीवनशैली र अस्वस्थ जीवनशैलीका बारेमा प्रशिक्षण गर्ने,<br>• भान्सा सुधार आरोग्यको आधार अभियान र स्वस्थ जीवनशैली,<br>• आयुर्वेदिक स्वस्थ आहार र आरोग्यताको आहारक्रमका बारेमा,<br>• स्तनपायी आमा तथा मातृशिशु सुरक्षा कार्यक्रम<br>• नैतिक आचरण, सकारात्मक सोच तथा तनाव व्यवस्थापन<br>• प्रशिक्षकका लागि बाह्य प्रशिक्षक परिचालन गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५<br>भान्सा सुधार सम्बन्धी निर्देशिका तथा योग शिक्षा सम्बन्धी विभिन्न सामग्रीहरु |
| अनुगमन सूचक | पुस्तक प्रकाशन, बैठक निर्णय, तालिमका सहभागीहरुको हाजिरी तथा तालिम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति | चिकित्सा शाखा, स्वास्थ्य सेवा महाशाखा |

### १.१९ कृयाकलापको नाम – वातावरणीय स्वास्थ्य, जलवायु परिवर्तन, एक स्वास्थ्य तथा IHR सम्बन्धी कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.१३.३५४ | २२५२२ | ३०० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपालमा पनि पशुपंक्षी र मानव बीच एकआपसमा सर्न सक्ने र वातावरणमा लामो समयसम्म रहन सक्ने बिभिन्न रोगहरुको कारकतत्वको संक्रमणबाट बर्षेनी धेरै संख्यामा मानवीय तथा पशुधनको क्षती भइरहेको छ। मानिस पशुपंक्षी र वातावरण बीचको अन्तरसम्बन्धबाट उत्पन्न हुने रोगहरुके पहिचान गर्दै अधिकतम स्वास्थ्य लाभ प्राप्त गर्न एक स्वास्थ्य अवधारणा अनुरुप बहुक्षेत्रीय र बहुपक्षीय निकायहरुको सहकार्य आवश्यक छ। प्रदेशस्तरमा One Health Approach अन्तर्गत अन्तर मन्त्रालय समन्वय सहकार्य गर्न International Health Regulation तथा जलवायु परिवर्तन सम्बन्धी सचेतना फैलाउने खालका बिभिन्न क्रियाकलापहरु गर्न यो कार्यक्रम राखिएको हो। |

| | |
|---|---|
| उद्देश्य | वातावरणीय, जलवायु परिवर्तन तथा पेशागत स्वास्थ्यको बारेमा समुदायलाई जानकारी गराई सम्भावित जोखिमहरुको बारेमा जानकारी गराउने।<br>प्रदेशस्तरमा One Health Approach र International Health Regulation सम्बन्धी समन्वय सहकार्य तथा बहस पैरवी गर्ने |
| अपेक्षित प्रतिफल | वातावरणीय, जलवायु परिवर्तन तथा पेशागत स्वास्थ्यको बारेमा समुदायलाई जानकारी गराई सम्भावित जोखिमहरुको बारेमा जानकारी गराइनेछ<br>प्रदेशस्तरमा One Health Approach र International Health Regulation सम्बन्धी समन्वय सहकार्य तथा बहस पैरवी गरिनेछ। |
| संचालन प्रकृया | • जलवायु परिवर्तनले आधारभूत स्वास्थ्य सेवामा पारेको प्रभाव तथा वातावरणीय स्वास्थ्यका बारेमा सरोकारवालाहरुसँगको सहभागितामा अन्तरक्रिया, सचेतना कार्यक्रम सञ्चालन गर्ने<br>• प्रदेशस्तरबाट जिल्ला तथा स्थानीय तहमा One Health Approach प्रगतिका बारेमा अनुगमन गर्ने,<br>• International Health Regulation का प्रावधानहरु र प्रदेशमा त्यसको वर्तमान अवस्थाको विश्लेषण गरी सरोकारवालाहरुसँग समिक्षा गर्ने,<br>• जुनोटिक रोगहरुको न्युनीकरणका लागि अन्तरमन्त्रालय समन्वय तथा सहकार्य गर्ने |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | वातावरणीय सरसफाई, जलवायु परिवर्तन सम्बन्धी विभिन्न सामग्री, ब्रोसर, पम्पलेट तथा अन्य सन्दर्भ सामग्रीहरु<br>एक स्वास्थ्य रणनीति २०७६, कर्णाली स्वास्थ्य नीति २०७६, स्वास्थ्य क्षेत्र रणनीतिक योजना २०३०, International Health Regulation 2005 |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन र बैठक निर्णय पुस्तिका |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य अधिकृत, जनस्वास्थ्य शाखा, स्वास्थ्य सेवा महाशाखा |

१.२० कृयाकलापको नाम – Anti-Microbial Resistance तथा औषधिको समुचित प्रयोग सम्बन्धी नियमन तथा सचेतना

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२१५६ | २२५२२ | ३०० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपाल सरकारले आधारभूत स्वास्थ्य सेवा केन्द्रदेखि विशिष्टिकृत अस्पतालमा उपचारमा आउने विरामीहरुको उपचारका लागि बिभिन्न् औषधिको सिफारिस गरेतापनि आम नागरिकमा नियमित औषधि सेवन नगर्ने चिकित्सको सिफारिस वेगरका औषधि तथा विषादी प्रयोगकर्ताहरुको संख्या , बढ्दै गएकाले यसको निगरानी गर्नका लागि औषधि लगायत सामग्रीहरुको गुणस्तर अनुगमन नियमनका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य सेवामा प्रयोग भएका औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको गुणस्तर, Anti-Microbial Resistance तथा मापदण्ड निर्धारण र अनुगमन नियमन गर्ने |
| अपेक्षित प्रतिफल | सेवा प्रदायकहरुले औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको जथाभावी सिफारिसमा कमी आउनेछ भने सेवाग्राहीले जथाभावी औषधि प्रयोगमा न्यूनीकरण हुनेछ। |
| संचालन प्रकृया | • AMR सप्ताहको अवधिमा बिभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने: जस्तै: विद्यालय शिक्षा, मूल बजारको चोकमा स्टल तथा होर्डिङ्ग बोर्ड राख्ने,<br>• स्थानीयस्तरमा स्वास्थ्य लगायत कृषि, पशुपालन, शिक्षा तथा अन्य सरोकारवालाहरुलाई समेटी अन्तर्क्रिया तथा समिक्षा कार्यक्रम सञ्चालन गर्ने।<br>• सरकारी तथा निजी अस्पताल, स्थानीय स्वास्थ्य संस्था, औषधि पसल लगायत केही गम्भीर खालका विरामीहरुले प्रयोग गरेको उपचारका बारेमा स्थलगत अनुगमन गर्नेछ<br>• स्थलगत अनुगमन मार्फत औषधिको जथाभावी प्रयोगका बारेमा सचेतना गराइनेछ,<br>• प्रतिजैविक औषधिको प्रतिरोध सम्बन्धी सूचनामूलक सामग्रीहरुको उत्पादन, वितरण गरिनेछ। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | प्रतिजैविक प्रतिरोध राष्ट्रिय कार्ययोजना २०८५, औषधि तथा खोपको आपतकालीन प्रयोग सम्बन्धी संहिता २०७७, औषधिको विशेष सिफारिश सम्बन्धी कार्यविधि २०७७ Antimicrobial Resistance Toolkit for Youth Engagement, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य अधिकृत, जनस्वास्थ्य शाखा, स्वास्थ्य महाशाखा . |

घनश्याम भण्डारी

१.२१ कृयाकलापको नाम – अस्पताल विकास समिति विनियमावली निर्माण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१६० | २२५२२ | ३०० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालको वित्तीय श्रोत तथा साधनको व्यवस्थापन र परिचालन गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न, आवश्यक जनशक्तिको व्यवस्थापन गर्न, स्वास्थ्य सेवाको विस्तार, विकास र प्रभावकारी बनाइ नागरिकलाई न्यूनतम शुल्कमा गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूत गराउन अस्पताल विकास समितिमा सञ्चित हुने आर्थिक श्रोतको परिचालन गर्न आवश्यक देखिएकाले अस्पताल विकास समिति विनियमावली निर्माण गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आस्पतालको बित्तीय श्रोतको अधिकतम परिचालन गरी गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्नु। |
| अपेक्षित प्रतिफल | आस्पतालको वित्तीय श्रोतको न्यायसंगत रुपमा परिचालन गरी गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूत हुने |
| संचालन प्रकृया | • अस्पताल विकास समिति विनियमावली तयार गर्नका लागि सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रतिनिधि सम्मिलित एउटा कार्यदल निर्माण गरिनेछ,<br>• विनियमावली निर्माण गर्नका लागि प्रदेश अन्तर्गतका अस्पतालको स्थलगत भ्रमण गरी सर्वसासाधरणबाट संकलित बित्तीय श्रोतको उपयोग तथा परिचालनका विषयमा विकास समितिसँग अन्तर्क्रिया गरिनेछ,<br>• समितिले विनियमावलीको मस्यौदा तयार गरी सामाजिक विकास मन्त्रालय समक्ष पेश गर्नेछ<br>• बिनियमावलीमा पृष्ठपोषण लिइसकेपछि त्यसको अन्तिमिकिकरण गरी मन्त्रालयका तर्फबाट मन्त्रीपरिषद् समक्ष पेश हुनेछ,<br>• मन्त्रिपरिषदमा आवश्यक छलफल भइ विनियमावली कानूनका रुपमा स्वीकृत हुनेछ।<br>• यो सँगै रणनीतिक स्थानका अस्पताल सम्बन्धी आवश्यक कार्यविधि लगायत अन्य स्वास्थ्य सम्बन्धी कार्यविधि निर्माण गर्ने। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | अस्पताल विकास समिति गठन सम्बन्धी व्यवस्था, जनस्वास्थ्य ऐन २०७५, अस्पताल स्थापना सञ्चालन तथा स्तरोन्नति सम्बन्धी मापदण्ड २०७७, कर्णाली स्वास्थ्य सेवा ऐन तथा नियमावली |

| | |
|---|---|
| अनुगमन सूचक | अस्पताल विकास समिति विनियमावली निर्माण गरी स्वीकृत भएको |
| जिम्मेवार व्यक्ति | चिकित्सा शाखा प्रमुख। |

१.२२ कृयाकलापको नाम – शुन्य होम डेलिभरी/पूर्ण संस्थागत सुत्केरी सम्बन्धी कार्यबिधि निर्माण तथा अन्तर्क्रिया

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | .गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१५९ | २२५२२ | २०० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा अझेपनि धेरै गर्भवती आमाहरुको घरमा नै सुत्केरी हुने संख्या उच्च रहेको छ। यसले एकातिर आमा र बच्चाको स्वास्थ्यमा असर पुर्याउन सक्छ भने मातृ तथा शिशु मृत्युदरमा समेत कमी ल्याउन कठीन हुने देखिन्छ। नेपालको संविधान २०७२ को धारा ३८ को उपधारा (२) ले प्रत्येक महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी हकको व्यवस्था गरेकाले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार २०७५ र नियमावली २०७७ बमोजिम स्थानीय तहमा मातृशिशु स्वास्थ्यलाई ध्यानमा राखी पूर्ण संस्थागत सुत्केरी घोषणा गर्न बाञ्छनीय देखिएकाले प्रदेश सरकारको प्रदेश स्वास्थ्य सेवा ऐन २०७८ को ६० ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरिएको छः |
| उद्देश्य | शुन्य होम डेलिभरी/पूर्ण संस्थागत सुत्केरी सम्बन्धी कार्यबिधि निर्माण तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्नु |
| अपेक्षित प्रतिफल | शुन्य होम डेलिभरी/पूर्ण संस्थागत सुत्केरीको संख्यामा बृद्धि हुनेछ। |
| संचालन प्रकृया | • शुन्य होम डेलिभरी/पूर्ण संस्थागत सुत्केरी सम्बन्धी कार्यबिधि निर्माण गर्ने, जसमा<br>महिला स्वास्थ्य स्वयमं सेविकाहरू तथा टोलको सक्रिय युवा समुहले संस्थागत सुत्केरीको बारेमा जनचेतना, गर्भवतीको समुदाय स्तरमा पुगेर समयमै पहिचान र रेफरल र ट्राइमिस्टर अनुसार स्वास्थ्य परिक्षणका लागि आवश्यक परामर्श गर्नको लागि परिचालन गर्ने उदेश्यले महिला स्वास्थ्य स्वयमं सेविका तथा सक्रिय युवाहरू र स्थानिय तहका जनप्रतिनिधिहरूसँग अन्तरकिया कार्यक्रम सञ्चालन गर्ने<br>• गर्भवती मैत्री जनचेतना अभियान अन्तरगत स्थानीय रेडियो,एफ.एम., नाटक, सन्देशमूलक भिडियो तथा टोल/विद्यालयस्तरीय अन्तर्क्रिया कार्यक्रम सञ्चालन टोल-टोलमा "म सुरक्षित |

| | |
|---|---|
| | सुत्केरी छनौट गर्छु", "म सुरक्षित सुत्केरी वडामी बसेकोमा गर्व गर्छु "जस्ता अभियान संचालन गर्ने,<br>• संस्थागत सुत्केरी गराउने गर्भवती र उनको परिवारलाई आवश्यक सामग्री (जस्तैः बेबी किट, पोषण आहार) प्रोत्साहनस्वरूप वितरणका कार्यक्रमहरु राख्ने,<br>• २४ सैं घण्टा आकस्मिक अवस्थामा लैजान सकिने "गर्भवतीको लागि निःशुल्क सवारी साधन" उपलब्ध गराउने व्यवस्था र स्वास्थ्य संस्थासँग समन्वयमा Community Ambulance सेवा सन्चालनको समेत व्यवस्था मिलाउने,<br>• आमा सुरक्षा कार्यक्रम तथा तत्सम्बन्धी सरकारका तर्फबाट प्रदान गरिएका विभिन्न सामाजिक सुरक्षा सम्वन्धी प्याकेजहरुसँग एकीकृतरुपमा लैजाने।<br>• स्वास्थ्य सँग सम्बन्धित अन्य आवश्यक कानून, कार्यविधि निर्माण गर्न सकिने। |
| बजेट बाँडफाटँ | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | शुन्य होम डेलिभरी/पूर्ण संस्थागत सुत्केरी सम्बन्धी कार्यविधि, पोस्टर, पम्पलेट, रेडियो |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन वा स्वीकृत सून्य होम डेलिभरी निर्देशिका |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य अधिकृत, जनस्वास्थ्य शाखा, स्वास्थ्य महाशाखा |

### १.२३ कृयाकलापको नाम – विभिन्न दिवशिय कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१६३ | २२५२२ | ७२० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रतिकारात्मक प्रवर्धनात्मक साथै ,उपचारात्मक स्वास्थ्य सेवाको महत्वलाई बढावा दिन हरेक वर्ष विभिन्न दिवसहरु मनाउने गरिन्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा मनाइने यी दिवसहरुले समकालीन स्वास्थ्यको अवस्था तथा ध्यानदिनुपर्ने विषयमा महत्वपूर्ण सन्देश दिने भएकाले नागरिकस्तरसम्म पुग्ने गरी स्वास्थ्य र सम्वृद्धिका लागि जनचेतना फैलाई स्वस्थ जीवनशैली मार्फत रोग लाग्नेदरमा कमी ल्याउनका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | सचेतनामूलक क्रियाकलाप मार्फत स्वस्थकर बानी व्यवहारमा परिवर्तन ल्याउनु। |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | स्वस्थकर बानी व्यवहारमा परिवर्तन भइ रोग लाग्ने दरमा कमी आउनेछ। |
| संचालन प्रकृया | • महत्वपूर्ण दिवसहरु मनाउनुपुर्व आवश्यकता अनुसार बैठक बसी संचालन योजना बनाउनुपर्नेछ,<br>• स्वास्थ्यसम्बन्धी विभिन्न दिवसहरू (विश्व स्वास्थ्य दिवस, स्तनपान सप्ताह, आयोडिन महिना, क्षयरोग दिवस, नर्सिङ्ग दिवस, परिवार नियोजन दिवस, विश्व क्यान्सर दिवस, कुष्ठरोग दिवस, प्रतिजैविक प्रतिरोध सप्ताह, विश्व मानसिक स्वास्थ्य दिवस, औलो दिवस, जनसंख्या दिवस, एड्स दिवस, योग दिवस आदि) प्रभावकारी रुपमा मनाउन विभिन्न सचेतनामूलक सामग्रीहरुको उत्पादन, छपाई तथा वितरण गर्ने,<br>• दिवसहरुमा स्वास्थ्य क्षेत्रमा कार्यरत विभिन्न सरकारी गैरसरकारी संस्थाहरुलाई सहभागी गराइनेछ,<br>• कार्यक्रमको महत्वका आधारमा सञ्चारकर्मी तथा अन्य सरोकारवालाहरुको उपस्थितिमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ भने विद्युतीय सञ्चार मार्फत सन्देशमूलक सामग्रीको प्रकाशन तथा प्रसारण गरिनेछ। |
| बजेट बाँडफाटँ | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | स्वास्थ्य दिवससंग आदि पोस्टर, पम्पलेट, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नाराहरु, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य अधिकृत, जनस्वास्थ्य शाखा, स्वास्थ्य सेवा महाशाखा |

## ख. स्वास्थ्य सेवा निर्देशनालय अन्तर्गतका क्रियाकलापहरू

२.१ क्रियाकलापको नाम: खोप खेर जाने दर उच्च रहेका जिल्लाहरूमा भ्याक्सिन सब सेन्टरमा काम गर्ने कर्मचारीलाई कोल्डरुम तथा भ्याक्सिन व्यवस्थापन क्षमता अभिमुखिकरण

| क्रियाकलाप संकेत | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१७९ | २२५२२ | ३०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | खोप कार्यक्रम व्यवस्थापनको लागि खोप धेरै खेर जाने जिल्लाहरुको भ्याक्सिन सब सेण्टरमा काम गर्ने कर्मचारीहरुलाई कोल्डचेन व्यवस्थापन, आकस्मिक मर्मत सम्भार तथा कोल्डचेन उपकरणहरु बारे प्राविधिक ज्ञान र सिप विकासको लागि यो कार्यक्रमको व्यवस्था गरीएको हो। |
| उद्देश्य | • खोप तथा कोल्डचेन व्यवस्थापनको शिप तथा दक्षता वृद्धी गर्न ।<br>• खोप खेर जाने दर कम गर्न । |
| अपेक्षित प्रतिफल | • खोप खेर जाने दरमा कमि हुने छ ।<br>• जिल्ला भ्याक्सिन सब सेण्टरमा खोप तथा कोल्डचेनको उचित व्यवस्थापन भएको हुनेछ ।<br>• कोल्डचेन उपकरणहरु नियमित सुचारु भएको हुनेछ । |
| संचालन प्रकृया | • लक्षित समूहः खोप खेर जाने दर बढी भएका जिल्ला स्थित भ्याक्सिन सब सेन्टरमा कार्यरत कर्मचारी (कोल्ड चेन फोकल व्यक्ति) ।<br>• सहाभागीहरुको छनौट गर्दा जिल्ला स्थित भ्याक्सिन् सब सेण्टरमा कार्यरत कर्मचारी मध्ये पहिला तालिम तथा अभिमुखीकरण नलिएका कर्मचारीहरुलाई प्रथामिकतामा राखी गर्नु पर्ने छ ।<br>• सहजकर्ताः स्वास्थ्य सेवा निर्देशनालय, प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, आवश्यकताका आधारमा बाह्य दक्ष श्रोत व्यक्ति ।<br>• संचालन अवधिः २ दिन<br>• यस अभिमुखीकरणमा सहभागीहरुलाई कोल्डचेन सम्बन्धी उपकरणहरु तथा सामग्रीहरु देखाउदै सिकाउनु पर्ने भएकाले अभिमुखीकरणका कममा सोही अनुसारका सामग्री तथा उपकरणहरु उपलब्धता सुनिश्चित गर्नुपर्नेछ ।<br>कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, युनिसेफ नेपालबाट विनियोजित रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| सन्दर्भ सामग्री | कोल्डचेन सम्बन्धी विभिन्न तालिम पुस्तिका, प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | • कोल्डचेन व्यवस्थापन सम्बन्धी अभिमुखिकरण पाएका स्वास्थ्यकर्मी<br>• जिल्लाको खोप खेर जाने दर<br>• कार्यक्रमको उपस्थिति, फोटो, बिल भरपाई तथा अन्य कागजातहरु |
| जिम्मेवारी | सम्बन्धित शाखा प्रमुख |

| व्यक्ति | |
|---|---|

२.२ क्रियाकलापको नाम – खोपबाट बचाउन सकिने रोगहरुको निगरानी

| क्रियाकलाप संकेत | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०४२ | २२५२२ | २०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | खोपबाट बचाउन सकिने रोगहरुको खोजपड्ताल, शंकास्पद बिरामीको अनुसन्धान र निगरानी निरन्तर रुपमा गरी समुदायमा खोपजन्य रोगहरुको बिरामीदर र महामारी हुन नदिनको लागि प्रदेश मार्फत जिल्ला तथा स्थानीय तहहरुमा खोपजन्य रोगहरुको निगरानी तथा खोजि कार्यलाई सुदृढ गर्नका लागि यो कार्यक्रमको व्यवस्था गरीएको छ । |
| उद्देश्य | • खोपबाट बचाउन सकिने रोगहरुको निगरानीका कार्यहरु नेपाल सरकारको स्वास्थ्य प्रणालीमा एकीकृत गर्ने नीति अनुरुप संचालन गर्न।<br>• खोपबाट बचाउन सकिने रोगहरुको रोकथाम, नियन्त्रण तथा निवारण गर्न ।<br>• खोपबाट बचाउन सकिने रोगहरूको निगरानी योजना (संक्रमणकालीन पोलियो योजना) २०७९-८६ को कार्यन्वयन गर्ने । |
| अपेक्षित प्रतिफल | • खोपबाट बचाउन सकिने रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि शंकास्पद बिरामीको अनुसन्धान र निगरानी नियमित संचालन हुनेछ।<br>• खोपबाट बचाउन सकिने रोगहरुको निगरानी हुनेछ । |
| संचालन प्रकृया | यस कार्यक्रमका लागि जिल्ला स्वास्थ्य/जनस्वास्थ्य सेवा कार्यालय र प्रदेश स्वास्थ्य सेवा निर्देशनालयमा शसर्त अनुदान मार्फत पनि रकम विनियोजित भएकोले यस कार्यक्रम मार्फत प्रदेशबाट जिल्ला तथा स्थानीय तहमा खोपबाट बचाउन सकिने रोगहरूको अभिमुखीकरण, खोजपड्ताल, शंकास्पद बिरामीको अनुसन्धान र निगरानी, टिम परिचालन तथा सहजिकरण कार्य संचालन गर्नु पर्नेछ। साथै, AEFI को अनुसन्धान तथा व्यवस्थापनको लागि टिम परिचालन गर्न सकिनेछ।<br>कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ । |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरू, खोपबाट बचाउन सकिने रोगहरूको निगरानी योजना (संक्रमणकालीन पोलियो योजना) २०७९-८६ र सर्भिलेन्स सम्बन्धी निर्देशिकाहरु |

| | |
|---|---|
| अनुगमन सूचक | • कार्यक्रमको प्रतिवेदन, उपस्थिति, फोटो तथा अन्य कागजातहरु<br>• शंकास्पद बिरामीहरुको संख्या र अनुसन्धानको संख्या र पटक |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.३ क्रियाकलापको नाम: जिल्ला र स्थानीय तहहरुलाई सुक्ष्मयोजना अध्यावधिक गर्न संयुक्त स्थलगत अनुशिक्षण

| क्रियाकलाप संकेत | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१७७ | २२५२२ | २०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | खोप कार्यक्रममा रहेको कमी कमजोरी पहिचान गरी स्थानीय तह र जिल्लास्तरको खोप तथा कोल्डचेन, खोपबाट बचाउन सकिने रोगहरुको खोजपड्ताल र सरसफाई प्रवर्धन जस्ता कार्यक्रमको सुधार तथा संचालनका लागि तहगत योजना बनाउन र सुक्ष्म योजना अद्यावधिक नभएका जिल्ला तथा स्थानीय तहहरुमा एकिकृत सुपरभिजन, स्थलगत मेन्टरिङ तथा कोचिङ कार्यक्रम गर्नका लागि यो कार्यक्रम व्यवस्था गरीएको छ। |
| उद्देश्य | स्थानीय र जिल्ला तहहरुमा कार्यरत खोप सेवा प्रदायक स्वास्थ्यकर्मी तथा व्यवस्थापकहरुको क्षमता विकास गरी नियमित खोप कार्यक्रमको सुक्ष्म योजना नियमित अद्यावधिक गरी गुणस्तरीय खोप सेवा प्रदान गर्ने । |
| अपेक्षित प्रतिफल | • खोप सेवा प्रदायक स्वास्थ्यकर्मीहरुको सुक्ष्म योजना अद्यावधिक गर्ने क्षमता विकास हुनेछ ।<br>• सबै स्थानीय र जिल्ला तहको अद्यावधिक सुक्ष्म योजना नियमित र समयमा तयार हुनेछ ।<br>• प्रभावकारी खोप सेवा संचालन हुनेछ । |
| संचालन प्रकृया | • यो कार्यक्रम खोपको सुक्ष्म योजना अद्यावधिक नभएको स्थानीय तह र जिल्लाहरुमा प्राथमिकताका साथ संचालन हुनेछ।<br>• अद्यावधिक सुक्ष्मयोजना तयार नभएको स्थानीय तह/जिल्लामा प्रदेश तथा जिल्ला तहबाट अनुगमन गरी स्थलगत अनुशिक्षण प्रदान गरिनेछ र सुक्ष्मयोजना अद्यावधिक गर्न सहजीकरण गरीनेछ।<br>• साथै खोप सेवा सम्बन्धी तथ्यांक लेखाजोखा तथा स्थलगत अनुशिक्षणका लागि प्रदेशबाट टिम परिचालन गर्न सकिनेछ ।<br>कार्यक्रम संचालन गर्ने व्यक्ति: फोकल पर्सन |
| बजेट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, युनिसेफ नेपालबाट विनियोजित रकम माग गरी |

| | |
|---|---|
| बाँडफाँट | कार्यक्रम संचालन गर्नुपर्नेछ । सहभागी भत्ता तथा अन्य खर्च प्रचलित नियमानुसार हुनेछ । |
| सन्दर्भ सामग्री | प्रचलित निर्देशिका, कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | • कार्यक्रम सम्पन्न प्रतिवेदन फोटो तथा अन्य कागजातहरु ।<br>• सुक्ष्म योजना तयार भएका स्थानीय तह तथा जिल्ला हरु<br>• स्थलगत अनुशिक्षण प्रदान गरीएको संख्या |
| जिम्मेवार व्यक्ति | • सम्वन्धित शाखा प्रमुख |

२.४ क्रियाकलापको नाम: रणनीतिक स्थानहरूमा खोप तालिका बोर्ड डिजाइन, छपाई र जडान

| क्रियाकलाप संकेत | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१८० | २२५२२ | २०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | राष्ट्रिय खोप कार्यक्रम तथा खोपबाट बचाउन सकिने रोगहरुको बारेमा जानकारी प्रदान गरी खोप सेवाको उपभोग बृद्धी गर्नका लागि जानकारीमूलक सन्देश तथा सामग्रीहरु मार्फत सूचना र शिक्षा प्रवाह गर्न जरुरी देखिएकाले यो कार्यक्रमको व्यवस्था गरीएको छ । |
| उद्देश्य | • खोप सेवाको महत्व, उपलब्ध खोप र लगाउने समय तालिकाको आम समुदायमा जानकारी गराई खोप सेवाको उपभोग बृद्धी गर्न ।<br>• खोपबाट बचाउन सकिने रोगहरुको बारेमा जनचेतना बृद्धी गर्न । |
| अपेक्षित प्रतिफल | समुदायमा खोप तथा खोपबाट बचाउन सकिने रोगहरू सम्बन्धि जानकारी उपलब्ध भई खोप उपभोग दरमा बृद्धि भई ड्रपआउट घट्नेछ । |
| संचालन प्रकृया | राष्ट्रिय खोप तालिकाको बोर्ड बनाई स्वास्थ्य सेवा निर्देशनालय लगायत मानिसहरुको भिडभाड बढी हुने प्रदेशका बिभिन्न स्थानहरुमा बोर्ड राखिनेछ । साथै खोप कार्यक्रमसंग सम्बन्धित बिभिन्न जानकारीमूलक सन्देशहरु भएका सामग्रीहरु (पम्फलेट/टि-शर्ट/ज्याकेट) छपाई गरी स्वास्थ्यकर्मी/स्वास्थ्य कार्यालयहरुमा बितरण गर्न सकिनेछ।<br>कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, युनिसेफ नेपालबाट विनियोजित रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्नेछ । सम्पूर्ण खर्च प्रचलित नियमानुसार हुनेछ । |

| | |
|---|---|
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | • फोटो तथा अन्य कागजातहरु<br>• खोप तालिकाको बोर्ड जडान संख्या<br>• जानकारीमूलक सन्देश छापिएका सामग्रीहरुको संख्या |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.५ क्रियाकलापको नाम – प्रदेश खोप समवन्य समितिको बैठक

| क्रियाकलाप संकेत | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८२५ | २२५२२ | १०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | खोप बालबालिकाको नैसर्गिक अधिकार हो । खोप ऐन २०७२ लाई आत्मसाथ गर्दै सबै बालबालिकाले पूर्णखोप लगाएको सुनिश्चित गर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा रही स्थानीय तह, जिल्ला र प्रदेशस्तरको खोप कार्यक्रमको वस्तुस्थिति बुझ्न खोप लगाएको बालबालिकाको अवस्था थाहा पाउनका साथै खोप लगाउन छुटेका बालबालिकालाई खोपको सुनिश्चितताका लागि खोप कार्यक्रममा रहेको कमी कमजोरी पहिचान गरी समस्याको समाधान गर्न आवश्यक समन्वय, प्राविधिक सहयोग र पृष्ठपोषणका लागि पूर्णखोप सुनिश्चतता निर्देशिका २०७१ (तेस्रो संसोधन २०७७) ले तय गरे बमोजिम प्रदेश पूर्णखोप समन्वय समितिको बैठक कार्यक्रम राखिएको छ । |
| उद्देश्य | सबै तहमा खोप कार्यक्रमको प्रगितको अवस्था बारे जानकारी गराउने र समस्याको पहिचान गरी समाधान गर्ने । |
| अपेक्षित प्रतिफल | खोप कार्यक्रमका सूचकहरुमा सुधार हुनेछ । |
| संचालन प्रकृया | प्रदेश पूर्णखोप समवन्य समितिको बैठक आवश्यकतानुसार समितिका सदस्य सचिवको प्रस्तावमा अध्यक्षद्वारा तोकिए बमोजिम हुनेछ । |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ । |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु |

| | |
|---|---|
| अनुगमन सूचक | बैठक संचालनको मिटिङ्ग माइन्युट, उपस्थिति, फोटो तथा अन्य कागजातहरु |
| जिम्मेवार व्यक्ति | निर्देशक |

२.६ क्रियाकलापको नाम: त्रैमासिक रुपमा प्रदेश खोप समन्वय समितिको बैठक

| क्रियाकलाप संकेत | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१७८ | २२५२२ | ५० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | त्रैमासिक रुपमा खोप कार्यक्रमको वस्तुस्थिति बुझ्न र खोप कार्यक्रममा रहेको कमी कमजोरी पहिचान गरी समस्याको समाधान गर्न आवश्यक समन्वय, प्राविधिक सहयोग र पृष्ठपोषणका लागि प्रदेश पूर्णखोप समवन्य समितिको बैठक कार्यक्रम राखिएको छ । |
| उद्देश्य | त्रैमासिक रुपमा सबै तहमा खोप कार्यक्रमको प्रगितको अवस्था बारे जानकार हुने र समस्याको पहिचान गरी समाधान गर्ने । |
| अपेक्षित प्रतिफल | खोप कार्यक्रमको सूचकमा सुधार हुनेछ । |
| संचालन प्रकृया | • यो कार्यक्रम अन्तर्गत प्रदेश पूर्ण खोप समवन्य समितिको बैठक प्रत्येक त्रैमासिकमा आवश्यकतानुसार समितिका सदस्य सचिवको प्रस्तावमा अध्यक्षद्वारा तोकिए बमोजिम हुनेछ । |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ । |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु |
| अनुगमन सूचक | बैठक संचालनको मिटिङ्ग माइन्युट, कार्यक्रममा भएको उपस्थिति, फोटो तथा अन्य कागजातहरु |
| जिम्मेवार व्यक्ति | निर्देशक |

प्रदेश सचिव

२.७ दीर्घ तथा कडारोगका बिरामीलाई उपचार सहायता कार्यक्रम (मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सन्स, अलजाइमर्स, स्पाइनल इञ्जुरी, हेड इञ्जुरी, एनिमिया, रिकेटस, अटिजम र सिकलसेल एनिमिया)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१९२ | २२५२२ | १०००० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा दीर्घ, कडा तथा गम्भीर प्रकारका (मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सन्स, अलजाइमर्स, स्पाइनल इञ्जुरी, हेड इञ्जुरी , एनिमिया (Aplastic), रिकेटस, अटिजम र सिकलसेल एनिमिया) रोगका बिरामीहरुको उपचार सहयोगका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | दीर्घ तथा कडारोगहरु (मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सन्स, अलजाइमर्स, स्पाइनल इञ्जुरी, हेड इञ्जुरी, एनिमिया, रिकेटस, अटिजम र सिकलसेल एनिमिया) को उपचार व्यवस्थापनमा सहयोग गर्नु। |
| अपेक्षित प्रतिफल | उपचार व्यवस्थापनमा सहज पहुँच भएको हुनेछ । |
| संचालन प्रकृया | • नजिकको सेवा प्रदायक स्वास्थ्य संस्थामा उपचार सम्भव नभई थप उपचारका लागि विशिष्टकृत स्वास्थ्य सेवा प्रवाह गर्ने स्वास्थ्य संस्थामा गई उपचार गर्नुपरेमा स्वास्थ्य उपचार सहायता स्वरुप उपचार गरेका (मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सन्स, अलजाइमर्स, स्पाइनल इञ्जुरी, हेड इञ्जुरी, एनिमिया (aplastic), रिकेटस, अटिजम र सिकलसेल एनिमिया) का विरामीलाई उपचार सहयोग कार्यक्रममा विनियोजित बजेटबाट खर्च हुने गरी आ.व. २०८१/८२ श्रावण १ देखि उपचार गरेका नागरिकलाई उपचार सहयोग खर्च उपलब्ध गराउनु पर्नेछ.<br>• संघीय सरकारले उपलब्ध गराउने विपन्न नागरिक उपचार सहायता अन्तर्गत रहेका रोगहरुको परिभाषा यस कार्यक्रममा पनि सो अनुसार हुनेछ.<br>• सेवाग्राहीलाई रकम उपलब्ध गराउदा संघीय सरकारले उपचार वापत उपलब्ध गराउने रकममा अपुग हुने थप रकम मात्र उपलब्ध गराउनु पर्नेछ.<br>• उपचार गरेका नागरिकलाई उपचार सहयोग खर्च उपलब्ध गराउदा निजले खर्च गरेको सम्बन्धित अस्पतालको बिल वापत अधिकतम रु. एक लाखसम्म सोधभर्ना स्वास्थ्य सेवा निर्देशनालयले एकीन गरी निजको व्यक्तिगत खातामा उपलब्ध गराउने छ.<br>• उपचार सहयोग एउटा व्यक्तिलाई निजको जीवनभरमा एक पटक मात्र उपलब्ध गराइने छ।<br>• उपचार सहयोग खर्च प्राप्त गर्न उपचार भएका नागरिकले उपचार सहयोग खर्च प्राप्त निर्देशनालयमा निबेदन दिनुपर्नेछ।<br>• निबेदन साथ देहाय बमोजिमको कागजात पेश गर्नु पर्नेछ:- |

| | |
|---|---|
| | (क) नागरिकताको प्रतिलिपि, नावालकको हकमा निजको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि,<br>(ख) रोग खुलेको वा अपरेसन गरेको विवरण पत्र (प्रेस्क्रिप्सन),<br>(ग) उपचाररत अस्पतालमा भर्ना भएको प्रमाण,<br>(घ) अस्पतालबाट खर्च विवरण प्रमाणित गरेको पत्र (बील भर्पाई)<br>(ङ) बिरामीको बैंक खाताको विवरण<br>• सेवा प्रदान गरिएको विवरण विधुतीय प्रणालीमा अभिलेख राख्नु पर्नेछ<br>कार्यक्रम संचालन व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | PLMBIS अनुसार। |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड, कार्यक्रम सञ्चालन कार्यविधि |
| अनुगमन सूचक | उपचार खर्च लिएका बिरामी संख्या |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

## २.८ मृगौला तथा कलेजो प्रत्यारोपरण, RH Incompatibility रोग भएका बिरामीका लागि उपचार खर्च

| कियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१९१ | २२५२२ | २५०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा मृगौला तथा कलेजो प्रत्यारोपण, RH Incompatibility रोगका बिरामीहरुको उपचार सहयोगका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | मृगौला तथा कलेजो प्रत्यारोपण गरेका र RH Incompatibility रोगका बिरामीहरुको उपचार व्यबस्थापनमा सहयोग गर्न । |
| अपेक्षित प्रतिफल | उपचार व्यवस्थापनमा सहज पहुँच भएको हुनेछ । |
| संचालन प्रकृया | • मृगौला, कलेजो प्रत्यारोपरण तथा RH Incompatibility रोग भएका बिरामीका लागि उपचार खर्च बिरामीलाई उपचार सहयोग कार्यकममा विनियोजित बजेटबाट खर्च हुने गरी आ.व. |

| | |
|---|---|
| | २०८२/८३ श्रावण १ देखि उपचार गरेका नागरिकलाई मात्र उपचार सहयोग खर्च उपलब्ध गराउनु पर्नेछ।<br>• प्रदेश अस्पताल सुर्खेतमा मृगौला, कलेजोका विरामीलाई औषधी उपचार गर्दा नेपाल सरकारले उपलब्ध गराउने रकम अपुग भएमा सो रकम यस शिर्षकबाट उपचार उपलब्ध गराउने अस्पताललाई सोधभर्ना गर्ने। स्वास्थ्य सेवा निर्देशनालयले बिल एकीन गरी उक्त अस्पताललाई सोधभर्ना उपलब्ध गराउने छ।<br><br>**RH Incompatibility रोग भएका बिरामीका हकमा:**<br>• उपचार गरेका नागरिकलाई उपचार सहयोग खर्च उपलब्ध गराउदा निजले खर्च गरेको सम्बन्धित अस्पतालको बिल बापत अधिकतम रु. तीन लाखसम्म सोधभर्ना स्वास्थ्य सेवा निर्देशनालयले एकीन गरी निजको व्यक्तिगत खातामा उपलब्ध गराउने छ.<br>• उपचार सहयोग एउटा व्यक्तिलाई निजको जीवनभरमा एक पटक मात्र उपलब्ध गराइने छ।<br>• उपचार सहयोग खर्च प्राप्त गर्न उपचार भएका नागरिकले उपचार सहयोग खर्च प्राप्त निर्देशनालयमा निवेदन दिनुपर्नेछ।<br>• निवेदन साथ देहाय बमोजिमको कागजात पेश गर्नु पर्नेछः-<br>क) नागरिकताको प्रतिलिपि, नाबालकको हकमा निजको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि,<br>ख) रोग खुलेको वा अपरेसन गरेको विवरण पत्र (प्रेस्क्रिप्सन),<br>ग) उपचाररत अस्पतालमा भर्ना भएको प्रमाण,<br>घ) अस्पतालबाट खर्च विवरण प्रमाणित गरेको पत्र (बील भर्पाई)<br>ङ) बिरामीको बैंक खाताको विवरण<br>• सेवा प्रदान गरिएको विवरण विधुतीय प्रणालीमा अभिलेख राख्नु पर्नेछ<br>• कार्यक्रम संचालन व्यक्तिः फोकल पर्सन<br>• उपचार सहयोग खर्च एउटा व्यक्तिलाई एक पटक मात्र उपलब्ध गराइने छ। |
| बजेट बाँडफाँट | प्रदेश सरकारबाट प्राप्त कार्यविधि अनुसार । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड, कार्यक्रम सञ्चालन कार्यविधि |
| अनुगमन | उपचार खर्च लिएका बिरामी संख्या |

| | |
|---|---|
| सूचक | |
| जिम्मेवार व्यक्ति | कार्यक्रम फोकल व्यक्ति |

## २.९ न्युनतम सेवा मापदण्ड अभिमुखिकरण अनुगमन तथा समिक्षा

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०३६ | २२५२२ | ९०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नका लागि न्युनतम मापदण्डहरु पुरा गरेको सुनिश्चित गर्नका लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | • न्युनतम सेवा मापदण्ड बारे अस्पताल व्यवस्थापकहरुको क्षमता तथा सिप विकास गर्न ।<br>• अस्पतालबाट प्रवाह हुने सेवा हरुको न्युनतम गुणस्तर र मापदण्ड पुरा गरे नगरेको सुनिश्चित गर्न ।<br>• गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि विद्यमान समस्या तथा चुनौतीहरुको पहिचान, विश्लेषण र समिक्षा गरी कार्ययोजनाको कार्यन्वयन गर्न । |
| अपेक्षित प्रतिफल | • अस्पतालबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि न्यूनतम सेवा मापदण्ड सुनिश्चित हुनेछ ।<br>• अस्पताल व्यवस्थापकहरुको व्यवस्थापकीय क्षमता अभिवृद्धि हुनेछ । |
| संचालन प्रकृया | • प्रदेश तथा स्थानीय अन्तर्गतका न्युनतम सेवा मापदण्ड कार्यक्रम लागू नभएका अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा नै पहिलो दिन अभिमुखीकरण र तत् पश्चात २ दिने MSS मापन संचालन गरिनेछ ।<br>• प्रदेश अन्तर्गतका सबै अस्पतालहरुमा अनिवार्य रुपमा बर्षमा २ पटक MSS मापन गर्नुपर्नेछ<br>• प्रदेशस्तरमा १ पटक स्वास्थ्य सेवा व्यवस्थापक, MSS फोकल व्यक्ति, प्रदेश अन्तर्गतका सरोकारवालाको सहभागीतामा २ दिने समिक्षा कार्यक्रम संचालन गर्न सकिने छ।<br>• प्रत्येक MSS सम्पन्न गरे पश्चात सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा महाशाखामा अनिवार्य रुपमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।<br>• संचालन गर्ने व्यक्ति: फोकल पर्सन (जनस्वास्थ्य अधिकृत) |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५। |

| | |
|---|---|
| सन्दर्भ सामग्री | उपचारात्मक सेवा महाशाखाबाट तयार भएको अस्पताल/स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड सम्बन्धी टुल्स र निर्देशिका । |
| अनुगमन सूचक | न्युनतम सेवा मापदण्डको अभिमुखीकरण गरिएका अस्पतालको संख्या, अस्पतालबाट प्रदान गरीने सेवाको अनुगमन गरीएको संख्या, न्युनतम सेवा मापदण्डको समिक्षा गरिएको पटक |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.१० प्रकोप महामारी नियन्त्रणका लागि प्रदेश र जिल्लामा RRT परिचालन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक: | बजेट(हजारमा) | संचालन गर्ने निकाय | सन्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७३९ | २२५२२ | ५०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कुनै पनि समय र स्थानमा विपद्, महामारी हुन सक्ने भएकाले सोको रोकथामको योजना बनाउनको लागि विपद्, महामारी जन्य रोगहरुको नियमित सर्भिलेन्स गर्नको लागि प्रदेश, जिल्ला र स्थानीय तहसँग समन्वय गरी प्रदेश र जिल्लामा RRT टिम परिचालन गर्न र नियमित विपद्जन्य घटना निगरानी, अनुगमन गरी यसबाट हुनसक्ने मानवीय तथा भौतिक क्षति कम गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | कर्णाली प्रदेशमा हुन सक्ने संभावित विपद्, महामारीको पहिचान गर्ने र पहिचान गरिएका विपद् तथा महामारीले मानवीय तथा भौतिक क्षति कम गर्न RRT टिमलाई परिचालन गर्न। |
| अपेक्षित प्रतिफल | विपद् तथा महामारीबाट सिर्जित समस्याको समयमै नियन्त्रण भई मानवीय क्षति न्यूनीकरण हुनेछ । |
| संचालन प्रकृया | • कर्णाली प्रदेशमा महामारीजन्य रोग तथा अन्य विपद्को नियमित सर्भिलेन्स तथा अनुगमन गर्न सकिनेछ, <br> • महामारी व्यवस्थापनको लागि पूर्वतयारीका गतिविधिहरु संचालन गर्नका साथै RRT लाई अभिमुखिकरण क्रियाकलाप संचालन गर्ने । <br> • विपद, महामारी तथा अन्य महामारीजन्य रोगहरुको व्यवस्थापनका लागी पूर्वतयारीका लागि आवश्यक सामग्री तथा किटहरु आवश्यकता अनुसार खरिद तथा वितरण । <br> • विपद तथा महामारी पश्चात RRT टिम परिचालन तथा प्रतिकार्यका साथै अन्य अनुसन्धानका क्रियाकलाप संचालन गर्ने । |

| | |
|---|---|
| | • विपद तथा महामारी सम्बन्धि प्रदेश स्तरीय RRC को बैठक संचालन गर्नका लागि समेत खर्च गर्न सकिने छ ।<br>• कार्यक्रम संचालन व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७९, कार्यक्रम निर्देशिका। |
| सन्दर्भ सामग्री | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश,स्वास्थ्य सेवा निर्देशनालय सुर्खेत र EDCD द्वारा तयार गरिएका सन्दर्भ सामग्रीहरु तथा अन्य सन्दर्भ सामग्रीहरु। |
| अनुगमन सूचक | बैठकको निर्णय, उपस्थिति, कार्यक्रम सम्पन्न प्रतिवेदन । |
| जिम्मेवार व्यक्ति | सम्बन्धीत शाखा प्रमुख |

## २.११ रेबिज तथा सर्पदंशको उपचार व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७४५ | २२५२२ | ४०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपाल रेबिज तथा सर्पदंशको उच्च जोखिममा रहेको पाईन्छ। विशेषतः बस्ती विस्तार र सामुदायिक /जंगली जनावरहरुको कारणले मानिसहरुमा जनावरहरुबाट हुनसक्ने आक्रमण तथा विषालु सर्पहरुको टोकाइको जोखिम रहन्छ। तसर्थ सर्पदंश तथा रेविजको उपचार व्यवस्थापन गर्नका लागि खटिएका स्वास्थ्यकर्मीहरुको लागि तालिम, विद्यालय शिक्षा कार्यक्रम र आवश्यक पोष्टर पम्पलेट छपाई कार्यका लागि यो कार्यक्रम प्रस्ताव गरिएको छ । |
| उद्देश्य | रेबिज तथा सर्पदंशको रोकथाम तथा उपचार व्यवस्थापन गर्ने |
| अपेक्षित प्रतिफल | जोखिममा रहेको मानिसहरुमा रेबिज तथा सर्पदंश न्यूनिकरण हुने तथा स्वास्थ्यकर्मीहरुको सीप तथा समुदायमा जनचेतना अभिवृद्धि हुने । |
| सचालन प्रकृया | • रेबिज भ्याक्सिन प्रयोग तथा सर्पदंश उपचार सम्बन्धी स्वास्थ्यकर्मीलाई अभिमुखीकरण गर्ने,<br>• रेबिज, सर्पदंश सम्बन्धित पोष्टर पम्पलेट छपाई गर्ने,<br>• रेबिज तथा सर्पदंशको उच्च जोखिम रहेका क्षेत्रहरुमा सो सम्बन्धी विद्यालय तथा समुदायस्तरीय प्रतिकार्य कार्यक्रम संचालन गर्ने, |

| | |
|---|---|
| | • विषयवस्तुहरु: जनावरको टोकाई, सर्पदंश, बिच्छिदंश, ARV को Intradermal प्रयोग, ASV प्रयोग, CPR गर्ने तरिका सम्बन्धी जानकारी र अभिलेख तथा प्रतिवेदन आदि,<br>• रेबिज, सर्पदंश सम्बन्धित तथ्याङ्क र आवश्यक जानकारीहरु सहितको पोष्टर पम्पलेट छपाई गर्ने।<br>• कार्यक्रम संचालन गर्ने व्यक्ति: इन्टोमोलोजिस्ट |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| सन्दर्भ सामग्री | • National Guidelines Rabies Prophylaxis in Nepal 2019<br>• National Guidelines for Snakebite management in Nepal<br>• सार्वजनिक खरिद ऐन तथा नियमावली |
| अनुगमन सूचक | • कार्यक्रम सम्पन्न प्रतिवेदन, ASV र ARV सेवा सम्बन्धी तथ्यांक, तालिम प्रदान गरिएका स्वास्थ्यकर्मीको संख्या । |
| जिम्मेवार व्यक्ति | • सम्बन्धीत शाखा प्रमुख |

## २.१२ प्रदेश आकस्मिक स्वास्थ्य केन्द्र (PHEOC) सञ्चालन खर्च

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक: | बजेट(हजारमा) | संचालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.८८ | २२५२२ | ५०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आकस्मिक केन्द्रको प्रशासनिक एवम् सामान्य संचालन खर्चको लागि यो क्रियाकलापमा बजेट व्यवस्था गरिएको हो । |
| उद्देश्य | प्रदेश आकस्मिक केन्द्रको नियमित कार्य सुचारु हुने । |
| अपेक्षित प्रतिफल | केन्द्रको नियमित संचालन, स्वास्थ्य आपतकालीन अवस्थामा, सूचना व्यवस्थापन र प्रतिकार्यमा सहयोग पुग्ने । |
| सञ्चालन प्रकृया | PHEOC संचालन व्यवस्थापनका लागि यो रकम खर्च हुनेछ ।<br>कार्यक्रम संचालन गर्ने व्यक्ति: फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ । |

| | |
|---|---|
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | आवश्यक बिल भरपाई |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

## २.१३ महामारी व्यवस्थापनको लागी बफर स्टक सामग्री खरीद

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक: | बजेट (हजारमा) | संचालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.९२ | २२५२२ | ३३० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | सम्भावित महामारी तथा विपद् जोखिमको पुर्वानुमान गरी सम्भावित महामारीजन्य संक्रामक रोगहरुको उपचार तथा व्यवस्थापनका लागि औषधी तथा अन्य औषधीजन्य सामग्रीहरु नियमानुसार खरिद गरी संचित गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | विपद् प्रतिकार्य योजना अनुसारको औषधी तथा अन्य औषधीजन्य सामग्रीहरु खरिद गरी संचित गर्न, |
| अपेक्षित प्रतिफल | सम्भावित महामारी रोकथाम तथा नियन्त्रणमा सहयोग पुग्नेछ । |
| संचालन प्रकृया | • बफर स्टकका लागि आवश्यक औषधी तथा औषधीजन्य सामग्रीहरुको सूची तयार गरी स्वीकृत गराई सो को आधारमा बजेटको परिधि भित्र रही खरिद गर्नुपर्नेछ ।<br>• स्वास्थ्य आपतकालीन अवस्थामा मात्र खर्च गर्ने र महामारी/विपद् पश्चात् पुनः सो औषधिको मौज्दात कायम रहने गरी व्यवस्थापन गर्ने ।<br>• कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | • औषधी तथा अत्यावश्यक औषधीजन्य सामग्रीका लागि बजेट बाँडफाँट |
| सन्दर्भ सामग्री | सावर्जनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |
| अनुगमन सूचक | खरिद ईकाइको निर्णय, दाखिला प्रतिवेदन तथा हस्तान्तरण फारम आदि । |

| | |
|---|---|
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.१४ स्थानीय आम संचार माध्यमबाट स्वास्थ्य सन्देश प्रसारण (प्राईभेट टेलिभिजन, एफ.एम. अनलाईन, पत्रपत्रिका, होर्डिङ बोर्ड, डिजिटल बोर्ड आदि)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.८९५ | २२५२२ | ३०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | बिभिन्न अस्पताल/स्वास्थ्य संस्था मार्फत प्रतिकारात्मक, उपचारात्मक, प्रवर्धनात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवा प्रदान हुदै आएको छ। राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा राज्यले गरेका प्रतिबद्धता, जनस्वास्थ्य सेवा ऐन/नियमावली, स्वास्थ्य नीति/रणनीतिका साथै सर्वव्यापी स्वास्थ्यको पहुँचको अवधारणा अनुसार प्रदेशको तर्फबाट बिभिन्न रोगहरूबारे तथा स्वास्थ्यका अन्य सूचनाहरू बारेमा आम जनसमुदायलाई सुसूचित गराउन र सञ्चारका माध्यम मार्फत नागरिकहरुलाई स्वस्थपूर्वक बाँच्नका लागि सचेतना गराउन यस किसिमको कार्यक्रम राखिएको हो । |
| उद्देश्य | संचारकर्मीहरु एवं जनसमुदायलाई स्वास्थ्य सम्बन्धी गतिविधिका बारेमा जानकारी गराइ नागरिकहरुमा सकारात्मक व्यवहार परिवर्तनका लागि सचेतना फैलाउनु। |
| अपेक्षित प्रतिफल | नागरीकहरु सु-सूचित भइ स्वस्थकर बानी व्यवहार/जीवन शैली अपनाउनेछन्। |
| संचालन प्रकृया | • सञ्चारकर्मीलाई आमन्त्रण गरी स्वास्थ्यका पछिल्ला गतिविधि/विशेष कार्यक्रमका बिषयमा अन्तर्क्रिया मार्फत जानकारी गराउने र छलफल गर्ने,<br>• स्वास्थ्य सम्बन्धी सन्देशहरु छिटो छरितो माध्यमबाट प्रवाह गर्न टेलिभिजन, एफ.एम., अनलाइन पत्रपत्रिका मार्फत प्रकाशन, प्रसारण गर्ने,<br>• सञ्चारकर्मीहरुलाई प्रस्तुतिकरण, प्रेस बिज्ञप्ति, उपलब्ध भएसम्म स्वास्थ्य शिक्षा सामग्री समेत उपलब्ध गराउने,<br>• महिनावारी स्वच्छता, पोषण, प्रजनन् स्वास्थ्य तथा अन्य स्वास्थ्य सम्बन्धी जानकारी विद्यालय र कलेजमा गएर गराउन सकिने।<br>• कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली खर्च निर्देशिका मापदण्ड, २०७५ बमोजिम। |

| | |
|---|---|
| सन्दर्भ सामग्री | सूचना तथा सन्देशमूलक सामाग्रीहरू। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.१५ क्रियाकलापको नाम: एकिकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (अनुशिक्षण, तालिम तथा डेटा भेरिफिकेशन समेत)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८०४ | २२५२२ | ८०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश सरकार र स्थानीय तहबाट संचालन गरिएका स्वास्थ्य सम्बन्धी क्रियाकलापहरुको सहजिकरण, समन्वय, नियमित अनुगमन, पृष्ठपोषण, मूल्यांकन तथा सुपरिवेक्षणका लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | नियमित, आवधिक कार्यस्थल अनुशिक्षण, अनुगमन, सुपरिवेक्षण गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्यका सूचकहरुमा अपेक्षित सुधार हुने । |
| संचालन प्रकृया | स्थलगत अनुगमन कार्ययोजना निर्माण गरी उल्लेखित (खोप, विपद्/महामारी, सुरक्षित मातृत्व, पोषण, बालरोग, कीटजन्य, औलो, कालाजार, तथ्यांक, जनसङ्ख्या, आयुर्वेद, क्षयरोग, एच.आई.भी., कुष्ठरोग/अपाङ्गता, मानसिक स्वास्थ्य, नसर्ने रोग, श्वासप्रश्वास) विभिन्न कार्यक्रमको अनुगमन सुपरिवेक्षण मूल्याङ्कन गरी सोको समिक्षा गर्ने।<br>कार्यक्रम संचालन गर्ने व्यक्ति: फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७९, कार्यक्रम निर्देशिका। |
| सन्दर्भ सामग्री | HMIS अभिलेख तथा प्रतिवेदन निर्देशिका २०७८, DHIS २ म्यानुअल |
| अनुगमन | कार्यक्रम सम्पन्न प्रतिवेदन,अनुगमन प्रतिवेदन आदि |

| | |
|---|---|
| सूचक | |
| जिम्मेवार व्यक्ति | सम्वन्धित शाखा प्रमुख |

२.१६ क्रियाकलापको नाम: संक्रामक रोगहरुको सर्भिलेन्स तथा EWARS अभिमुखिकरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७४४ | २२५२२ | ६०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | रोगहरुको सर्भिलेन्सले किटजन्य, पशुजन्य, पानी जन्य तथा अन्य विभिन्न संक्रामक तथा महामारीजन्य रोगहरुको नियमित निगरानी र सम्भावित प्रकोप /महामारीको समयमा नै पहिचान गरी आवश्यक तयारी तथा प्रतिकार्यका लागि हाल कायम भएका सेन्टिनल साईटहरुको EWARS मा समयमै रिपोर्टङ्ग र पूर्ण रिपोर्टिङ्ग दर न्युन रहेकोले सो अवस्थाको सुधार गर्नु आवश्यक छ। रोगहरुको निरन्तर, समयमा, पूर्ण र गुणस्तरीय प्रतिवेदन गर्नका लागि EWARS सेन्टिनल साईटहरुमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई EWARS सम्बन्धी अभिमुखीकरण गर्न यो कार्यक्रम राखिएको हो |
| उद्देश्य | • प्रकोप /महामारीको समयमा नै पहिचान गरी आवश्यक तयारी तथा प्रतिकार्यका लागि सेन्टिनल साईटहरुको EWARS मा समयमै पूर्ण प्रतिवेदन प्राप्त गर्नु। |
| अपेक्षित प्रतिफल | • संक्रामक रोगहरुको निगरानीबाट समुदायमा रहेका बिरामीहरु पत्ता लागि समयमा नै उपचार व्यवस्थापन हुनेछ। |
| कार्यक्रम संचालन प्रकृया | • महामारी तथा विगतमा केश देखिएका क्षेत्रलाई मध्यनजर गरी संक्रामक रोगहरुको निगरानी गर्नुपर्दछ,<br>• निगरानी कार्य संचालनका लागि ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले तयार गरेको महामारी निगरानी चेकलिष्ट र केश बेश सर्भिलेन्स निर्देशिका बमोजिमका फारमहरु प्रयोग गर्ने,<br>• महामारी जन्य रोगको खोजपड्तालका लागि पहिलो रोगी भेटिएको घर तथा स्थानलाई आधार मानी क्लस्टर वार्ड तथा बस्तीहरुमा कम्तिमा २५ देखि ५० घरधुरीको निरिक्षण गरी सूचना संकलन गर्ने,<br>• निगरानी कार्यमा जिल्ला तथा स्थानीय स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई संलग्न गराई संचालन गर्ने,<br>• निगरानी कार्यमा प्राप्त तथ्याङ्कहरुको नियमित रेकर्डिङ्ग, रिपोर्टिङ्ग गर्ने, तथ्यांक विश्लेषण गरी नतिजा प्रसार गर्ने, |

| | |
|---|---|
| | • अस्पतालको मेडिकल रेकर्डरहरु तथा फोकल पर्सनलाई EWARS सम्वन्धी अभिमुखिकरण गर्ने ।<br>• कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७९, कार्यक्रम निर्देशिका अनुसार। |
| सन्दर्भ सामग्री | • RDT Based Cholera Surveillance Standard Operating Procedure 2024, EDCD<br>• Standard Operating Procedure for Kala-Azar active case surveillance, EDCD<br>• National Guideline on Kala-azar Elimination Program 2019<br>• A Guide to EWARS 2019, EDCD, DoHS<br>• EDCD बाट तयार पारिएका अन्य संक्रामक रोगहरुको निर्देशिकाहरु । |
| अनुगमन सूचक | • कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति | सम्वन्धित शाखा प्रमुख |

.२.१७ क्रियाकलापको नामः विधुतीय स्वास्थ्य सूचना अभिलेख प्रतिवेदन प्रणाली (EHIRRS) सुदृढीकरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४५७ | २२५२२ | २५० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्य संस्थाहरुमा HMIS Tool हरुको वैकल्पिक व्यवस्थाका लागि अनलाइनमा रेकर्डिङ गर्ने कार्य महत्वपूर्ण भएकाले विधुतीय स्वास्थ्य  सूचना अभिलेख प्रतिवेदन प्रणालिको संचालनका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | स्वास्थ्य संस्थाहरुमा भएको सेवा प्रवाहलाई अनलाइनमा रेकर्डिङ्ग गरी मासिक रूपमा अनलाइनबाट नै प्रतिवेदन तयार गर्ने । |
| अपेक्षित प्रतिफल | अभिलेख तथा प्रतिवेदन कार्य व्यवस्थित भएको हुनेछ । |
| संचालन प्रकृया | • मन्त्रालयले सञ्चालन गर्ने Digital Health State कार्यक्रम सञ्चालनको लागि समन्वय गरी आवश्यक कार्य गर्ने। |

| | |
|---|---|
| | • कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७९, कार्यक्रम निर्देशिका सार्वजनिक खरिद ऐन/नियमावली अनुसार। |
| सन्दर्भ सामग्री | Digital Health State/EHIRRS/ EHMIS सम्बन्धी सामग्रीहरु, eHMIS निर्देशिका |
| अनुगमन सूचक | विधुतिय स्वास्थ्य सूचना अभिलेख प्रणाली प्रयोग भइरहेको हुनेछ। |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.१८ क्रियाकलापको नामः तथ्यांक फोकल पर्सनहरुको लागि **HMIS/DHIS, Data Quality** र **Data Verification** सम्बन्धी क्षमता अभिवृद्धि

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०७९ | २२५२२ | ८०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन, मूल्याङ्कन तथा गुणस्तरीय डेटा व्यवस्थापनका लागि प्रदेश सरकार र स्थानीय तहहरूमा कार्यरत तथ्यांक फोकल पर्सनहरूको क्षमता अभिवृद्धि अत्यावश्यक छ। यस कार्यक्रम मार्फत तथ्यांक संकलन, प्रविष्टि, विश्लेषण, प्रमाणीकरण तथा प्रयोग सम्बन्धी सीपहरू प्रदान गरी स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS), डिजिटल स्वास्थ्य सूचना प्रणाली (DHIS2) र डेटा गुणस्तर (Data Quality) सुधारका लागि आवश्यक दक्षता विकास गरिने छ। साथै, समन्वय, सहजीकरण, सुपरिवेक्षण र पृष्ठपोषण प्रक्रियालाई व्यवस्थित गर्दै स्वास्थ्य प्रणालीलाई अझ प्रमाणिक, उत्तरदायी र डेटा– आधारित बनाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिने छ। |
| उद्देश्य | -प्रदेश तथा स्थानीय तहका स्वास्थ्य संस्थाहरूमा कार्यरत तथ्यांक फोकल पर्सनहरूको प्राविधिक क्षमता अभिवृद्धि गर्नु।<br>-HMIS/DHIS प्रणालीको प्रभावकारी उपयोग, डेटा प्रविष्टि, प्रमाणीकरण तथा विश्लेषणमा दक्ष बनाउनु।<br>-डेटा गुणस्तर (शुद्धता, पूर्णता, समयमै रिपोर्टिङ) सुधार गर्ने सीप विकास गर्नु।<br>-अनुगमन, सुपरिवेक्षण र डेटा– आधारित निर्णय प्रक्रियालाई संस्थागत बनाउनु।<br>-प्रदेश तथा स्थानीय तहमा सञ्चालित स्वास्थ्य कार्यक्रमहरूको प्रभावकारिता मूल्याङ्कन गर्न सहयोग |

| | |
|---|---|
| | पुऱ्याउनु। |
| अपेक्षित प्रतिफल | -स्वास्थ्यका प्रमुख सूचकहरूमा गुणात्मक सुधार हुने।<br>-समयमै, शुद्ध र भरपर्दो तथ्यांकको उपलब्धता हुने।<br>-अनुगमन तथा सुपरिवेक्षण प्रणाली सुदृढ हुने।<br>-निर्णय प्रक्रियामा डेटा प्रयोगको प्रवर्धन हुने। |
| संचालन प्रकृया | - लक्षित समूहः प्रदेश तथा स्थानीय तहका कार्यरत जनस्वास्थ्य अधिकृत, तथ्यांक फोकल पर्सनलाई सहभागी गराईने छ<br>- प्रशिक्षकहरुः तालिमका लागि आवश्यकताअनुसार बाह्य प्रशिक्षक ल्याएर तालिम संचालन गर्ने।<br>- तालिम अवधिः ५ दिन<br>- कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन<br>- कार्यक्रम सम्बन्धित प्रतिवेदन तयार पार्ने र समीक्षा बैठक गर्ने। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७९, कार्यक्रम निर्देशिका सार्वजनिक खरिद ऐन/नियमावली अनुसार। |
| सन्दर्भ सामग्री | -Government of Nepal, Ministry of Health and Population (२०१८)<br>Public Health Service Act, २०७५. Legal basis for public health service and data governance.<br>-Department of Health Services, Management Division (२०२२)<br>HMIS/DHIS२ Implementation Guideline. Technical guidance on digital health reporting and data validation.<br>-Management Division, Ministry of Health and Population (२०१९)<br>Health Data Review Guideline. Process for periodic data review and data-driven planning.<br>-Ministry of Health and Population & WHO (२०२०)<br>Data Quality Assessment Tool (DQAT). Guide for assessing data completeness, accuracy, timeliness, and consistency.<br>-WHO, UNICEF & NHSSP (२०२१)<br>Analyzing and Using Data for Decision-Making Toolkit (Nepal Version). Enhances data use capacity for evidence-based decision-making., |
| अनुगमन | कार्यक्रम सम्पन्न प्रतिवेदन,अनुगमन प्रतिवेदन आदि |

| | |
|---|---|
| सूचक | |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.१९ क्रियाकलापको नामः तथ्याङ्क फोकल पर्सनहरुको लागि QGIS ToT तालिम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१९८ | २२५२२ | ८०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | QGIS (Geographic Information System) प्रविधिको उपयोग गरी स्वास्थ्य कार्यक्रमको निगरानी, योजना, तथा विश्लेषण गर्ने क्षमता अभिवृद्धि गर्न तथ्याङ्क फोकल पर्सनहरूलाई तालिम दिइनेछ। |
| उद्देश्य | १.जिल्ला तथा स्थानीय तहका तथ्याङ्क फोकल पर्सनहरूलाई QGIS को प्रयोगमा दक्ष बनाउने।<br>२. स्थानियकरणमा आधारित स्वास्थ्य सेवाको योजना, निगरानी तथा विश्लेषणमा सहयोग पुऱ्याउने। |
| अपेक्षित प्रतिफल | १.प्रशिक्षित तथ्याङ्क फोकल पर्सनहरू QGIS प्रयोग गर्न सक्षम हुने।<br>२. स्थान विश्लेषण आधारित स्वास्थ्य सेवा योजना र मूल्यांकनमा सुधार हुने। |
| संचालन प्रकृया | • तालिमका लागि स्थान, समय र प्रशिक्षकको छनोट।<br>• तालिमका लागि आवश्यकता अनुसार बाह्य प्रशिक्षक ल्याएर तालिम संचालन गर्ने।<br>• सहभागीः जिल्ला तथा स्थानीय तहका तथ्याङ्क फोकल पर्सनहरू।<br>- अवधिः ५ दिन<br>- कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन<br>- तालिमका लागि सन्दर्भ सामग्री तथा उपकरणको व्यवस्था।<br>- तालिम सञ्चालन र मूल्यांकन। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७९, कार्यक्रम निर्देशिका सार्वजनिक खरिद ऐन/नियमावली अनुसार। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन आदि |

| | |
|---|---|
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.२० क्रियाकलापको नामः फर्मासिस्ट क्षमता अभिवृद्धि तथा गुणस्तर अनुगमन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०४३ | २२५२२ | ३०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा कार्यरत फार्मासिस्टहरूको व्यावसायिक क्षमता अभिवृद्धि गर्नुका साथै फार्मेसी सेवाको गुणस्तर अनुगमन गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिन्छ। |
| उद्देश्य | -फार्मासिस्टहरूको कार्यदक्षता तथा सीप अभिवृद्धि गर्नु।<br>- अस्पताल फार्मेसी सेवाको गुणस्तर अनुगमन गरी सुधारात्मक उपाय सुझाउनु। |
| अपेक्षित प्रतिफल | -स्वास्थ्यका सूचकहरूमा अपेक्षित सुधार हुने।<br>- औषधि व्यवस्थापनमा सुधार आउने।<br>- फार्मेसी सेवा गुणस्तर मापदण्ड अनुरूप सञ्चालन हुने। |
| संचालन प्रकृया | तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन।<br>अस्पताल फार्मेसीहरूको फिल्ड अनुगमन।<br>प्रतिवेदन संकलन, विश्लेषण र सुझाव प्रस्तुत गर्ने।<br>कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७९, अनुसार। |
| सन्दर्भ सामग्री | • प्रचलित कानुन तथा कर्णाली प्रदेश खर्च मापदण्ड २०७५<br>• अस्पताल फार्मेसी निर्देशिका<br>• DTC (Drug and Therapeutics Committee) सम्बन्धी कार्यविधि<br>• नेपाल औषधि नीति<br>• Logistics Management Manual<br>• WHO Good Pharmacy Practice Guidelines |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन,अनुगमन प्रतिवेदन आदि |

| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |
|---|---|

२.२१ क्रियाकलापको नाम: HMIS, DHIS र LMIS तथ्यांक प्रविष्टि तथा व्यवस्थापनका लागि परामर्श सेवा

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.५.१०.३५ | २२४१९ | ३८४ | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ बनाउने उद्देश्यले सूचना व्यवस्थापन प्रणालीहरू जस्तै HMIS (Health Management Information System), DHIS2 (District Health Information Software), LMIS (Logistics Management Information System), PAMS, AMR आदि प्रणालीहरूको प्रभावकारी उपयोग तथा व्यवस्थापन अत्यावश्यक छ।<br>यस्ता प्रणालीहरूमा तथ्यांकको नियमित, सटिक र गुणस्तरीय प्रविष्टि तथा प्रयोग सुनिश्चित गर्न दक्ष जनशक्ति आवश्यक पर्ने भएकाले फार्मेसी अधिकृत सातौं तहको पदमा योग्य जनशक्तिलाई नियुक्ति दिई परामर्श लिनका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य सेवा प्रणालीमा सूचनाको सटिकता, समयमै उपलब्धता र प्रयोग सुनिश्चित गर्न HMIS, DHIS२, LMIS, PAMS तथा AMR प्रणालीहरूमा आधारित तथ्यांक व्यवस्थापन क्षमताको सुदृढीकरण। |
| अपेक्षित प्रतिफल | -कर्णाली प्रदेशभरका स्वास्थ्य संस्थाहरूमा HMIS, DHIS२, LMIS, PAMS प्रणालीहरूमा तथ्यांक प्रविष्टि, विश्लेषण र प्रयोगमा सुधार। |
| संचालन प्रकृया | • फार्मेसी अधिकृत (सातौं तह) लाई परामर्श सेवामा लिई नियुक्ति<br>• प्राथमिकता रहेका स्वास्थ्य संस्थाहरूको पहिचान र कार्यक्षेत्र निर्धारण<br>• HMIS, DHIS२, LMIS, PAMS, AMR आदि विषयमा तालिम र सहजीकरण कार्यक्रम सचालन<br>• स्थानीय तह, स्वास्थ्य कार्यालय र संस्थासँग समन्वय गर्दै सहयोगात्मक सुपरिवेक्षण<br>• तथ्यांक प्रविष्टि, विश्लेषण र रिपोर्टिङमा प्राविधिक सहयोग प्रदान<br>• गतिविधिपछि अनुगमन र प्रतिवेदन तयार गरी सम्बद्ध निकायमा पेस<br>• बजेट अपुग भएमा सामाजिक विकास मन्त्रालयमार्फत समायोजनको व्यवस्था गर्ने |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ |
| सन्दर्भ | प्रचलित कानुन तथा कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ |

| | |
|---|---|
| सामग्री | |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन आदि |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

## २.२२ आयुर्वेद तथा वैकल्पिक सेवा सम्बन्धी क्षमता अभिवृद्धि तालिम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१९० | २२५२२ | ५०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | देशको स्वास्थ्य सेवा प्रणालीलाई समावेशी, बहुपक्षीय र संस्कृति मैत्री बनाउने उद्देश्यले आयुर्वेद तथा अन्य वैकल्पिक उपचार पद्धतिहरूलाई सुदृढ गर्दै जाने नीति अनुसार स्वास्थ्यकर्मी र सम्बन्धित जनशक्तिको क्षमता अभिवृद्धि गर्नु अत्यावश्यक भएकाले यो कार्यक्रमको व्यवस्था गरिएको छ । यस तालिम मार्फत स्वास्थ्यकर्मीलाई आयुर्वेद, योग, प्राकृतिक उपचार, होमियोप्याथी लगायतका वैकल्पिक सेवाबारे आधारभूत ज्ञान र सीप प्रदान गरिनेछ। |
| उद्देश्य | • AHMIS तथा आयुर्वेद तथा वैकल्पिक उपचारको बहुआयामिक दृष्टिकोणलाई प्रोत्साहित गर्दै बिरामीलाई सेवा दिन क्षमता अभिवृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | • तालिममा सहभागी स्वास्थ्यकर्मीहरूले आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवाबारे आधारभूत ज्ञान र सीप हासिल गर्ने। |
| संचालन प्रकृया | • प्राथमिकताका आधारमा आयुर्वेद सेवा अन्तर्गतका AHMIS, पूर्वकर्म, क्षारसुत्र, अग्नि कर्म र तालिम संचालन गर्न सकिने छ ।<br>• सहभागी: आयुर्वेद स्वास्थ्य केन्द्र र स्थानीय तहका औषधालय र नागरिक आरोग्य केन्द्र<br>• अवधि: ३ दिन<br>• कार्यक्रम संचालन गर्ने व्यक्ति : फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७९, अनुसार। |
| सन्दर्भ सामग्री | • स्वास्थ्य मन्त्रालयद्वारा प्रकाशित आयुर्वेद सम्बन्धी मापदण्ड र कार्यविधि। |

| | |
|---|---|
| | • राष्ट्रिय स्वास्थ्य नीति, वैकल्पिक चिकित्सा नीति।<br>• WHO guidelines on traditional and complementary medicine I<br>तालिमका लागि तयार पारिएका प्रस्तुति सामग्री, पुस्तिका र ह्यान्डआउटहरू। |
| अनुगमन सूचक | • तालिमपछि सेवामा आयुर्वेद तथा वैकल्पिक उपचारको प्रयोग संख्या वृद्धि। |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

## २.२३ आयुर्वेद तथा वैकल्पिक चिकित्सा न्यूनतम सेवा मापदण्ड (MSS)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१९४ | २२५२२ | ५०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेशस्तरका आयुर्वेद अस्पतालहरुको न्युनतम सेवा मापदण्डको अनुगमन, फलोअप, तथा समिक्षा गर्न यस कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रदेशस्तरका आयुर्वेद अस्पतालहरुको न्युनतम सेवा मापदर्ण्डको अनुगमन गरी आवश्यकता अनुसार सुदृधिकरण गर्ने । |
| अपेक्षित प्रतिफल | प्रदेशस्तरका आयुर्वेद अस्पतालहरुको न्युनतम सेवा मापदण्डको हाल सम्मको उपलब्धि र समस्याको पहिचान भई निरन्तर सुदृधिकरण भई आयुर्वेद स्वास्थ्य संस्थाले दिने सेवाको गुणस्तरमा वृद्धी हुनेछ । |
| संचालन प्रकृया | • प्रदेशस्थित आयुर्वेद अस्पताल तथा स्वास्थ्य केन्द्रहरुको बर्षमा २ पटक फलोअप गर्नुपर्ने।<br>• प्रदेशस्थित आयुर्वेद अस्पताल तथा स्वास्थ्य केन्द्रहरुको न्युनतम सेवा मापदण्ड सम्बन्धित प्रदेशस्तरीय समिक्षा कार्यक्रम गर्नुपर्ने ।<br>• न्युनतम सेवा मापदण्डमा पत्ता लागेका समस्याहरुको समाधानका लागि आवश्यक सामग्री तथा उपकरणहरुको व्यवस्थापन गर्ने ।<br>• प्रत्येक MSS गरे पश्चात अनिवार्य रुपमा प्रतिवेदन सामाजिक विकास मन्त्रालय स्वास्थ्य सेवा महाशाखामा पेश गर्नु पर्नेछ ।<br>• कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट | प्राप्त बजेटबाट प्रदेश सरकारको आर्थिक नियमानुसार दैनिक भ्रमण भत्ता, यातायात र समस्या |

| | |
|---|---|
| बाँडफाँट | समाधानका लागि सामग्रीहरुको खरिद व्यवस्थापन |
| सन्दर्भ सामग्री | आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी न्युनतम सेवा मापदण्ड, प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु |
| अनुगमन सूचक | न्युनतम सेवा मापदण्डको अभिमुखीकरण गरीएका अस्पतालको संख्या, अस्पतालबाट प्रदान गरीने सेवाको अनुगमन गरिएको संख्या, न्युनतम सेवा मापदण्डको समिक्षा गरीएको पटक |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.२४ क्रियाकलापको नाम: सुर्खेत तथा दैलेख जिल्लाका स्वास्थ्यकर्मिका लागी बालबालिका तथा किशोर किशोरी मानसिक स्वास्थ्य सम्बन्धि तालिम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१८२ | २२५२२ | २००० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | बालबालिका तथा किशोर– किशोरीहरूमा शारीरिक, मानसिक तथा सम्वेगात्मक परिवर्तनका कारण विभिन्न प्रकारका शारीरिक र मानसिक समस्या देखा पर्ने गर्दछ। बालबालिका तथा किशोर– किशोरी मानसिक स्वास्थ्य कार्यक्रमको कार्यान्वयनसँगै एकीकृत दृष्टिकोणबाट उनीहरूको आवश्यकतालाई अझ प्रभावकारी रूपमा सम्बोधन गर्न कार्यक्रम विस्तार आवश्यक देखिएको छ। हाल समुदायस्तरमा बालबालिका तथा किशोर– किशोरीको मानसिक स्वास्थ्य समस्या र उपचार सम्बन्धी पर्याप्त ज्ञान र जानकारीको अभाव रहेको पाइएको छ। यस कारण मानसिक स्वास्थ्य समस्या समयमा नै निदान हुन नसक्दा रोकथाम, नियन्त्रण तथा उपचारमा कठिनाइ भइरहेको छ।<br><br>यसै सन्दर्भमा, सुर्खेत र दैलेख जिल्लाका स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गर्न बालबालिका तथा किशोर– किशोरी मानसिक स्वास्थ्य सम्बन्धी ज्ञान, सीप र व्यवहारिक क्षमता विकास गर्ने उद्देश्यले पाँच दिने तालिम सञ्चालन गरीन लागिएको हो। उक्त तालिमबाट मानसिक स्वास्थ्य समस्या समयमै पहिचान गर्ने, प्रारम्भिक सल्लाह दिने तथा मनोसामाजिक परामर्श प्रदान गर्न थप सक्षम हुने अपेक्षा गरीएको छ। |
| उद्देश्य | • स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गरी बालबालिका तथा किशोरकिशोरीको मानसिक स्वास्थ्य प्रवर्धन हुने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि भई बालबालिका तथा किशोरकिशोरीको मानसिक स्वास्थ्य समस्याहरूको निदान तथा उपचारको व्यवस्थापन समुदाय स्तरबाट नै भएको हुनेछ । |
| संचालन | • बालबालिका र किशोरकिशोरीहरूको मानसिक स्वास्थ्य सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम |

| प्रकृया | लिएका प्रशिक्षकले यो तालिम कर्णाली प्रदेशको सुर्खेत तथा दैलेख जिल्लाका साथै अन्य जिल्लामा कार्यरत स्वास्थ्यकर्मिहरु (आयुर्वेद समेत) लाई समेत सहभागी गराईने छ ।<br>• अवधि: ५ दिन<br>• १ वटा व्याचमा बढीमा २५ जना सम्म सहभागी हुनुपर्ने छ।<br>• कार्यक्रम संचालन गर्ने व्यक्ति: फोकल पर्सन |
|---|---|
| बजेट बाँडफाँट | युनिसेफ नेपालबाट विनियोजित रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्नेछ । सहभागी भत्ता, खाजा, स्टेशनरी ,हल अन्य प्रचलित । |
| सन्दर्भ सामग्री | CAMH Facilitator's Guide-२०२१, CAMH Participant Handbook for paramedics nurses-final-2020, CAMH reference manual-2021, प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम संचालनको हाजिरी, बिल, कार्यक्रम समापत्र प्रतिवेदन तथा अन्य कागजातहरु |
| जिम्मेवारी व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.२५ क्रियाकलापको नाम: २ दिने बालबालिका तथा किशोर किशोरी मानसिक स्वास्थ्य तथा रेकर्डिङ र रिपोर्टिङ सम्बन्धि अभिमुखिकरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक: | बजेट (हजारमा) | संचालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१८३ | २२५२२ | १५०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| परिचय | बालबालिका तथा किशोरकिशोरीहरुमा शारीरिक, मानसिक, सम्वेगात्मक परिवर्तन हुने भएकाले उनीहरूमा विभिन्न शारीरिक तथा मानसिक समस्या देखा पर्दछन् । बालबालिका तथा किशोरकिशोरी कार्यक्रम संचालन भएका स्थानीय तहमा स्वास्थ्य संस्थामा रेकर्डिङ तथा रिपोर्टिङमा सुधार ल्याउनको लागि यो कार्यक्रम राखिएको हो । यो अभिमुखिकरण पश्चात बालबालिका तथा किशोरकिशोरी कार्यक्रम लागु भएका जिल्लाका पालिकाहरुमा कार्यरत स्वास्थ्य संस्थाबाट मानसिक स्वास्थ्यको तथ्याङ्क गुणस्तर सुधार गर्नको लागि र मानसिक स्वास्थ्यका बिरामीहरु DHIS-2 मा रोगको वर्गिकरण अनुसार समावेश गर्नको लागि अभिमुखिकरण राखिएको हो । |
|---|---|
| उद्देश्य | स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गरी बालबालिका तथा किशोरकिशोरी मानसिक स्वास्थ्यको रेकर्डिङ र रिपोर्टिङ सुधार गर्न । |
| अपेक्षित | अभिमुखिकरण पश्चात बालबालिका तथा किशोर किशोरी मानसिक स्वास्थ्यमा स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि भई बालबालिका तथा किशोरकिशोरीको मानसिक स्वास्थ्यको अभिलेख र |

| | |
|---|---|
| प्रतिफल | प्रतिवेदनमा समस्या समाधान हुनेछ । |
| संचालन प्रकृया | • अभिमुखिकरण २ दिनको हुनेछ। यस अधि कार्यक्रम संचालन नभएका जिल्लाहरुलाई प्राथमिकतामा राखि कार्यक्रम संचालन गर्नुपर्नेछ<br>• अभिमुखिकरण सम्बन्धित जिल्ला स्वास्थ्य कार्यालयःजनस्वास्थ्य कार्यालय संगको समन्वयमा सम्बन्धित जिल्लामा संचालन गर्नुपर्ने छ।<br>• बजेटको परिधि भित्र रही प्रदेशका सबै जिल्लालाई समेट्नु पर्नेछ ।<br>• कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५। |
| सन्दर्भ सामग्री | HMIS/DHIS-2 tools । |
| अनुगमन सूचक | कार्यक्रम संचालनको हाजिरी, बिल, भरपाई ।<br>कार्यक्रम सम्पन्न प्रतिवेदन तथा अन्य कागजातहरु । |
| जिम्मेवारी व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.२६ क्रियाकलापको नाम: बालबालिका तथा किशोर किशोरी मानसिक स्वास्थ्य (**CAMH**) सम्बन्धि तालिम पुस्तिका तथा **IEC/BCC materials** छपाई

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक: | बजेट (हजारमा) | संचालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१८५ | २२५२२ | २५० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | समुदायमा बालबालिका र किशोरकिशोरीहरूको मानसिक स्वास्थ्य सम्बन्धी सचेतनाका लागि **IEC/BCC** हरुको माध्यमबाट बालबालिका तथा किशोरकिशोरी को मानिसक स्वास्थ्य सम्बन्धी सुचना प्रवाह गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | बालबालिका र किशोरकिशोरीको मानसिक स्वास्थ्यबारे समुदायस्तर सम्म जनचेतना पुर्याउने । |
| अपेक्षित प्रतिफल | व्यवहार परिवर्तन भई बालबालिका र किशोरकिशोरीको मानसिक स्वास्थ्यबारे समुदायस्तरमा जनचेतना अभिबृद्धि भएको हुनेछ । |

| | |
|---|---|
| संचालन प्रकृया | • आवश्यकता अनुसार मानसिक स्वास्थ्य सम्बन्धि विभिन्न IEC/BCC सामग्रीहरु छपाई तथा वितरण गर्न सकिनेछ।<br>• कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | युनिसेफ नेपाल बाट विनियोजित रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु |
| अनुगमन सूचक | बिल तथा अन्य कागजातहरु, छपाई गरेका सामग्रीहरु |
| जिम्मेवारी व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.२७ क्रियाकलापको नाम: बालबालिका तथा किशोर किशोरी मानसिक स्वास्थ्य कार्यक्रममा एकिकृत अनुगमन सुपरिवेक्षण तथा **onsite coaching**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षकः | बजेट (हजारमा) | संचालन गर्ने निकाय | सचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१८१ | २२५२२ | २०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | बालबालिका तथा किशोर– किशोरी मानसिक स्वास्थ्य कार्यक्रमको प्रभावकारी कार्यान्वयन, गुणस्तरीय सेवा प्रवाह र स्वास्थ्यकर्मीहरूको क्षमता सुदृढीकरणका लागि नियमित एकिकृत अनुगमन, सुपरिवेक्षण तथा अनसाइट कोचिङ महत्वपूर्ण माध्यम हो। यसबाट कार्यक्रमको प्रगति अनुगमन, समस्या पहिचान तथा समाधान, सेवा गुणस्तर सुधार र स्वास्थ्यकर्मीहरूलाई व्यावहारिक सल्लाह र क्षमता विकासमा सहयोग पुग्नेछ। |
| उद्देश्य | • कार्यक्रम कार्यान्वयनको अवस्था निरन्तर अनुगमन र मूल्याङ्कन गर्ने।<br>• स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई अनसाइट कोचिङमार्फत सीप अभिवृद्धि गर्ने।<br>• मानसिक स्वास्थ्य सेवा गुणस्तर सुधार र प्रभावकारिता बढाउने।<br>• नीतिगत मार्गदर्शन र स्थानीय आवश्यकताअनुसार सुधारात्मक कार्य योजना तयार गर्ने। |
| अपेक्षित प्रतिफल | • स्वास्थ्यकर्मीहरूले मानसिक स्वास्थ्य समस्या पहिचान, प्रारम्भिक सल्लाह र सन्दर्भ गर्ने क्षमता अभिवृद्धि गर्ने। |

| | |
|---|---|
| | • सेवा गुणस्तर सुधार भई बालबालिका तथा किशोर– किशोरीलाई लक्षित मानसिक स्वास्थ्य सेवा सुदृढ हुने।<br>• कार्यक्रम सञ्चालनका क्रममा देखा परेका चुनौतीहरूको समाधानका लागि कार्यान्वयन योजना तयार हुने। |
| संचालन प्रकृया | • बालबालिका तथा किशोरकिशोरी मानसिक स्वास्थ्य सम्वन्धि तथ्यांकहरु कमजोर भएका स्थानीय तहमा गई तथ्यांक विश्लेषण तथा अनसाइट कोचिंग संचालन गर्ने<br>• स्वास्थ्य संस्था भ्रमण, केस फाइल समीक्षा, प्रत्यक्ष अवलोकन, स्वास्थ्यकर्मीहरूसँग छलफल तथा अनसाइट कोचिङ गर्ने।<br>• सेवा प्रदायकसँग प्रत्यक्ष संवाद गरी समस्या, चुनौती र सुधारका लागि सुझाव संकलन गर्ने।<br>• अनुगमन रिपोर्ट तयार गरी सम्बन्धित निकायलाई पेश गर्ने र सुधारात्मक कार्य योजना तयार गर्ने।<br>• कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| सन्दर्भ सामग्री | राष्ट्रिय मानसिक स्वास्थ्य नीति तथा कार्यान्वयन योजना, HMIS/DHIS-2 tools, CAMH guideline |
| अनुगमन सूचक | • अनुगमन गरीएका स्वास्थ्य संस्थाको संख्या<br>• अनसाइट कोचिङ प्राप्त स्वास्थ्यकर्मीको संख्या<br>• समस्या पहिचान र समाधानका लागि तयार भएका सुधार कार्य योजना संख्या |
| जिम्मेवारी व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.२८ क्रियाकलापको नाम: सामाजिक भावनात्मक सिप विकास (SEL) प्याकेजका लागि प्रशिक्षक प्रशिक्षण तालिम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक: | बजेट (हजारमा) | संचालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१८६ | २२५२२ | २०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | बालबालिका तथा किशोर– किशोरीहरूमा शारीरिक, मानसिक तथा सम्वेगात्मक परिवर्तनका कारण |

| | |
|---|---|
| | विभिन्न प्रकारका शारीरिक र मानसिक समस्या देखा पर्ने गर्दछ । यसलाई सम्बोधन गर्न कर्णाली प्रदेश सरकारले मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीति र कार्ययोजना, २०७९ तयार गरी लागू गरेको छ । कर्णाली प्रदेश सरकारले यस रणनीति र कार्ययोजनाको लक्ष्य अनुरुप यस प्रदेशमा मानसिक तथा मनोसामाजिक समस्याको रोकथाम, प्रवर्द्धन र उपचारका लागी सहयोगी कार्यक्रमहरु सञ्चालन गरीरहेको छ । यसै सन्दर्भमा बालबालिका तथा किशोरकिशोरीहरुलाई लक्षित गरी मानसिक तथा मनोसामाजिक समस्याको रोकथाम र सुस्वास्थ्यको प्रवर्द्धनको लागी सामाजिक भावनात्मक सिप विकासका (SEL) कार्यक्रमहरु विकास गरी लागु गरीएको हो। |
| उद्देश्य | बालबालिका तथा किशोरकिशोरीहरुको भावना, विचार, व्यवहार र सम्बन्धहरूलाई सबल बनाउन तथा मनोसामाजिक समस्या हुनबाट जोगाउन मद्दत गर्दछ । |
| अपेक्षित प्रतिफल | तालिम प्राप्त सहजकर्ताले कक्षामा भावनात्मक शिक्षा (SEL) को गतिविधिहरू लागू गर्ने (ध्यान अभ्यास, कथा-आधारित चर्चा)।<br>बालबालिका तथा किशोरकिशोरीहरु आफ्नो मनको कुरा बुझ्न र व्यवस्थापन गर्न सिक्ने छन्।<br>बालबालिका तथा किशोरकिशोरीहरुमा ध्यान दिने र तनाव कम गर्ने क्षमता बढ्ने छ।<br>समाजमा मानसिक स्वास्थ्यको कुरा खुल्ला रूपमा गर्न, भावना, विचारहरू व्यक्त गर्न सक्ने हुनेछन् |
| संचालन प्रकृया | • सामाजिक भावनात्मक सिप विकासका (SEL) कार्यक्रमको प्रशिक्षक प्रशिक्षण तालिम लिएका प्रशिक्षकले यो तालिम दैलेख जिल्ला, नारायणा नगरपालिकाको विधालय नर्स तथा अन्य यसै कार्यक्रम सँग सम्बन्धित व्यत्तिहरू लाई ४ दिने तालिम दिइने छ।<br>• १ वटा ब्याचमा बढीमा २५ जनाको सहभागिता हुनुपर्ने छ।<br>• कार्यक्रम संचालन व्यक्ति: फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ । |
| सन्दर्भ सामग्री | SEL प्याकेज सहजकर्ता निर्देशिका |
| अनुगमन सूचक | कार्यक्रम संचालनको हाजिरी, बिल, भर्पाई ।<br>समपन्न प्रतिवेदन तथा अन्य कागजातहरु |
| जिम्मेवारी व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.२९ क्रियाकलापको नाम: बालबालिका तथा किशोरकिशोरी मानसिक स्वास्थ्यमा लगानी सम्बन्धी पैरवी बैठक

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षकः | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१८७ | २२५२२ | २०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | बालबालिका तथा किशोर– किशोरी मानसिक स्वास्थ्य कार्यक्रमलाई दिगो बनाउन तथा आवश्यक स्रोत सुनिश्चित गर्न नीति निर्माण तह, स्थानीय तहका जनप्रतिनिधि, सरोकारवाला निकाय र विकास साझेदारसँग समन्वय गर्दै लगानी अभिवृद्धि गर्न पैरवी बैठक आयोजना गरीने छ। यसबाट कार्यक्रमको महत्त्व, आवश्यक बजेट र स्रोत परिचालनका लागि आवश्यक प्रतिबद्धता टेवा पुग्ने अपेक्षा राखिएको छ। |
| उद्देश्य | • बालबालिका तथा किशोर– किशोरी मानसिक स्वास्थ्यलाई विकास योजना, बजेट तथा कार्यक्रममा प्राथमिकता दिलाउने। |
| अपेक्षित प्रतिफल | • मानसिक स्वास्थ्य कार्यक्रमका लागि स्थानीय तह र साझेदारबाट थप बजेट विनियोजन।<br>• नीति, योजना र कार्यक्रममा मानसिक स्वास्थ्य समावेश हुने।<br>• बालबालिका तथा किशोर– किशोरी मानसिक स्वास्थ्यका विषयमा सरोकारवाला र समुदायको चासो र सहयोग बढ्ने।<br>• कार्यक्रम दिगो बनाउन रणनीतिक योजना तयार हुने। |
| संचालन प्रकृया | • स्वास्थ्य सेवा निर्देशनालय नेतृत्वमा स्वास्थ्य सेवा कार्यालय/जनस्वास्थ्य सेवा कार्यालयको समन्वयमा कम्तिमा २ पटक तथा आवश्यकता अनुसार पैरवी बैठक आयोजना गर्ने ।<br>• सहभागीहरूः सामाजिक विकास मन्त्रालय/प्रदेश/जिल्ला/ स्थानिय तहका जनप्रतिनिधि, सामाजिक समिति, नागरीक समाज, सञ्चारकर्मी, महिला तथा बालबालिका सम्बन्धी समिति क्षेत्रमा काम गर्ने विकास साझेदारआदि।<br>• प्रस्तुतीकरण, समूह छलफल र अनुभव आदानप्रदान गरी मानसिक स्वास्थ्यका चुनौती र समाधानका उपायमा सहमति जुटाउने ।<br>• बैठकको अन्त्यमा प्रतिबद्धता पत्र वा कार्ययोजना तयार गर्ने।<br>• बैठकपछि निर्णय कार्यान्वयन अनुगमन गर्ने।<br>कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | बैठक, दैनिक भ्रमण भत्ता, प्रशिक्षक भत्ता, सहभागी भत्ता, खाजा, स्टेशनरी, हल भाडा, अन्य प्रचलित स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही बजेट बाँडफाँट गर्नुपर्नेछ । |
| सन्दर्भ सामग्री | • राष्ट्रिय मानसिक स्वास्थ्य नीति तथा कार्यान्वयन योजना। |

| | |
|---|---|
| | • बालबालिका तथा किशोर– किशोरी मानसिक स्वास्थ्य सम्बन्धी तालिम कार्यपुस्तिका।<br>• सम्बन्धित कानुन, नीति तथा रणनीति। |
| अनुगमन सूचक | • सम्पन्न पैरवी बैठक संख्या।<br>• सहभागीको संख्या र सहभागिताको विविधता।<br>• बैठकबाट प्राप्त प्रतिबद्धता वा निर्णयहरू।<br>• प्रतिबद्धता कार्यान्वयन प्रगति रिपोर्ट। |
| जिम्मेवारी व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.३० क्रियाकलापको नाम: मानिसक स्वास्थ्य दिवस, आत्महत्या रोकथाम दिवस

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक: | बजेट (हजारमा) | संचालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१८४ | २२५२२ | १०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | बालबालिका र किशोरकिशोरीको मानसिक स्वास्थ्यबारे समुदायका मानिसहरूलाई सूचना प्रवाहका लागि बालबालिका र किशोरकिशोरीको मानसिक स्वास्थ्यबारे चेतना अभिवृद्धि गर्न र समुदायका मानिसहरू माझ उचित बुझाइका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | बालबालिका र किशोरकिशोरीको मानसिक स्वास्थ्यबारे समुदायस्तर सम्म जनचेतना पुर्याउने । |
| अपेक्षित प्रतिफल | व्यवहार परिवर्तन भई बालबालिका र किशोरकिशोरीको मानसिक स्वास्थ्यबारे समुदायस्तरमा जनचेतना अभिबृद्धि भएको हुनेछ । |
| संचालन प्रकृया | • दिवस मनाउन आवश्यकता अनुसार कार्यक्रमहरुको संचालन योजना बनाई पूर्वतयारी बैठक बसी अन्तर्क्रिया, सचेतनामूलक सामग्रिहरु छपाई, प्रचार प्रसार गर्ने ।<br>• कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | युनिसेफ नेपालबाट विनियोजित रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्नेछ । दिवस संचालनका लागि स्वीकृत बजेटको परिधि भित्र रहि खर्च गर्न सकिनेछ । |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | हाजिरी रजिष्टर, बिल तथा अन्य कागजातहरु । |

| | |
|---|---|
| जिम्मेवारी व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.३१ कृयाकलापको नामः **प्रेषण सेवा केन्द्र तथा टिवी जिन एक्सपर्ट ल्याव सेवाको निरन्तरता**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.2046 | २२५२२ | २८२० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ अनुसार देशभरका एम्बुलेन्सहरुलाई प्रेषण केन्द्र मार्फत सञ्चालन गर्नुपर्ने व्यवस्था बमोजिम प्रदेशमा प्रादेशिक प्रेषण केन्द्र स्थापना भइसकेको सन्दर्भमा प्रेषण केन्द्रको निरन्तर सञ्चालन एवं प्रदेशमा सञ्चालनमा रहेको टिबी जिन एक्सपर्ट प्रयोगशालाको समेत निरन्तरताका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | एकिकृत एम्बुलेन्स निर्देशिका बमोजिम प्रेषण केन्द्र मार्फत बिरामीहरुको प्रेषण गर्ने<br>टिबीका बिरामीहरुको निदानका लागि जिन एकस्पर्ट ल्याव मार्फत नमुना परीक्षण गरीने |
| अपेक्षित प्रतिफल | सबै आकश्मिक बिरामीहरु प्रेषण केन्द्र मार्फत तत्काल गुणस्तरीय सेवा लिने अवसर प्राप्त गर्नेछन्।<br>क्षयरोगका बिरामीहरुको समयमा नै निदान भई उपचारमा सहयोग पुग्नेछ। |
| संचालन प्रकृया | • प्रेषण केन्द्र सञ्चालनका लागि कर्मचारीहरुको निरन्तरता तथा नयाँ कर्मचारीको (स्टाफ नर्स/हेल्थ असिस्टेन्ट) समेत व्यवस्थापन<br>• जिन एक्स्पर्ट ल्यावको लागि ल्यावमा कार्यरत ल्याव टेक्निसियन कर्मचारीहरुको निरन्तरता<br>• प्रेषण केन्द्र र जिन एक्सपर्ट ल्यावको अन्य व्यवस्थापकीय खर्च समेत गर्न सकिनेछ।<br>• कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्मचारीहरुको तलब भत्ता तथा अन्य सञ्चालन सामग्रीहरु कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका व्यवस्थापन बमोजिम बाँडफाँट गरी खर्च गर्न सकिने |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| अनुगमन सूचक | कर्मचारीहरु नियुक्तिको सम्झौता, हाजिरी तथा अन्य बिल भर्पाईहरु |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.३२ कृयाकलापको नामः **एच आई भी संक्रमित तथा प्रभावितहरुका लागी पोषणयुक्त खानेकुरा वितरण तथा व्यवस्थापन**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.1746 | २२५२२ | 900 | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | एच.आई.भी. संक्रमित तथा प्रभावितहरुको उपचारमा नियमितता गराउन तथा उनीहरुको स्वास्थ्य अवस्थामा सुधार गर्न यो कार्यक्रम व्यवस्था गरीएको हो। यस कार्यक्रमबाट एच.आई.भी. उपचारको क्रममा औषधी सेवन गर्दा देखा पर्ने कमजोर शारीरिकपनलाई स्वस्थकर राख्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | एच.आई.भी. भएका व्यक्तिहरुलाई आवश्यक थप पोषणयुक्त खानेकुरा व्यवस्थापन गर्ने। |
| अपेक्षित प्रतिफल | एच.आई.भी. उपचार सेवा नियमित भइ स्वास्थ्य अवस्थामा सुधार भएको हुनेछ। |
| संचालन प्रकृया | पोषणयुक्त खानेकुरा वितरण तथा व्यवस्थापनः<br>• प्रदेश अन्तर्गतका एच.आई.भी. भएकाहरु विभिन्न ए.आर.टि. साइटमा उपचाररत ए.आर.भी. लिने सेवाग्राहीहरुको विवरण तयार गर्ने,<br>• उपचाररत सेवाग्राहीहरुको संख्याका आधारमा पोषणयुक्त खानेकुराहरुको आवश्यक परिमाण एकिन गर्ने,<br>• राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम तर्फ अति आवश्यक पर्ने पोषणयूक्त खानेकुरा खरिद गरी सहजै उक्त पोषणयूक्त खानेकुराहरु उपलब्ध हुने गरी कर्णाली प्रदेशमा रहेका नवकिरण प्लस लगायतका सरोकारवाला संस्थाहरुसँग समन्वय गरी सबै ए.आर.टि. साइट तथा सेवामा दोहोरोपन नपर्ने गरी सामुदायिक हेरचाह केन्द्रमा आवश्यक वितरण व्यवस्थापन गर्ने।<br>• कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | प्रचलित आर्थिक ऐन, नियमानुसार गर्ने, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३/सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) |
| अनुगमन | • नयाँ पत्ता लागेका एच.आई.भी. सेवाग्राही संख्या, |

| | |
|---|---|
| सूचक | • ए.आर.टि. उपचारमा आएका सेवाग्राही संख्या,<br>• पोषणयूक्त खानेकुरा खरिद बील भर्पाइ कागजातहरु,<br>उपस्थिति विवरण, दाखिला, हस्तान्तरण फाराम आदि। |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.३३ कृयाकलापको नामः **ए आइ विधिबाट सक्रिय रुपमा क्षयरोग स्क्रिनीङ्ग कार्यक्रम**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.2039 | २२५२२ | ९०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | सन् २०३५ सम्ममा नेपाल सरकारले क्षयरोग निवारण गर्ने लक्ष्य लिएको छ। सोहि सन्दर्भमा समुदायमा रहेका सम्भावित क्षयरोगका बिरामीहरुको समयमै निदान गरी रोग संक्रमण हुन नदिने, मृत्यु हुन बाट बचाउने र छुटेका क्षयरोग बिरामीहरुको केश नोटिफिकेशन बढाउन CXR-AI प्रविधिबाट स्वास्थ्य पहुँच कम भएका क्षेत्रहरूमा छिटो र सही स्क्रिनिङ्ग गर्नका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | CXR-AI प्रविधिबाट क्षयरोगको छिटो एवं सहि निदान गर्ने |
| अपेक्षित प्रतिफल | CXR-AI प्रविधिबाट स्वचालित स्क्रिनिङ्ग भै समयमानै क्षयरोगको निदान भै उपचार केन्द्रमा प्रेषण हुनेछन्। |
| संचालन प्रकृया | • प्राथमिकताको आधारमा लक्षित समूह र सम्भावित लाभग्राही संख्या एकीन गर्ने<br>• स्किनीङ्ग कार्यक्रम सञ्चालनका लागि जन/स्वास्थ्य सेवा कार्यालय तथा सम्बन्धित स्थानीय तहका स्वास्थ्य संस्थाहरु, समुदाय प्रतिनिधिहरू एवं स्वास्थ्य स्वंसेविकाहरुसँग समन्वय बैठक गरी समन्वय मार्फत स्थान, जनशक्ति, प्रचार-प्रसार र आवश्यक अनुमतिहरू सुनिश्चित गर्ने ।<br>• जोखिम समूहलाई सहज हुने गरी विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक भवन वा बस्तीमै क्याम्प स्थल निर्धारण गर्ने र स्थान अनुगमन गरी पूर्वतयारी तथा भीड व्यवस्थापन दृष्टिले मिति निर्धारण गर्ने<br>• Portable Digital Chest X-ray को उपलब्धता, ढुवानी, Installation, र सञ्चालनका लागि प्राविधिक व्यवस्थापन सुनिश्चित गर्ने ।<br>• क्षयरोग पुष्टि भएका व्यक्तिहरूलाई स्वास्थ्य शिक्षा प्रदान गरी उपचार सुरु गर्नका लागि नजिकको स्वास्थ्य संस्था वा DOTS सेन्टरमा प्रेषण गरी उपचारमा गएको नगएको सुनिश्चित |

| | |
|---|---|
| | गर्ने ।<br>• उपचार सुरु गरेका बिरामीहरूको सम्पूर्ण विवरण स्वास्थ्य संस्थाको सम्बन्धित HMIS tools मा र NTPMIS मा अद्यावधिक गरी मासिक प्रतिवेदन गर्ने ।<br>• कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | स्क्रिनिङ्ग कार्यक्रममा सहभागी कर्मचारिहरुको दै.भ्र.भ., भत्ता लगायत आवश्यक व्यवस्थापकीय खर्च |
| सन्दर्भ सामग्री | NATIONAL GUIDE FOR USE OF DIGITAL X-RAY WITH AI IN CAMP SETTINGS, September 2024, सार्वजनिक खरिद ऐन २०६३/ सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित), स्विकृत संघिय कार्यक्रम २०८२/८३ |
| अनुगमन सूचक | स्क्रनिङ्ग संख्या, कर्मचारिको हाजिरी, ए.आई. पोजिटिभ केस दर, फल्स पोजिटिभ/ नेगेटिभ दर |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.३४ कृयाकलापको नामः **प्रदेश अस्पताल सुर्खेतबाट औषधी प्रतिरोधी क्षयरोग बिरामीहरुको उपचार व्यवस्थापन**

| कियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.2035 | २२५२२ | 600 | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश अन्तर्गत औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूका लागि आवासीय सुविधा उपलब्ध नभएको र कर्णाली प्रदेश अन्तर्गतका औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरू जटिलता व्यवस्थापन तथा औषधी प्रारम्भको लागि Baseline Investigation को लागि खर्चको भार बिरामीलाई पर्न नदिनका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | औषधी प्रतिरोधि क्षयरोगका बिरामीहरुको समयमै निदान, जटिलता व्यवस्थापन तथा यातायात खर्चको भार कम हुने र उपचारमा नियमितता भई निको हुने दर बढ्ने। |
| अपेक्षित प्रतिफल | • कर्णाली प्रदेशका औषाधी प्रतिरोधी क्षयरोगका बिरामीलाई रोग निदान तथा उपचारको आर्थिक भार कम भएको हुनेछ ।<br>• औषधी प्रतिरोधी क्षयरोग निको हुने दर बृद्धि भएको हुनेछ । |
| संचालन प्रकृया | • औषाधी प्रतिरोधी क्षयरोगका बिरामीहरूको उपचार सेवालाई सहज र गुणस्तरीय रुपमा प्रवाह गर्न प्रदेश अस्पतालमा बिरामिहरुको बसोबासका लागि डि.आर टि.बि. होस्टेल स्थापनार्थ आवश्यक |

| | |
|---|---|
| | फर्निचर तथा फिक्चर्स खरिद गर्न सकिनेछ।<br>• होस्टेल सञ्चालनका लागि आवश्यक व्यवस्थापकीय अन्य खर्च समेत गर्न सकिनेछ।<br>• कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | फर्निचर फिक्चर्स एवं अन्य आवश्यक व्यवस्थापकीय खर्चका लागि आवश्यक बजेट बाँडफाँट गरी सम्बन्धित कार्यालय प्रमुखसँग स्वीकृत गराई खर्च गर्न सकिनेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका निर्देशिका, २०७५, सार्वजनिक खरिद २०६३ तथा नियमावली २०६४ (संशोधित) एवं प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। |
| अनुगमन सूचक | खरिद प्रकृया, दररेट, दाखिला विवरण, प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.३५ कृयाकलापको नामः **एच आई भी टेष्ट किट व्यवस्थापन**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.1748 | २२५२२ | 500 | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा HIV को निगरानी तथा परीक्षणमा सहजता ल्याउनका लागि HIV टेष्ट किट खरिद तथा व्यवस्थापन गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | HIV संक्रमण रोकथाम तथा पहचान गर्न छिटो छरितो जाँचको लागि उक्त किटको उपलब्धता सुनिश्चित गर्न । |
| अपेक्षित प्रतिफल | समयमा नै HIV टेष्टकिट खरिद भै सेवा प्रवाह गुणस्तरिय र निरन्तर हुने । |
| संचालन प्रकृया | • आवश्यक टेस्ट किटको बार्षिक परिमाण प्रक्षेपण गर्ने।<br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी सम्बन्धित स्टोरहरुमा राख्ने ।<br>• गुणस्तरको सुनिश्चितता गरेर मात्र टेस्ट किटहरु खरिद गर्ने ।<br>• खरिद गरीएका टेस्ट किटहरु आवश्यक ठाउँमा उपलब्ध गराउने । |
| बजेट | • स्वीकृत कार्ययोजना अनुसार बिनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता |

| | |
|---|---|
| बाँडफाँट | अनुसार बजेट बाँडफाँट गर्ने।<br>• स्वीकृत बजेटबाट टेस्ट किट खरिदका लागि बाँडफाँट गरी सम्बन्धित प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानुन र स्वीकृत खर्च सम्बन्धी मापदण्ड, राष्ट्रिय एच.आई.भी. परीक्षण तथा उपचार निर्देशिका २०२२, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | खरिद प्रकृया, दररेट, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण, वितरण प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.३६ कृयाकलापको नाम: **सक्रिय विधिबाट कुष्ठरोग खोजपडताल कार्यक्रम**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.60 | २२५२२ | 400 | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा बसोबास गर्ने समुदायमा पहिचान हुन छुटेका सम्भावित कुष्ठरोगका बिरामीहरुको सक्रीय विधिबाट खोजपड्ताल गरी रोगको संक्रमण दरमा कमी ल्याउनका साथै अपाङ्गता हुनबाट बचाउनका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | सक्रीय विधि बाट कुष्ठरोग बिरामी पत्ता लगाइ उपचारको दायरामा ल्याउने |
| अपेक्षित प्रतिफल | समुदायमा पहिचान हुनबाट छुटेका बिरामीहरु समयमै पत्ता लागी उपचार भएको हुनेछ। |
| संचालन प्रकृया | • जन/स्वास्थ्य सेवा कार्यालय तथा स्थानीय तहसंग समन्वय गरी कुष्ठरोग आधारभूत तालिम प्राप्त स्वास्थ्यकर्मी परिचालन गरी स्क्रिनिङ क्याम्प संचालन गर्ने।<br>• महिला स्वास्थ्य स्वयंसेविकाहरु परिचालन गर्ने ।<br>• साथै कर्णाली प्रदेशमा कुष्ठरोग कार्यक्रम क्षेत्रमा कार्यरत सहयोगी संस्थासंगको समन्वयमा कुष्ठरोग खोज पड्ताल कार्यक्रम संचालन गर्ने।<br>• कार्यक्रम संचालन गर्ने व्यक्ति: फोकल पर्सन |
| बजेट बाँडफाँट | नियमानुसारको दै.भ्र.भ. र खोजपड्तालको सञ्चालनको तयारी एवं परिचालित हुने कर्मचारी तथा स्वयंसेविकाहरुलाई यातायात खर्च, भत्ता, खाजा आदिमा बाँडफाँट गर्ने |

| | |
|---|---|
| सन्दर्भ सामग्री | कुष्ठरोग नियन्त्रण कार्यक्रमको साविकका निर्देशिकाका, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम प्रतिवेदन, उपस्थिति |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.३७ कृयाकलापको नामः **डी आर सेन्टर सव सेन्टर नयाँ विस्तार एवं संचालनमा भएकालाई आवश्यक सुदृढिकरण, औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरुका लागि पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्चका लागि अपुग रकम, एन्सिलरि औषधि खरिद**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.538 | २२५२२ | 300 | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | औषधी प्रतिरोधी क्षयरोग बिरामीको उपचार व्यवस्थापनमा बाधा नहोस भन्ने उद्देश्यले यो कार्यक्रम व्यवस्था गरीएको हो । यस कार्यक्रमबाट क्षयरोगका उपचारका लागि नयाँ विस्तार वा संचालनमा रहेका डी आर सेन्टरहरु, सब सेन्टरहरुको सुदृढीकरण एवं डी आर टिबीका बिरामीहरुको पोषण यातायात, आधारभूत परीक्षण तथा उपचारका लागि आवश्यक औषधीहरुको व्यवस्थापन गरी उपचारका क्रममा देखा पर्ने प्रतिकूल असरहरूलाई व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | • नयाँ विस्तार/चालु डी आर सेन्टरहरूको सुदृढीकरण गर्ने।<br>• DR-TB बिरामीहरूलाई पोषण, यातायाल र परीक्षणमा सहायता उपलब्ध गराउने।<br>• औषधी प्रतिरोधी क्षयरोग उपचार व्यवस्थापन गर्न आवश्यक थप औषधीहरूको व्यवस्थापन गरी उपचारमा आई परेका समस्याहरू समाधान गर्ने |
| अपेक्षित प्रतिफल | • डी आर टिबी सेन्टरहरुको सुदृढीकरण भई सेवा प्राव निरन्तर हुने।<br>• औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूका लागि पोषण, यातायाल तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन भएको हुने।<br>• औषधी प्रतिरोधी क्षयरोग उपचार सेवा निरन्तर सञ्चालन भएको हुनेछ । |
| संचालन प्रकृया | • यस शिर्षकमा विनियोजन भएको रकमलाई तपसिल बमोजिमका कृयाकलापहरुमा खर्च गर्न सकिनेछ।<br>• नयाँ विस्तार भएका एवं संचालनमा रहेका डी आर सेन्टर सव सेन्टरहरुको आवश्यकता अनुसार सुदृढीकरण, |

| | |
|---|---|
| | • औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरुका लागि पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्च का लागि अपुग रकम,<br>• अनुसूचि-१ बमोजिम एन्सिलरि औषधि खरिद<br>• कार्यक्रम संचालन गर्ने व्यक्ति: फोकल पर्सन |
| बजेट बाँडफाँट | माग र आवश्यकताका आधारमा कार्यालय प्रमुखबाट कार्ययोजना स्वीकृत गराई खर्च गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड। |
| अनुगमन सूचक | सेवा पाएको बिरामीको संख्या, पोषण वितरण गरेको संख्या, खरिद प्रकृया, दर रेट, औषधीको विवरण, दाखिला विवरण तथा वितरण प्रतिवेदन |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

२.३८ क्रियाकलापको नाम:.पोषण पुनर्स्थापना केन्द्रमा भर्ना भएका बच्चाहरुको यातायात खर्च

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७३७ | २२५२२ | ३५० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | शीघ्र कुपोषणको संख्या कर्णाली प्रदेशमा अझै पनि उच्च नै रही आएको छ। आर्थिक अवस्थाको कारणले पोषण पुनर्स्थापना केन्द्रमा भर्ना भइ उपचार लिन आउने बालबालिकाहरुको पहुँचमा बृद्धि गर्नका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | शीघ्र कुपोषण भएका बालबालिकाहरुको उपचार गर्नु। |
| अपेक्षित प्रतिफल | सबै शीघ्र कुपोषण भएका बालबालिकाहरु उपचार पाएका हुनेछन् । |
| संचालन प्रकृया | • सम्बन्धित पोषण पुनर्स्थापना केन्द्रमा उपचार गरीएका अति गरीब सीमान्तकृत समुदायहरुका बालबालिकाहरुलाई उपचार तथा स्वास्थ्य संस्थासम्म आँउदा जाँदाको यातायात खर्च सोही केन्द्रबाट व्यवस्थापन गरी सो रकम माग भई आएमा सोधभर्ना गर्न सकिनेछ,<br>• पोषण पुनर्स्थापना केन्द्रमा भर्ना भई उपचार गरेको प्रमाणित कागजात,<br>• पोषण पुनर्स्थापना केन्द्रबाट रकम भुक्तानी गरी निर्देशनालयबाट सोधभर्ना लिन सकिनेछ, |

| | |
|---|---|
| | • यो सुविधा वर्षमा एक बिरामीको लागि एकपटक मात्र दिन सकिनेछ. <br> • यातायात खर्च सार्वजनिक यातायात दररेट अनुसार प्रदान गर्नु पर्नेछ र बढीमा रु ५००० (पाँच हजार मात्र) प्रति व्यक्तिलाई दिन सकिनेछ । <br> • कार्यक्रम संचालन गर्ने व्यक्ति: फोकल पर्सन |
| बजेट बाँडफाँट | उपचार खर्च, सोधभर्ना रकम |
| सन्दर्भ सामग्री | कार्यक्रम सञ्चालन निर्देशिका |
| अनुगमन सूचक | बिरामी भर्ना रजिष्टर, यातायात खर्च बुझेको भर्पाई, प्रेषण गरीएको पुर्जा |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख |

## २.३९ RH/MNH/ OCMC/ SAFE ABORTION/MPDSR कार्यक्रमको समिक्षा

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७३९ | २२५२२ | ५०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा प्रजनन् स्वास्थ्य सम्बन्धीका सूचकहरुको गुणस्तर अझै पनि सन्तोषजनक नभएकोले प्रजनन् स्वास्थ्य, सुरक्षित गर्भपतन, मातृ तथा नवशिशु स्वास्थ्य, एकद्वार संकट व्यवस्थापन कार्यक्रमहरुको एकीकृत समिक्षा गरी प्रभावकारी र गुणस्तरीय सेवा प्रदान गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रदेशस्तरीय प्रजनन् स्वास्थ्य, सुरक्षित गर्भपतन, मातृ तथा नवशिशु स्वास्थ्य, एकद्वार संकट व्यवस्थापन, आदि कार्यक्रमहरुको एकीकृत समिक्षा गर्ने। |
| अपेक्षित प्रतिफल | प्रजनन स्वास्थ्य सम्बन्धी सूचकहरुको अवस्थामा सुधार भएको हुनेछ। |
| संचालन प्रकृया | • प्रदेश अन्तर्गत स्वास्थ्य कार्यालय तथा अस्पतालबाट सम्बन्धित कर्मचारीहरुको सहभागितामा आर्थिक वर्षमा संचालन भएका माथि उल्लेखित कार्यकमको सुदृढिकरणका लागि समिक्षा गरी कार्ययोजना निर्माण गर्ने, कार्यक्रम संचालनमा भएका अवसर तथा चुनौतीहरु बारे छलफल गर्ने ।कार्यक्रम संचालन पश्चात प्रतिवेदन स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक |

| | |
|---|---|
| | विकास मन्त्रालयमा पेश गर्नु पर्नेछ ।<br>• कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता, यातायात, स्टेशनरी, शैक्षिक सामग्री, हल तथा जेनेरेटर भाडा, ब्यानर, श्रोत व्यक्ति तथा सहजकर्ताको पारिश्रमिक आदिको लागि खर्चको विवरण अग्रीम योजना बनाई स्वीकृत गराई खर्च गर्ने व्यवस्था गर्नुपर्दछ। |
| सन्दर्भ सामग्री | सम्वन्धित निर्देशिका, भ्रमण खर्च नियमावली |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, कार्ययोजना |
| जिम्मेवार व्यक्ति | सम्वन्धित शाखा प्रमुख |

## २.४० SAS LISTING सम्वन्धि अभिमुखीकरण कार्यक्रम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७५१ | २२५२२ | ४०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | मातृ मृत्युका प्रमुख कारणहरु मध्ये असुरक्षित गर्भपतन/गर्भपतनको जटिलताबाट हुने पनि एक प्रमुख कारण रहेको छ। मातृ मृत्युलाई कम गर्नका लागि सुरक्षित गर्भपतन सेवा सूचीकृत स्वास्थ्य संस्थाबाट सूचीकृत स्वास्थ्यकर्मीद्वारा सेवा प्रदान गर्नुपर्ने हुन्छ। तसर्थ स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी सूचीकृत गर्नका लागि आवश्यक अभिमुखिकरण गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | सुरक्षित गर्भपतन सेवा प्रदान गर्नका लागि मापदण्ड पुगेका स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी सूचीकृत गर्नु। |
| अपेक्षित प्रतिफल | सूचीकृत स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीबाट गुणस्तरीय तथा सुरक्षित गर्भपतन सेवा प्रवाह भएको हुनेछ। |
| संचालन प्रकृया | • प्रदेश तथा स्थानीय तहका स्वास्थ्यकर्मीहरुलाई सुरक्षित गर्भपतन स्वास्थ्य संस्था तथा तालिम प्राप्त स्वास्थ्यकर्मी सूचीकृत गर्नेबारे अभिमुखिकरण गर्ने,<br>• लिस्टेड साइटलाई यो अभिमुखिकरण कार्यक्रम १ दिनको गर्ने,<br>• सम्बन्धित जिल्ला तथा स्थानीय तहमा गएर पनि यो कार्यक्रम सचालन गर्न सकिनेछ, |

| | |
|---|---|
| | • सूचीकृत स्वास्थ्य संस्थाको सुपरिवेक्षण तथा अनुगमन समेत गर्न सकिनेछ ।<br>• कार्यक्रम संचालन गर्ने व्यक्तिः फोकल पर्सन। |
| बजेट बाँडफाँट | आर्थिक ऐन नियमानुसार दैनिक भ्रमण भत्ता, यातायात, स्टेशनरी, शैक्षिक सामग्री, हल तथा जेनेरेटर भाडा, खाजा, ब्यानर, फोटोकपी, श्रोत व्यक्ति तथा सहजकर्ताको पारिश्रमिक आदिको लागि नियम बमोजिम खर्च |
| सन्दर्भ सामग्री | सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ तथा नियमावली २०७७ |
| अनुगमन सूचक. | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख। |

## २.४१ MNH REFERRAL & ICU MANAGEMENT को अन्डर प्रिभिलेज पपुलेसन

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७४० | २२५२२ | २०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | मातृमृत्यु सम्बन्धी प्रतिवेदन सन् २०२१ बमोजिम नेपालमा मातृ मृत्युदर प्रति लाख जिवित जन्ममा १५१ रहेको छ भने कर्णाली प्रदेशमा १७२ देखिन्छ । मातृमृत्यु मध्ये जम्मा ५७ प्रतिशत मातृ मृत्यु स्वास्थ्य संस्था मा नै हुने गर्दछन्। प्रसुती जटिलतालाई मध्यजर गर्दै प्रसुति सम्बन्धी जटिलताहरु भइ स्वास्थ्य संस्थाहरुबाट सो संस्थामा उपचार हुन नसकी प्रेषण केन्द्रमा पठाउनुपर्ने तथा सघन उपचार कक्षमा राखी उपचार गर्नुपर्ने अवस्थामा स्वास्थ्य संस्था तथा प्रेषण केन्द्रको सिफारिसमा बिपन्न, अल्पसंख्यक र अपाङ्गता भएका बिरामीहरुलाई प्रेषण तथा उपचार व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | कर्णाली प्रदेशमा हुने प्रसुति जटिलताहरुलाई प्रभावकारी व्यवस्थापन गरी मातृ मृत्युदरमा कमी ल्याउनु। |
| अपेक्षित प्रतिफल | मातृमृत्यु कम हुने समयमा जटिलताहरुको उचित व्यवस्थापन हुने। |
| संचालन प्रकृया | • प्रसुति जटिलता भई स्वास्थ्य संस्थामा उपचार हुन नसकी प्रेषण गरीएका बिपन्न, सिमान्तकृत, अल्पसंख्यक र अपाङ्गता भएका सम्पूर्ण बिरामीहरुलाई प्रेषण तथा निःशुल्क सेवा दिनुपर्नेछ.<br>• प्रसुति जटिलता भई भर्ना भएको बिरामीमा रकम अभाव भएको खण्डमा अस्पतालबाट आवश्यक |

| | |
|---|---|
| | कागजातहरु संकलन गरी माग भई आएको रकम सोधभर्ना गर्न सकिनेछ.<br>• प्रसुति जटिलता भई लामो समय सघन कक्षमा बस्ने बिरामीको लागि बिपन्न, सिमान्तकृत, अल्पसंख्यक र अपाङ्गता भएका बिरामीहरुलाई प्राथमिकतामा राखि उपचार गर्नुपर्ने भएमा यस शीर्षकबाट उपचारको खर्चको बिलको आधारमा अधिकतम रु २५,०००/-सम्म सम्बन्धित अस्पताललाई सोधभर्ना गर्न सकिनेछ,<br>• आमा सुरक्षा बाट सोधभर्ना भएको रकमबाट पनि जटिलता व्यवस्थापन खर्च गर्न सकिनेछ.<br>आवश्यक कागजपत्रहरु<br>• प्रदेश अस्पताल सुर्खेतमा भर्ना तथा उपचारको कागजपत्र<br>• प्रसुति सम्बन्धी जटिलताको उपचारका क्रममा मृत्यु समेत हुन गएमा शव वाहन व्यवस्थापन समेत उपचार केन्द्रबाट गरी सो को बिल भर्पाईको आधारमा रकम सोधभर्ना गर्न सकिनेछ ।<br>• कार्यक्रम सञ्चालन गर्ने व्यक्तिः फोकल पर्सन। |
| बजेट बाँडफाँट | अस्पतालमा हुने उपचार तथा शबबहान खर्च कार्यक्रम निर्देशिका बमोजिम |
| सन्दर्भ सामग्री | आमा सुरक्षा निर्देशिका २०७८, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | उपचार खर्चको सोधभर्ना गरीएको प्रतिबेदन |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख। |

## २.४२ प्रदेश स्तरीय मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रम समितिको बैठक

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१९ | २२५२२ | १०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | मातृमृत्यु घटाउन प्रसुती जटिलताहरुलाई प्रभावकारी रुपमा समयमै व्यवस्थापन गर्नु पर्ने देखिन्छ। मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य सम्बन्धी स्वास्थ्य सेवा निर्देशनालयका निर्देशकको अध्यक्षतामा समिति गठन गरीने छ। सो समितिको बैठक बसी स्वास्थ्य संस्थामा हुने मातृ मृत्युका संभाविल सुधार गर्न सकिने कारणहरु पत्ता लगाई आवश्यक योजना बनाउनका लागि यो कार्यक्रम राखिएको हो । |

| | |
|---|---|
| उद्देश्य | मातृ तथा पेरिनेटल मृत्युका कारणहरु पत्ता लगाइ सुधार गर्न सकिने योजनाहरु बनाउने। |
| अपेक्षित प्रतिफल | नियमित बैठक बसी प्रभावकारी कार्ययोजना निर्माण गरी सोही अनुसार हुने । |
| संचालन प्रकृया | • मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रम मार्गदर्शन २०७८ अनुसार प्रदेशस्तरमा गठन भएको MPDSR समितिलाई सक्रिय रुपमा परिचालन गर्ने।<br>• त्रैमासिक रुपमा MPDSR समितिको बैठक नियमानुसार संचालन गर्नुपर्नेछ।<br>• बैठक संचालन गर्दा यस समितिका सदस्यहरुको साथै आमन्त्रित सदस्यहरुको छलफल गर्नुपर्ने विषयहरु संकलन गरी सो अनुसार बैठक संचालन गर्नुपर्नेछ।<br>• बैठक संचालन बापतको खर्च नियमानुसार गर्ने ।<br>• कार्यक्रम सञ्चालन गर्ने व्यक्ति: फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम |
| सन्दर्भ सामग्री | मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रम मार्गदर्शन २०७८ |
| अनुगमन सूचक | बैठकको माइन्युट, बिल भर्पाइ |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख। |

२.४३ क्रियाकलापको नाम: मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रम (MPDSR) को अभिमुखिकरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१७६ | २२५२२ | ५०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | मातृ मृत्यु सम्बन्धी प्रतिवेदन सन् २०२१ बमोजिम नेपालमा मातृ मृत्यु दर प्रति लाख जिवित जन्ममा १५१ रहेको छ भने कर्णाली प्रदेशमा १७२ देखिन्छ । मातृ मृत्यु मध्ये जम्मा ५७ प्रतिशत मातृ मृत्यु स्वास्थ्य संस्था मा नै हुने गर्दछन्। आमाको स्वास्थ्य स्थिति सुधार गर्न र मातृ मृत्यु घटाउन प्रसुती जटीलताहरुलाई प्रभावकारी रुपमा समयमै व्यवस्थापन गर्नु पर्ने देखिन्छ । अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक नर्सिङ स्टाफहरुलाई मातृ तथा पेरिनेटल मृत्यु निगरानी |

| | |
|---|---|
| | तथा प्रतिकार्य सम्बन्धी अभिमुखिकरणको लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | चिकित्सक तथा नर्सिङ्ग स्टाफहरुलाई मातृ मृत्यु हुनुका कारण पहिचान गर्न सक्षम बनाउनु र MPDSR कार्यक्रमलाई प्रभावकारी रुपले निरन्तरता दिनु तथा तथ्याङ्क प्रविष्ट गर्न सक्ने। |
| अपेक्षित प्रतिफल | चिकित्सक तथा नर्सिङ्ग स्टाफहरुले समयमै मातृ मृत्युको कारण पहिचान गरी आगामी दिनमा त्यस्तै प्रकृतिको अरु मृत्यु हुन नदिन गुणस्तर सुधारका कार्य संचालन भएको हुनेछ तथा सबै मातृ मृत्यु तथा पेरिनेटल मृत्यु अनलाइन इन्ट्री गरेका हुनेछन् । |
| संचालन प्रकृया | • MPDSR कार्यक्रम संचालन गरीरहेका अस्पताल तथा स्वास्थ्य संस्थाबाट Obstetrician, Pediatrician, Medical Officer, Nursing-In charge (Labor ward/Pediatric ward), Medical Recorder), MPDSR फोकल पर्सन तथा तथ्याङ्क सहायक/अधिकृतलाई गरी ३ दिनको अभिमुखिकरण तथा Cause Assignment तालिम संचालन गर्नु पर्दछ।<br>• तालिम संचालनको लागि प्रशिक्षकको रुपमा आवश्यकता अनुसार प्रदेशको सामाजिक विकास मन्त्रालयका स्वास्थ्य महाशाखा, प्रदेश अस्पताल, आवश्यकताको आधारमा प्रशिक्षक बोलाउन सकिनेछ।<br>• कार्यक्रम सञ्चालन गर्ने व्यक्तिः फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ |
| सन्दर्भ सामग्री | सम्बन्धित तालिम पुस्तिका तथा निर्देशिका । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन,उपस्थिति । |
| जिम्मेवारी व्यक्ति | सम्बन्धित शाखा प्रमुख। |

२.४४ क्रियाकलापको नाम: MNH क्लिनिकल अनसाइट कोचिङ/मेन्टरिङ

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक: | बजेट (हजारमा) | संचालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१७५ | २२५२२ | ३०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपालमा आमा तथा नवजातशिशुको मृत्युलाई उल्लेखनीय रुपमा घटाई गुणस्तरीय सेवा प्रदान गर्न दक्ष प्रसुतीकर्मीको भूमिका रहेको पाइन्छ। अस्पतालहरुमा प्रसुती सेवा प्रदायकहरुले निरन्तर रुपमा गुणस्तरीय प्रसुती सेवा प्रदान गर्न राम्ररी सीप अभ्यास गर्न नपाएका प्रसुति सेवा प्रदायक (SBA and |

| | |
|---|---|
| | non-SBA)हरुलाई उनीहरुको आफ्नै कार्यस्थलमा onsite Coaching/Mentoring द्वारा सामान्य प्रसुती सेवा तथा प्रसुती जटिलता व्यवस्थापन गर्न सक्ने क्षमता अभिवृदिको लागि यो कार्यक्रम लागू गरीएको छ। onsite Coaching/Mentoring प्रक्रिया संगै गुणस्तरीय मातृ तथा नवशिशु स्वास्थ्य सेवा प्रदान गर्न SBA onsite coaching/mentoring guideline अनुसार गुणस्तरीय प्रसुती सेवा उपलब्ध गराउन तयारी अवस्थामा रहनको लागि MNH Readiness Hospital Quality Improvement Process (HQIP/QIP) टूल को प्रयोग गरी ६/६ महिनामा self-assessment गर्नुका साथै संक्रमण रोकथाम तथा नियन्त्रण (IPC) सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी गुणस्तर सेवाको लागि कार्ययोजना बनाई कार्यन्वयन गर्नुपर्ने अपरिहार्य भएको छ। |
| उद्देश्य | जिल्ला अस्पताल तथा प्रसूति केन्द्रहरूमा गुणस्तरीय प्रसूति सेवा सुनिश्चित गर्न तथा जटिल अवस्थाहरूको प्रभावकारी व्यवस्थापन गर्नका लागि MNH Onsite Coaching/Mentoring विधिमार्फत डेलिभरी सेवा इकाईमा कार्यरत नर्सिङ्ग कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्नुका साथै, MNH Readiness HQIP Self-Assessment तथा संक्रमण रोकथाम तथा नियन्त्रण (IPC) सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी मातृ तथा नवजात स्वास्थ्य (MNH) सेवा प्रदायकहरूको विद्यमान ज्ञान, सीप र दृष्टिकोणमा सुधार ल्याई, मातृ तथा नवजात शिशु सेवाको गुणस्तर सुधार गर्दै मृत्युदरमा कमी ल्याउन योगदान पुऱ्याउने अपेक्षा गरीएको छ। |
| अपेक्षित प्रतिफल | MNH Clinical Coach/Mentor द्वारा प्रसूति सेवा प्रदायकहरू (SBA तथा non-SBA) लाई आफ्नै कार्यस्थलमा Onsite Coaching/Mentoring प्रदान गरिँदा उनीहरूको ज्ञान र सीपमा अभिवृद्धि भई, सामान्य प्रसूति सेवा तथा जटिलता व्यवस्थापन गर्ने क्षमता विकास हुनेछ साथै, MNH Readiness HQIP/QIP Self-Assessment तथा संक्रमण रोकथाम तथा नियन्त्रण (IPC) सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी गुणस्तरीय प्रसूति सेवा उपलब्ध गराउन स्वास्थ्य संस्था तयारी अवस्थामा रहनेछ। |
| संचालन प्रकृया | • निर्देशनालयले जिल्लामा भएको अस्पताल सँग समन्वय गर्नुपर्नेछ ।<br>• यस कार्यक्रम संचालनका लागि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र तथा मानव संसाधन विकास केन्द्र (HRDC) ले तयार गरेका जिल्लामा भएका Clinical coach/Mentor लाई परिचालन गरी संचालन गर्ने।<br>• मेन्टरहरूले स्वास्थ्यकर्मीलाई कार्यस्थलमै Coaching/Mentoring गर्ने।<br>• Mentoring गर्ने साइट अस्पताल वा प्रसूति केन्द्र हुनुपर्नेछ, जसबाट धेरै भन्दा धेरै लक्षित सेवाग्राही लाभान्वित हुनुपर्नेछ।<br>• अस्पतालहरूमा सेवा प्रदान गर्ने नर्सिङ्ग स्टाफलाई ३ दिने MNH Coaching/Mentoring तालिम सञ्चालन गर्नुपर्नेछ, जसअन्तर्गत २ दिन क्लिनिकल मेंटरिङ्ग, १ दिन HQIP र संक्रमण रोकथाम तथा नियन्त्रण (IPC) सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>• Mentoring (HQIP/IPC) कार्यक्रम संचालन पश्चात अस्पताल व्यवस्थापन समिति र अस्पतालका |

| | |
|---|---|
| | सम्पूर्ण स्टाफहरू सहभागिता भएर अस्पताल भित्र रहेका चुनौतीहरूबारे बैठक बसी छलफल गर्ने, सुधार योजना बनाउने र त्यसअनुसार स्कोर फ्लेक्स भर्नुपर्नेछ।<br>• कार्यक्रम समाप्त भएपछि कोचिङ/मेन्टोरिङको प्रगति रिपोर्ट तयार गरी प्रतिवेदन ODK एप्समार्फत पेश गर्नुपर्नेछ।<br>• कार्यक्रम सञ्चालन गर्ने व्यक्तिः फोकल पर्सन। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ |
| सन्दर्भ सामग्री | SBA Clinical Coaching Guideline for Clinical Mentor नामको निर्देशिका, SBA Coaching and Mentoring Tool for MNH Service Providers (SBA and non-SBA) नामको टुल, र बर्थिङ सेन्टरमा मातृ तथा नवजात स्वास्थ्य सेवाको लागि गुणस्तर सुधार फारम (MNH Service Readiness Toolkit) प्रयोग गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ छ। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति, ODK प्रतिवेदन. |
| जिम्मेवारी व्यक्ति | सम्बन्धित शाखा प्रमुख। |

२.४५ क्रियाकलापको नामः स्वास्थ्य तथ्याङ्क व्यवस्थापन र सुदृढीकरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८०३ | २२५२२ | ३५० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्यका तथ्यांकमा भएका अनावश्यक त्रुटीहरूलाई हटाइ प्रयोग योग्य बनाउन र आगामी दिनमा त्रुटिहरू दोहोरिन नदिन, तथ्यांक व्यवस्थापन समितिको मासिक बैठकलाई व्यवस्थित रूपमा संचालन गर्नका र तथ्यांक सुधार एवं जिल्ला, स्थानिय तह र अस्पताल /स्वास्थ्य संस्था सम्म समन्वय/सहकार्यका लागि आवश्यक आधारभुत व्यवस्थापन कार्यका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | नियमित रुपमा बैठक बसी तथ्यांकमा सुधार गर्ने । |
| अपेक्षित प्रतिफल | नियमित रूपमा तथ्यांकमा सुधार भएको हुनेछ । |
| संचालन | • तथ्यांक व्यवस्थापन समितिको मासिक बैठक संचालन गर्ने |

| | |
|---|---|
| प्रकृया | • बैठकका लागि आवश्यक सामग्रीहरु जस्तै: पेचुलमाइक(स्टन्ड माइक), स्पीकर, इन्टरनेट, ल्यापटप, मोबाइल फोन आदि खरिद गर्न सकिने छ ।<br>• बैठकका सहभागीलाई खाजा तथा यातायात खर्च गर्न सकिने छ।<br>• कार्यक्रम सञ्चालन गर्ने व्यक्ति: फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन,अनुगमन प्रतिवेदन आदि |
| जिम्मेवार व्यक्ति | सम्बन्धित शाखा प्रमुख। |

## ग. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र अन्तर्गतका क्रियाकलापहरु

### ७.१.कार्यक्रमको नाम: शीघ्रकुपोषण उपचारका लागि UNICEF को मान्यता प्राप्त पोषिलो पिठो [Super cereal Plus (WSB++)] खरिद

| कृयाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१९५ | २२५२२ | १०००० | प्रदेश स्वा.आ.व्य. केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा मध्यम शिघ्र कुपोषण भएका बालबालिकाहरुको पोषण अवस्था सुधारको लागि यस क्रियाकलापमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | बालबालिकाको शिघ्र कुपोषणको उपचार तथा व्यवस्थापन गर्ने |
| अपेक्षित प्रतिफल | शिघ्र कुपोषण भएका बालबालिकाहरुको पोषण अवस्थामा सुधार हुनेछ |
| सञ्चालन प्रकृया | • नयाँ पहिचान भएका मध्यम शिघ्र कुपोषित बालबालिकाहरुको तथ्यांक संकलन गर्ने ।<br>• माग वा आवश्यकताको आधारमा सूचि तयार गर्ने ।<br>• प्रक्षेपण गरिएको परिमाण, Specification तथा अन्य व्यवस्था प्रदेशस्तरीय पोषण प्राविधिक |

| | |
|---|---|
६.१ कृयाकलापको नामः– मातृ तथा बाल मृत्यु न्यूनीकरणका लागि दक्ष जनशक्ति उत्पादन तथा क्षमता अभिवृद्धि कार्यक्रम (SBA/Implant/IUCD/ASRH/MA/MPDSR/EOC/USG) लगायत व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.३८९ | २२५२२ | १००० | मानव संसाधन विकास केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश सरकार र स्थानीय तहबाट संचालन भइरहेका विभिन्न स्वास्थ्य सेवा सम्बन्धी विशेषगरी मातृशिशु स्वास्थ्य, किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्य र परिवार योजना सेवा संचालनका क्रममा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचलाई वृद्धि गर्न र मातृ तथा बाल मृत्यु न्यूनीकरण गर्नका लागि सेवासँग सम्बन्धित क्षमता विकासका तालिमहरु आवश्यक पर्ने भएकाले यो क्रियाकलाप राखिएको छ । |
| उद्देश्य | स्वास्थ्यकर्मीहरुको ज्ञान, सीप र क्षमता विकास गरी गुणस्तरीय स्वास्थ्य सेवा मार्फत मातृ तथा बाल मृत्यु न्यूनीकरण गर्ने । |
| अपेक्षित प्रतिफल | मातृशिशु स्वास्थ्य, किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्य र परिवार योजना सेवामा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच वृद्धि भई मातृ तथा बाल मृत्युदरमा कमी आउनेछ । |
| संचालन प्रकृया | • प्रदेश तथा स्थानीय तह अन्तर्गत रहेका स्वास्थ्य संस्थामा भएका तालिम प्राप्त जनशक्तिको विवरण संकलन गरी स्वास्थ्य सेवा निर्देशनालयसँगको समन्वयमा आवश्यक तालिमको निर्धारण र प्राथमिकीकरण गरी बजेट बाँडफाँट गर्नुपर्नेछ र सोही बमोजिम तालिमहरु संचालन गर्नुपर्नेछ ।<br>• सेवा प्रदायकहरुको ज्ञान तथा सीपमा अभिवृद्धि गर्न माथि उल्लेख गरिएका सेवाकालीन तालिम उपलब्ध गराउन सहभागी छनौट, प्रशिक्षकको व्यवस्था, प्रशिक्षण सामग्री, प्रशिक्षण स्थान तथा प्रशिक्षण अवधिका बारेमा स्वीकृत कार्यविधि बमोजिम गर्ने ।<br>• तालिमको मापदण्ड अनुरुप गुणस्तरीय तालिम प्रदान गर्ने ।<br>• गुणस्तर सुनिश्चित गर्न तालिम अवधि तथा तालिम पश्चात अनुगमन तथा सुपरिवेक्षण गर्ने।<br>• TIMS मा अभिलेख राखी सहभागीहरुलाई तालिम लिएको प्रमाणपत्र उपलब्ध गराउने । |

| | |
|---|---|
| | • तालिमको खर्च प्रदेश सरकारले व्यवस्था गरेको खर्च मापदण्ड अनुसार गराउने ।<br>• क्लिनिकल तालिम पश्चात तालिममा प्राप्त सीपलाई सेवा प्रदायकले उपयोग गरेको/नगरेको लेखाजोखा गर्ने ।<br>• यस क्रियाकलापबाट आवश्यक परेको खण्डमा तालिममा सीप सिकाइका लागि अत्यावश्यक सामग्रीहरु तथा तालिम संचालन गर्दा चाहिने Learning Resource Package (LRP) हरुको व्यवस्थापन समेत गर्न सकिनेछ ।<br>• प्रदेश भन्दा बाहिर तालिम/कार्यक्रम संचालन गर्न परेमा सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा महाशाखासँग समन्वय गर्नुपर्ने छ ।<br>• सञ्चालन गर्ने व्यक्ति: फोकल पर्सन |
| बजेट बाँडफाँट | आवश्यकता अनुसार विभिन्न तालिमको प्रकृतिको आधारमा बजेटको बाँडफाँट गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५, स्वास्थ्य तालिम व्यवस्थापन निर्देशिका २०७७, अनुगमन चेकलिस्ट |
| अनुगमन सूचक | तालिम कार्यक्रम सम्पन्न प्रतिवेदन, मासिक कार्ययोजना |
| जिम्मेवार व्यक्ति | शाखा प्रमुख मार्फत निर्देशकले तोके बमोजिम कार्यक्रम फोकल पर्सन |

६.२ कृयाकलापको नाम:- मेडिकोलिगल **(Medico-legal)** तालिम

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०८४ | २२५२२ | ६०० | मानव संसाधन विकास केन्द्र, | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | न्याय सम्पादन प्रक्रियामा आवश्यक स्वास्थ्य सम्बन्धी प्रमाणको लागि आवश्यक विभिन्न जाँच (शव परीक्षण, धाउ जाँच, लैङ्गिक हिंसा आदि) को वैज्ञानिक परीक्षण र प्रतिवेदनमा दक्षता हासिल गरी न्याय प्रक्रियालाई सहयोग गर्नको लागि कर्णाली प्रदेश भित्रका अस्पतालहरुमा कार्यरत चिकित्सकहरुलाई मेडिकोलिगल तालिमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | न्यायिक प्रक्रिया निरुपण गर्न आवश्यक स्वास्थ्यसँग सम्बन्धित चिकित्सकीय प्रमाणहरु उपलब्ध |

| | |
|---|---|
| | गराउनको लागि चिकित्सकहरुको दक्षता विकास गराउने |
| अपेक्षित प्रतिफल | कर्णाली प्रदेशका अस्पतालहरुमा कार्यरत चिकित्सकहरुलाई न्याय सम्पादन प्रक्रियामा आवश्यक चिकित्सकीय प्रमाणहरु उपलब्ध गराउने दक्षताको विकास भएको हुनेछ । |
| संचालन प्रकृया | **सहभागी छनौटको मापदण्डः** स्वास्थ्य सेवामा कार्यरत चिकित्सक (मेडिकल अधिकृत) यस तालिममा सहभागी हुनेछन् । सेवा सुचारू नभएका स्वास्थ्य संस्थाको सेवा विस्तार गर्ने तयारीमा रहेका स्वास्थ्य संस्थाका मेडिकल अधिकृतलाई सहभागी गराउनुपर्नेछ।<br><br>**प्रशिक्षकको मापदण्डः** मेडिकोलिगल तालिमको प्रशिक्षक प्रशिक्षण प्राप्त चिकित्सक तथा मेडिकोलिगल तालिमको विषयविज्ञ मध्ये क्लिनिकल स्किल तालिम प्राप्त गरेको र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको तालिम प्रशिक्षकमा सूचीकृत विज्ञ यो तालिमको प्रशिक्षक हुनेछ। यो तालिम राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रत्यायान भई सूचीकृत भएको तालिम साइटमा मात्र संचालन गर्नुपर्नेछ ।<br><br>**तालिम संचालन प्रक्रियाः** मानव संसाधन विकास केन्द्रले त्रैमासिक लक्ष्य तथा विनियोजित बजेटको परिधिमा रही खर्चको बाँडफाँट टिप्पणी निर्देशकबाट स्वीकृत गराई सरोकारवाला निकायहरुको सहभागितामा मापदण्ड अनुसारको सहभागी तथा प्रशिक्षकहरुको व्यवस्थापन गरी कार्यक्रम संचालन तथा सोको प्रतिवेदन गर्नुपर्नेछ र तालिम संचालन गर्दा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तोके अनुसार तालिम सामग्रीहरुको प्रयोग गर्नुपर्नेछ । TIMS मा अभिलेख राखी सहभागीहरुलाई तालिम लिएको प्रमाणपत्र उपलब्ध गराउने ।<br><br>प्रदेश भन्दा बाहिर तालिम/कार्यक्रम संचालन गर्न परेमा सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा महाशाखासँग समन्वय गर्नुपर्ने छ ।<br><br>कार्यक्रम सञ्चालन गर्ने व्यक्तिः फोकल पर्सन। |
| बजेट बाँडफाँट | कार्यक्रमको खर्च प्रक्रिया प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र खर्च मापदण्ड निर्देशिका एवं भ्रमण खर्च नियमावली अनुसार गर्नुपर्दछ । |
| सन्दर्भ सामग्री | स्वास्थ्य तालिम व्यवस्थापन निर्देशिका, २०७७ तथा सम्बन्धित तालिमको प्रशिक्षक सन्दर्भ सामग्री, सहभागी पुस्तिका, Standard Operating Procedure आदि। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, मासिक कार्ययोजना |
| जिम्मेवार व्यक्ति | शाखा प्रमुख मार्फत निर्देशकले तोके बमोजिम कार्यक्रम फोकल पर्सन |

६.३ कृयाकलापको नामः– लैङ्गिक हिंसामा स्वास्थ्य क्षेत्रको भूमिका (Health Response to GBV) सम्बन्धी तालिम

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०८५ | २२५२२ | ६०० | मानव संसाधन विकास केन्द्र* | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विभिन्न तहका स्वास्थ्य संस्थाहरुमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरुमा लैङ्गिक हिंसा प्रभावित व्यक्तिहरुलाई आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यदक्षता विकास गर्न एक महिना स्वअध्ययन सहित भौतिक उपस्थितिमा कक्षाकोठा केन्द्रित ४ दिन अवधिको यो तालिम राखिएको छ। |
| उद्देश्य | चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई लैङ्गिक हिंसा प्रभावित व्यक्तिहरुको व्यवस्थापन गर्दा परामर्श तथा स्वास्थ्य सेवा उपलब्ध गराउन सक्ने कार्यदक्षता विकास गराउने । |
| अपेक्षित प्रतिफल | लैङ्गिक हिंसा प्रभावितहरुलाई तत्काल सेवा उपलब्ध गराउने, पर्याप्त मनोसामाजिक परामर्श दिने, आवश्यकता अनुसार चिकित्साजन्य कानूनी प्रमाणको संकलन, परीक्षण र संरक्षण एवम् अनुगमन गर्न सक्ने स्वास्थ्यकर्मीहरु तयार भएका हुनेछन् । |
| संचालन प्रकृया | • सहभागी छनौट :<br>- अस्पतालहरुमा कार्यरत सेवा प्रदायक चिकित्सक तथा नर्सिङ स्टाफहरु यस तालिममा सहभागी हुनेछन् ।<br>- लैङ्गिक हिंसा प्रभावितहरुको पहिचान गरी र उपयुक्त ठाँउमा रेफर गर्नलाई स्थानीय तह अन्तरगतका स्वास्थ्य संस्थाहरुमा कार्यरत नर्सिङ कर्मचारी तथा अन्य स्वास्थ्यकर्मीहरु पनि सहभागी हुनेछन् ।<br>• **प्रशिक्षकको मापदण्ड:** Health Response to GBV को प्रशिक्षक प्रशिक्षण तालिम लिएका वा Clinical Training Skill (CTS) वा General Training Skill (GTS) तालिम लिएर लैङ्गिक हिंसा व्यवस्थापनमा स्वास्थ्यकर्मीहरुको भूमिका तालिम लिएका चिकित्सक तथा नर्सिङ कर्मचारीहरु प्रशिक्षक हुनेछन् ।<br>• प्रक्रिया : स्वास्थ्य तालिम केन्द्रले बिनियोजित बजेटको परिधि भित्र रही खर्चको बाँडफाँड, टिप्पणी निर्देशक वा प्रमुखबाट स्वीकृत गराई सरोकारवालहरुको सहभागितामा मापदण्ड अनुसारका सहभागी तथा प्रशिक्षकहरुको व्यवस्थापन गरी कार्यक्रम संचालन तथा नियमानुसार समयमा सम्पन्न गरी प्रतिवेदन गर्नु पर्नेछ । तालिम संचालन गर्दा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट अद्यावधिक गरिएको तालिम सामग्रीहरुको प्रयोग गर्नुपर्नेछ ।<br>• कार्यक्रम संचालन गर्दा तालिमलाई थप प्रभावकारी तथा व्यवस्थित गर्नका लागि लैङ्गिक हिंसाको क्षेत्रमा कार्यरत अन्य संघ संस्थाहरुसँग पनि समन्वय गरी गर्न सकिनेछ। |

| | |
|---|---|
| | • प्रदेश भन्दा बाहिर तालिम/कार्यक्रम सञ्चालन गर्न परेमा सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा महाशाखासँग समन्वय गर्नुपर्ने छ । <br> • कार्यक्रम सञ्चालन गर्ने जिम्मेवार व्यक्तिः फोकल पर्सन। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ र कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | लैङ्गिक हिंसामा स्वास्थ्य क्षेत्रको भूमिका तालिमका प्रशिक्षक सन्दर्भ सामग्री, सहभागी पुस्तिका, क्लिनिकल प्रोटोकल आदि। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, मासिक कार्ययोजना |
| जिम्मेवार व्यक्ति | शाखा प्रमुख मार्फत निर्देशकले तोके बमोजिम कार्यक्रम फोकल पर्सन । |

६.४ कृयाकलापको नामः– मानसिक स्वास्थ्य सम्बन्धी तालिम

| कियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१६७ | २२५२२ | ५०० | मानव संसाधन विकास केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | मानसिक स्वास्थ्यको प्रवर्द्धन, जोखिम कारकहरू तथा मानसिक स्वास्थ्य समस्याहरुको रोकथाम, नियन्त्रण, उपचार, परामर्श तथा प्रेषण गर्न समुदायस्तरमा कार्यरत स्वाथ्यकर्मीहरुको क्षमता विकास गर्ने उद्देश्यले मानसिक स्वास्थ्य सम्बन्धी तालिम संचालन गर्नुपर्दछ । तालिमको समग्र गुणस्तर सुनिश्चित गर्नका लागि प्रदेश स्थित मानव संसाधन विकास केन्द्र मार्फत यी तालिमहरु संचालन गर्न आवश्यक भएकोले यो तालिम राखिएको छ । |
| उद्देश्य | समुदायस्तरमा कार्यरत स्वास्थ्यकर्मीहरूको मानसिक स्वास्थ्य सम्बन्धी क्षमता अभिवृद्धि भई मानसिक स्वास्थ्यको प्रवर्द्धन, जोखिम कारकहरू तथा मानसिक स्वास्थ्य समस्याहरूको रोकथाम र नियन्त्रण, मानसिक समस्याबाट प्रभावित व्यक्तिहरूको उपचार, परामर्श, तथा आवश्यकताअनुसार प्रेषण गर्न सहयोग हुनेछ । |
| अपेक्षित प्रतिफल | समुदाय स्तरमा कार्यरत स्वास्थ्यकर्मीहरूको मानसिक स्वास्थ्य सम्बन्धी क्षमता अभिवृद्धि हुनेछ, जसले जोखिम कारकहरू तथा मानसिक समस्याहरुको पहिचान, रोकथाम र नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह गर्नेछ । |

| | |
|---|---|
| संचालन प्रकृया | • प्रदेश अन्तर्गतका जिल्ला स्थित स्वास्थ्य कार्यालयहरुसँग समन्वय गरी सम्बन्धित स्थानीय तहका स्वास्थ्यकर्मीहरुलाई समावेश गरी तालिम संचालन गर्नु पर्नेछ ।<br>• तालिम संचालन गर्न पूर्व तालिम सूचना व्यवस्थापन प्रणाली (Training Information Management System - TIMS) को अभिलेख अध्ययन गरी जिल्ला स्थित स्वास्थ्य कार्यालयहरुसँगको समन्वयमा यस अघि तालिम नलिएका स्वास्थ्यकर्मीहरुको सुची तयार गर्नु पर्नेछ ।<br>• mhGAP का विभिन्न मोड्युलहरु मध्येबाट आवश्यकता अनुसार मानसिक स्वास्थ्य सम्बन्धी तालिम संचालन गर्नु पर्नेछ ।<br>• तालिम सम्पन्न भए पश्चात सर्टिफिकेटको व्यवस्था मानव संसाधन विकास केन्द्रबाट गर्नु पर्नेछ र तालिम सम्बन्धी विवरण तालिम सूचना व्यवस्थापन प्रणाली (Training Information Management System) मा अनिवार्य दर्ता भएको हुनु पर्ने छ ।<br>• प्रदेश भन्दा बाहिर तालिम/कार्यक्रम संचालन गर्न परेमा सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा महाशाखासँग समन्वय गर्नुपर्ने छ ।<br>• कार्यक्रम सञ्चालन गर्ने व्यक्तिः फोकल पर्सन। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | स्वास्थ्य तालिम व्यवस्थापन निर्देशिका, २०७७ तथा सम्बन्धित तालिमको प्रशिक्षक सन्दर्भ सामग्री, सहभागी पुस्तिका आदि। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, मासिक कार्ययोजना |
| जिम्मेवार व्यक्ति | शाखा प्रमुख मार्फत निर्देशकले तोके बमोजिम कार्यक्रम फोकल पर्सन । |

६.५ कृयाकलापको नामः स्वास्थ्य तालिमहरुका लागि सहभागी पुस्तिका तथा सन्दर्भ सामाग्री छपाई

| कियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०८६ | २२५२२ | ३०० | मानव संसाधन विकास केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सम्बन्धी तालिमहरूलाई अझ गुणस्तरीय तथा प्रभावकारी बनाउने क्रममा सहभागी पुस्तिका तथा सन्दर्भ सामग्रीहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहन्छ । तसर्थ विभिन्न तालिम संचालन गर्नका लागि आवश्यक पर्ने सामग्रीहरुको छपाई तथा वितरण गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | वार्षिक स्वीकृत कार्यक्रम अनुसारका स्वास्थ्यका तालिमका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरु छपाई गर्ने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य तालिमका प्रशिक्षक तथा सहभागीहरूलाई आवश्यक पर्ने प्रशिक्षक निर्देशिका, सहभागी पुस्तिका तथा सन्दर्भ सामाग्री उपलब्ध हुनेछ। |
| संचालन प्रकृया | • स्वास्थ्य तालिमका लागि आवश्यक शैक्षिक सामग्रीको छनौट गर्ने ।<br>• छनौट भएका सामग्रीहरुको कार्यालय प्रमुखबाट स्वीकृत गराई छपाई तथा वितरण गर्ने ।<br>• छपाई भएका शैक्षिक सामग्रीको अभिलेख राखे ।<br>• प्रदेश भन्दा बाहिर तालिम/कार्यक्रम संचालन गर्न परेमा सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा महाशाखासँग समन्वय गर्नुपर्ने छ । |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका एवं भ्रमण खर्च नियमावली अनुसार गर्नुपर्दछ । |
| अनुगमन सूचक | प्रत्येक तालिममा सहभागी पुस्तिका तथा सन्दर्भ सामाग्रीको उपलब्धता, सामग्रीको गुणस्तर र यथासमय वितरण। |
| जिम्मेवार व्यक्ति | शाखा प्रमुख मार्फत निर्देशकले तोके बमोजिम कार्यक्रम फोकल पर्सन । |

प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

ङ. प्रदेश अस्पताल अन्तर्गतका क्रियाकलापहरु

३.१ कृयाकलापको नामः ज्येष्ठ नागरिकहरू तथा गरीब असहायलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान।

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४२९ | २२५२२ | २००० | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | ज्येष्ठ नागरिकलाई सम्मान गर्दै आर्थिक अभावका कारण कोही पनि मानिसहरु स्वास्थ्य सेवाबाट बन्चित नहुन भन्ने उद्देश्यले गरीब असहायलाई अस्पतालबाट प्रदान हुने स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउनका लागि यस शिर्षकमा बजेट बिनियोजन गरीएको छ। |
| उद्देश्य | ज्येष्ठ नागरिक तथा गरीब असहायलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने |
| अपेक्षित प्रतिफल | ज्येष्ठ नागरिक तथा गरीब असहायको स्वास्थ्य सेवामा पहुँच बृद्धि हुनेछ। |
| सचालन प्रकृया | • बजेटको परिधिमा रही तपसिल अनुसार बाँडफाँट गरी कार्यक्रम सञ्चालन गर्ने<br>• औषधि खरिदः अस्पतालमा सेवा लिन आउने ज्येष्ठ नागरिक तथा गरीब असहायको अनुमानित संख्या एकिन गरी निःशुल्क बितरणका लागि औषधि खरिद गर्ने।<br>• सेवा शुल्कः अस्पतालमा जाच गर्ने चिकित्सकको सिफारिसमा सामाजिक सेवा एकाईबाट तोकिएको फाराम भरी ज्येष्ठ नागरिकको आर्थिक अवस्था हेरी आंशिक तथा पूर्ण निःशुल्क गर्ने,<br>• गरीब असहायलाई निःशुल्क सेवा प्रदान गर्ने,<br>• निःशुल्क र छुट गरिएको सेवा शुल्क अस्पताल बिकास समितिमा सोधभर्ना गर्ने,<br>• नेपाल सरकारले ज्येष्ठ नागरिकहरुको निः शुल्क स्वास्थ्य बीमा गर्ने भएकोले स्वास्थ्य बिमा गराउन अभिप्रेरणा गर्ने र स्वास्थ्य बिमा भएकाहरुलाई यो सुविधा उपलब्ध हुनेछैन। तर स्वास्थ्य बीमाको रकम अपुग भएमा यसै बमोजिम निःशुल्क सेवा दिन बाधा पर्नेछैन।<br>• प्राइभेट वार्ड वा क्याबिनमा बसी उपचार गरेमा यो सुविधा उपलब्ध हुनेछैन । |
| बजेट बाँडफाँट | औषधि तथा औषधिजन्य सामग्री, सेवा शुल्क, आदि। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। प्रचलित ऐन कानुन। |
| अनुगमन सूचक | सेवा रजिष्टर, प्रतिबेदन। |

| | |
|---|---|
| जिम्मेवार व्यक्ति/शाखा | स्टोर/सामाजिक सेवा एकाई |

### ३.२ कृयाकलापको नाम: अस्पताल सुरक्षा कार्यक्रम

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.४८ | २२५२२ | ९७० | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा बिरामी, बिरामीका आफन्त, कर्मचारी लगायत अस्पतालको भौतिक सम्पतीको सुरक्षार्थ यस शिर्षकमा बजेट विनियोजन गरीएको छ। |
| उद्देश्य | अस्पतालमा चोरी, अनैतिक कार्य, अवैध बस्तुहरुको प्रयोगमा नियन्त्रण तथा जनधनको सुरक्षा गर्ने। |
| अपेक्षित प्रतिफल | अस्पतालमा भौतिक सम्पत्तिको निगरानी तथा शान्ति सुरक्षाको प्रत्याभूति हुनेछ। |
| सचालन प्रकृया | वार्षिक बजेटको परिधि भित्र रहि २४ घण्टा अस्पताल सुरक्षाको लागि सेवा करारमा वा व्यक्ति करारमा सुरक्षा गार्ड व्यवस्था गर्ने। |
| बजेट बाँडफाँट | श्रम नियमावली २०७५ बमोजिम स्विकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, श्रम नियमावली २०७५। |
| अनुगमन सूचक | हाजिर रजिष्टर, अनुगमन। |
| जिम्मेवार व्यक्ति/शाखा | प्रशासन प्रमुख |

### ३.३ कृयाकलापको नाम: अस्पतालमा विशेषज्ञ तथा विशेष सेवा व्यवस्थापन

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.४६ | २२५२२ | ९६५० | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालको स्वीकृत दरबन्दीमा विशेषज्ञ चिकित्सकहरु लगायत अन्य पदहरु पदपूर्ति नभइ विशेषज्ञ सेवा सञ्चालन हुन नसकेकोले र बिरामीको चाप बढी भएका अस्पतालहरुमा सेवा बिस्तार गरी तत्काल विशेषज्ञ सेवा सहज रुपमा प्रदान गर्नका लागि यस शिर्षकमा बजेट विनियोजन गरीएको छ। |
| उद्देश्य | विशेषज्ञ सेवाहरु बिस्तार भइ नियमित रुपमा सेवा सञ्चालन गर्ने। |
| अपेक्षित प्रतिफल | अस्पतालबाट नियमित रुपमा विशेषज्ञ सेवा उपलब्ध भइ स्वास्थ्य सेवाको पहुँचमा बृद्धि हुने। |
| सचालन प्रकृया | • स्थान विशेष रोगको प्रकोप तथा सेवा बिस्तार गरी बिरामीको चाप बढी भएमा आवश्यकता अनुसार कार्यक्रम स्वीकृत गराइ करारमा विशेषज्ञ चिकित्सक लगायत सम्बन्धित सेवा प्रदान गर्न आवश्यक स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी सेवा करारमा नियुक्ति गर्ने,<br>• स्वास्थ्य सेवा प्रवाह गर्नका लागि आवश्यक पर्ने विशेष प्रकारका जनशक्ति (जस्तै: Consultant Doctors, Medical Officer, Physiotherapist/ Assistant, Lab-Technologist/ Assistant, Biomedical Engineer/ Assistant, Pharmacist/Assistant Audiologist/ Assistant, Staff, Nurse, Ophthalmic Assistant, Dental Hygienist, Psychosocial Counsellor, Anesthesia Assistant, Computer Assistant, Helper लगायत अन्य) करार सेवामा व्यवस्था गर्ने,<br>• यस अघि सोही कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीको काम संन्तोषजनक पाइएमा निरन्तरता दिन सकिने। |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन र स्वीकृत खर्च सम्बन्धी मापदण्ड। |
| अनुगमन सूचक | स्वीकृत कार्यक्रम, सेवा रजिष्टर, प्रतिवेदन, निरिक्षण। |
| जिम्मेवार व्यक्ति/शाखा | प्रशासन प्रमुख |

३.४ कृयाकलापको नाम: पोषण पुनर्स्थापना गृह व्यवस्थापन तथा सुदृढीकरण

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.९८ | २२५२२ | १६०० | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा स्थापना भएको पोषण पुनर्स्थापना गृहको व्यवस्थापन तथा सेवा सुदृढिकरण गरी गुणस्तरीय पोषण कार्यक्रम सञ्चालन गर्न यस शिर्षकमा बजेट विनियोजन गरीएको छ। |
| उद्देश्य | पोषण पुनर्स्थापना गृहको सुदृढीकरण गरी कुपोषणका कारणले हुने शिशु तथा बाल मृत्युदर घटाइ समग्र पोषणको अवस्थामा सुधार ल्याउने। |
| अपेक्षित प्रतिफल | पोषण पुनर्स्थापना स्थापना गृहको सुदृढीकरण भइ पोषण सम्बन्धी गुणस्तरीय सेवा प्रदान हुने। |
| सचालन प्रकृया | <u>कार्यक्रम स्वीकृत गराई पोषण पुनर्स्थापना गृहको सुदृढीकरणका लागि निम्न कार्य गर्न सकिने</u><br>• भवन तथा भौतिक पूर्वाधारको मर्मत संभार,<br>• खानेपानी, विद्युत, इन्टरनेट, संचार, मेसिनरी औजार उपकरण, सामग्री मर्मत,<br>• फर्निचर तथा फिक्चर खरिद,<br>• अस्पताल फर्निचर मर्मत सुधार,<br>• औषधि खरिद,<br>• पुनर्स्थापना गृहका लागि आवश्यक भाँडाकुडा, ग्यास चुलो, ग्यासको व्यवस्थापन<br>• बेड, मेट्रेस खरिद,<br>• मेसिनरी औजार तथा सामग्री खरिद,<br>• रात्री डिउटी गर्ने २ जना कर्मचारीलाई प्रति रात २००/- का दरले खाजा खर्च उपलब्ध गराउन सकिने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, निर्देशिकाहरु। |
| अनुगमन सूचक | सेवा रजिष्टर, खरिद प्रकृया, गुणस्तरको लेखाजोखा, दाखिला विवरण, कार्य सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | पोषण पुनर्स्थापना केन्द्र । |

२.५ कृयाकलापको नामः स्वास्थ्य बीमा कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.२.२२.५७ | २२५२२ | ११०० | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेशमा स्वास्थ्य बीमामा आवद्ध बिमितहरुको संख्या बढ्दै गएकोले अस्पतालमा सेवाग्राहीहरुलाई स्वास्थ्य बीमा सेवा छिटो छरितो तथा प्रभावकारी रुपमा सञ्चालन गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | स्वास्थ्य बिमाका बिमितहरुलाई छिटो छरितो तथा प्रभावकारी रुपमा सेवा उपलब्ध गर्ने। |
| अपेक्षित प्रतिफल | बिमितहरुलाई प्रभावकारी सेवा उपलब्ध भइ बीमामा आवद्ध हुने संख्यामा बृद्धि हुने। |
| सचालन प्रकृया | • अस्पतालमा आवश्यक कोठाको व्यवस्था गरी मर्मत, रंगरोगन,फर्निचर तथा पर्दा, कार्पेट, पंखा बिधुत, कम्प्युटर, प्रिन्टर, यु. पि. एस./इन्भरटर आदि आवश्यक सामग्रीको व्यवस्था गर्ने,<br>• आवश्यक जनशक्ति व्यवस्थापन<br>• करार सेवामा नियुक्त जनशक्तिलाई कार्य सम्पादनका आधारमा निरन्तरता दिन सकिने<br>• मसलन्द, इन्टरनेट, संचार, मर्मत आदिमा खर्च गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, निर्देशिकाहरु। |
| अनुगमन सूचक | सेवा रजिष्टर, खरिद सम्बन्धी कागजात, जिन्सी रजिष्टर, नियुक्ति पत्र। |
| जिम्मेवार व्यक्ति /शाखा | प्रशासन/स्वास्थ्य बीमा |

३.६ कृयाकलापको नाम: अस्पतालमा अक्सिजन प्लान्ट व्यवस्थापन

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४२७ | २२५२२ | १२०० | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा उपचारका लागि भर्ना भएका सिकिस्त बिरामीलाई निरन्तर अक्सिजन,भ्याकुम र एअरको आपूर्ति अक्सिजन प्लान्टबाट भइराखेकोले प्लान्टको नियमित सर्भिसिङ, मर्मत गरी दुरुस्त राख्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | अक्सिजन प्लान्टबाट नियमित पाइपद्वारा बिरामीहरुलाई अक्सिजन,भ्याकुम र एअरको आपुर्ति |

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

| | |
|---|---|
| | गर्न। |
| अपेक्षित प्रतिफल | अस्पतालमा नियमित रुपमा अक्सिजनको उपलब्धता भइ बिरामीको उपचारमा सहयोग हुने। |
| सञ्चालन प्रकृया | • प्रचलित ऐन नियमानुसार बजेटको परिधि भित्र रही अक्सिजन उत्पादन प्रणालीको व्यवस्थापन, सर्भिसिङ, मर्मत सम्भार गर्ने, <br> • अक्सिजन आपूर्ति गर्न आवश्यक पाइप लाईन, Bed headed panel लगायतका सामग्रीहरु व्यवस्थापन गर्ने, <br> • प्राविधिक प्रतिबेदन, स्पेशिफिकेशन, लागत अनुमान स्वीकृत गराइ खरिद प्रक्रिया अगाडि बढाउने। |
| बजेट बाँडफाँड | प्रचलित ऐन नियमानुसार स्वीकृत बजेटको परिधि भित्र रही खरिद योजना बनाइ कार्यालय प्रमुखसंग स्वीकृत गराइ खरिद गर्ने। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४(संशोधित) |
| अनुगमन सूचक | दाखिला प्रतिबेदन, प्राविधिक प्रतिबेदन। |
| जिम्मेवार व्यक्ति /शाखा | प्रशासन प्रमुख |

३.७ कृयाकलापको नाम : महामारी तथा दैवी प्रकोप व्यवस्थापन कार्यक्रम ।

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८४ | २२५२२ | ५०० | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | महामारी, दैवीप्रकोप तथा सवारी दुर्घटना र बिषालु खानाबाट प्रभावित मानिसहरुको समयमा नै उद्धार गरी उपचार तथा व्यवस्थापन गरी मानविय क्षति कम गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उदेश्य | महामारी, दैवी प्रकोप, सवारी दुर्घटना र बिषालु खानाबाट प्रभावित मानिसहरुको समयमा नै उपचार तथा व्यवस्थापन गर्ने । |
| अपेक्षित प्रतिफल | महामारी, दैवी प्रकोप, सवारी दुर्घटना र बिषालु खानाबाट हुने अङ्गभङ्ग तथा मानविय क्षति कम हुने । |

| | |
|---|---|
| सञ्चालन प्रकृया | • महामारी, दैवी प्रकोप, सवारी दुर्घटना र बिषालु खाना लगायतका अन्य आपतकालीन अवस्थामा निम्न कार्यमा खर्च गर्ने:<br>• उपचार खर्च (औषधी तथा औषधी जन्य सामग्री खरिद, सेवा शुल्क सोधभर्ना)<br>• यातायात खर्च (एम्बुलेन्स खर्च) |
| बजेट बाडफाड | उपचार खर्च, यातायात, औषधि तथा औषधिजन्य सामग्री। |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |
| अनुगमन सूचक | अभिलेख, प्रतिवेदन, खरिद आदेश, दाखिला प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति /शाखा | सामाजिक सेवा एकाई/आकस्मीक विभाग |

३.८ कृयाकलापको नामः फिष्टुला केन्द्र संचालन तथा व्यवस्थापन

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७८९ | २२५२२ | ३५०० | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रजनन् स्वास्थ्य रुग्णता अन्तरगत महिलाहरुमा हुने प्रसव फिष्टुलाका कारण महिलाले घर परिवार तथा समाजबाट बहिष्कृत हुनु पर्ने अवस्था रहेकोले उक्त समस्याको उपचारका लागि प्रदेश अस्पताल र साइनिङ्ग अस्पताल सुर्खेत बीच भएको सम्झौता बमोजिम अस्पताल हाता भित्र फिष्टुला भवन निर्माण भई सन २०१८ मे देखि साइनिङ्ग अस्पतालको सहयोगमा प्रसव फिष्टुला भएका महिलाहरुको निःशुल्क उपचार सेवा संचालन हुँदै आइरहेकोमा आ.व. ०८१/०८२ देखि साइनिङ्ग अस्पताल सुर्खेतलाई दाताहरुबाट प्राप्त हुने सहयोग न्यून भएकोले उक्त सेवा निरन्तर प्रदान गरी महिलालाई स-सम्मान रुपमा घर परिवारमा पुनर्स्थापना गर्न यस शिर्षकमा बजेट विनियोजन गरीएको छ। |
| उद्देश्य | प्रसव फिष्टुलाको समयमा उपचार भइ समग्र स्वास्थ्य अवस्थामा सुधार ल्याउने। |
| अपेक्षित प्रतिफल | प्रसव फिष्टुलाको उपचार पश्चात स्वास्थ्य अवस्थामा सुधार आइ घर परिवारमा पुर्नस्थापित हुने। |
| सञ्चालन प्रकृया | फिष्टुला केन्द्र संचालनका लागि निम्न कार्य गर्न सकिनेछ:<br>• अस्पताल फर्निचर मर्मत सुधार, औषधि खरिद, बेड, मेट्रेस खरिद, मेसिनरी औजार तथा |

| | |
|---|---|
| | सामग्री खरिद,<br>• केन्द्र संचालनका लागि आवश्यक जनशक्ति (स्टाफनर्स, अ.न.मी., भान्से, कार्यालय सहयोगी) करार सेवामा व्यवस्थापन गर्ने,<br>• सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्य सम्पादनका आधारमा सेवा निरन्तरता गर्न सकिने।<br>• Night Duty गर्ने कर्मचारीलाई प्रति रात २००/- का दरले खाजा खर्च उपलब्ध गराउन सकिने ।<br>• खानेपानी, विधुत, इन्टरनेट, संचार, मेसिनरी औजार उपकरण, सामग्री मर्मत<br>• फर्निचर तथा फिक्चर खरिद, |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। निर्देशिकाहरु। |
| अनुगमन सूचक | सेवा रजिष्टर, गुणस्तरको लेखाजोखा, दाखिला विवरण, कार्य सम्पन्न प्रतिवेदन। |
| जिम्मेवारी व्यक्ति /शाखा | प्रशासन/फिष्टुला केन्द्र |

२.९ कृयाकलापको नाम: ई-हेल्थ (टेलिमेडिसिन, EHR/EMR, eHMIS)

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१३ | २२५२२ | ३५० | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | ई-हेल्थ भन्नाले विधुतीय उपकरणको माध्यमबाट श्रव्य दृश्य र अन्य सञ्चार माध्यमबाट एक भौगोलिक स्थानमा रहेको बिरामी वा चिकित्सकले अर्को भौगोलिक स्थानमा रहेको विशेषज्ञ चिकित्सकसँग परामर्श तथा उपचार व्यवस्थापन गर्ने र सेवाको अभिलेख तथा प्रतिवेदन गर्ने विधि हो। विशेषज्ञ चिकित्सकबाट दुर्गम र दूरदराजमा सूचना तथा संचार प्रविधि) मार्फत चिकित्सकीय विज्ञता प्रयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | • पहुँचबाहिर रहेका नागरिकहरुलाई विशेषज्ञ सेवा सहितको गुणस्तरीय स्वास्थ्य सेवाको |

| | |
|---|---|
| | पहुँचमा वृद्धि गर्नु। |
| अपेक्षित प्रतिफल | • दूर चिकित्सा सेवाको विस्तार हुने,<br>• विद्युतीय स्वास्थ्य मार्फत सेवाग्राहीहरुको अभिलेख राख्न र प्रतिवेदन गर्न सकिने,<br>• गम्भीर प्रकारका रोगहरूको समयमा नै निदान तथा उपचार हुने,<br>• प्रेषण अस्पताल वा विशेषज्ञ अस्पतालबाट प्रदान हुने सेवाको गुणस्तरमा अभिवृद्धि हुने,<br>• सामाजिक तथा आर्थिक रूपमा विपन्न तथा सिमान्तकृत समुदायले स्थानीय तहमा नै विशेषज्ञ स्वास्थ्य सेवा प्राप्त हुने। |
| सञ्चालन प्रकृया | • सामाजिक विकास मन्त्रालयबाट अद्यावधिक स्वीकृत दूर चिकित्सा सेवा तथा विद्युतीय स्वास्थ्य सेवा सम्बन्धी निर्देशिका अनुसार कार्यक्रम सञ्चालन हुने साथै EHR/EMR, eHMIS संचालनका लागि कार्यक्रम स्वीकृत गराइ निम्न कार्य गर्न सकिने छ,<br>• अस्पतालमा हाल सञ्चालनमा रहेको विद्युतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन प्रणाली निरन्तर सञ्चालन गर्ने,<br>• थप मोडुल आवश्यक भएमा प्राविधिकबाट लागत अनुमान तयार गर्ने साथै Software जडान गर्नु अघि आवश्यक तयारी बैठक गर्ने,<br>• अस्पतालहरूबाट विधुतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन सञ्चालन गर्नको लागि स्वास्थ्य व्यवस्थापन तथा सुचना प्रणाली र DHIS2 संग compatible हुने खालको सफ्टवेयर जडानको लागी आवश्यक उपकरण (जस्तै Server Upgrade, High end Desktop, Chromebook, laptop, core switch, Router, Wifi AP, Networking & components, Cloud Storage/Networking, laser printer, barcode reader, Battery Backup AC. आदि) तथा अन्य अति आवश्यक सामग्रीहरू खरिद गरी सञ्चालनमा ल्याउने, खरिद भएका सामग्रीहरुको मर्मत संभार गर्ने,<br>• प्राविधिक सेवा वापतको शुल्क भुक्तानी गर्न सकिने,<br>• आवश्यकता अनुसार Software Module थप गर्न सकिने।<br>• टेलिमेडिसन नियमित संचालनका लागि १ जना पाँचौ तहको अपरेटर (स्वास्थ्य प्राविधिक) करारमा नियुक्ति गर्न सकिने वा कार्यसम्पादन सन्तोजनक पाइएमा यस अघि कार्यरत कर्मचारीलाई निरन्तरता दिन सकिने,<br>• प्रचलित ऐन कानूनको अधिनमा रही तोकिए बमोजिम खरिद तथा जडान कार्य गर्ने। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ तथा प्रचलित नियम अनुसार जनशक्ति, पूर्वाधार तथा क्षमता विकासका लागि खर्चको बाँडफाँट गर्ने। |
| सन्दर्भ | दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धी निर्देशिका, प्रचलित कानून तथा खर्च |

| | |
|---|---|
| सामग्री | सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | दूर चिकित्सा स्वास्थ्य सेवा विस्तार भएका पालिकाहरूको संख्या, दूर चिकित्सा सेवा लिएका सेवाग्राहीहरूको संख्या, अस्पतालमा स्थापना भएको पूर्वाधार तथा IT व्यवस्थापन। सेवा रजिष्टर तथा प्रतिवेदन । |
| जिम्मेवारी व्यक्ति /शाखा | मेडिकल रेकर्ड/टेलिमेडिसिन |

च. मेहेलकुना अस्पताल अन्तर्गतका क्रियाकलापहरू

४.१ कृयाकलापको नामः अस्पताल सुरक्षा कार्यक्रम

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.३४४ | २२५२२ | ५०० | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा बिरामी, बिरामीका आफन्त, कर्मचारी लगायत अस्पतालको भौतिक सम्पतीको सुरक्षार्थ यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | अस्पतालमा चोरी, अनैतिक कार्य, अवैध बस्तुहरुको प्रयोगमा नियन्त्रण तथा जन धनको सुरक्षा हुने। |
| अपेक्षित प्रतिफल | अस्पतालमा भौतिक सम्पत्तिको निगरानी तथा शान्ति सुरक्षाको प्रत्याभूति हुनेछ। |
| सचालन प्रकृया | स्विकृत बार्षिक बजेटको परिधि भित्र रही २४ घण्टा अस्पताल सुरक्षाको लागि सेवा करारमा वा व्यक्ति करारमा सुरक्षा गार्ड व्यवस्था गर्ने। |
| बजेट बाँडफाँट | श्रम नियमावली २०७५ बमोजिम स्विकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, श्रम नियमावली २०७५। |
| अनुगमन सूचक | हाजिर रजिष्टर, अनुगमन। |
| जिम्मेवारी व्यक्ति /शाखा | प्रशासन |

४.२ कृयाकलापको नामः अस्पतालमा विशेषज्ञ तथा विशेष सेवा व्यवस्थापन

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.४६ | २२५२२ | २४०० | मेहलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालको स्वीकृत दरबन्दीमा बिशेषज्ञ चिकित्सकहरु लगायत अन्य पदहरु पदपूर्ति नभइ विशेषज्ञ सेवा सञ्चालन हुन नसकेकोले र बिरामीको चाप बढी भएका अस्पतालहरुमा सेवा बिस्तार गरी तत्काल बिशेषज्ञ सेवा सहज रुपमा प्रदान गर्नका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | बिशेषज्ञ तथा बिशेष प्रकृतिका सेवा नियमित रुपमा सञ्चालन गर्ने। |
| अपेक्षित प्रतिफल | अस्पतालबाट नियमित रुपमा विशेषज्ञ सेवा उपलब्ध भइ स्वास्थ्य सेवाको पहुँचमा बृद्धि हुने। |
| सचालन प्रकृया | • स्थान विशेष रोगको प्रकोप तथा बिरामीको चाप बमोजिम आवश्यकता अनुसार कार्यक्रम स्वीकृत गराइ करारमा विशेषज्ञ चिकित्सक लगायत सम्वन्धित सेवा प्रदान गर्न आवश्यक स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी सेवा करारमा नियुक्ति गर्ने,<br>• स्वास्थ्य सेवा प्रवाह गर्नका लागि आवश्यक पर्ने बिशेष प्रकारका जनशक्ति (जस्तैः Consultant Doctor, Medical Officer, Physiotherapist/ Assistant, Lab-Technologist/ Assistant, Biomedical Engineer/ Assistant, Pharmacist/Assistant Audiologist/ Assistant, Staff Nurse, Ophthalmic Assistant, Dental Hygienist, Psycho- Social Counsellor, Anesthesia Assistant लगायत) करार सेवामा व्यवस्था गर्ने,<br>• यस भन्दा अगाडि सोही कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीको काम सन्तोषजनक पाइएमा निरन्तरता दिन सकिने। |
| बजेट बाँडफाँट | स्वीकृत बार्षिक बजेटको परिधि भित्र रही कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड। |
| अनुगमनसूचक | स्वीकृत कार्यक्रम, सेवा रजिष्टर, प्रतिवेदन, निरिक्षण। |
| जिम्मेवारी व्यक्ति /शाखा | प्रशासन |

प्रदेश सचिव

४.३ कृयाकलापको नामः प्रेषण व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.१९८९ | २२५२२ | ५० | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपालको संविधानले आकस्मिक स्वास्थ्य सेवाको सुनिश्चित गरेकाले कर्णाली प्रदेशका गरीब, असहाय तथा लोपन्मुख बिरामीहरुलाई अस्पतालमा उपचार सम्भव नभइ अन्यत्र प्रेषण गर्नु परेमा वा त्यस्ता बिरामीहरुको उपचार पश्चात घरसम्म पुऱ्याउने व्यवस्थाका लागि यस शिर्षकमा बजेट विनियोजन गरीएको छ। |
| उद्देश्य | आर्थिक अवस्था कमजोर भइ स्वास्थ्य उपचारबाट बन्छित व्यक्तिका लागि यातायात सेवा उपलब्ध गराउने |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सेवा पहुचमा बृद्धि भई निकोहुनेदर बृद्धि हुने साथै मृत्युदर कम हुने। |
| सचालन प्रकृया | • निम्न कार्य गर्न अस्पताल प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्न सकिनेछ,<br>• गरीव, असहाय, लोपोन्मुख जातीका बिरामीहरुलाई उपचारका लागि अन्यत्र प्रेषण गर्नु परेमा एम्बुलेन्स भाडा दर अनुसार वा बढीमा ७५००/- सम्म प्रेषणको कागजातको फोटोकपी लिइ भुक्तानी गरिनेछ,<br>• अन्यत्रबाट यस अस्पतालमा प्रेषण सुबिधा लिइ उपचार गर्न आएका वा गरीब असहाय सुबिधा लिइ उपचार गराएका बिरामीहरु निको भई घर फिर्ता हुदा लाग्ने गाडी भाडा बढीमा २ जनालाई वा एम्बुलेन्स भाडा दर अनुसार वा बढीमा ७५००/- सम्म भुक्तानी गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| अनुगमन सूचक | सेवा रजिष्टर, भाडा बुझाएको रसिद, भरपाई, प्रतिबेदन। |
| जिम्मेवार व्यक्ति /शाखा | सामाजिक सेवा एकाई । |

प्रदेश सचिव

४.४ कृयाकलापको नामः अस्पतालको गार्डेन व्यवस्थापन (कर्मचारी माली व्यवस्थापन समेत)

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २.७.२१.११ | २२५२२ | ५० | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालको वातावरणीय सरसफाइलाई प्रवर्धन गरी गार्डेन व्यवस्थापन मार्फत अस्पतालको सुन्दरतालाई कायम राख्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | वातावरणीय सरसफाइ तथा गार्डेन व्यवस्थापन गर्न |
| अपेक्षित प्रतिफल | सुन्दर र स्वच्छ वातावरण हुने। |
| सचालन प्रकृया | • गार्डेनको लागि आवश्यक गमला, बोट विरुवा लगायत अन्य सामग्री खरिद।<br>• गार्डेनको रेखदेख तथा व्यवस्थापन गर्न करारमा माली व्यवस्था गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत मापदण्ड। |
| अनुगमन सूचक | जिन्सी रजिष्टर, नियुक्ति पत्र,अनुगमन। |
| जिम्मेवार व्यक्ति /शाखा | प्रशासन |

४.५ कृयाकलापको नाम: स्वास्थ्य सम्बन्धी जानकारीमूलक सूचना प्रसारण प्रकाशन

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४४३ | २२५२२ | ७० | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्यको विद्यमान अवस्था, रोगको भार, विभिन्न नीति तथा कार्यक्रमहरु साथै उपलब्ध सेवा, प्राथमिकता बारेमा पत्रकार र संचारकर्मीहरुलाई जानकारी गराई आम नेपाली नागरिकहरुमा चेतना फैलाउन सहयोग गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य सम्बन्धी जानकारी गराइ आम नेपाली नागरिकहरुमा चेतना फैलाउनका साथै सकारात्मक व्यवहार परिवर्तनमा सघाउ पुर्‍याउनु। |
| अपेक्षित प्रतिफल | अस्पतालबाट उपलब्ध गराउने स्वास्थ्य सेवाहरुको अधिकतम उपयोग हुने। |
| सञ्चालन प्रकृया | • स्वास्थ्यको विद्यमान अवस्था, विभिन्न स्वास्थ्य सम्बन्धी दिवस, रोगको भार, विभिन्न नीति तथा कार्यक्रमहरु साथै उपलब्ध सेवा, प्राथमिकता बारेमा श्रव्य दृश्य सामग्रीहरुबाट सूचना प्रकाशन प्रशारण गर्ने। |

| | |
|---|---|
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका निर्देशीका २०७५ अनुसार छपाई तथा प्रशारण गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति /शाखा | अस्पताल प्रमुख |

४.६ कृयाकलापको नाम MPDSR तथा Birth Defect कार्यक्रम

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४५० | २२५२२ | १०० | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आकस्मिक प्रसूति सेवा (EOC) को आवश्यकता भएका सम्पूण महिलाहरुले ती सेवाहरु उपभोग नगरे सम्म मातृ मृत्युदर घटाउने उद्देश्य पुरा हुन सक्दैन। त्यसैले MPDSR अन्तरगत मातृ तथा पेरिनेटल मृत्युको पहिचान गर्ने सुचितिकरण गर्ने र मृत्युको समीक्षा गरी आवस्यक कार्ययोजना बनाई कार्यान्वयन गरेर मृत्युलाई घटाउनका लागी यो बजेट विनियोजन गरीएको छ। |
| उदेश्य | मातृ तथा पेरीनेटल मृत्युको संख्यामा कमि ल्याउने। |
| अपेक्षित प्रतिफल | आकस्मिक प्रसूति सेवाको आवश्यकता भएका महिलाहरुको पहिचान गरी समयमै प्रसुति सम्वन्धि जटिलताको व्यवस्थापन भएको हुनेछ। |
| सञ्चालन प्रक्रिया | (क) आकस्मिक प्रसुति सेवाको अभिमुखिकरण तथा समीक्षा<br>• कार्यक्रम सञ्चालन गर्नुपुर्व स्वास्थ्य सेवा निर्देशनालयसँग कार्यक्रमका विषयवस्तुका सम्बन्धमा पुर्वतयारी गर्नुपर्नेछ।<br>• यो कार्यक्रम सञ्चालन कार्यक्रम फोकल पर्सनले २ दिन मध्ये १ दिन अभिमुखिकरण र १ दिन समीक्षा गर्ने गरी गर्नुपर्नेछ।<br>• यो कार्यक्रम सञ्चालन गर्दा EOC Monitoring Guideline अनुरुप गर्नुपर्नेछ।<br>• यसरी EOC Review गर्दा EOC Met need कम भएका स्वास्थ्य संस्थाहरुलाई प्रायमिकता दिनुपर्नेछ।<br>• (ख) परिवार कल्याण महाशाखाको समुदायस्तरको मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा |

| | |
|---|---|
| | प्रतिकार्य (MPDSR) को अद्यावधिक निर्देशिका बमोजिम गरिनेछ।<br>• MPDSR को २ दिन अभिमुखिकरण वा १ दिनको समीक्षा स्थानीय तह र अन्तरगतका स्वास्थ्य संस्थालाई समेटेर गर्नु पर्नेछ।<br>• (ग) कार्यक्रम सञ्चालनका लागी आवश्यक फर्म फर्मेट छपाई गरी दिन सकिनेछ।<br>• यदि यी माथि उल्लेखित कुनै कार्यक्रम संघीय ससर्त मार्फत दोहोरिन गएमा नदोहरिएको कार्यक्रमलाई प्राथमिक्ता दिनुपर्नेछ। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ र कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७९ बमोजिम गर्नुपर्नेछ। |
| सन्दर्भ सामग्री | आकस्मिक प्रसुतिसेवा अनुगमन निर्देशिका र एम.पि.डि.एस.आर.कार्य सञ्चालन निर्देशिका |
| अनुगमन सुचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति /शाखा | प्रसुती विभाग |

४.७ कृयाकलापको नाम : अस्पतालहरुमा EWARS सम्बन्धी अभिमुखिकरण तथा सेन्टिनेल साईटहरुको सञ्चालन खर्च ।

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.१५० | २२५२२ | १०० | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | तोकिएका सेन्टिनल साइटहरुबाट विभिन्न संक्रामक तथा महामारीजन्य रोगहरुको तत्काल र साप्ताहिक रुपमा निरन्तर प्रतिवेदन गर्ने प्रणाली नै EWARS (Early Warning and Reporting System) हो। रोगहरुको निरन्तर, समयमा, पूर्ण र गुणस्तरीय प्रतिवेदन गर्नाका लागि EWARS Sentinel Site मा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण तथा सेन्टिनल साइट सञ्चालन गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | संक्रामक तथा महामारीजन्य रोगहरुको तथ्याङ्क, अभिलेख, व्यवस्थापन र सीघ्र प्रतिवेदनको सुनिश्चितता गर्नु |
| अपेक्षित | • EWARS मा प्रतिवेदन गर्नुपर्ने रोगहरुको तोकिएको समयमा नै नियमित एवम् गुणस्तरीय |

| | |
|---|---|
| प्रतिफल | प्रतिवेदन हुनेछ।<br>• महामारीजन्य रोगहरुका बारेमा समयमा नै जानकारी प्राप्तगरी सम्भावित महामारीको रोकथाम तथा प्रतिकार्यमा सहयोग हुनेछ। |
| सञ्चालन प्रकृया | • अभिमुखिकरण कार्यक्रम पूर्व कार्ययोजना तयार गरी कार्यलय प्रमुखबाट स्वीकृत गराइ सञ्चालन गर्नुपर्नेछ,<br>• श्रोत व्यक्तिका रुपमा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट, EDCD, स्वास्थ्य सेवा निर्देशनालय, स्वास्थ्य सेवा कार्यालय/अस्पतालका तालिम प्राप्त व्यक्ति र मेडिकल रेकर्डर हुन सक्नेछन्,<br>• सेन्टिनल साइटमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मीहरु, RRT सम्पर्क व्यक्ति र अन्य स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी समेत अभिमुखिकरण कार्यक्रममा सहभागी हुन सक्नेछन्,<br>• सञ्चालनका लागि इन्टरनेट, कम्प्यूटर/ल्यापटम मर्मत, प्रिन्टर खरिद तथा मर्मत, तथ्याङ्क विश्लेषण गरी त्यसको प्रस्तुतिकरण, रिपोटिङ कार्यमा आवश्यक पर्ने अन्य सामग्री खरिद तथा मर्मत गरिनेछ। |
| बजेट बाँडफाँट | कार्यक्रम सञ्चालनका लागि दैनिक भ्रमण भत्ता, यातायात खर्च, श्रोत व्यक्ति पारिश्रमिक, आदिका लागि बजेटको बाँडफाँट गरिनेछ। |
| सन्दर्भ सामग्री | EWARS तथा सेन्टिनल साइट सञ्चालन निर्देशिका, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। |
| अनुगमन सूचक | अभिमुखिकरण कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति /शाखा | इमरजेन्सी/मेडिकल रेकर्ड |

प्रदेश सचिव

४.८ कृयाकलापको नामः ई-हेल्थ (टेलिमेडिसिन, EHR/EMR, eHMIS)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१३ | २२५२२ | ३५० | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | • ई-हेल्थ भन्नाले विधुतीय उपकरणको माध्यमबाट श्रव्य, दृश्य र अन्य सञ्चार माध्यमबाट एक भौगोलिक स्थानमा रहेको बिरामी वा चिकित्सकले अर्को भौगोलिक स्थानमा रहेको विशेषज्ञ चिकित्सकसँग परामर्श तथा उपचार व्यवस्थापन गर्ने र सेवाको अभिलेख तथा प्रतिवेदन गर्ने विधि हो। विशेषज्ञ चिकित्सकबाट दुर्गम र दुरदराजमा सूचना तथा संचार |

| | |
|---|---|
| | प्रविधि (ICT) मार्फत चिकित्सकीय विज्ञता प्रयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन यो कार्यक्रम राखिएको छ। त्यसैगरी विद्युतीय सञ्चारका माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन तथा सेवाग्राहीहरुको अभिलेख चुस्त दुरुस्त राखि प्रतिवेदन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | • पहुँचबाहिर रहेका नागरिकहरुलाई बिशेषज्ञ सेवा सहितको गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्नु<br>• सेवा दिएका सेवाग्राहीको बिधुतीय अभिलेख राखि तोकिएको ढाँचामा समयमा नै नियमित प्रतिबेदन गर्ने |
| अपेक्षित प्रतिफल | • दूर चिकित्सा सेवाको विस्तार हुने,<br>• विधुतीय स्वास्थ्य मार्फत सेवाग्राहीहरुको अभिलेख राख्न र प्रतिवेदन गर्न सकिने<br>• गम्भीर प्रकारका रोगहरूको समयमा नै निदान तथा उपचार हुने,<br>• प्रेषण अस्पताल वा विशेषज्ञ अस्पतालबाट प्रदान हुने सेवाको गुणस्तरमा अभिबृद्धि हुने,<br>• सामाजिक तथा आर्थिक रूपमा विपन्न तथा सिमान्तकृत समुदायले स्थानीय तहमा नै विशेषज्ञ स्वास्थ्य सेवा प्राप्त हुने। |
| सञ्चालन प्रकृया | • सामाजिक विकास मन्त्रालयबाट स्वीकृत दूर चिकित्सा सेवा तथा विधुतीय स्वास्थ्य सेवा सम्बन्धी निर्देशिका अनुसार कार्यक्रम सञ्चालन हुने साथै EHR/EMR, eHMIS संचालनका लागि कार्यक्रम स्वीकृत गराइ निम्न कार्य गर्न सकिने छ,<br>• अस्पतालमा हाल सञ्चालनमा रहेको बिधुतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन प्रणाली निरन्तर सञ्चालन गर्ने,<br>• थप मोडुल आवश्यक भएमा प्राविधिकबाट लागत अनुमान तयार गर्ने साथै Software जडान गर्नु अघि आवश्यक तयारी बैठक गर्ने,<br>• अस्पतालहरूबाट बिधुतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन सञ्चालन गर्नको लागि स्वास्थ्य व्यवस्थापन तथा सुचना प्रणाली र DHIS2 संग compatible हुने खालको सफ्टवेयर जडानको लागी आवश्यक उपकरण (जस्तै Server Upgrade, High end Desktop, Chromebook, laptop, core switch, Router, Wifi AP, Networking & components, Cloud Storage/Networking, laser printer, barcode reader, Battery Backup AC. आदी) तथा अन्य अति आवश्यक सामग्रीहरू खरिद गरी सञ्चालनमा ल्याउने। खरिद भएका सामग्रीहरुको मर्मत संभार गर्ने,<br>• प्राविधिक सेवा बापतको शुल्क भुक्तानी गर्न सकिने,<br>• आवश्यकता अनुसार Software Module थप गर्न सकिने, प्रदेश सचिव<br>• टेलिमेडिसन नियमित संचालनका लागि १ जना पाँचौं तहको अपरेटर (स्वास्थ्य प्राविधिक) |

| | |
|---|---|
| | करारमा नियुक्ति गर्न सकिने वा कार्यसम्पादन सन्तोजनक पाइएमा यस अघि कार्यरत कर्मचारीलाई निरन्तरता दिन सकिने,<br>• प्रचलित ऐन कानूनको अधिनमा रही तोकिए बमोजिम खरिद तथा जडान कार्य गर्ने। |
| बजेट बाँडफाटँ | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ तथा प्रचलित नियम अनुसार खर्चको बाँडफाँट गर्ने। |
| सन्दर्भ सामग्री | दूर चिकित्सा तथा विधुतीय स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धी निर्देशिका, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। |
| अनुगमन सूचक | दूर चिकित्सा स्वास्थ्य सेवा विस्तार भएका पालिकाहरूको संख्या, दूर चिकित्सा सेवा लिएका सेवाग्राहीहरूको संख्या, अस्पतालमा स्थापना भएको पूर्वाधार तथा ICT व्यवस्थापन |
| जिम्मेवार व्यक्ति /शाखा | टेलिमेडिसिन/मेडिकल रेकर्ड |

४.९ कृयाकलापको नाम: अस्पतालमा विधुतीय अभिलेख प्रणाली (EHR) व्यवस्थापन खर्च

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४३६ | २२५२२ | ५०० | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | एकिकृत स्वास्थ्य सूचना प्रणालीमा सरल र सहज तरिकाबाट स्वास्थ्य सेवा अभिलेख विधुतीय माध्यमबाट राख्न तथा प्रतिवेदन गर्न साथै तथ्यमा आधारित योजना तयार गर्नका लागि समेत उपयोग हुने गरी अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदन सुदृढीकरण गर्नको लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उदेश्य | स्वास्थ्य सूचना प्रणालीलाइ चुस्त दुरुस्त र प्रविधिमैत्री हुने । |
| अपेक्षित प्रतिफल | अभिलेख तथा प्रतिवेदन सुदृढीकरण भएको हुने । |
| सचालन प्रकृया | • अस्पतालमा हाल संचालनमा रहेको र संचालन हुने प्रकृयामा रहेका विधुतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन प्रणाली निरन्तर संचालन तथा नयाँ जडान गर्ने।<br>• प्राविधिकबाट लागत अनुमान तयार गर्ने साथै Software जडान गर्नु अघि आवश्यक तयारी बैठक गर्ने ।<br>• अस्पतालहरूबाट विधुतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन संचालन गर्नको लागि स्वास्थ्य |

प्रदेश सचिव

| | |
|---|---|
| | व्यवस्थापन तथा सुचना प्रणाली र DHIS2 संग compatible हुने खालको सफ्टवेयर जडानको लागी आवश्यक उपकरण (जस्तै Server, High end Desktop, Chromebook, Laptop, core switch, Router, Wifi AP, Networking components, label printer, barcode reader, आदी) तथा अन्य अति आवश्यक सामाग्रीहरू खरिद गरि संचालनमा ल्याउने। खरिद भएका सामाग्रीहरुको मर्मत संभार गर्ने ।<br>• प्राविधिक सेवा वापतको शुल्क (AMC/CMC) उपलव्ध गराउन सकिने ।<br>• आवश्यकता अनुसार Software Module थप गर्न सकिने ।<br>• प्रचलित ऐन कानूनको अधिनमा रही तोकिए बमोजिम खरिद तथा जडान कार्य गर्ने । |
| बजेट बाडफाट | सार्वजनिक खरिद ऐन २०६३ नियमावली २०६४, स्वीकृत कार्यक्रम बमोजिम। |
| सन्दर्भ समाग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | विधुतिय स्वास्थ्य अभिलेख संचालनको अवस्था, दाखिला प्रतिवेदन |
| जिम्मेवारी व्यक्ति/शाखा | मेडिकल रेकर्ड |

४.१० कृयाकलापको नाम: अस्पताल फोहोरमैला व्यवस्थापन कार्यक्रम ।

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४४६ | २२५२२ | ३५० | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालबाट निस्कने फोहोरमैला; सामान्य र अस्पतालजन्य फोहोर मध्ये सामान्य प्रकारको फोहोरलाई डम्पीङ साइडमा बिसर्जन सकिन्छ भने अस्पतालजन्य फोहोरलाई निर्मलिकरण नगरि बिसर्जन गर्दा जनस्वास्थ्यमा असर गर्ने भएकोले अस्पतालजन्य फोहोरलाई निर्मलिकरण गरी बिसर्जन गर्न यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ । |
| उद्देश्य | अस्पतालजन्य फोहोरमैला निर्मलिकरण गरि व्यवस्थित रुपमा बिसर्जन हुने । |
| अपेक्षित प्रतिफल | अस्पतालजन्य फोहोरबाट सेवा प्रदायक र समुदायमा हुने जोखिम कम हुने । |
| सचालन प्रकृया | • Health Care Waste Management Guideline 2014अनुसार अस्पतालबाट निस्कने फोहोरमैला व्यवस्थित रुपमा बिसर्जन गर्न कार्यक्रम स्वीकृत गराई निम्न कार्य गर्न सकिने छ :<br>• भौतिकपूर्वाधारको निर्माण तथा मर्मत संभार |

| | |
|---|---|
| | • खानेपानी, बिद्युत, मेसिनरी औजार उपकरण, सामाग्री खरिद तथा मर्मत<br>• फर्निचर तथा फिक्चर खरिद<br>• सुरक्षा सामाग्री तथा फोहोर व्यवस्थापनका लागि आवश्यक सामाग्री खरिद<br>• मेसिनरी औज़ार तथा सामाग्री खरिद<br>• कार्यालय सहयोगी १ जना करारमा नियूक्ति गर्न सकिने |
| बजेट बाडफाट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । Health Care Waste Management Guideline 2014. |
| अनुगमन सूचक | अनुगमन, कलरकोड डस्टबिन । |
| जिम्मेवार व्यक्ति/शाखा | अस्पताल व्यवस्थापक |

४.११ कृयाकलापको नाम: जनचेतनामूलक सामाग्री निर्माण

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.५७९ | २२५२२ | १०० | मेहेलकुना अस्पताल | साउन र भदौ मसान्तसम्म |

| | |
|---|---|
| परिचय | अस्पतालले प्रदान गर्ने बिभिन्न सेवाहरु, सरसफाई, सर्ने तथा नसर्ने रोगहरू, जीवनशैली सुधार लगायतका स्वास्थ्य सम्बन्धी सचेतनामूलक जनस्तरमा जानकारी दिने उद्देश्यले सूचनाहरू सञ्चारमाध्यममा प्रकाशन गर्नका लागि जनचेतनामूलक सन्देश सामाग्री निर्माण गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आयुर्वेदका विषयवस्तुहरु समेटिएको सन्देश निर्माण गर्ने । |
| अपेक्षित प्रतिफल | आयुर्वेद स्वास्थ्य सेवाको बारेमा जानकारी प्राप्त भई सेवाग्राहीहरुको संख्या बढेको हुनेछ। |
| संचालन प्रक्रिया | अस्पतालले प्रदान गर्ने बिभिन्न सेवाहरु, सरसफाई, सर्ने तथा नसर्ने रोगहरू, जीवनशैली सुधार लगायतका स्वास्थ्य सम्बन्धी सचेतनामूलक जनहितका सूचनाहरू सञ्चारमाध्यममा प्रकाशन गर्नका लागि सञ्चारमाध्यम, विज्ञापन एजेन्सीहरू मार्फत सन्देश सामाग्री निर्माण गर्ने। |
| बजेट | सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम। |

| | |
|---|---|
| बाँडफाँड | |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, |
| अनुगमन सूचक | सूचना सामाग्री जिन्सी दाखिला। |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेबारी तोकेको व्यक्ति |

४.१२ कृयाकलापको नाम: **CME Programme**

| कियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२२४ | २२५२२ | १०० | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालका सबैं स्वास्थ्यकर्मीहरुलाई चिकित्सा लगायत अन्य विषय सम्बन्धि जानकारी तथा ज्ञान आदानप्रदान गर्न यो कार्यक्रम राखिएको हो । |
| उदेश्य | १. अस्पतालमा कार्यरत चिकित्सक,स्वास्थ्यकर्मी एवं अन्य कर्मचारीहरुको ज्ञान अद्यावधिक गर्नुका साथै क्षमता विकास गर्नु ।<br>२.अस्पतालमा आउने सेवाग्राहीहरुलाई वैज्ञानिक आधारमा सही सुलभ,सुरक्षित र गुणस्तरीय सेबा प्रवाह गर्नु ।<br>३. पेशागत नैतिकता बलियो बनाउनुका साथै अन्तरक्रियात्मक सिकाईको प्रवर्द्धन गर्नु । |
| अपेक्षित प्रतिफल | १. अस्पतालबाट प्रवाह हुने सेबाको गुणस्तर सुधार<br>२. Evidence Based Practice को प्रवर्द्धन<br>३.Teamwork र समन्वयात्मक भुमिकाको वृद्वि विकास |
| सचालन प्रकृया | हरेक हप्ताको शुक्रबार र अस्पतालको आवश्यकतानुसार |
| बजेट बाँडफाट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ अनुसार |
| सन्दर्भ समाग्री | CME सम्बन्धि मार्गदर्शन, निर्देशिका |

| अनुगमन सुचक | उपस्थित रजिष्टर |
|---|---|
| जिम्मेवार व्यक्ति/ शाखा | कार्यालय प्रमुख /CME Focal Person |

## छ. प्रदेश जनस्वास्थ्य प्रयोगशाला अन्तर्गतका क्रियाकलापहरु

### ५.१ क्रियाकलापको नाम : प्रयोगशालामा कार्यरत का.स.हरुलाई IP ओरिएन्टेसन (३ दिने)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.1767 | २२५२२ | २८० | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्य योजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश अन्तर्गत संचालित प्रयोगशालामा कार्यरत कार्यालय सहयोगी कर्मचारीहरुको संक्रमण रोकथाम (Infection Prevention) सम्बन्धी ज्ञान ,सीप र क्षमता विकास गर्न संक्रमण रोकथाम सम्बन्धी अभिमुखिकरण कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रयोगशालामा कार्यरत का,स ,कर्मचारीहरुको संक्रमण रोकथाम सम्वन्धी क्षमता, ज्ञान तथा सीप विकास गरी गुणस्तरीय सेवा प्रवाह गर्न । |
| अपेक्षित प्रतिफल | कार्यालय सहयोगीहरुको संक्रमण रोकथाम सम्वन्धी ज्ञान ,सीप तथा क्षमता अभिवृद्धि भइ प्रयोगशालामा हुनसक्ने सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रण हुनेछ। |
| संचालन प्रकृया | • यस ओरिएन्टेसन जिल्ला तथा स्थानीय स्तरमा प्रयोगशालामा कार्यरत कार्यालय सहयोगीहरु सहभागी रहनेछन।<br>• का.स. कर्मचारीहरुको छनौट गरी संक्रमण रोकथाम सम्वन्धी ओरिएन्टेसन ३ दिन सम्म सञ्चालन गरिनेछ।<br>• यो ओरेन्टेसनमा प्राक्टिकल तथा डेमोशट्रेशनको लागी रु. दश हजार सम्म खर्च गर्न सकिने छ ।<br>• बजेटको परिधिभित्र रहि आवश्यकता अनुसार यस कार्यक्रमलाई आवश्यक पर्ने अन्य सामग्रीहरु यसै बजेटबाट व्यवस्थापन गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च बाँडफाँट मापदण्ड निर्देशिका २०७५ र कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ अनुसार हुनेछ। |
| सन्दर्भ | राष्ट्रिय स्वास्थ्यतालिम केन्द्र तथा व्यवस्थापन महाशाखाको संक्रमण रोकथाम सम्बन्धी |

| | |
|---|---|
| सामग्री | निर्देशिकाहरु। |
| अनुगमन सूचक | सहभागीहरुको उपस्थिति हाजिरी ,कार्यक्रम सम्पन्न प्रतिवेदन साथै बिलभरपाईहरु |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुख र तोकिएको फोकल पर्सन । |

५.२ क्रियाकलापको नामः निजी स्वास्थ्य संस्था तथा प्रयोगशालाहरुको अनुगमन तथा निरीक्षण, नविकरण तथा स्थलगत अनुशिक्षण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०० | २२५२२ | २०० | प्रदेश जन स्वा. प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेका निजी प्रयोगशालाहरुबाट हुन सक्ने मानवीय तथा यान्त्रिक त्रुटीहरुलाई समयमा नै पहिचान गरी नियन्त्रण गर्न तथा संचालकहरुले मापदण्ड अनुसार संचालन गरे नगरेको सुनिश्चतता र प्रदेश अन्तर्गत संचालित प्रयोगशाला सेवाको एकरुपता सम्बन्धी कृयाकलापहरुको अनुगमन साथै स्थलगत निरिक्षण गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | निजी प्रयोगशाला सेवाको गुणस्तर अभिवृद्धि तथा एकरुपता कायम गर्ने । |
| अपेक्षित प्रतिफल | निजी प्रयोगशालाको सेवा सुदृढ भइ गुणस्तरीय सेवा प्रवाह हुनेछ। |
| संचालन प्रकृया | • अनुगमनका लागि समिति गठन गर्ने ।<br>• समितिले जोखिम तथा त्रुटी हुन सक्ने क्षेत्रहरु पहिचान गरी अनुगमन कार्ययोजना बनाउने।<br>• समितिले आवश्यकता अनुसार स्थलगत रुपमा निजी प्रयोगशालाहरु अनुगमन गर्ने।<br>• अनुगमनको क्रममा देखिएका कमी कमजोरीहरु सुधारका लागि लिखित सुझाव दिने। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका२०७५ र कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ अनुसार हुनेछ । |
| सन्दर्भ सामग्री | स्वास्थ्य प्रयोगशाला स्थापना तथा संचालन मापदण्ड सम्बन्धी निर्देशिका २०७३, कर्णाली प्रदेश स्वास्थ्य सेवा नियमावली २०८० |
| अनुगमन सूचक | अनुगमन प्रतिवेदन, बिल भरपाईहरु । |
| जिम्मेवार | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन तथा अनुगमन समिति |

| व्यक्ति | |
|---|---|

५.३ क्रियाकलापको नामः महामारीको बेला चाहिने किट तथा केमिकल बफर स्टक राख्ने ।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.1770 | २२५२२ | ११९ | प्रदेश जन स्वा. प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा बिभिन्न रोगको निदान निगरानी गर्न, महामारी तथा प्रकोपको अवस्था पहिचान गरी समयमै निदानको लागि बिभिन्न किसिमका (आर.डी.टि) टेष्टकिट तथा केमिकलहरु आवश्यक पर्ने भएकोले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | बिभिन्न रोगको शीघ्र निदान ,निगरानी तथा प्रकोपको अवस्था पहिचान गरी नागरिकको स्वास्थ्य अवस्था स्वस्थ्य राख्नको लागी बफर स्टक कायम गर्ने । |
| अपेक्षित प्रतिफल | रोग तथा जनस्वास्थ्य समस्याको समयमा नै निदान तथा निगरानीमा सहयोग भई समयमा नै रोगको नियन्त्रण हुनेछ । |
| संचालन प्रकृया | • महामारीको समयमा आवश्यक पर्ने किट तथा केमिकलहरुको सूची तयार गर्ने<br>• खरिद ईकाई/समितिको निर्णय अनुसार खरिद गर्ने । |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन २०६३ र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ अनुसार हुनेछ। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३ । कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | दाखिला प्रतिबेदन, बिल भरपाई । |
| जिम्मेबार व्यक्ति | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

५.४ क्रियाकलापको नामः प्रयोगशालामा दैनिक जाँचको लागि केमिकल तथा किट खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.1773 | २२५२२ | ३०० | प्रदेश जन स्वा. प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश जनस्वास्थ्य प्रयोगशालामा दैनिक विभिन्न रोगको निदान तथा निगरानीको लागि विभिन्न किसिमका टेष्टकिट तथा केमिकलहरु आवश्यक पर्ने भएकोले प्रयोगशालाबाट प्रदान गरिने गुणस्तरीय सेवा सुचारु रुपमा सञ्चालन गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | विभिन्न रोगको दैनिक सेवाग्राहीको रोग निदान तथा निगरानी गरी निरन्तर गुणस्तरीय प्रयोगशाला सेवा सुचारु गर्ने । |
| अपेक्षित प्रतिफल | जनस्वास्थ्य समस्याको रुपमा रहेको विभिन्न रोगहरुको समयमा नै निदान तथा निगरानीमा सहयोग भई गुणस्तरीय सेवा कायम हुनेछ । |
| संचालन प्रकृया | • प्रयोगशालामा दैनिक आवश्यक पर्ने टेस्टकिट,केमिकल तथा अन्य सहायक सामग्रीको सूची तयार गर्ने,<br>• खरिद ईकाई/समितिको निर्णय अनुसार खरिद गर्ने । |
| बजेट बाँडफाँट | उपलब्ध बजेटको परिधिमा रही टेस्टकिट ,केमिकल तथा अन्य सहायक सामग्रीको खरिदमा बजेट बाँडफाँट गर्ने । |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३ र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | खरिद आदेश, दाखिला प्रतिवेदन, बिल भरपाई । |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

५.५ कियाकलापको नाम: प्रयोगशालाजन्य फोहोरमैला व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.1780 | २२५२२ | ८० | प्रदेश जन स्वा. प्रयोगशाला | स्वीकृत कार्य योजनाअनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश जनस्वास्थ्य प्रयोगशालामा दैनिक उत्सर्जित हुने फोहोरहरुलाई उचित व्यवस्थापनका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रयोगशालाजन्य फोहोरमैलालाई व्यवस्थित बिसर्जन गर्ने । |
| अपेक्षित प्रतिफल | प्रयोगशालाजन्य फोहोरमैलालाई व्यवस्थित बिसर्जन भएको हुनेछ । |

| | |
|---|---|
| संचालन प्रकृया | • प्रयोगशालाबाट उत्सर्जित फोहोरमैलाको वर्गीकरण गर्ने,<br>• फोहरमैला व्यवस्थापनमा प्रयोग हुने आवश्यक सामाग्रीहरुको सूची तयार गरी खरिद ईकाई/समितिको निर्णय अनुसार खरिद गर्ने,<br>• फोहोरमैला व्यस्थापनका लागि काम गर्ने अन्य संस्थासँग समन्वय गरी आवश्यक परेमा सम्झौता गर्ने। |
| बजेट बाँडफाँट | उपलब्ध बजेटको परिधिभित्र रही आवश्यक सामग्री खरिद तथा सिर्जित दायित्व भुक्तानी समेतमा बजेट बाँडफाट गर्न सकिनेछ। |
| सन्दर्भ सामग्री | Health Care Waste Management Guideline (HCWM) 2022, सार्वजनिक खरिद ऐन २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका र सम्झौता। कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | खरिद आदेश, दाखिला, सम्झौता पत्र, बिल भरपाई तथा अन्य। |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

५.६ क्रियाकलापको नाम: जिन एक्सपर्ट पिसिआर ओरियन्टेशन/समीक्षा

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.1781 | २२५२२ | २०० | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेका जिन एक्सपर्ट केन्द्रहरुबाट सम्पादित वार्षिक क्रियाकलापबाट भएको सिकाई, अनुभव आदानप्रदान, आगामी दिनमा सुधार गर्नुपर्ने पक्षहरु तथा सम्पादित कामको मूल्याङ्कन र नयाँ कर्मचारीहरुलाई त्यस सम्बन्धी ज्ञान, सीप क्षमता अभिवृद्धि गर्न अभिमुखिकरणका कार्यक्रम राखिएको हो । |
| उद्देश्य | कार्यक्रमको मूल्याकंन र अभिमुखिकरण मार्फत प्रयोगशालाकर्मीहरुको ज्ञान, सीप क्षमता विकास गर्ने। |
| अपेक्षित प्रतिफल | प्रयोगशाला सेवा थप गुणस्तरीय भएको हुनेछ । |

प्रदेश सचिव

| | |
|---|---|
| संचालन प्रकृया | • समीक्षा/ अभिमुखिकरण कार्ययोजना तयारी २ दिने कार्यक्रम संचालन गर्ने,<br>• प्रस्तुतिकरणको खाका तयार गरी सम्बन्धित केन्द्रहरुलाई पत्राचार गर्ने,<br>• कार्यक्रम संचालन गर्ने,<br>• बजेटको परिधिभित्र रही आवश्यकता अनुसार आवश्यक पर्ने सामग्रीहरुको खरिद तथा व्यवस्थापन गर्न सकिने छ। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड अनुसार समीक्षा/अभिमुखिकरणकालागि आवश्यतानुसार अनुसार बजेट बाँडफाँट गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, भ्रमण विल, भरपाईहरु । |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

५.७ क्रियाकलापको नामः आधारभूत प्रयोगशाला तालिम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.39 | २२५२२ | ५०० | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश तथा स्थानीय तह अन्तर्गत प्रयोगशालामा कार्यरत कर्मचारीहरुको ज्ञान ,सीप र क्षमता, विकास गर्न आधारभूत प्रयोगशाला तालिम कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रयोगशालामा कार्यरत कर्मचारीको क्षमता, ज्ञान र सीप विकास गरी गुणस्तरीय सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | प्रयोगशालाकर्मीको ज्ञान ,सीप तथा क्षमता अभिबृद्धिभइ रोगको समयमा नै निदान तथा नियन्त्रणमा सहयोग पुगी गुणस्तरीय सेवा प्रवाहहुनेछ । |
| संचालन प्रकृया | • यो तालिम् १५ दिन सम्म संचालन हुनेछ,<br>• बजेटको परिधिभित्र रही प्रयोगशालामा कार्यरत नयाँ तथा पहिले तालिम नलिएका प्राविधिक कर्मचारीहरुलाई छनौट गरी यो तालिम संचालन गरिनेछ,<br>• यस तालिममा प्रतिदिन चार जना सहजकर्ता र तालिम अवधिभर पाँच वटा श्रोतव्यक्तिबाट यो तालिम संचालन हुनेछ । |

| | |
|---|---|
| | • यो तालिममा प्राक्टिकल तथा डेमोस्ट्रेशनको लागी रु. दश हजार सम्म खर्च गर्न सकिने छ। <br> • बजेटको परिधिभित्र रहि आवश्यकता अनुसार यस कार्यक्रमलाई आवश्यक पर्ने अन्य सामग्रीहरु पनि यसै बजेटबाट व्यवस्थापन गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ र कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ |
| सन्दर्भ सामग्री | यस तालिम सम्बन्धी मोडूल ,म्यानुअल र अन्य निर्देशिकाहरु साथै प्रयोगशालाको तालिम सम्बन्धित शैक्षिक सामग्रीहरु ।कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | तालिम सम्पन्न प्रतिवेदन,भ्रमण बिल तथा भरपाईहरु । |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

५.८ क्रियाकलापको नामः टेस्ट किट खरिद(HIV, HBsAg, HCV, HEV, HAV etc.)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.395 | २२५२२ | ३०० | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेशस्तरीय जनस्वास्थ्य प्रयोगशालामा बिभिन्न रोगको निदान ,निगरानी तथा प्रकोपको अवस्था रोगको पहिचानका साथै गुणस्तर कायम गर्नका लागिबिभिन्न किसिमका टेष्टकिटहरु आवश्यक पर्ने भएकाले प्रयोगशालाबाट प्रदान गरिनेगुणस्तरीय सेवा निरन्तर रुपमासञ्चालन गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | बिभिन्न रोगको निदान ,निगरानी तथा प्रकोपकोअवस्था पहिचान गरी निरन्तर गुणस्तरीय प्रयोगशाला सेवाको व्यवस्थापन गर्ने । |
| अपेक्षित प्रतिफल | रोग तथा जनस्वास्थ्य समस्याको समयमा नै निदान तथा निगरानीमा सहयोग भई गुणस्तरीय सेवा कायम हुनेछ । |
| संचालन प्रकृया | • आवश्यक किटहरुको सूची तयार गर्ने, <br> • खरिद ईकाई/समितिको निर्णय अनुसार सामग्री खरिद गर्ने । |
| बजेट बाँडफाँट | उपलब्ध बजेटको परिधिभित्र रही किट खरिदका लागि बजेट बाँडफाँट गर्न सकिनेछ। |
| सन्दर्भ | सार्वजनिक खरिद ऐन २०६३, नियमावली, २०६४ । कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका |

प्रदेश सचिव

| | |
|---|---|
| सामग्री | २०७५ |
| अनुगमन सूचक | खरिद आदेश ,दाखिला प्रतिवेदन, विल भरपाईहरु । |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

५.९ क्रियाकलापको नामः प्रयोगशालाका लागि रियजेन्ट तथा केमिकल खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.665 | २२५२२ | ४०० | प्रदेश जन स्वा. प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेशस्तरीय जनस्वास्थ्य प्रयोगशालामा बिभिन्न रोगको निदान तथा निगरानीको लागि बिभिन्न किसिमका रियजेन्ट तथा केमिकलहरु आवश्यक पर्ने भएकोले प्रयोगशालाबाट प्रदान गरिने गुणस्तरीय सेवा सुचारु रुपमा सञ्चालन गर्नका यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | बिभिन्न रोगको निदान तथा निगरानी गरी निरन्तर गुणस्तरीय प्रयोगशाला सेवाको व्यवस्थापनको लागि कायम गर्ने । |
| अपेक्षित प्रतिफल | रोग तथा जनस्वास्थ्य समस्याको समयमा नै निदान तथा निगरानीमा सहयोग भई गुणस्तरीय सेवा कायम हुनेछ । |
| संचालन प्रकृया | • प्रयोगशालामा आवश्यक पर्ने रियजेन्ट तथा केमिकलहरुको सूची तयार गर्ने<br>• खरिद ईकाई/समितिको निर्णय अनुसार खरिद गर्ने । |
| बजेट बाँडफाँट | उपलब्ध बजेटको परिधिमा रही रियजेन्ट तथा केमिकल खरिदमा बजेट बाँडफाँट गर्ने। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३ र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | खरिद आदेश ,एकीकृत दाखिला प्रतिवेदन, विल भरपाईहरु । |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । प्रदेश सचिव |

५.10 क्रियाकलापको नामः प्रयोगशाला उपकरण संचालन तथा व्यवस्थापन सम्बन्धी तालिम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.666 | २२५२२ | ४०० | प्रदेश जन स्वा. प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रयोगशाला सम्बन्धी उपकरण संचालन तथा व्यवस्थापन सम्बन्धी काम गर्ने कर्मचारीहरुको ज्ञान, सीप र क्षमता विकास गर्न यो तालिम कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रयोगशाला उपकरण संचालन तथा व्यवस्थापन सम्बन्धी काम गर्ने कर्मचारीहरुको ज्ञान, सीप र क्षमता विकास गुणस्तरीय सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | प्रयोगशालाकर्मीहरुको ज्ञान ,सीप तथा क्षमता अभिवृद्धि भइ गुणस्तरीय सेवामा सुधार हुनेछ। |
| संचालन प्रकृया | • यो तालिम १० दिनसम्म संचालन हुनेछ,<br>• बजेटको परिधिभित्र रही ६ देखि १० जना सहभागी गराई यो तालिम संचालन गरिनेछ,<br>• यस तालिममा प्रतिदिन चार जना सहजकर्ता र तालिम अवधिभर चार वटा श्रोतव्यक्तिबाट यो तालिम संचालन हुनेछ,<br>• यो तालिममा प्राक्टिकल तथा डेमोशट्रेशनको लागी रु. दश हजारसम्म खर्च गर्न सकिने छ,<br>• बजेटको परिधिभित्र रहि आवश्यकता अनुसार यस कार्यक्रमलाई आवश्यक पर्ने अन्य सामग्रीहरु पनि यसै बजेटबाट व्यवस्थापन गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ र कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ |
| सन्दर्भ सामग्री | प्रयोगशाला सम्बन्धी उपरकणहरुको SOP तथा अन्य निर्देशिकाहरु । कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | तालिम सम्पन्न प्रतिवेदन, भ्रमण बिल तथा भरपाईहरु । |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

प्रदेश सचिव

५.११ क्रियाकलापको नाम: प्रयोगशाला कर्मचारीहरुको लागि बार्षिक कार्यशाला गोष्ठी

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.323 | २२५२२ | ३०० | प्रदेश जन स्वा. प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश तथा स्थानीय तहमा सञ्चालित प्रयोगशालामा भए गरेका कामको समिक्षा तथा मूल्याङ्कन ,नयाँ प्रयोगशाला प्रविधिको छलफल, काम गर्ने क्रममा आईपरेका समस्या र ती समस्याका समाधानका उपायहरुको छलफल र अनुभवहरुको आदान प्रदान साथै योजना तर्जुमा गर्न यो वार्षिक कार्यशाला गोष्ठी कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रयोगशालामा कार्यरत कर्मचारीहरु बीच प्रयोगशाला सेवा ,ज्ञान ,सीप तथा व्यवस्थापन सम्बन्धी छलफल भई गुणस्तरीय सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | ज्ञान तथा सीपको आदानप्रदान भई गुणस्तरीय प्रयोगशाला सेवा प्रवाह हुनेछ । |
| संचालन प्रकृया | • कार्यक्रम संचालनका लागि कार्ययोजना बनाउने।<br>• प्रदेश तथा स्थानीय तहमा रहेका प्रयोगशालाबाट प्रतिनिधित्व हुनेगरी प्रयोगशालाकर्मीलाई सहभागी गराईनेछ।<br>• उक्त समिक्षा गोष्ठी दुई दिन सञ्चालन गरिनेछ।<br>• बजेटको परिधिभित्र रहि आवश्यकता अनुसार यस कार्यक्रमलाई आवश्यक पर्ने अन्य सामग्रीहरु पनि यसै बजेटबाट खर्च गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च बाँडफाँट मापदण्ड निर्देशिका, २०७५ र कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ अनुसार हुनेछ। |
| सन्दर्भ सामग्री | स्वास्थ्य सम्बन्धी केन्द्रिय तथा प्रादेशिक ,वार्षिक तथा प्रयोगशाला सम्बन्धी प्रतिवेदनहरु। कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, भ्रमण बिल र भरपाईहरु। |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

५.१२ क्रियाकलापको नामः प्रदेश जन स्वास्थ्य प्रयोगशालाको रिफ्रेन्स ल्याबको लागि रियजेन्ट तथा क्यालिब्रेटर कन्ट्रोल तथा other Consumables उपकरण खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७२३ | २२५२२ | ४०० | प्रदेश जन स्वा. प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेशस्तरीय जनस्वास्थ्य प्रयोगशालामा बिभिन्न रोगको निदान तथा निगरानीको लागि बिभिन्न किसिमका रियजेन्ट तथा केमिकलहरु आवश्यक पर्ने भएकोले प्रयोगशालाबाट प्रदान गरिने गुणस्तरीय सेवा सुचारु रुपमा सञ्चालन गर्नका यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | बिभिन्न रोगको निदान तथा निगरानी गरी निरन्तर गुणस्तरीय प्रयोगशाला सेवाको व्यवस्थापनको लागि कायम गर्ने । |
| अपेक्षित प्रतिफल | रोग तथा जनस्वास्थ्य समस्याको समयमा नै निदान तथा निगरानीमा सहयोग भई गुणस्तरीय सेवा कायम हुनेछ । |
| संचालन प्रकृया | • प्रयोगशालामा आवश्यक पर्ने रियजेन्ट तथा केमिकलहरुको सूची तयार गर्ने<br>• खरिद ईकाई/समितिको निर्णय अनुसार खरिद गर्ने । |
| बजेट बाँडफाँट | उपलब्ध बजेटको परिधिमा रही रियजेन्ट तथा केमिकल खरिदमा बजेट बाँडफाँट गर्ने। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३ र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | खरिद आदेश ,एकीकृत दाखिला प्रतिवेदन, बिल भरपाईहरु । |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

**५.१३ क्रियाकलापको नाम: प्रयोगशाला परिक्षणाका लागि अत्याआवश्यक सामाग्री रियजेन्ट खरिद ( VTM, Reagent, RDT etc.)**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२. ३३३ | २२५२२ | १७५ | प्रदेश जन स्वा. प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेशस्तरीय जनस्वास्थ्य प्रयोगशालामा बिभिन्न रोगको निदान तथा निगरानीको लागि बिभिन्न किसिमका रियजेन्ट तथा केमिकलहरु आवश्यक पर्ने भएकोले प्रयोगशालाबाट प्रदान गरिने गुणस्तरीय सेवा सुचारु रुपमा सञ्चालन गर्नका यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | बिभिन्न रोगको निदान तथा निगरानी गरी निरन्तर गुणस्तरीय प्रयोगशाला सेवाको व्यवस्थापनको लागि कायम गर्ने । |
| अपेक्षित प्रतिफल | रोग तथा जनस्वास्थ्य समस्याको समयमा नै निदान तथा निगरानीमा सहयोग भई गुणस्तरीय सेवा कायम हुनेछ । |

| | |
|---|---|
| संचालन प्रकृया | • प्रयोगशालामा आवश्यक पर्ने रिएजेन्ट तथा केमिकलहरुको सूची तयार गर्ने<br>• खरिद ईकाई/समितिको निर्णय अनुसार खरिद गर्ने । |
| बजेट बाँडफाँट | उपलब्ध बजेटको परिधिमा रही रियजेन्ट तथा केमिकल खरिदमा बजेट बाँडफाँट गर्ने। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३ र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | खरिद आदेश ,एकीकृत दाखिला प्रतिवेदन, बिल भरपाईहरु । |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

## ज. प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र अन्तर्गतका क्रियाकलापहरू

### ९.१ कृयाकलापको नामः गाँउघर/शहरी क्लिनिक संचालन तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रम (स्वास्थ्य सेवा)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०८१ | २२५२२ | ७५ | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका नागरिकलाई नसर्ने रोगका बारेमा जनचेतना दिने तथा आयुर्वेद चिकित्सा सेवा उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका जनतालाई घरदैलोमा नै प्रत्यक्ष रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | यूनीकरण तथा स्वस्थ जीवनशैली व्यवस्थापन गर्न |
| सञ्चालन प्रकृया | • स्वीकृत बजेट कार्यक्रमको परिधिभित्र रही औषधि खरिद र अन्य व्यवस्थापन तथा संचालनमा खर्च गर्नुपर्नेछ,<br>• नियममित रुपमा १५ दिनको अन्तरमा तोकिएको एक वा एक भन्दा बढी स्थानमा सम्बन्धित पालिको समन्वयमा गाउँघर क्लिनिक संचालन गर्ने,<br>• आवश्यकता अनुसार नसर्ने रोगहरुको न्यूनिकरण सम्बन्धी जानकारी मूलक सामग्रीको छपाई |

| | |
|---|---|
| | र अन्य चेकजाँचमा आवश्यक उपकरण लगायत अन्य सामग्री खरीद गर्ने,<br>• कार्यक्रमकको चौमासिक प्रतिवेदन सामाजिक विकास मन्त्रालय र निर्देशनालयमा पठाउने। |
| बजेट बाँडफाँट | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | नसर्ने रोग सम्बन्धि निर्देशिका,औषधि भेषज सहिता आदि |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, खरिद ईकाइको निर्णय, खरिद आदेश, दाखिला प्रतिवेदन, औषधी वितरण रजिष्टर, बिरामीको विवरण |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवार तोकेको व्यक्ति |

## ९.२ कृयाकलापको नामः जेष्ठ नागरिक स्वास्थ्य प्रर्वधन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.६ | २२५२२ | ९०० | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जेष्ठ नागरिकहरुलाई निःशुल्क चेकजाँच गरी स्वास्थ्य प्रबर्धक गर्ने रसायन एवं शक्तिवर्धक आयुर्वेदिक औषधीहरु निःशुल्क वितरण गरी जेष्ठ नागरिकको स्वास्थ्य रक्षा गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | जेष्ठ नागिरकलाई आवश्यकता अनुसार पुर्व कर्म पञ्चकर्म रसायन र योगको माध्यमबाट स्वास्थ्य संरक्षण प्रवर्धन गरि स्वास्थ्यमा पहुच विष्तार गर्ने । |
| अपेक्षित प्रतिफल | जेष्ठ नागरिकहरुको स्वास्थ्य प्रवर्धन भएको हुनेछ । |
| संचालन प्रकृया | • आयुर्वेद स्वास्थ्य संस्थाहरुमा दैनिक सेवा लिन आउने जेष्ठ नागरिकहरु वा जेष्ठ नागरिकसँग सम्बन्धित काम गरीरहेका स्थानीय संघ संस्थाहरु बृध्दाश्रम,कारागार लगायत केन्द्रहरुको समन्वयमा तिनीहरुको त्यहाँ रहेका जेष्ठ नागरिकहरुको पहिचान गरी नियमित रुपमा स्वास्थ्य जाँच गर्ने तथा सार्वजनिक खरिद ऐन नियम र प्रचलित कानुन अनुसार गुणस्तरीय औषधीको खरिद गरी आवश्यकतानुसार व्यवस्था मिलाउने,<br>• जेष्ठ नागरिकलाई सेवा दिन आवश्यक पर्ने संस्थामा उपलब्ध सबै प्रकारका सेवाहरुलाई यसै कार्यक्रम मार्फत निःशुल्क सेवा दिने व्यवस्था गर्ने,<br>• उमेर अनुसार जेष्ठ नागरिकको स्वास्थ्य समस्याहरुलाई विशेष ध्यान दिदै आचार रसायन,आहार |

| | |
|---|---|
| | बिहार योग समेत गराउन सकिने |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ तथा निर्देशिका, मापदण्ड, जेष्ठ नागरिक नागरिक सम्बन्धी कार्यविधिहरु आदि |
| अनुगमन सूचक | खरिद आदेश दाखीला रिपोर्ट सेवाग्राही संख्या |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

९.३ कृयाकलापको नामः स्तनपायी आमाको लागि निःशुल्क दुग्धवर्धक औषधी वितरण कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१२ | २२५२२ | ५०० | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्तनपायी आमाहरुलाई मातृशिशु सुरक्षार्थ तथा कुपोषण न्यूनीकरण गर्न दुग्धवर्धक औषधी वितरण गर्ने हेतुले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | स्तनपान गराइरहेका आमाहरुलाई मातृशिशु सुरक्षार्थ तेल तथा दुग्धवर्धक औषधीको प्रयोग गरी भविश्यमा हुन सक्ने कुपोषण जन्य रोगबाट बचाउने । |
| अपेक्षित प्रतिफल | स्तनपान गराइरहेका आमाहरु र बालबालिकाहरु शारिरीक तथा मानसिक रुपमा स्वस्थ भएको हुनेछन्। |
| संचालन प्रकृया | • अस्पताल तथा अनुसन्धान केन्द्रमा आउने, स्तनपायी आमालाई प्रत्येक १५ दिनको पुनरावृतमा दुग्दवर्धक आयुर्वेद औषधीहरु निःशुल्क वितरण गर्ने। (सुत्केरी भएको ६ महिना भित्रका महिलाहरुले मात्र )<br>• आवश्यकता अनुसार जिल्लामा रहेका अस्पताल,औषधालय,नागरिक आरोग्य केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, बर्थिङ सेन्टरहरुसँग समन्वय गरी सो मार्फत स्तनपायी आमालाई स्तन्यवर्धक औषधीहरु तथा अन्य औषधीहरु वितरण गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | निर्देशिका,मापदण्ड ,कार्यविधि आदि |
| अनुगमन सूचक | दुग्दवर्धक औषधीहरु वितरण रेकर्ड |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

९.४ कृयाकलापको नाम :पुर्वकर्म पञ्चकर्म संचालन तथा व्यवस्थापन कार्यक्रम

घनश्याम भण्डारी

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९५ | २२५२२ | १५०० | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आधारभूत आयुर्वेद सेवा सम्बन्धित पुर्वकर्म पंञ्चकर्म कार्यक्रमका माध्यमबाट सेवाग्राहीहरुको उपचार तथा स्वास्थ्य प्रवर्धन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | सेवाग्राहीहरुको जाँच गरी पुर्वकर्म पंञ्चकर्म कार्यक्रमका माध्यमबाट सेवाग्राहीहरुको उपचार तथा स्वास्थ्य प्रवर्धन गरी आवश्यक उपचारका साथै परामर्श दिने । |
| अपेक्षित प्रतिफल | सेवाग्राहीहरुको स्वास्थ्य संरक्षण, प्रवर्धन र पुनर्स्थापनामा सघाउ पुगी सेवा विस्तार भएको हुनेछ । |
| सञ्चालन प्रकृया | • पूर्वकर्म,पंचकर्ममा प्रयोग हुने मुख्य गुणस्तरी औषधीहरू खरिद गर्ने,<br>• स्वेदनकर्मको लागि तोकिएका द्रव्यहरूलाई रोग अनुसार प्रयोग गर्ने,<br>• स्नेहन, स्वेदन, शिरोधारा, कटीवस्ती, ग्रीवावस्ती, नस्य कार्यक्रम संचालन गर्ने र प्राथमिकता अनुसार आवश्यक पूर्वकर्म,पंचकर्ममा प्रयोग हुने स्वचालित उपकरण तथा सामग्री समेत खरिद गरी पूर्वकर्म पञ्चकर्म सेवा निरन्तर प्रदान गर्ने ।<br>• सेवालाई प्रभावकारी बनाउन सेवाग्राहीको चाप अनुसार पुर्वकर्म/पंचकर्म सम्बन्धी कम्तिमा १ महिने तालिम प्राप्त आयुर्वेद स्वास्थ्यकर्मी सेवा करारमा लिई सेवा सुचारु गर्ने ।<br>• आवश्यकता अनुसार कार्यालय समयभन्दा अघिपछि पुर्वकर्म/पंचकर्म सेवालाई निरन्तर दिन सकिने छ।<br>• समय समयमा अभ्याङ्कर्ता तथा पञ्चकर्म सेवामा काम गर्ने कर्मचारीलाई पुनरताजकी तालिम वा अभिमुखिकरण कार्यक्रम संचालन गर्दै सेवाको सुदृढ गर्ने । |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ तथा निर्देशिका,मापदण्ड,कार्यविधि ,आदि। |
| अनुगमन सूचक | बिरामीको लथ्याङ्क ,दाखिला प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

९.५ कृयाकलापको नामः प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन वितरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.१.५९ | २२५२२ | ५०० | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद सेवा बारे जानकारी गराउन श्रब्यदृष्य रेडियो, छापा, विद्युतीय माध्ययमबाट सामग्री तयार गरी आयुर्वेद सम्बन्धी सचेतना जगाउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आयुर्वेद विषय समेटिएको सन्देश उत्पादन र प्रशारण तथा प्रकाशन गर्ने । |
| अपेक्षित प्रतिफल | जनसमुदायमा आयुर्वेद सेवाको बारेमा जानकारी हुनेछ । |
| सञ्चालनप्रकृया | • आयुर्वेद विषय समेटिएको सूचनामूलक आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा सँग सम्बन्धित सामग्रीहरू एकिन गरि सन्देशमूलक सामाग्री तयार गर्ने।<br>• विभिन्न अनलाईन एवम् छापा माध्यमबाट सूचनामूलक सन्देश प्रसारण तथा प्रकाशन वितरण गर्ने,<br>• आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको सेवा सम्बन्धी भिडियो डकुमेन्ट्री निर्माण गर्ने। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५<br>निर्देशिका कार्यबिधि मापदण्डहरु |
| अनुगमन सूचक | सूचना प्रसारण सम्झौता पत्र आदि |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

९.६ कृयाकलापको नामः निशुल्क आयुर्वेद स्वास्थ्य शिविर संचालन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२२० | २२५२२ | १००० | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थाको पहुँच नपुगेका स्थानहरूमा आयुर्वेद चिकित्सा सेवा सम्बन्धी सचेतना र सेवा प्रवाह गर्न आवश्यक ठानी यो कार्यक्रम राखिएको हो । |

| | |
|---|---|
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाको पहुँच नपुगेका स्थानहरूमा आयुर्वेद चिकित्सा सेवा सम्बन्धी सचेतना र सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | आयुर्वेद चिकित्सा सम्बन्धी सचेतना अभिवृद्धिभइ स्वास्थ्य सेवा प्रवाह भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • आयुर्वेद सेवाको पहुँच नपुगेका स्थानहरू छनोट गरी आवश्यकता अनुसार मन्त्रालय ,निर्देशनालयले यस आ.ब मा कुनै प्रकारका स्वास्थ्य शिविर संचालन नगरेको स्थान पहिचान गरि स्वीकृत कार्ययोजना अनुसार आयुर्वेद स्वास्थ्य शिविर संचालन गर्ने,<br>• प्रदेश अन्तर्गतका जिल्लामा रहेका आयुर्वेद स्वास्थ्य केन्द्रहरु नजिकको आयुर्वेद औषधालय/नागरिक आरोग्य सेवा केन्द्रहरू ,स्वास्थ्य सेवा निर्देशनालय,स्थानिय निकायसँग समन्वयन गरि कम्तिमा २ स्थानमा विषेशज्ञ आयुर्वेद सहितको स्वास्थ्य शिविर संचालन गर्ने, |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका निर्देशिका २०७५ बमोजिम |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन,खरिद आदेश औषधीको दाखिला बिरामी तथ्यांक आदि |
| जिम्मेवार ब्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको ब्यक्ति |

९.७ कृयाकलापको नामः ल्याव सेवा ब्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.८२ | २२५२२ | १२६४ | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न प्रयोगशालाको स्वास्थ्य सम्बन्धी उपकरण आवश्यकता पर्ने केमिकल रिएजेन्ट औजार उपकरण खरिद गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | गुणस्तरीय प्रयोगशाला सेवा संचालन गर्ने । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय प्रयोगशाला संचालन भई सेवा बिस्तार भएको हुनेछ । |
| सञ्चालन | • प्रयोगशालालाई आवश्यक पर्ने स्वास्थ्य सम्बन्धी औजार रिएजेन्ट उपकरण तथा |

३७

| | |
|---|---|
| प्रक्रिया | केमिकलको सूचि तयार गरी कार्यक्रम तथा लागत अनुमान स्वीकृत गराउने ।<br>• सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्य गर्ने,<br>• दैनिक प्रयोगशाला सेवा लिने सेवाग्राहिको चाप र आवश्यकता अनुसार जनशक्ति व्यवस्थापन सहित प्रयोगशालाको सामान्य मर्मत सम्भार समेत गर्न सकिने ।<br>• प्रदेश जनस्वास्थ्य प्रयोगशालासँग सहकार्य गरि सेवा थप व्यवस्थित बनाउन आवश्यक कार्य गर्ने । |
| बजेट बाँडफाँड | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ सार्वजनिक खरिद एन २०६३ नियमावली २०६४ |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति प्रयोगशालाकर्मि |

## ९.८ कृयाकलापको नाम: विद्यालय आयुर्वेद योग शिक्षा कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अबधि |
|---|---|---|---|---|
| २.७.२२.५१४ | २२५२२ | २०० | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद योग शिक्षाका विभिन्न कृयाकलापहरुको अभ्यास गराउन विद्यालय आयुर्वेद योग शिक्षा कार्यक्रम राखिएको हो । |
| उद्देश्य | विद्यार्थी र शिक्षकले घर परिवारमा योग गर्न प्रोत्साहन गर्ने तथा स्थानीय जडीबुटीको पहिचान संरक्षण तथा प्रयोग गर्ने । |
| अपेक्षित प्रतिफल | स्वस्थ जीवनशैली आयुर्वेद योग जडिबुटी सम्बन्धी जानकारी प्राप्त भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • आयुर्वेद योग शिक्षा कार्यक्रम संचालन निर्देशिकामा भने अनुसार समुदायक, निजि तथा धार्मिक विद्यालयका शिक्षक शिक्षीकाहरुलाई समेत आयुर्वेद,योग शिक्षा तथा जीवनशैली व्यवस्थापन सम्बन्धित तोकिएको विषयबस्तुमा आधारित रही कक्षा संचालन गर्ने,<br>• प्रदेशभित्रका पालिकाहरुसँग समन्वयन गरी पालिकामा रहेका नमुना विद्यालयहरुमा अध्ययनरत |

| | |
|---|---|
| | विद्यार्थी, स्वास्थ्य शिक्षक, शिक्षिकाहरू, विद्यालय नर्स, स्थानीय तहमा रहेको शिक्षा विकास समन्वय इकाईसँग समन्वय गरी योग आयुर्वेद चिकित्साका बारेमा तालिम दिइ नियमित कक्षा संचालन र अभ्यास गराउने,<br>• आयुर्वेद स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाहरू लगायत योग शिक्षा तथा जीवनशैली व्यवस्थापनमा कक्षा सञ्चालन गर्ने । |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | विद्यालय आयुर्वेद योग शिक्षा कार्यक्रम संचालन निर्देशिका,मापदण्ड,कार्यविधि |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन ,उपस्थिति ,भ्रमण बिल ,भर्पाई आदि |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

## ९.९ कृयाकलापको नामः वातसामक तेल निर्माण वितरण कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९४ | २२५२२ | १००० | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थामा सेवा लिन आउने जीर्ण बातरोगका बिरामी, जेष्ठ नागरिक सेवाग्राहीको बात रोगलाई न्यूनीकरण गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | बातरोग तथा वेदना शमन गरी बिरामीको स्वास्थ्य रक्षा गर्न । |
| अपेक्षित प्रतिफल | बातरोग तथा वेदनाजन्य रोगको न्युनिकरण भएको हुनेछ । |
| सञ्चालन प्रकृया | • आयुर्वेद स्वास्थ्य संस्थामा आउने बातरोगी तथा जेष्ठनागरिक सेवाग्राहिको छनौट गर्ने,<br>• बातसामक विभिन्न तेल निर्माण गर्न कच्चा तेल, जडिबुटी तथा अन्य सामग्री सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्य गर्ने,<br>• खरिद गरी आवश्यकतानुसार अन्य जडिबुटि समेत मिसाएर विभिन्न बातनाशक तैल निमार्ण गरी वितरण गर्ने। निर्माण भएको तैल औषधि दाखिला गरी मागअनुसार जिल्लस्थित सबै आयुर्वेद स्वास्थ्य केन्द्र, स्थानीय तहमा रहेका आयुर्वेद स्वास्थ्य संस्थाहरुमा समेत आपूर्ति गर्ने, |

| | |
|---|---|
| | • पुर्वकर्म पंञ्चकर्म अन्तर्गतका सेवाहरूमा आवश्यक पर्ने वातशामक तैल खरीद गरी सेवाग्राहीहरूलाई समुचित वितरण गर्ने । |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५तथा निर्देशिका,मापदण्ड,कार्यविधि आदि |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन तेल वितरण सूचि आदि |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

९.१० कृयाकलापको नामः राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती, राष्ट्रिय तथा अन्तराष्ट्रिय योग दिवस मनाउने

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७३६ | २२५२२ | १५० | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कार्तिक महिनामा राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती माघ महिनामा राष्ट्रिय योग दिवस र असार महिनामा अन्तराष्ट्रिय योग दिवस मनाउने प्रयोजनका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आयुर्वेद तथा योग पद्धतिको संरक्षण तथा स्मरण गर्दै यसको प्रचार प्रसार गर्ने। |
| अपेक्षित प्रतिफल | योगाभ्यासबाट हुने लाभका विषयमा जनचेतना अभिबृद्दि भएको हुनेछ। |
| संचालन प्रकृया | • धन्वन्तरी जयन्तिका दिन स्वास्थ्य सम्बन्धी बिभिन्न जनचेतनामूलक कृयाकलाप सहित आरोग्य दिवस मनाउने,<br>• प्रत्यक वर्ष माघ १ गते र जुन २१ मा चिकित्सकीय योगाभ्यास Therapeutic yoga सहित सर्वसाधारणको उल्लेख्य सहभागिता हुन सक्ने स्थान छनोट गरी क्रमश राष्ट्रिय योग दिवस र अन्तर्राष्ट्रिय योग दिवस विविध कृयाकलाप सहित अभियानका रुपमा मनाउने,<br>• योग र आयुर्वेदको महत्व बारे प्रचार प्रसार हुने बिभिन्न सामाग्रीहरुको छपाई कार्य। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |

| | |
|---|---|
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५तथा निर्देशिका,मापदण्ड,कार्यविधि |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

९.११ कृयाकलापको नामः क्षारसुत्र व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९६ | २२५२२ | १५०० | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | पाइल्स ,फिसर ,फिष्टुला एवम् अन्य गुदद्वार सम्बन्धी रोगको पहिचान गरी आवश्यकता अनुसार शल्यकर्म गर्नका लागी यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | पाइल्स ,फिसर ,फिष्टुला एवम् अन्य गुदद्वार सम्बन्धी रोगको स्कृनिङ्ग गरि रोग पत्ता लगाई आयुर्वेद चिकित्साका माध्ययमबाट उपचार गर्न। |
| अपेक्षित प्रतिफल | गुदविकार सम्बन्धी समस्याहरूका बिरामीहरू समयमानै रोगको निदान र उपचार सेवा पाउनेछन्। |
| सञ्चालन प्रकृया | • आयुर्वेद स्वास्थ्य संस्थामा आउने बिरामीहरूमा पाइल्स,फिसर,फिष्टुला लगाएत बिरामीको छनोट गरी आवश्यकतानुसार स्कृनिङ्ग, उपचार ,परामर्श सहित शल्यकर्म क्षारशुत्र सेवा प्रदान गर्ने,<br>• आवश्यकता अनुसार क्षारसुत्र कर्म तथा अन्य शल्य कर्म गर्नका लागि आवश्यक यन्त्र उपकरण लगायतका सामग्रीहरु सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्य गर्ने,<br>• खरीद गरि गुणस्तरिय सेवा प्रदान गर्ने।<br>• आवश्यतानुसार जनशक्ति व्यवस्थापन गर्न सकिने छ । |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ तथा निर्देशिका,मापदण्ड,कार्यविधि |

| | |
|---|---|
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन ,बिरामी बिवरण आदि |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

## ९.१२ कृयाकलापको नामः अत्यावश्यक आयुर्वेद औषधी खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.२.९.२ | २७२१३ | २००० | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपालको संविधानमा प्रत्याभूत गरिएको स्वास्थ्य सेवा निःशुल्क पाउने अधिकारलाई सुनिश्चित गर्न अत्यावश्यक आयुर्वेद औषधीहरू खरिदका लागि यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | रोगहरुको प्राथमिकता अनुसार आवश्यक हुने औषधी खरिद गर्ने । |
| अपेक्षित प्रतिफल | आवश्यक आयुर्वेद खरिद भई लक्षित समूहमा वितरण भएको हुनेछ । |
| सञ्चालन प्रकृया | • आयुर्वेद औषधीको प्राथमिकता निर्धारण गरी नेपाल सरकारले तोकिए अनुसारका निःशुल्क बितरण गरिने साथै अन्य अत्यावश्यक आयुर्वेद औषधीहरू खरिद गर्नुपर्नेछ,<br>• मापदण्ड अनुसार गुणस्तरयुक्त औषधीहरू खरिद गरी निःशुल्क सूचिका आयुर्वेद औषधीहरुको वार्षिक आवश्यक परिमाण प्रक्षेपण गर्ने,<br>• स्वीकृत खरिद योजना बमोजिम गुणस्तरीय आयुर्वेद औषधी खरिद सुनिश्चित गरेर प्रचलित ऐन/नियमावली अनुसार खरिद गरी स्टोरहरुमा राख्ने,<br>• आवश्यकता अनुसार कार्यालयले औषधीहरुको खरिद गर्न एक गुणस्तर परीक्षण समिति निर्माण गरी समितिको गुणस्तर परिक्षण प्रतिवेदन अनुरुप गुणस्तरीय औषधी मात्र खरिद गर्ने । |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ सार्वजनिक खरिद ऐन, निर्देशिका मापदण्ड कार्यविधि |
| अनुगमन सूचक | खरिद आदेश दाखिला रिपोर्ट |
| जिम्मेवार | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

| व्यक्ति | |
|---|---|

९.१३ कृयाकलापको नामः स्वास्थ्य जीवन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४१७ | २२५२२ | १५० | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वस्थ जीवनशैली परिवर्तनका लागि योग प्रणायाम ध्यानका माध्यमबाट नसर्ने रोगको न्यूनिकरण गर्नका साथै स्थानीय जडिबुटिको प्रयोग गरी स्वास्थ्य प्रर्वधन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | चिकित्सा सम्वन्धी योगको अभ्यास तथा चिकित्सकिय सेवा दिने र जनताहरुलाई नसर्ने रोगहरु र तिनको रोकथामको बारेमा जानकारी गराउने । |
| अपेक्षित प्रतिफल | सेवाग्राहीमा मानसिक तथा शारीरीक थकान,तनाव व्यवस्थापन भएको हुनेछ । |
| सञ्चालन प्रकृया | • अस्पताल तथा स्वास्थ्य केन्द्रमा आउने सेवाग्राहीको समस्या अनुसार योग शिक्षा तथा योगअभ्यास गराउने रोग अनुसारको औषधी तथा आहार बिहार सम्वन्धी जानकारी दिने,<br>• आवश्यकता अनुसार योग अभ्यास पश्चात शिलाजीत, अमृत चिया, तथा स्वास्थ्यवर्धक रसायन औषधी दिने,<br>• हरेक १५ दिनमा सुगर ,प्रेसर तौल साथै बि.एम.आई चेक जाँच गरी उचित परामर्श समेत दिने,<br>• बिरामीलाई आवश्यकतानुसार पूर्वकर्म पंचकर्म सेवा उपलब्ध गराउने। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ तथा निर्देशिका,मापदण्ड ,कार्यविधि,आदि |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन ,कार्यक्रम सम्पन्न प्रतिवेदन उपस्थिती |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

९.१४ कृयाकलापको नामः अस्पतालजन्य फोहोरमैला व्यवस्थापन कार्यक्रम

प्रदेश सचिव

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४४६ | २२५२२ | ४०० | प्र.आ.अ.अ.के | नियमित |

| | |
|---|---|
| परिचय | अस्पतालबाट दुई प्रकारका फोहोरमैला; सामान्य र अस्पतालजन्य फोहोर निस्कने हुदा सामान्य प्रकारको फोहोरलाई डम्पीङ साइडमा विसर्जन गर्न मिल्ने अस्पतालजन्य फोहोरलाई निर्मलिकरण गरी बिसर्जन गर्नुपर्ने हुदा यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ । |
| उद्देश्य | अस्पतालजन्य फोहोरमैला निर्मलीकरण गरी व्यवस्थित रुपमा बिसर्जन हुने । |
| अपेक्षित प्रतिफल | अस्पतालजन्य फोहोरबाट सेवा प्रदायक र समुदायमा हुने जोखिम कम हुने । |
| संचालन प्रकृया | • Health Care Waste Management Guideline 2014 अनुसार अस्पतालबाट निस्कने फोहोरमैला व्यवस्थित रुपमा बिसर्जन गर्न कार्यक्रम स्वीकृत गराई निम्न कार्य गर्न सकिने छ:<br>○ कर्मचारीलाई संक्रमण रोकथाम सम्बन्धी क्षमता विकास गर्ने,<br>○ खानेपानी, बिघुत, मेसिनरी औजार उपकरण,सामग्री मर्मत,<br>○ सुरक्षा सामग्री तथा फोहोर व्यवस्थापनका लागि आवश्यक सामग्री खरिद,<br>○ फोहोरमैलाव्यवस्थापन गर्न आवश्यक मेसिनरी औजार तथा सामग्री खरिद,<br>○ फोहोर व्यवस्थापनका लागि स्थानिय पालिका सग सम्झौता भएमा फोहोरको प्रकृति हेरी मासिक रुपमा फोहोर व्यवस्थापन गरे बापत सम्झौता अनुरुपको पैसा भुक्तानि गर्ने,<br>○ बजेट परिधिभित्र रही संक्रमण रोकथाम सम्बन्धी तालिम सञ्चालन गर्न सकिने। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | सरसफाईमा प्रयोग हुने सामाग्री खरिद,मेशीनरी औजार तथा अन्य सामाग्री खरिद, संक्रमण रोकथाम सम्बन्धी तालिम सञ्चालन |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, खरिद ,दाखिला ,सम्झौता पत्र आदि । |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

९.१५ कृयाकलापको नाम: नागरिक आरोग्य सेवा केन्द्र संचालन तथा व्यवस्थापन

प्रदेश सचिव

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४१९ | २२५२२ | १००० | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निः शुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने बिषयलाई मौलिक हकको रूपमा प्रत्याभूति गरेको छ ।मौलिक हक भित्र आयुर्वेद सेवा पनि परेकाले कर्णाली प्रदेशका आयुर्वेद सेवा उपलब्ध नभएका पालिकाहरूमा संञ्चालित नागरिक आरोग्य सेवा केन्द्रहरूको संञ्चालन तथा व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | नसर्ने रोगहरूको रोगथामको उपायहरूको बारेमा जानकारी गराउने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य प्रवर्द्धन भइ सेवाग्राहीले स्वस्थ्य र दीर्घायू जीवन यापन गर्ने र नसर्ने रोगमा सुधार भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • सिंजा गाउँपालिका जुम्ला र भैरवी गाउँपालिका दैलेखमा सञ्चालित नागरिक आरोग्य केन्द्रहरुमा कार्यरत जनशक्तिलाई करार सेवा निरन्तरता दिने।<br>• सम्बन्धित स्थानीय तह र जिल्लास्थित आयुर्वेद स्वास्थ्य केन्द्रको सिफारिसमा प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रद्वारा हाल कार्यरत स्वास्थ्यकर्मी र सहयोगीलाई करार सम्झौता गरी सम्बन्धित स्थानीय तहमा जनशक्ति खटाउने।<br>• नागरिक आरोग्य कार्यक्रम संञ्चालन निर्देशिका २०७५ बमोजिम सेवा प्रवाह संञ्चालन गर्नुपर्नेछ। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ तथा नागरिक आरोग्य कार्यक्रम संञ्चालन निर्देशिका २०७६ निर्देशिका, मापदण्ड, कार्यविधि आदि |
| अनुगमन सूचक | कार्यक्रमको मासिक प्रतिवेदन , |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

९.१६ कृयाकलापको नामः विशेषज्ञ स्वास्थ्य सेवा

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.१८१४ | २२५२२ | २००० | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालको स्वीकृत दरबन्दीमा बिशेषज्ञ चिकित्सकहरु पदहरु पदपूर्ति नभइ बिशेषज्ञ सेवा संचालन हुन नसकेकोले र बिरामीको चाप सगैं आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवा सहज रुपमा संचालन गर्नका लागि यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ । |
| उद्देश्य | बिशेषज्ञ तथा बिशेष प्रकृतीका सेवा नियमितरुमा संचालन भइ सेवा बिस्तार हुने । |
| अपेक्षित प्रतिफल | अस्पतालबाट नियमित रुपमा गुणस्तरीय सेवा उपलब्ध भइ सेवाग्राहीको संख्यामा बृद्धि हुनेछ । |
| संचालन प्रकृया | • आवश्यकता एकिन गरी प्रचलित नियमानुसार सेवा करारमा जनशक्ति लिई सम्बन्धित बिषयको बिशेषज्ञ चिकित्सक लगायत सम्बन्धित सेवा प्रदान गर्न आवश्यक अन्य कर्मचारीलाई सेवा करारमा लिई आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवा प्रवाह गर्ने।<br>• बिशेषज्ञ तथा बिशेष सेवा प्रवाह गर्न आवश्यक उपकरण, सुरक्षा सामाग्री सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्य गर्न सकिने। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ र सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम। |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड। |
| अनुगमन सूचक | कर्मचारीको हाजिरी बिवरण दाखिला। |
| जिम्मेवार ब्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको ब्यक्ति तथा शाखा |

९.१७ कृयाकलापको नामः सःशुल्क फार्मेसी स्थापना तथा संचालन व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४१८ | २२५२२ | ७०० | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश आयुर्वेदमा निःशुल्क फार्मेसीबाट बितरण हुदै आएका औषधीहरू बाहेक औषधालयमा आउने सेवाग्राहीहरूलाई बिभिन्न प्रकारका अन्य आयुर्वेदिक औषधीहरू सहज र सुपथ मूल्यमा कार्यालयको हाताभित्रबाटै उपलब्ध गराई सहज सेवा उपलब्ध गराउन यो कृयाकलाप राखिएको हो । |

| | |
|---|---|
| उद्देश्य | आयुर्वेदिक औषधीहरु सहज र सुपथ मुल्यमा कार्यालयको हाताभित्र नै उपलब्ध गराई सहज सेवा उपलब्ध गराउने । |
| अपेक्षित प्रतिफल | लक्षित समूहले सुरक्षित एवम् गुणस्तरीय आयुर्वेद औषधीहरु स:शुल्क रुपमा पाउने छन् । |
| सञ्चालन प्रकृया | • प्रचलित ऐन नियम, निर्देशिकाको परिधिमा रहेर अस्पताल फार्मेसि सेवा निर्देशिका २०७८ मा भएका व्यवस्था अनुरुप वर्ष भरि आवश्यक गुणस्तरीय आयुर्वेद औषधीहरु ठेक्का प्रकृया मार्फत आपुर्ति गरी नियमानुसार सम्बन्धित औषधि विक्रेतासग सम्झौता गरी प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको स:शुल्क फार्मेसीको लागी खरिद गरी खुद्रा मुल्यमा ५ प्रतिशत छुट दिई सेवाग्राहीलाई बिक्री वितरण गरिनेछ।<br>• आवश्यकता अनुसार फार्मेसीमा आवश्यक पर्ने विभिन्न सामग्री खरिद तथा व्यवस्थापन गरि संचालन गर्न सकिने । |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ (संशोधन सहित) कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५तथा निर्देशिका,मापदण्ड,कार्यविधि फार्मेसी सञ्चालन निर्देशिका २०७८ आदि। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ (संशोधन सहित) कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५तथा निर्देशिका,मापदण्ड,कार्यविधि फार्मेसी सञ्चालन निर्देशिका २०७८ आदि । |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन । |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

९.१८ कृयाकलापको नाम: अस्पताल सुदृढीकरण सेवा विस्तार र व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७२५ | २२५२२ | २००० | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र मा हाल प्रदान सेवाहरुको सुदृढिकरण र थप सेवाहरुको विस्तार गरी आमनागरिकलाई गुणस्तरीय आयुर्वेद तथा वैकल्पीक चिकित्सा सेवा प्रदान गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | गुणस्तरीय आयुर्वेद तथा वैकल्पिक चिकित्साबाट स्वास्थ्य सेवा प्रदान गर्ने। |
| अपेक्षित | आयुर्वेद तथा वैकल्पिक चिकित्साका पंचकर्म, क्षारसुत्र,प्रयोगशाला, अस्पताल फार्मेसी, फिजियोथेरापी, |

| | |
|---|---|
| प्रतिफल | एकुपञ्चर, प्राकृतिक आदि पद्दतिबाट गुणस्तरीय उपचार सेवा प्राप्त हुनेछ। |
| संचालन प्रकृया | • हाल प्रदान गरिएका सेवाहरुलाई निरन्तरता दिने,<br>• सेवा विस्तारका लागि आवश्यक सेवा तथा कार्यक्रमहरु छनौट गर्ने,<br>• सेवा विस्तार कार्यक्रमहरु छनौट गरी गुणस्तरीय सेवा विस्तार गरिने छ।<br>• सेवा विस्तारका तथा अस्पताल सुदृढिकरणका लागि सामान्य भौतिक पुर्वाधार निर्माण मर्मत,औषधी,औजार उपकरण फर्निचर तथा आवश्यक अन्य सामग्री खरिद गरी संचालन गर्ने । |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, प्रचलित ऐन नियम तथा नियमावलीहरु ,आदि। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, प्रचलित ऐन नियम तथा नियमावलीहरु ,आदि। |
| अनुगमन सूचक | खरिद आदेश दाखिला प्रतिवेदन आदि । |
| सञ्चालन प्रक्रिया | • आयुर्वेद औषधी उत्पादन सम्बन्धी जडिबुटी खनिज र प्राणीजन्य सँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्न अनुसन्धानकर्ताहरू र जिल्लास्थित आयुर्वेद स्वास्थ्य सेवा केन्द्रहरूसँग प्रस्तावना पेश गर्न सूचना आव्हान गर्ने। सामाजिक विकास मन्त्रालय स्वास्थ्य महाशाखासँगको समन्वयमा प्रस्तावना छनोट गरी अनुसन्धान कार्यमा |

| | |
|---|---|
| | लगाउने। प्राप्त अध्ययन अनुसन्धानलाई जर्नल प्रकाशन गर्ने।<br>• औषधीजन्य जडिबुटी उत्पादन तथा प्रशोधनकर्ता संस्था वा व्यक्तिलाई प्रोत्साहन तथा क्षमता विकास गर्ने।<br>• प्रकाशित जर्नलमाथी अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामाग्री | प्रादेशिक स्वास्थ्य प्रगति प्रतिवेदन, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु,कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका निर्देशिका २०७५ |
| अनुगमन सूचक | जर्नल प्रकाशन, सूचना प्रकाशन, कार्यक्रम सम्पन्न प्रतिवेदन, बैठकका निर्णयहरु, अन्तरक्रिया कार्यक्रमका तस्बिरहरू। |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

९.५१ कृयाकलापको नामः जीवनशैली परिवर्तन कार्यक्रम (PHCC सालकोट)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१३७ | २२५२२ | १२०० | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वस्थ जीवनशैली परिवर्तनका माध्यमबाट नसर्ने रोगको न्यूनिकरण गर्नका साथै स्थानीय जडिबुटिको प्रयोग गरि स्वास्थ्य प्रर्वधन सालकोट प्राथमिक स्वास्थ्य केन्द्र बाँट संचालन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | चिकित्सा सम्बन्धी योगको अभ्यास तथा चिकित्सकिय सेवा दिने र जनताहरुलाई नसर्ने रोगहरु र तिनको रोकथामको बारेमा जानकारी गराउने । |
| अपेक्षित प्रतिफल | सेवाग्राहीमा मानसिक तथा शारीरीक थकान,तनाव व्यवस्थापन भएको हुनेछ । |
| सञ्चालन प्रकृया | • सालकोट प्राथमिक स्वास्थ्य केन्द्रमा आउने सेवाग्राहीको समस्या अनुसार योग शिक्षा तथा योगअभ्यास गराउने रोग अनुसारको औषधी तथा आहार बिहार सम्बन्धी जानकारी दिने,<br>• आवश्यकता अनुसार सालकोट प्राथमिक स्वास्थ्य केन्द्रमा आयुर्वेद चिकित्सक, आयुर्वेद |

| | |
|---|---|
| | स्वास्थ्यकर्मी, सहयोगी जनशक्ति व्यवस्थापन गर्ने।<br>• नजिकका स्थानीय तह र अन्य संघसंस्थासँगको समन्वयमा जीवनशैली परिवर्तनका लागि आरोग्य पर्यटन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।<br>• औषधी उपकरण आवश्यक अन्य सामाग्री खरिद व्यवस्थापन गर्ने। सोका लागि प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रले व्यवस्थापन गर्नुपर्नेछ। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ तथा निर्देशिका,मापदण्ड,कार्यविधि,आदि |
| अनुगमन सूचक | करार सम्झौता ,दाखिला प्रतिवेदन ,कार्यक्रम सम्पन्न प्रतिवेदन, |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति। |

## झ. स्वास्थ्य सेवा कार्यालय तथा जनस्वास्थ्य सेवा कार्यालय अन्तर्गतका क्रियाकलापहरु

८.१ क्रियाकलापको नामः मर्यादित महिनावारी प्रर्वद्धन तथा छाउपडी प्रथा निवारणका लागी अभियान संचालन-(जनस्वास्थ्य तर्फ)

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.३ | २२५२२ | २०० | स्वास्थ्य सेवा कार्यालय, मुगु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | महिलाहरूमा महिनावारी हुँदा अपनाउनुपर्ने व्यक्तिगत सरसफाइ संग सम्बन्धीत विभिन्न सरोकारवाला सँग समन्वय गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नका लागि यस कार्यक्रम राखिएको हो । |
| उद्देश्य | महिनावारीको समयमा उचित सरसफाई बारे आवश्यक ज्ञान, सीप प्रदान गर्दैसकारात्मक धारणाको विकास गर्ने । |
| अपेक्षित प्रतिफल | महिनावारी सरसफाइ सम्बन्धी सचेतनामा अभिवृद्धि भइ सकारात्मक व्यवहार परिवर्तनका साथै स्वस्थजीवन यापनमा योगदान पुगी बिरामी तथा मृत्युदरमा कमी आउनेछ । |
| सञ्चालन प्रकृया | • विद्यालयमा महिनावारी स्वच्छता सम्बन्धि अन्तरकृया र छलफल लगायतका कार्यक्रम गर्ने ।<br>• किशोर अवस्थाका बालबालिकाहरूको संख्या धेरै भएका,पहुँचबाट टाढा रहेका,पिछडिएका |

| | |
|---|---|
| | वर्गका किशोरीहरू अध्ययन गर्ने विधालयमा र पहुँचबाट टाढा रहेका स्थानहरुमा कार्यक्रम गर्ने ।<br>• समेट्नुपर्ने विषयबस्तुमा महिनावारीको परिचय, महिनावारी चक्र, महिनावारी सरसफाइ, महिनावारीसम्बन्धी मान्यता, अन्धविश्वास, धार्मिक परम्परामा छलफल तथा अन्तर्क्रिया ।<br>• **संचालन गर्ने व्यक्ति** : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको पहेन वा फोकल पर्सन |
| बजेट बाँडफाँड | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ अनुसार कार्यालय प्रमुख बाट स्वीकृत गराइ कार्यक्रम सम्पन्नगर्ने । दै.भ्र. भत्ता, खाजा |
| सन्दर्भ सामाग्री | निर्देशिका, स्वास्थ प्रवधन पुस्तिका, संचारका लागि स्वास्थ्य सम्बन्धी प्राविधिक विषयबस्तुहरु २०७० |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |
| अनुगमन सूचक | बैठक माइन्युट, प्रतिवेदनहरु तथा फोटोहरु |

8.2 क्रियाकलापको नाम: एकीकृत जनस्वास्थ्य अभियान तथा बिशेषज्ञ स्वास्थ्य शिविर-जनस्वास्थ्य तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.10 | २२५२२ | 400 | स्वा.से.का, कालिकोट | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.10 | २२५२२ | 500 | स्वा.से.का डोल्पा ,दैलेख, जाजरकोट, हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.10 | २२५२२ | 450 | स्वा.से,का. रुकुम पश्चिम | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | न्यून मानव विकास सूचकाङ्क भएका तथा महामारी तथा प्रकोपबाट पटक पटक प्रभावित क्षेत्र तथा स्वास्थ्य सेवाको पहुँच नभएका स्थायीय तहहरुसंग समन्वय गरी एकीकृत रुपमा स्वास्थ्य सेवाका साथै बिशेषज्ञ सेवा दिन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | • एकीकृत जनस्वास्थ्य अभियानमा स्वास्थ्य प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक कियाकलापहरु |

| | |
|---|---|
| | सञ्चालन गरी सचेतना अभिवृद्धि गर्नु ।<br>• समुदायस्तरमा विशेषज्ञ स्वास्थ्य शिविर मार्फत पहुँच बाहिर रहेका नागरिकहरुलाई विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्नु । |
| अपेक्षित प्रतिफल | आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित समुदायमा स्वास्थ्य सेवा सुधार भएको हुनेछ । |
| सञ्चालन प्रक्रिया | यस कार्यक्रममा स्वीकृत बाँडफाँडका आधारमा विनियोजित बजेटको परिधि भित्र रही आवश्यकतानुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ:<br>• जिल्ला भित्र रहेका सेवाको पहुँचबाट टाढा रहेका सीमान्तकृत तथा पिछडिएका वर्ग र क्षेत्रको स्वास्थ्य आवश्यकता पहिचान गर्ने र सोका आधारमा अभियानमा प्रदान गरिने सेवाहरुको प्याकेज तय गर्ने ।<br>• स्थान छनौट गर्दा दुर्गम स्थानलाई प्राथमिकतामा राख्ने ।<br>• वार्षिक बजेटको परिधिलाई हेरी विशेषज्ञ शिविरको संख्या र सेवाहरु तय गर्ने । शिविरमा स्वास्थ्य आवश्यकताका आधारमा सामान्य चिकित्सा, दन्त, नाक, कान र घाँटी, आँखा, छाला तथा यौनरोग, महिला तथा प्रजनन स्वास्थ्य, बालरोग, मानसिक स्वास्थ्य, हाडजोर्नी आदि उपलब्ध गराउन सकिनेछ ।<br>• बजेटको परिधि भित्र रही समुदायस्तरमा सञ्चालित शिविर तथा रोग स्क्रिनिङ कार्यक्रममा पहिचान भएका बिरामीहरुलाई थप उपचारका लागि जिल्ला स्थित अस्पताल वा सुविधा भएको स्थानीय आधारभूत अस्पतालमा छुट्टै शल्य चिकित्सा शिविर संचालन गरी सेवा प्रदान गर्न सकिनेछ ।<br>• शिविर स्थलमा प्रमुख स्वास्थ्य समस्याहरुमा आधारित भई विभिन्न व्यवहार परिवर्तन संचार सामग्रीहरुको प्रदर्शनी तथा वितरण, पोषण कर्नर, लक्षित समूह अनुसार स्वास्थ्य शिक्षा सेसनहरु संचालन, भूमिका अभिनय, सचेतनामूलक सांगीतिक तथा सांस्कृतिक प्रस्तुति, योग शिविर आदि प्रवर्द्धनात्मक क्रियाकलापहरु संचालन गर्ने ।<br>• कार्यक्रम संचालन हुने स्थान र मिति तय भए पछि लक्षित सेवाग्राहीको सहभागितालाई सुनिश्चित गर्न कम्तीमा १० दिन अघि देखि कार्यक्रम बारे आमसंचार माध्यम (एफ.एम.) बाट व्यापक प्रचार-प्रसार गर्ने तथा कार्यक्रम संचालन हुने स्थानमा गई कार्यक्रम हुनुभन्दा अगावै जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका लगायत सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया मार्फत कार्यक्रम बारे जानकारी गराई व्यापक प्रचारप्रसार गराउन सकिने।<br>खटिने कर्मचारीहरु:<br>• जनस्वास्थ्य अभियान तथा विशेषज्ञ शिविरमा आवश्यक पर्ने जनशक्तिहरु उपलब्ध गराइने सेवा तथा शिविरको संख्या अनुसार स्वीकृत बजेटको परिधिभित्र रही परिचालन गर्ने । |

| | |
|---|---|
| | संचालन गर्ने व्यक्ति : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली, २०७९ र प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु, प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली । |
| अनुगमन सूचक | सेवाग्राहीको अभिलेख, शिविर संचालन प्रतिवेदन, कार्यक्रम सम्बन्धी फोटो । |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख। |

८.३ कृयाकलापको नाम – HMIS तथ्यांक भेरिफिकेशन तथा फलोअप मिटिंग/कार्यक्रम-जनस्वास्थ्य तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.2134 | २२५२२ | 150 | जन/स्वास्थ्य सेवा कार्यालय, जुम्ला, सल्यान, कालिकोट | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.5.56 | २२५२२ | 200 | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.2134 | २२५२२ | 100 | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.2134 | २२५२२ | 300 | स्वास्थ्य सेवा कार्यालय, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.2134 | २२५२२ | 120 | स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.2134 | २२५२२ | 320 | स्वास्थ्य सेवा कार्यालय, हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | तथ्याङ्कलाई आधार बनाएर नीति निर्माण तथा योजना तर्जुमा लगायतका महत्वपूर्ण कामहरू गरिने भएकाले यसको विश्वसनीयता र शुद्धता अपरिहार्य हुन्छ । त्यसैले नियमित रुपमा तथ्याङ्कको |

| | |
|---|---|
| | अध्ययन, अनुगमन, स्थलगत अनुशिक्षण र सुद्धीकरण गर्नु अत्यावश्यक हुने भएकाले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | नियमित सूचना व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने । |
| अपेक्षित प्रतिफल | तथ्याङ्क गुणस्तरमा सुधार भएको तथा तथ्यमा आधारित योजना तर्जुमा भएको हुनेछ । |
| संचालन प्रक्रिया | • समयमा प्रतिवेदन नहुने तथा तथ्याङ्कमा एकरूपतामा समस्या भएका स्वास्थ्य संस्थाहरू पहिचान गरी रिपोर्टिङ तथा अभिलेख फर्मेट अनुसारको गुणस्तरीयता र एकरूपताको लेखाजोखा गरी सुधार गर्न लगाउने ।<br>• सम्बन्धित स्वास्थ्य संस्थामा गई कार्यस्थलमा अनुशिक्षण गरी पृष्ठपोषण प्रदान गर्ने।<br>संचालन गर्ने व्यक्ति : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली, २०७९ र प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम। |
| सन्दर्भ सामग्री | HMIS Tools, DHIS2 प्रतिवेदन, फर्म-फर्मेट, तथ्याङ्क भेरिफिकेशन सम्बन्धी निर्देशिका, प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु । कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | HMIS/DHIS2 प्रतिवेदन तथा तथ्यांकीय गुणस्तरको अवस्था । |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख। |

## ८.३ कियाकलापको नामः भ्याक्सिन स्टोर तथा सब स्टोर तथा कोल्ड चेन व्यवस्थापन-जनस्वास्थ्य तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.118 | २२५२२ | 180 | स्वा.से.का, जाजरकोट | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.118 | २२५२२ | 200 | स्वा.से.का, कालिकोट, रुकुम पश्चिम, सल्यान, हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.63 | २२५२२ | २५० | स्वास्थ्य सेवा कार्यालय, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | खोप सेवालाई नियमित र गुणस्तरीय बनाउन सबै तहमा कोल्डचेन सामग्री निरन्तर संचालनमा सहयोगको लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ । भ्याक्सिन स्टोर तथा भ्याक्सिन वितरण केन्द्रहरुमा कोल्डचेन कायम गरी भ्याक्सिनको सुरक्षित भण्डार तथा लक्षित वर्गसम्म सेवा उपलब्ध गराउनुपर्ने हुन्छ । यो कार्य नियमित रुपमा मासिक, त्रैमासिक, बार्षिक कार्ययोजना अनुसार संचालन गर्नुपर्दछ । |
| उद्देश्य | • उपयुक्त कोल्ड्चेन व्यवस्थापन गरी गुणस्तरीय खोप सेवा उपलब्ध गराउने ।<br>• खोप सेसन साइटमा भ्याक्सिन भायल राख्न जिप लक तथा फोम प्याड खरिद गर्ने ।<br>• खोप कोल्डचेन व्यवस्थापनको लागि निरन्तर अनुगमन तथा सुपरिवेक्षण प्रभावकारी बनाउने। |
| अपेक्षित प्रतिफल | खोप कोल्डचेन भण्डारणमा गुणस्तर कायम हुनेछ ।खोप सेवा निरन्तर र गुणस्तरीय हुनेछ। भ्याक्सिन खेर जाने दर समेत घट्नेछ । निरन्तर रुपमा जिपलक, फोमप्याड उपलब्ध गराई खोप कोल्डचेनको गुणस्तर कायम गर्न मद्दत पुग्नेछ । |
| संचालन प्रक्रिया | **लक्षित संस्थाहरुः**<br>• खोप कोल्डचेन भण्डारण तथा वितरण गर्ने भ्याक्सिन स्टोर, खोप शाखा, भ्याक्सिन वितरण केन्द्र, सब स्टोर र स्वास्थ्य संस्थाहरु ।<br>**सञ्चालन गर्ने अवधिः**<br>• खोप कोल्ड चेन भण्डारणमा गुणस्तर कायम गर्न आवश्यकता अनुसार निरन्तर ।<br>• जिप लक तथा फम प्याडको हकमा पहिलो त्रैमासिकमा नै आवश्यकता निर्धारण गरी वर्षभरिको लागि खरिद गरी वितरण गर्ने ।<br>• सञ्चालन विधिः<br>• जिल्ला भ्याक्सिन स्टोरहरुबाट जिल्ला भित्रका भ्याक्सिन वितरण केन्द्रमा इन्धन उपलब्ध गराउनुपर्ने भएमा सोको औचित्य सहित योजना बनाई कम्तीमा ३ महिनाको लागि उपलब्ध गराउनु पर्दछ ।<br>• प्रत्येक भ्याक्सिन स्टोरले मट्टितेल/डिजेलबाट चल्ने जेनेरेटरको लगबुक अद्यावधिक गरी प्रतिवेदन समेत पेश गर्नुपर्नेछ ।<br>• जिल्लामा रहेका भ्याक्सिन सबस्टोर र भ्याक्सिन वितरण केन्द्रहरुमा कोल्डचेन उपकरणहरु निरन्तर संचालन गर्न विद्युत नभएका तथा विद्युत निरन्तरता नहुने भ्याक्सिन स्टोरहरुलाई प्राथमिकतामा राखी इन्धन उपलब्ध गराई विवरण अद्यावधिक गर्नुपर्नेछ<br>• जिप लक र फोम प्याड खरिद गर्दा जिप लक गुणस्तरीय किसिमको, राम्रो लक लाग्ने तथा नच्यातिने र फम प्याड (कम्तीमा ३० मि.मि. मोटाई भएको) मा खोलेको भायल अडिने र |

| | |
|---|---|
| | भ्याक्सिन क्यारियरमा भएको तापक्रम कायम रहिरहने खालको हुनुपर्दछ । यस्तो खालको सामग्री जिल्लामा नपाइएको खण्डमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रसँग समन्वय गरी सो सामग्री आपूर्ति गर्ने आपूर्तिकर्तासँग वर्षभरिका लागि आवश्यक परिमाणको सामग्री खरिद गर्नुपर्दछ ।<br>• जिल्लाको स्वास्थ्य संस्थाको विवरण (प्रा.स्वा.के., स्वास्थ्य चौकी र अन्य खोप संचालन गर्ने संस्थाहरु) लिई सोही अनुसार बजेटको परिधिमा रही प्रत्येक स्वास्थ्य संस्थालाई २ वटा फोम प्याड र कम्तीमा २० वटा जिपलक उपलब्ध हुने गरी खरिद योजना बनाई खोप कोल्डचेनसँगै उपलब्ध गराउने व्यवस्था गर्ने ।<br>• फोमप्याड स्थानीय स्तरमा खरिद गर्दा विगतमा नयाँ भ्याक्सिन क्यारियर प्राप्त हुँदा उपलब्ध गुणस्तरीय फोमप्याडको नमुना अनुसार (मोटाइ, साइज र रङ्ग आदि) खरिद गरी गुणस्तर कायम गर्ने ।<br>• रेफ्रिजिरेटर, जेनेरेटरको मर्मत र जिल्लाका भ्याक्सिन स्टोर तथा स्थानीय तहका सबस्टोरमा रहेका कोल्डचेन सामग्रीहरु तथा आवश्यक कोल्डचेन सामग्रीहरु खरिद तथा कोल्डचेन व्यवस्थापन गर्ने ।<br>• नियमित खोप सेवा र आकस्मिक अवस्थामा जिल्लाबाट भ्याक्सिन, खोप सामग्री र खोप तथा सरसफाइ प्रवर्द्धनसँग सम्बन्धित अन्य सामग्रीको व्यवस्थापन गर्ने ।<br>• संचालन गर्ने व्यक्ति : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन। |
| बजेट बाँडफाँट | जिप लक र फोम प्याड खरिद, इन्धन व्यवस्थापन, मर्मत सम्भार खर्च आदि । |
| सन्दर्भ सामग्री | EVM मापदण्ड निर्देशिका, परिवार कल्याण महाशाखाबाट विभिन्न समयमा जारी भएका निर्देशिका तथा प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्ड । कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, दाखिला प्रतिवेदन, जिन्सी रजिस्टर अभिलेख । |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख। |

८.४ कृयाकलापको नाम – खानेपानीको गुणस्तर परिक्षण तथा निगरानी-जनस्वास्थ्य तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| 2.7.22.1३४ | २२५२२ | ५० | जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | समुदायस्तरमा खानेपानीको अवस्था र गुणस्तरीयता कायम गर्नका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी राष्ट्रिय मापदण्ड अनुसार सबै तहका सबै समुदायमा वितरण गरिएको खानेपानीको गुणस्तर परीक्षण तथा निगरानी कार्य गर्नका लागि स्थान छनौट समेत गर्न बजेट विनियोजन गरिएको हो । |
| उद्देश्य | नागरिकलाई स्वस्थ तथा गुणस्तरीय खानेपानी उपलब्धताको सुनिश्चितता गर्ने । |
| अपेक्षित प्रतिफल | सुरक्षित तरिकाले व्यवस्थित स्वस्थ तथा स्वच्छ खानेपानी व्यवस्थापन भएको हुनेछ । |
| संचालन प्रक्रिया | • सम्बन्धित समुदायस्तरका जनप्रतिनिधि, खानेपानी उपभोक्ता समिति, जिल्ला स्थित खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय लगायत स्वास्थ्य र सरसफाइका सरोकारवालाहरुलाई पूर्व जानकारी गराई नमुना संकलन गरी जिल्लामा परीक्षण गराउने र सोको प्रतिवेदन सम्बन्धित निकायमा बुझाउने ।<br>• खानेपानीको मुहान, खानेपानी ट्याङ्की, धारा, घरधुरी, बजारक्षेत्र तथा स्वास्थ्य संस्था र शैक्षिक संस्थाबाट पानीको नमुना संकलन गरी अर्धवार्षिक रुपमा परीक्षण गर्ने ।<br>• पानी परीक्षणको नतिजा सम्बन्धित सरोकारवालाहरुलाई सहभागी गराई सार्वजनिक गर्ने ।<br>• पानी शुद्धिकरणका लागि सचेतनामूलक क्रियाकलापहरु संचालन गर्ने तथा पानी शुद्ध गर्ने केमिकल तथा सामग्रीको लागि खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालयसँग समन्वय गर्ने ।<br><br>संचालन गर्ने व्यक्ति: जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाँट | प्रचलित खर्च मापदण्ड तथा नियमानुसार दैनिक भ्रमण भत्ता, यातायात खर्च, दैनिक भत्ता, खाजा, किट र केमिकल खरिद आदि स्वीकृत बजेटको परिधिमा रहेर गर्ने । |
| सन्दर्भ सामग्री | कार्यसंचालन निर्देशिका, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ अनुसार । |
| अनुगमन सूचक | कार्यक्रमसंग सम्बन्धित प्रतिवेदनहरु । |
| जिम्मेवार | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख। |

| व्यक्ती | |
|---|---|

८.५ कृयाकलापको नाम – कोल्डरुम तथा भ्याक्सिन सुरक्षाको लागि ईन्धन-जनस्वास्थ्य तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.140 | २२५२२ | १५० | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | खोपबाट बचाउन सकिने बिभिन्न संक्रामक रोगहरुको रोकथामको लागि गुणस्तरीय खोप सेवाको सुनिश्चिता गर्नुपर्ने हुन्छ । भण्डारण भएका खोपहरुको कोल्डचेन कायम गर्न विधुतीय श्रोतको आवश्यकता पर्दछ । बेला बेलामा हुन सक्ने विधुतीय आपूर्ति समस्याको अवस्थामा कोल्डचेन भण्डारण सुनिश्चित राख्नको लागि निरन्तर विद्युत आपूर्ति गर्न विधुतको वैकल्पिक रुपमा इन्धन आवश्यक भएकाले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | कोल्डचेन कायम राखि खोपको गुणस्तरको सुनिश्चितता गर्न इन्धन खरिद गर्न। |
| अपेक्षित प्रतिफल | विधुतको नियमित आपूर्ति भई भ्याक्सिनको गुणस्तर कायम हुने।<br>रेफ्रिजिरेटर भ्यानबाट कोल्डचेन कायम गरी भ्याक्सिन ढुवानी हुने। |
| संचालन प्रकृया | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको कोल्डचेन स्टोर तथा सबस्टोरका लागि आवश्यक पर्ने इन्धनको आवश्यकता निर्धारण गरी प्रचलित नियमानुसार इन्धन खरिद गर्ने ।<br>संचालन गर्ने व्यक्ती : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाँट | जेनेरेटर तथा रेफ्रिजेरेटर भयानका लागि आवश्यक इन्धन खरिदका लागि बजेट बाँडफाँट गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड २०७५ |
| अनुगमन सूचक | प्रदेश कोल्डरुमा भएको जेनेरेटर को लगबुक, गाडीको लगबुक तथा अन्य आवश्यक कागजातहरु |

| | |
|---|---|
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

८.६ कृयाकलापको नाम – स्वास्थ्य दिवसहरू मनाउने कार्यक्रम-जनस्वास्थ्य तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.1५३ | २२५२२ | १५० | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रतिकारात्मक, प्रवर्धनात्मक साथै उपचारात्मक स्वास्थ्य सेवाको महत्वलाई बढावा दिन हरेक वर्ष विभिन्न दिवसहरु मनाउने गरिन्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा मनाइने यी दिवसहरुले समकालीन स्वास्थ्यको अवस्था तथा ध्यानदिनुपर्ने विषयमा महत्वपूर्ण सन्देश दिने भएकाले नागरिकस्तरसम्म पुग्ने गरी स्वास्थ्य र सम्बृद्धिका लागि जनचेतना फैलाई स्वस्थ जीवनशैली मार्फत रोग लाग्नेदरमा कमी ल्याउनका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | सचेतनामूलक क्रियाकलाप मार्फत स्वस्थकर बानीव्यवहारमा परिवर्तन ल्याउनु। |
| अपेक्षित प्रतिफल | स्वस्थकर बानी व्यवहारमा परिवर्तन भइ रोग लाग्ने दरमा कमी आउनेछ। |
| संचालन प्रकृया | • महत्वपूर्ण दिवसहरु मनाउनुपुर्व आवश्यकता अनुसार बैठक बसी संचालन योजना बनाउनुपर्नेछ.<br>• स्वास्थ्यसम्बन्धी विभिन्न दिवसहरू (विश्व स्वास्थ्य दिवस, स्तनपानसप्ताह, आयोडिनमहिना, क्षयरोगदिवस, नर्सिङदिवस, परिवार नियोजन दिवस, विश्व क्यान्सर दिवस, कुष्टरोग दिवस, औंलो दिवस, जनसंख्या दिवस, एड्स दिवस आदि) प्रभावकारी रुपमा मनाउन विभिन्न सचेतनामूलक सामग्रीहरुको उत्पादन,छपाई तथा वितरण गरिनेछ,<br>• दिवसहरुमा स्वास्थ्य क्षेत्रमा कार्यरत विभिन्न सरकारी गैरसरकारी संस्थाहरुलाई सहभागी गराइनेछ,<br>• कार्यक्रमको महत्वका आधारमा सञ्चारकर्मी तथा अन्य सरोकारवालाहरुको उपस्थितिमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ साथै विधुतीय सञ्चार मार्फत सन्देशमूलक सामग्रीको प्रकाशन तथा प्रसारण गरिनेछ।<br>• संचालन गर्ने व्यक्ति : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट | दिवस संचालनका लागि स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकताअनुसार बाँडफाँट गरी खर्च गर्न |

| | |
|---|---|
| बाँडफाटँ | सकिनेछ, |
| सन्दर्भ सामग्री | स्वास्थ्य दिवससंग आदि पोस्टर, पम्पलेट, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नाराहरु, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

८.७ कृयाकलापको नाम – नसर्ने रोग व्यवस्थापन कार्यक्रम-जनस्वास्थ्य तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.1६ | २२५२२ | १०० | स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नसर्ने रोगहरु जस्तै मुटु तथा रक्तनलीको रोग, मधुमेह, क्यान्सर तथा दीर्घ श्वासप्रश्वास सम्बन्धी रोगको भार बढ्दै गइरहेको परिप्रेक्ष्यमा त्यसको समयमा नै निदान तथा उपचार गर्न तथा रोकथामका लागि सचेतनामूलक गतिविधिहरु संचालन गर्न अत्यावश्यक भएकोले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रमुख नसर्ने रोगहरु– मुटु तथा रक्तनलीको रोग, मधुमेह, क्यान्सर तथा दीर्घ श्वासप्रश्वास सम्बन्धी रोगको पहिचान गरी उपचारमा पहुँच अभिवृद्धि गर्ने साथै नसर्ने रोगको रोकथामका लागि जनचेतनामूलक क्रियाकलाप संचालन गर्ने । |
| अपेक्षित प्रतिफल | नसर्ने रोगका बिरामीहरु पहिचान गरी उपचारको दायरामा अभिवृद्धि हुनेछ साथै रोगको भार र मृत्युदर घटेको हुनेछ । |
| संचालन प्रक्रिया | यस कार्यक्रममा बिनियोजित बजेटको परिधि भित्र रही आवश्यकतानुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ:<br>• मधुमेहका लागि ग्लुकोमिटरबाट परीक्षण, रक्तचाप मापन, मोटोपना परीक्षण गर्ने र शिविर स्थलमा नसर्ने रोगका प्रमुख ४ कारक तत्व न्यूनीकरण सम्बन्धी जनचेतना जगाउने सिड्ल, पोस्टर, फ्लेक्स एवं अन्य स्वास्थ्य शिक्षा सामग्रीहरु मार्फत स्वास्थ्य सन्देश प्रवाह गर्ने ।<br>संचालन गर्ने व्यक्ति : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन। |

| | |
|---|---|
| बजेट बाँडफाँट | शिविर तयारीका साथै संचालनार्थ स्वास्थ्य शिक्षा सामग्री प्रकाशन, ग्लुकोमिटर सेट, बिपी सेट आदि खरिद गर्ने, दै.भ्र.भ., सहजकर्ता भत्ता, स्थानीय यातायात खर्च, खाजा, स्टेशनरी लगायतमा खर्च गर्न सकिने । |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु, नसर्ने रोग सम्बन्धी तालिम पुस्तिका २०७५ । |
| अनुगमन सूचक | सेवाग्राहीको सूची, सहभागी हाजिरी, कार्यक्रम सम्पन्न प्रतिवेदन । |
| जिम्मेवार व्यात्ती | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख । |

८.८ कृयाकलापको नाम – मानसिक स्वास्थ्य सम्बन्धी तालिम-जनस्वास्थ्य तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.167 | २२५२२ | 100 | जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.167 | २२५२२ | 150 | स्वास्थ्य सेवा कार्यालय, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.167 | २२५२२ | 175 | स्वास्थ्य सेवा कार्यालय, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विश्वव्यापी रुपमा देखिएका सबै किसिमका स्वास्थ्य समस्याहरु मध्ये १४% समस्या वा रोगको भार मानसिक स्वास्थ्य समस्या, नसालु पदार्थ तथा लागु औषधको प्रयोगले ओगटेको छ । सन् २०१७ मा विश्व स्वास्थ्य संगठनले सार्वजनिक गरेको प्रतिवेदन अनुसार विश्वभर ३२२ मिलियन जनसंख्या डिप्रेसन र २४४ मिलियन जनसंख्या चिन्ताजन्य रोगबाट ग्रसित रहेको पाइएको छ । यस्तो खालको समस्या नेपालमा पनि रहेको छ । नेपालमा पनि मानसिक स्वास्थ्य समस्या दिनानुदिन बढ्दै गएको अवस्थामा सो सेवाको दायरा बढाउन नसकिएको अवस्था छ । मानसिक स्वास्थ्य सेवालाई पनि अन्य स्वास्थ्य सेवा जस्तै एकीकृत गरी समुदायमा उपलब्ध गराउनका लागि सामुदायिक मानसिक स्वास्थ्य सेवा प्याकेज २०७४ जारी गरी लागु गरिएको छ । प्याकेज अनुसार समुदायमा कार्यरत स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाहरुको मानसिक स्वास्थ्यका विषयमा ६ किसिमका तालिम संचालन गरिने भएकोले सोही कार्यक्रमहरु आवश्यकताका आधारमा संचालन गर्नका लागि कर्णाली प्रदेशका दशवटै जन/स्वास्थ्य सेवा कार्यालयहरुमा बजेटको व्यवस्थापन |

| | |
|---|---|
| | गरिएको छ । |
| उद्देश्य | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाहरुलाई तालिम प्रदान गरी गुणस्तरीय मानसिक स्वास्थ्य सेवा प्रवाहमा अभिवृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | • तालिम प्राप्त सेवा प्रदायकहरुको संख्यामा वृद्धि भई स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय मानसिक स्वास्थ्य सेवा उपलब्ध हुनेछ ।<br>• मानसिक स्वास्थ्य समस्या र सेवाको अन्तर घटेको हुनेछ । |
| संचालन प्रक्रिया | यस कार्यक्रममा विनियोजित बजेटको परिधि भित्र रही आवश्यकतानुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछः<br>• जन/स्वास्थ्य कार्यालयले बिभिन्न साझेदार संस्थाको सहकार्यमा मानसिक स्वास्थ्य सम्बन्धी समस्या भएका स्थानहरु र विद्यमान स्वास्थ्य जनशक्तिको क्षमताको अवस्था पहिचान गर्ने ।<br>• पहिचान भएका मानसिक स्वास्थ्य समस्याहरुको आधारमा कार्यक्रम संचालन योजना तयार गर्ने ।<br>• स्वास्थ्यकर्मीहरुको क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्नुपर्ने भएमा स्वीकृत कार्यक्रम र बजेटको परिधिभित्र रही राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तोकेको मोड्युलहरु प्रयोग गरी तालिम सञ्चालन गर्ने ।<br>• मानव संसाधन विकास केन्द्रसंग समन्वय गरी सहभागीलाई TIMS मा दर्ता गरी प्रमाणपत्रको व्यवस्था मिलाउनुपर्नेछ।<br>• कार्यक्रम संचालनका लागि आवश्यक तालिम सामग्रीहरुको व्यवस्थापन पनि यसै बजेटबाट गर्न सकिनेछ ।<br>संचालन गर्ने व्यक्ति : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | मनोसामाजिक रणनीतिक कार्ययोजना २०७९ मानसिक स्वास्थ्य सम्बन्धी आधारभूत तालिम पुस्तिका, विभिन्न समयमा प्रकाशित सूचना, सञ्चार तथा परामर्श सम्बन्धी सामग्रीहरु, प्रचलित कर्णाली प्रदेश खर्च मापदण्ड तथा निर्देशिकाहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति, कार्यक्रम सम्बन्धी फोटो । |
| जिम्मेवार | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

| व्यक्ती | |
|---|---|

८.९ कृयाकलापको नामः विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम-जनस्वास्थ्य तर्फ

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.२.२२.१७१२ | २२५२२ | २०० | स्वास्थ्य सेवा कार्यालय, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विद्यालय स्वास्थ्य कार्यक्रमलाई शिक्षा क्षेत्रसंग समन्वय गर्दै विद्यालय तहबाटै बालबालिकाहरुलाई स्वस्थ जीवनशैली अपनाउन तथा समग्र स्वास्थ्य सरसफाइ र किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्य सुधारको आवश्यकतालाई मध्यनजर गर्दै विधालय तहमा स्वास्थ्य सेवाको पँहुच पुर्याई विद्यार्थीको स्वास्थ्य अवस्थामा सुधार साथै जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउन जनस्वास्थ्य ऐन २०७५ तथा राष्ट्रिय स्वास्थ्य नीति २०७६ बमोजिम यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | बिद्यालय नर्स कार्यक्रमको समीक्षा तथा अभिमुखिकरण गर्न |
| अपेक्षित प्रतिफल | बिद्यालय स्वास्थ्य कार्यक्रम मार्फत बालबालिकालाई स्वास्थ जीवनशैली अपनाउन तथा समग्र स्वास्थ्य, सरसफाई, किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्य साथै मानसिक स्वास्थ्यमा सुधार भएको हुनेछ। |
| संचालन प्रकृया | • विद्यालय नर्स कार्यक्रम लागु भएका स्थानीय तहका विद्यालय नर्सहरुलाइ जीवनशैली परिवर्तन, मानसिक स्वास्थ्य परिचय तथा परामर्श सम्बन्धी तालिम दिन सकिनेछ,<br>• बिद्यालय नर्सहरुले वर्षभरि गरेका कार्य बिवरणहरुको वार्षिक समिक्षा गर्न सकिनेछ,<br>• बिद्यालय नर्स कार्यक्रम लागु भएका बिद्यालयहरुमा यस निर्देशनालयबाट अनुगमन तथा सुपरिवेक्षण गर्न सकिनेछ ।<br>• संचालन गर्ने व्यक्ति : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन। |
| बजेट बाँडफाटँ | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | बिद्यालय नर्स क्षमता अभिबृद्धि प्याकेज। |
| अनुगमन सूचक | कार्यक्रम प्रतिबेदन, उपस्थिति आदि । |
| जिम्मेवार | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख। |

| व्यक्ति | |
|---|---|

८.१० कृयाकलापको नामः प्रदेश तथा प्रदेश अन्तर्गत गठन भएका तथ्यांक व्यवस्थापन समितिको नियमित बैठक बसी तथ्याङ्को विश्लेषण र पृष्ठपोषण गर्ने-जनस्वास्थ्य तर्फ

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.२.२२.१७२३ | २२५२२ | 50 | स्वास्थ्य सेवा कार्यालय, कालिकोट र हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |
| ७.२.२२.१७२३ | २२५२२ | 80 | स्वास्थ्य सेवा कार्यालय, डोल्पा र रुकुम पश्चिम | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्यका तथ्यांकमा भएका त्रुटिहरूलाई हटाई प्रयोगयोग्य बनाउन र आगामी दिनमा त्रुटिहरू दोहोरिन नदिन, तथ्यांक सुधार एवं प्रदेश, जिल्ला, स्थानीय तह र अस्पताल/स्वास्थ्य संस्थासँग समन्वय एवं सहकार्यका लागि तथ्यांक व्यवस्थापन समितिको मासिक बैठकलाई व्यवस्थित रुपमा संचालन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | तथ्याङ्कीय गुणस्तरमा सुधार भएको हुनेछ । |
| अपेक्षित प्रतिफल | तथ्याङ्कीय त्रुटिहरु न्यूनीकरण हुँदै नियमित रुपमा तथ्यांकमा सुधार भएको हुनेछ । |
| संचालन प्रक्रिया | • कार्यालय प्रमुखको संयोजकत्वमा सम्बन्धित सबै कार्यक्रम फोकल पर्सनहरु सहित तथ्यांक सहायक/अधिकृत सदस्य-सचिव रहने गरी जिल्ला तथ्याङ्क व्यवस्थापन समिति गठन गर्ने।<br>• कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका निर्देशिका २०७५ अनुसार बैठक कार्यालय समय अघि-पछि बसेको हुनुपर्ने र एउटै निकायका कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गर्न नपाइने प्रावधानलाई पालना गर्ने ।<br>• सो समितिको नियमित रुपमा मासिक रुपमा बैठक बसी तथ्याङ्कीय विश्लेषणको प्रस्तुतीकरण सहित पृष्ठपोषण दिने ।<br>• यस कार्यक्रमबाट स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख वा HMIS/DHIS2 फोकल पर्सन सहित अनलाइन मार्फत बैठक बसी पृष्ठपोषण दिन सकिनेछ ।<br>• संचालन गर्ने व्यक्ति : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |

| | |
|---|---|
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ |
| सन्दर्भ सामग्री | प्रचलित नियम र निर्देशिकाहरु । |
| अनुगमन सूचक | बैठक माइन्युट, कार्यक्रम सम्बन्धी फोटो, तथ्यांक बिश्लेषण फारामहरु । |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख। |

८.११ क्रियाकलापको नामः **HMIS/LMIS/eLMIS/DHIS2** रिफ्रेसर तथा अभिमुखीकरण-जनस्वास्थ्य तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.1742 | २२५२२ | 183 | जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.1742 | २२५२२ | 254 | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.1742 | २२५२२ | 350 | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.1742 | २२५२२ | 400 | स्वास्थ्य सेवा कार्यालय, कालिकोट र दैलेख | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.1742 | २२५२२ | 300 | स्वास्थ्य सेवा कार्यालय, डोल्पा र सल्यान | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.1742 | २२५२२ | 250 | स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम र हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नीति निर्माण तथा तथ्यमा आधारित योजना तर्जुमा गर्दा तथ्याङ्कलाई आधार बनाई महत्वपूर्ण कामहरु गरिने भएकाले परिमार्जित HMIS Tools अनुसारको बिश्वसनीयता र शुद्धता कायम गर्न साथै औषधिहरु तथा औषधिजन्य वस्तुहरुको आपूर्ति व्यवस्थापन सरल र सहज तरिकाबाट गर्न सो कार्यमा संलग्न स्वास्थ्यकर्मीहरुलाई रिफ्रेसर तथा अभिमुखीकरण, अनुशिक्षण मार्फत ज्ञान र सीप बिकासमा क्षमता अभिवृद्धि गर्न यो कार्यक्रमको राखिएको छ । |

| | |
|---|---|
| उद्देश्य | HMIS/LMIS/eLMIS/DHIS2 /LMIS सम्बन्धी आधारभूत ज्ञान, सीप अभिवृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | HMIS/LMIS/eLMIS/DHIS2 /LMIS सम्बन्धी ज्ञानको विकास भई अनलाइन प्रतिवेदनमा सुदृढीकरण हुनेछ । |
| संचालन प्रक्रिया | • परिमार्जित HMIS/LMIS/eLMIS/DHIS2 सम्बन्धमा स्वास्थ्यकर्मीहरुलाई रिफ्रेसर तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।<br>• यो कार्यक्रम गर्दा आवश्यकता अनुसार स्वास्थ्य सेवा निर्देशनालय तथा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रसँग समन्वय गर्न सकिनेछ ।<br>• संचालन गर्ने व्यक्ति : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | संशोधित HMIS Tools, LMIS, प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु । कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | HMIS/LMIS/eLMIS/DHIS2 का प्रतिवेदन तथा सूचकहरु । |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

८.१२ क्रियाकलापको नाम: **Nutrition rehabilitation home**-अस्पताल तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.1742 | २२५२२ | २५० | स्वास्थ्य सेवा कार्यालय, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.1742 | २२५२२ | १५० | स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम र हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | गम्भीर खालका कुपोषित बालबालिकालाई अन्तरङ्ग चिकित्सकीय उपचार तथा पोषणयुक्त खाना उपलब्ध गराउन अस्पतालमा Stabilization Centre तथा पोषण पुनर्स्थापना केन्द्र संचालनार्थ आवश्यक व्यवस्थापनका लागि यो कृयाकलाप राखिएको छ |

| | |
|---|---|
| उद्देश्य | अस्पतालमा Stabilization Centre तथा पोषण पुनर्स्थापना केन्द्र नियमित रुपमा संचालन गर्ने । |
| अपेक्षित प्रतिफल | अस्पतालको Stabilization Centre तथा पोषण पुनर्स्थापना केन्द्रमा देखिएका समस्याहरुको समाधान गरी नियमित रुपमा गुणस्तरीय सेवा प्रवाह हुने। |
| संचालन प्रकृया | • बजेटको परिधि भित्र रही दैलेख बाहेकका स्वास्थ्य सेवा कार्यालयहरुले स्वीकृत कार्ययोजना अनुसार Stabilization Centre स्थापना तथा सुदृढीकरणका लागि आवश्यकतानुसार खर्च गर्न गर्न सकिनेछ ।<br>• यो कार्यक्रमबाट स्वास्थ्य सेवा कार्यालय दैलेखका हकमा हाल संचालनमा रहेको पोषण पुनर्स्थापना केन्द्रलाई थप सुदृढीकरण गर्न सकिनेछ ।<br>• संचालन गर्ने व्यक्ति : चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, पोषण पुनर्स्थापना केन्द्र संचालन निर्देशिका २०७९। |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, कार्यक्रम सम्पन्न प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति | चिकित्सा सेवा शाखा प्रमुख |

८.१३ कृयाकलापको नाम: ई- हेल्थ (टेलिमेडिसिन, EHR/EMR, eHMIS)-अस्पताल तर्फ

| कियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१३ | २२५२२ | ३५० | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट, कालिकोट, डोल्पा, दैलेख, मुगु, रुकुम पश्चिम,सल्यान,हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.४३६ | २२५२२ | ५०० | स्वास्थ्य सेवा कार्यालय, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | दूर चिकित्सा सेवा भन्नाले श्रव्य, दृश्य र अन्य विद्युतीय सञ्चार माध्यमबाट एक भौगोलिक स्थानमा रहेको चिकित्सकले अर्को भौगोलिक स्थानमा रहेको विशेषज्ञ चिकित्सकसँग परामर्श तथा उपचार व्यवस्थापन गर्ने चिकित्सकीय विधि हो । विशेषज्ञ चिकित्सकबाट दुर्गम र दूरदराजमा सूचना तथा सञ्चार प्रविधि (ICT) मार्फत चिकित्सकीय विज्ञता प्रयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन साथै जिल्ला अस्पताल र स्वास्थ्य संस्थाहरुमा e-Governance प्रवर्द्धन गर्न अनलाइनमा रेकर्डिङ गर्ने कार्य महत्वपूर्ण भएकाले विद्युतीय स्वास्थ्य सूचना अभिलेख प्रतिवेदन प्रणालीहरू इ-हेल्थ (टेलिमेडिसिन, EHR/EMR/EHIRRS/eHMIS) को संचालन, आवश्यक सामग्री खरिद एवं व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | कर्णाली प्रदेशका दुर्गम स्थानमा विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचमा वृद्धि भई गुणस्तरीय स्वास्थ्य सेवाको प्रवाहमा अभिवृद्धि गर्नु तथा अस्पताल र स्वास्थ्य संस्थाहरूमा भएको सेवा प्रवाहलाई छिटो छरितो एवं कागजमुक्त बनाई अनलाइनमा रेकर्डिङ गरी मासिक रूपमा अनलाइनबाट नै रिपोर्ट तयार गरी नियमित स्वास्थ्य सूचना प्रणालीमा पठाउने। |
| अपेक्षित प्रतिफल | दूर चिकित्सा सेवाको विस्तार तथा विद्युतीय माध्यमबाट अभिलेख तथा प्रतिवेदन कार्य व्यवस्थित भएको हुनेछ । |
| संचालन प्रकृया | • यस कार्यक्रममा विनियोजित बजेटको परिधि भित्र रही आवश्यकतानुसार निम्न कियाकलापहरु गर्न सकिनेछः<br>• आकस्मिक स्वास्थ्य सेवा आवश्यक भएका स्वास्थ्य चौकी, आधारभूत अस्पताल, जिल्ला अस्पतालमा रहेका जनशक्ति मार्फत तोकिएका विशेषज्ञ चिकित्सकहरूसँग निर्धारित टेलिमेडिसिन प्रणाली मार्फत स्वास्थ्य जाँच तथा परामर्श सेवा उपलब्ध गराउने।<br>• दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम खर्च गर्ने ।<br>• दूर चिकित्सा स्वास्थ्य सेवा लिएका सेवाग्राहीहरुको अभिलेख राख्ने र सोको प्रतिवेदन नियमित रुपमा सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयमा पठाउने ।<br>• आवश्यकता अनुसार स्वास्थ्यकर्मीहरूलाई EHR/EMR/EHIRRS/eHMIS सम्बन्धी तालिम व्यवस्था गर्ने ।<br>• जिल्ला अस्पतालमा हाल संचालनमा रहेका EHR/EMR/Telemedicine सम्बन्धी software हरुको maintenance तथा upgrade मा खर्च गर्ने ।<br>• IT सेवा प्रदायक संस्थासँग सम्झौता गरी विद्युतीय स्वास्थ्य सूचना अभिलेख प्रणाली चलाउनको लागि नयाँ संस्थाको लागि युजर खरिद गर्ने । हाल EHR/EMR/EHIRRS/eHMIS लागु गरिएका स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गर्न नवीकरण गरी नियमित सञ्चालन गर्ने ।<br>• EHR/EMR/Telemedicine/EHIRRS/eHMIS सम्बन्धी समीक्षा गर्ने, योजना तयार गर्ने तथा |

| | |
|---|---|
| | जनशक्तिको क्षमता अभिवृद्धि गर्न सकिनेछ ।<br>• बजेटले पुग्ने भएमा यस कार्यक्रमबाट mobile health (mHealth) बारे अभिमुखीकरण समेत संचालन गर्न सकिनेछ ।<br>• संचालन गर्ने व्यक्ति : चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन। |
| बजेट बाँडफाटँ | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम । |
| सन्दर्भ सामग्री | दूर चिकित्सा तथा विधुतीय स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८०, संघीय दूर चिकित्सा सेवा मापदण्ड २०७६, प्रचलित कानुन, मापदण्डहरु। |
| अनुगमन सूचक | विभिन्न प्रतिवेदनहरु, उपस्थिति, कार्यक्रम सम्बन्धी फोटो । |
| जिम्मेवार व्यक्ति | चिकित्सा सेवा शाखा प्रमुख |

८.१४ कृयाकलापको नामः ल्याव सेवा संचालन तथा व्यवस्थापन कार्यक्रम-अस्पताल तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९७ | २२५२२ | २५० | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.१९७ | २२५२२ | ३०० | स्वास्थ्य सेवा कार्यालय, कालिकोट, | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.१९७ | २२५२२ | ९०० | स्वास्थ्य सेवा कार्यालय, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.१९७ | २२५२२ | ७०० | स्वास्थ्य सेवा कार्यालय मुगु | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.१९७ | २२५२२ | ३३० | स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिम | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.१९७ | २२५२२ | ३५० | स्वास्थ्य सेवा कार्यालय सल्यान | स्वीकृत कार्ययोजना अनुसार |

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.१९७ | २२५२२ | ६०० | स्वास्थ्य सेवा कार्यालय हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.५.८२ | २२५२२ | १५० | स्वास्थ्य सेवा कार्यालय,दैलेख | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जिल्लामा संचालित प्रयोगशालाहरुमा मौजुदा उपकरण, केमिकल, रिएजेन्ट र टेस्ट किटहरुको प्रभावकारीरुपले प्रयोग भई प्रयोगशाला सेवा नियमित संचालन गर्न र प्रयोगशालामा कार्यरत कर्मचारीहरुले उपकरणहरुको सही प्रयोगका लागि क्षमता अभिवृद्धि गर्न प्रयोगशाला संचालन तथा व्यवस्थापनको लागि तथा प्रदेशमा रहेका स्वास्थ्य कार्यालयहरुबाट प्रयोगशाला सेवा सहज रुपमा संचालन तथा व्यवस्थापन गरी गुणस्तरीय सेवा प्रवाह गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रयोगशालाबाट गुणस्तरीय सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | प्रयोगशाला सेवा सहज रुपमा संचालन तथा व्यवस्थापन गरी गुणस्तरीय सेवा प्रवाह हुनेछ । |
| संचालन प्रकृया | • प्रयोगशालामा आवश्यक उपकरण, केमिकल, रिएजेन्ट र टेस्ट किटहरुको खरिद तथा मौज्दातमा रहेका सामग्रीहरुको व्यवस्थापन गर्ने।<br>• प्रयोगशाला सुदृढिकरण गर्ने।<br>संचालन गर्ने व्यक्ति : चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ लगायत अन्य सम्बन्धित खर्च मापदण्डहरु। |
| अनुगमन सूचक | खरिद आदेश, दाखिला रिपोर्ट, सेवा रजिस्टर । |
| जिम्मेवार व्यक्ति | चिकित्सा सेवा शाखा प्रमुख |

प्रदेश सचिव

८.१५ कृयाकलापको नामः अक्सिजन सिलिण्डर रिफिल तथा मर्मत-अस्पताल तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०१६ | २२५२२ | १४० | स्वास्थ्य सेवा कार्यालय, मुगु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अक्सिजन सिलिन्डर रिफिल तथा मर्मत स्वास्थ्य संस्थाहरूको एक अत्यावश्यक सेवा हो जसले अक्सिजन सिलिण्डर भराई गरेर बिरामीहरूलाई आवश्यक अक्सिजन आपूर्ति सुनिश्चित गर्छ। |
| उद्देश्य | अस्पतालमा उपचारका लागि भर्ना भएका सिकिस्त बिरामीलाई निरन्तर अक्सिजन उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | अस्पतालमा नियमित रुपमा अक्सिजनको उपलब्धता भइ बिरामीको उपचारमा सहयोग हुने । |
| संचालन प्रकृया | • प्रचलित ऐन नियमानुसार बजेटको परिधि भित्र रही अक्सिजन उत्पादन प्रणालीको व्यवस्थापन, सर्भिसिङ, मर्मत सम्भार गर्ने।<br>• स्पेशिफिकेशन, लागत अनुमान स्वीकृत गराइ प्रक्रिया अगाडि बढाउने<br>संचालन गर्ने व्यक्ती : कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाँट | प्रचलित ऐन नियमानुसार स्वीकृत बजेटको परिधि भित्र रही खरिद योजना बनाइ कार्यालय प्रमुखसंग स्वीकृत गराइ खरिद गर्ने । |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३, नियमावलि २०६४(संशोधित) |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, प्राविधिक प्रतिवेदन । |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुख वा चिकित्सा सेवा शाखा प्रमुख |

८.१६ कृयाकलापको नाम – महामारी व्यवस्थापनको लागि बफर स्टकको लागि औषधि खरिद-जनस्वास्थ्य तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०५२ | २२५२२ | ३०० | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | भौगालिक विविधता तथा मौसम परिवर्तन भइरहने कर्णाली प्रदेशमा उपयुक्त साधन श्रोतको अभावका साथै सम्भावित महामारीको जोखिम रहिरहने स्थितिको पुर्वानुमान गरी आवश्यकता भएका स्थानहरुको सूची तयार पारी सम्भावित महामारीजन्य संक्रामक रोगहरुको उपचार तथा व्यवस्थापनका लागि योजना बनाई प्रदेश, जिल्ला र पालिकास्तरमा तोकिएको औषधि तथा अन्य सामग्री नियमानुसार खरिद गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | Public Health Risk and Emergency को आधारमा जिल्लास्तरको विपद प्रतिकार्य योजना र स्वास्थ्य तथा पोषण इकाइको प्रतिकार्य योजना अनुसार गर्ने । |
| अपेक्षित प्रतिफल | सम्भावित महामारी रोकथाम तथा नियन्त्रणमा सहयोग पुग्नेछ । |
| संचालन प्रक्रिया | • बफर स्टकका लागि आवश्यक औषधि तथा अन्य सामग्रीहरुको सूची तयार गरी स्वीकृत गराई सोको आधारमा वार्षिक बजेटको परिधिभित्र रही नियमानुसार खरिद गर्ने ।<br>संचालन गर्ने व्यक्ति : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन। |
| बजेट बाँडफाँट | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५<br>• |
| सन्दर्भ समाग्री | अत्यावश्यक औषधि सूची, प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु । कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | खरिद इकाइको निर्णय, दाखिला प्रतिवेदन तथा हस्तान्तरण फारम । |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

८.१७ कियाकलापको नाम: खोपको कभरेज कम भएका स्थानिय तहहरुमा जनप्रतिनिधि र स्वास्थ्यकर्मी हरुलाई अभिमुखिकरण-जनस्वास्थ्य तर्फ

| कियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०५३ | २२५२२ | १५० | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |

८.१८ क्रियाकलापको नामः TB/HIV-CABA संक्रमित बालबालिका हरूका लागि पोषण बापतको सहयोग-

| | |
|---|---|
| परिचय | खोपको कभरेज अपेक्षित लक्ष्यभन्दा कम रहेका स्थानीय तहका वडाहरूमा खोप कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न वडा स्तरमा जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया गर्ने र अन्तरक्रिया कार्यक्रमहरूले खोप सेवाको वर्तमान अवस्था, कभरेज, कमजोरी तथा चुनौतीहरूको समिक्षा र बिश्लेषण गर्नुका साथै, कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि छुट खोप तथा शून्य डोज भएका बालबालिकाको पहिचान गरी उनीहरुलाई खोप सेवाको दायरामा ल्याउने स्थानीय रणनीति तथा कार्ययोजना निर्माण गरी समुदायलाई सचेत बनाउँदै सबै बालबालिकालाई खोप पहुँच सुनिश्चित गरि खोप कार्यक्रमको दिगोपना कायम गर्न यो कार्यक्रम राखिएको हो । |
| उदेश्यहरु | • वडा स्तरका जनप्रतिनिधि, स्वास्थ्यकर्मीहरु तथा सरोकारवालासँग अन्तरक्रियामार्फत खोप कभरेजको अवस्था, चुनौती र सुधार पक्षको समिक्षा र बिश्लेषण गर्नु।<br>• स्थानीय सरोकारवालाको सहकार्यमा छुट खोप तथा शून्य डोज भएका बालबालिकाको पहिचान गरी उनीहरूलाई खोप सेवाको दायरामा ल्याउनु। |
| संचालन प्रक्रिया | खोप कभरेज कम भएका वडाहरूको पहिचान गरी त्यहाँका जनप्रतिनिधि, स्वास्थ्यकर्मी र सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने, अन्तरक्रियामा खोप कभरेजको अवस्थाबारे जानकारी छुट र शून्य डोज बालबालिकाको पहिचान गर्नु र उनीहरूलाई खोप सेवामा समावेश गर्ने उपायहरूमा छलफल गरी कार्ययोजना बनाउनु पर्नेछ। यस अन्तरक्रिया कार्यक्रममा जिल्ला जनस्वास्थ्य सेवा कार्यालय/स्वास्थ्य कार्यालय र स्थानीय तहबीच समन्वय गरी कार्यक्रम व्यवस्थित रूपमा सञ्चालन तथा व्यवस्थापन गर्नुपर्ने छ।<br>संचालन गर्ने व्यक्ती : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| अपेक्षित प्रतिफल | खोप छुट र शून्य डोज रहेका बालबालिकाको पहिचान भई उनीहरूलाई खोप सेवामा दायरामा ल्याउन प्रभावकारी कार्ययोजना तयार हुनेछ। |
| बजेटको बांडफाड | कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ बमोजिम। |
| अनुगमनका सूचक | खोप कभरेज,अभिलेख तथा प्रतिबेदन |
| सन्दर्भ सामाग्रि | कार्यक्रम संचालन निर्देशिका, पुर्ण खोप निर्देशिका तथा प्रचलित कानुन नियमहरु |

जनस्वास्थ्य तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.2054 | २२५२२ | 48 | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.5.75 | २२५२२ | 250 | स्वास्थ्य सेवा कार्यालय, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.5.75 | २२५२२ | १50 | स्वास्थ्य सेवा कार्यालय, सल्यान | |

| | |
|---|---|
| परिचय | राष्ट्रिय एच.आइ.भी. रणनीतिक योजना २०२१-२०२६ ले परिलक्षित गरे अनुसार एच.आई.भी संक्रमित तथा प्रभावित बालबालिकाहरूको संरक्षण र स्याहारको लागि परिवार र समुदायको क्षमता अभिवृद्धि गर्ने कुरामा नेपाल सरकारले प्रतिबद्धता व्यक्त गरेको छ। यसै प्रतिबद्धतालाई पूरा गर्दै एच.आई.भी.बाट संक्रमित तथा प्रभावित बालबालिकाहरूलाई पोषण बापत सहयोग उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | एच.आइ.भी. संक्रमित बालबालिकाहरुको पोषणको अवस्थामा सुधार ल्याउने । |
| अपेक्षित प्रतिफल | HIV संक्रमित बालबालिकामा हुन सक्ने विभिन्न प्रकारका दुर्व्यवहार, शोषण, भेदभाव, हिंसा र हेलचेक्र्याइँबाट संरक्षणका लागि वातावरण तयार गर्ने, परिवार र समुदायमा माया, ममता, अपनत्व तथा सम्मानपूर्ण जीवनयापन लगायत उनीहरूको शिक्षा, स्वास्थ्य, पोषण र स्याहार लगायतका आधारभूत बालअधिकारको सुनिश्चित गर्ने । |
| संचालन प्रक्रिया | जिल्ला CABA कार्यान्वयन समितिको निर्णयानुसार एच.आई.भी. संक्रमितहरूलाई एकमुष्ठ रकम रू.१२००० बैंक खातामा जम्मा गरी भुक्तानी हुनेछ । उक्त रकमबाट नियमित रूपमा विद्यालय पठाउने, नियमित रूपमा स्थानीय स्वास्थ्य संस्थामा जाँच गराउने र एन्टिरेट्रोभाइरल उपचारका लागि सहयोगको दायित्व बालबालिकाको अभिभावकको हुनेछ । जिल्ला CABA कार्यान्वयन समिति गठन नभएको जिल्लाको हकमा जन/स्वास्थ्य सेवा कार्यालय प्रमुख, अस्पताल प्रमुख र ए.आर.टी.मा कार्यरत स्वास्थ्यकर्मी, फोकल पर्सन तथा सम्बन्धित साझेदार संस्थाहरूसँग बैठकमा निर्णय गराई मात्र भई आएमा एच.आइ.भी. संक्रमित बालबालिकाहरूको लागि सामाजिक संरक्षण अनुदान सञ्चालन कार्यविधि २०७० अनुसार भुक्तानी हुनेछ । यसको अभिलेख समेत अद्यावधिक गर्नुपर्ने छ ।<br><br>**संचालन गर्ने व्यक्ति** : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन। |
| बजेट | पोषण खर्च नगद अनुदान र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |

| बाँडफाँट | |
|---|---|
| सन्दर्भ सामग्री | राष्ट्रिय एच.आइ.भी. रणनीतिक योजना २०२१-२०२६, नेपाल एच.आइ.भी. भिजन २०२०, एच.आइ.भी. संक्रमित बालबालिकाहरूको लागि सामाजिक संरक्षण अनुदान सञ्चालन कार्यविधि २०७०, प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमनको सूचक | कार्य सम्पन्न प्रतिवेदन, सेवाग्राहीको सूची, भुक्तानी दिएको अभिलेख । |
| जिम्मेवार व्यक्ती | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

८.१९ क्रियाकलापको नाम: MPDSR/MNH Roadmap 2030/ANC to PNC Continuum of Care /PNC Home visit कार्यक्रम समिक्षा तथा अभिमुखिकरण र अनुगमन-जनस्वास्थ्य तर्फ

| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

८.४१ क्रियाकलापको नामः संघ, प्रदेश तथा स्थानीय तह साथै अन्य सरोकारवाला (पत्रकार अन्तर्क्रिया) निकायहरूसँग नियमित रूपमा अन्तरक्रिया कार्यक्रम-जनस्वास्थ्य तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.३४६ | २२५२२ | २०० | स्वास्थ्य सेवा कार्यालय, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विभिन्न अस्पताल/स्वास्थ्य संस्था मार्फत प्रतिकारात्मक, उपचारात्मक, प्रवर्धनात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवा प्रदान हुदै आएको छ। राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा राज्यले गरेका प्रतिबद्धता, जनस्वास्थ्य ऐन/नियमावली, स्वास्थ्य नीति /रणनीतिका साथै सर्वव्यापी स्वास्थ्यको पहुँचको अवधारणा अनुसार प्रदेशको तर्फबाट विभिन्न रोगहरूको सरुवा रोगहरू बारे तथा स्वास्थ्यका अन्य सूचनाहरू बारेमा आमजन समुदायलाई सुसूचित गराउन र सञ्चारका माध्यम मार्फत नागरिकहरूलाई स्वस्थपूर्वक बाँच्नका लागि सचेतना गराउन पत्रकार अन्तर्क्रिया कार्यक्रम राखिएको हो |
| उद्देश्य | संचारकर्मीहरु एवं जनसमुदायलाई स्वास्थ्य सम्बन्धी गतिविधिका बारेमा जानकारी गराइ नागरिकहरुमा सकारात्मक व्यवहार परिवर्तनका लागि सचेतना फैलाउनु। |
| अपेक्षित प्रतिफल | नागरिकहरु स्वास्थ्यका विषयमा सू-सूचित भइ स्वस्थकर बानी व्यवहार अपनाउनेछन्। |
| संचालन प्रकृया | • नेपाल पत्रकार महासंघ सँगको सहकार्यमा संघ, प्रदेश तथा स्थानीय तह साथै अन्य सरोकारवालाहरूबीच अन्तर्क्रिया कार्यक्रम गर्ने।<br>• सञ्चारकर्मीहरुलाई प्रस्तुतिकरण, प्रेस विज्ञप्ति, उपलब्ध भएसम्म स्वास्थ्य शिक्षा सामग्री समेत उपलब्ध गराउने,<br>• महिनावारी स्वच्छता, पोषण, प्रजनन् स्वास्थ्य तथा अन्य स्वास्थ्य सम्बन्धी जानकारी विद्यालय र कलेजमा गएर गराउन सकिने।<br>• संचालन गर्ने व्यक्ति : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, |
| अनुगमन | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति |

| | |
|---|---|
| सूचक | |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

८.४२ कृयाकलापको नाम – प्रकोप महामारी नियन्त्रणका लागि प्रदेश र जिल्लामा आरआरटी परिचालन- जनस्वास्थ्य तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.36 | २२५२२ | १५० | जन/स्वास्थ्य सेवा कार्यालय, जुम्ला र दैलेख | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.36 | २२५२२ | ३०० | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.36 | २२५२२ | २५० | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट, डोल्पा, रुकुम पश्चिम, सल्यान, | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.36 | २२५२२ | २०० | स्वास्थ्य सेवा कार्यालय, कालिकोट र हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशको मौसम तथा भौगोलिक विविधताका कारण समय, स्थान र परिवेश अनुसार विभिन्न प्रकोप, विपद तथा महामारीहरुको समस्या न्यूनीकरण गर्न पूर्व तयारी तथा तत्काल प्रतिकार्य गर्न RRT Mobilization गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | महामारी तथा विपदबाट हुन सक्ने सम्भावित क्षतिको समयमै न्यूनीकरण प्रतिकार्य, रोकथाम निगरानी तथा व्यवस्थापन गर्ने । |
| अपेक्षित प्रतिफल | जिल्ला, स्थानीय तह र समुदायमा पूर्व तयारी तथा प्रतिकार्य मार्फत सम्भावित महामारी तथा विपद नियन्त्रण तथा व्यवस्थापन हुने । |
| सञ्चालन प्रक्रिया | • द्रुत प्रतिकार्य टोली तथा आपतकालीन चिकित्सकीय समूह परिचालन सम्बन्धी निर्देशिका, २०७९ बमोजिम जिल्लास्तरमा आर.आर.टी. गठन गरी पूर्व तयारी तथा समीक्षा बैठक बस्ने ।<br>• प्रकोप व्यवस्थापनका लागि द्रुत प्रतिकार्य टोली (RRT) परिचालन गर्ने । जिल्लामा उपलब्ध भएसम्म तालिम प्राप्त फिल्ड इपिडिमियोलोजिस्टलाई आर.आर.टी. मा महामारी विज्ञको रुपमा सहभागी गराई परिचालन गराउनुपर्नेछ ।<br>• विपद व्यवस्थापनका लागि आवश्यकतानुसार सरोकारवालाहरु बीच समन्वय बैठकहरु संचालन गर्ने । साथै, जिल्ला विपद व्यवस्थापन समितिको बैठकमा सहभागिता जनाई स्वास्थ्य क्षेत्रबाट |

| | |
|---|---|
| | भएका पूर्व तयारी तथा प्रतिकार्य बारे जानकारी गराउने र महामारी नियन्त्रणका लागि अन्य विषयगत क्षेत्रबाट हुने सहयोगका लागि समन्वय गर्ने ।<br>• जिल्लास्तरको विपद प्रतिकार्य योजना (Contingency Plan) बनाई सोही योजना अनुसार काम गर्ने ।<br>• स्थानीय तहका RRT सदस्यहरुको क्षमता अभिवृद्धि गर्ने ।<br>• महामारीको अवस्था निम्तिन सक्ने सम्भाव्य रोगहरु (outbreak prone diseases) को तथ्याङ्कीय तथा इपिडिमियोलोजिकल विश्लेषणद्वारा नियमित सर्भिलेन्स गर्नुपर्नेछ ।<br>• पानीजन्य रोगको नियन्त्रणका लागि नियमित पानी परीक्षण तथा सर्भिलेन्स कार्यक्रम संचालन गर्ने ।<br>• **संचालन गर्ने व्यक्ति :** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | द्रुत प्रतिकार्य टोली तथा आपतकालीन चिकित्सकीय समूह परिचालन सम्बन्धी निर्देशिका, २०७९, प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | विपद पूर्वतयारी प्रतिकार्य योजना, बैठक माइन्युट तथा प्रतिवेदनहरु । |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

**८.४३ कृयाकलापको नाम – QC का लागी TB र मलेरिया सलाईडको ढुवानि-जनस्वास्थ्य तर्फ**

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.४०२ | २२५२२ | 100 | स्वास्थ्य सेवा कार्यालय, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.४०२ | २२५२२ | 50 | स्वास्थ्य सेवा कार्यालय, सल्यान | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेका प्रयोगशालाहरुमा संकलित स्लाइडहरुको गुणस्तर कायम तथा नियन्त्रण गर्न क्षयरोग र मलेरियाका स्लाइडहरु पुनःजाँच गर्नका लागि संकलित नमुनाहरुको ढुवानी गर्न यो |

| | |
|---|---|
| | कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रयोगशाला सेवाको गुणस्तरीयता कायम राख्ने । |
| अपेक्षित प्रतिफल | सेवा प्रवाह छिटो र गुणस्तरीय हुनेछ । |
| संचालन प्रकृया | • स्थानीय तह तथा जिल्लाका प्रयोगशालामा जाँच गरिएका क्षयरोग र मलेरियाका स्लाइडहरुलाई प्रदेश जनस्वास्थ्य प्रयोगशालासम्म ल्याई गुणस्तर जाँच गर्ने ।<br>• प्रत्येक चार महिनाको अन्त्यमा एक पटक गरी वर्षको ४ पटक QC का लागि टि.बी. र मलेरिया स्लाइडको ढुवानी गर्ने ।<br>• बजेटले पुग्ने भएमा आवश्यकतानुसार अन्य रोगसँग सम्वन्धित नमुनाहरु पनि ढुवानी गर्न सकिनेछ ।<br>• संचालन गर्ने व्यक्ति: जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | प्रयोगशाला क्षयरोग तथा मलेरिया जाँच सम्बन्धी अद्यावधिक प्रोटोकलहरु, प्रचलित कानुन र स्वीकृत खर्च सम्वन्धि मापदण्ड । कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | चौमासिक रिपोर्ट तथा सलाइडहरु, QC रिपोर्ट फारम र भ्रमण आदेश । |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख, कार्यक्रम फोकल पर्सन |

८.४४ कृयाकलापको नाम: अस्पतालमा अक्सिजन प्लान्ट व्यवस्थापन-अस्पताल तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.४२७ | २२५२२ | 150 | स्वास्थ्य सेवा कार्यालय, कालिकोट | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.४२७ | २२५२२ | 400 | स्वास्थ्य सेवा कार्यालय, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |

| | | | | |
|---|---|---|---|---|
| 2.7.22.४२७ | २२५२२ | 100 | स्वास्थ्य सेवा कार्यालय, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा उपचारका लागि भर्ना भएका सिकिस्त बिरामीलाई निरन्तर अक्सिजन, भ्याकुम र एअरको आपूर्ति अक्सिजन प्लान्टबाट भइराखेकोले प्लान्टको नियमित सर्भिसिङ, मर्मत गरी दुरुस्त राख्न यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | अक्सिजन प्लान्टबाट नियमित पाइपद्वारा बिरामीहरुलाई अक्सिजन, भ्याकुम र एअरको आपूर्ति गर्न। |
| अपेक्षित प्रतिफल | अस्पतालमा नियमित रुपमा अक्सिजनको उपलब्धता भइ बिरामीको उपचारमा सहयोग हुने। |
| संचालन प्रकृया | • प्रचलित ऐन नियमानुसार बजेटको परिधि भित्र रही अक्सिजन उत्पादन प्रणालीको व्यवस्थापन, सर्भिसिङ, मर्मत सम्भार गर्ने,<br>• अक्सिजन आपूर्ति गर्न आवश्यक पाइपलाईन, Bed headed panel लगायतका सामग्रीहरु व्यवस्थापन गर्ने,<br>• प्राविधिक प्रतिवेदन, स्पेशिफिकेशन, लागत अनुमान स्वीकृत गराइ प्रक्रिया अगाडि बढाउने। |
| बजेट बाँडफाँट | प्रचलित ऐन नियमानुसार स्वीकृत बजेटको परिधि भित्र रही खरिद योजना बनाइ कार्यालय प्रमुखसंग स्वीकृत गराइ खरिद गर्ने।<br>संचालन गर्ने ब्यक्ति : चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४(संशोधित), कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, प्राविधिक प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति | चिकित्सा सेवा शाखा प्रमुख। |

८.४५ क्रियाकलापको नाम: मानसिक स्वास्थ्य कार्यक्रम(स्वास्थ्य सेवा)- जनस्वास्थ्य तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४३१ | २२५२२ | १७० | जनस्वास्थ्य सेवा कार्यालय, | स्वीकृत कार्ययोजना |

| | | | सुर्खेत | अनुसार |
|---|---|---|---|---|

| | |
|---|---|
| परिचय | नेपालको संविधान २०७२ को भाग ३ को धारा १६ मा प्रत्येक नागरिकले सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्रताको हक र धारा १८ मा समानताको हकको व्यवस्था गरेको छ। यसैगरी जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ को उपदफा ४ (ङ) मा मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको सूचीमा समावेश गरिएको छ। राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना २०७७ को लक्ष्य अनुसार नागरिकको मौलिक हकको रूपमा संविधान प्रदत्त स्वास्थ्य सेवा अन्तर्गत मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्न न्यायसङ्गत एवं जवाफदेही ढङ्गले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई प्राथमिक स्वास्थ्य सेवा प्रणालीमा एकीकृत गरी समयसापेक्ष विशिष्टिकृत मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउने भनी उल्लेख गरिएको छ। दिगो विकास लक्ष्य (२०१६– २०३०) को लक्ष्य ३ मा सुस्वास्थ्य तथा समृद्ध जीवन" अन्तर्गत मानसिक स्वास्थ्यलाई पनि प्राथमिकतामा राखिएको छ । कर्णाली प्रदेश सरकारको मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीति र कार्ययोजना २०७९– २०८७ बमोजिम नागरिकको मौलिक हकका रुपमा प्रदत्त स्वास्थ्य सेवा अन्तर्गत मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समतामूलक पहुँच सुनिश्चित गर्न न्यायसंगत एंव जवाफदेही ढंगले स्वास्थ्य सेवामा एकीकृत गरी समय सापेक्ष मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा अविच्छिन्न रुपमा उपलब्ध गराइने उल्लेख गरिएको छ । |
| उद्देश्य | गुणस्तरीय मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवाको सबै वर्गमा सरल, सुलभ र सहज पहुँचको सुनिश्चितता गरी मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई सम्मानजनक तथा सेवाग्राहीमैत्री बनाउने।<br><br>मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई दिगो एवं निरन्तरताका लागि आन्तरिक तथा बाह्य श्रोतको पहिचान गरी प्रभावकारी रुपमा परिचालन गर्ने। |
| अपेक्षित प्रतिफल | सबै वर्गमा गुणस्तरीय सरल, सुलभ र सहज पहुँच सहितको मानसिक स्वास्थ्य सेवा बिस्तार र सेवा प्रदायकहरुको क्षमतामा अभिवृद्धि हुनेछ<br><br>मनोसामाजिक सेवालाई सम्मानजनक तथा सेवाग्राहीमैत्री हुनेछ<br><br>मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई दिगो एवं निरन्तरताका लागि आन्तरिक तथा बाह्य श्रोतको पहिचान गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ |
| संचालन प्रकृया | • मानसिक स्वास्थ्यमा कार्यरत विभिन्न साझेदार तथा सरोकारवाला निकायसँग समन्वय तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने ,<br>• मानसिक स्वास्थ्य तथा परामर्शका विभिन्न सुचनामूलक सामग्रीको बिकास तथा उत्पादन गरी प्रचार प्रसार गर्ने । |

| | |
|---|---|
| | • संचालन गर्ने व्यक्ति जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाटँ | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| सन्दर्भ सामग्री | प्रादेशिक मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना २०७९<br>मानसिक स्वास्थ्य सम्बन्धी आधारभुत तालिम पुस्तिका ,विभिन्न समयमा प्रकाशित सूचना, सञ्चार तथा परामर्श सम्बन्धी सामग्रीहरु ,प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। |
| अनुगमन सूचक | बिभिन्न कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

८.४६ कृयाकलापको नाम मातृ तथा शिशु स्वास्थ्य सम्बर्धनात्मक कार्यक्रम सञ्चालन-जनस्वास्थ्य तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.५ | २२५२२ | ५०० | स्वास्थ्य सेवा कार्यालय, मुगु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपालको सविधानमा समेत सुरक्षित मातृत्वलाई मौलिक हकको रुपमा राखिएको छ। "सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५" अनुसार प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ भनी उल्लेख गरिएको छ। कुनै पनि महिलाले गर्भवती ,प्रसव ,सुत्केरी , गर्भपतनको जटिलताका कारण अस्पतालसम्म पुग्न नसकेर ज्यान गुमाउन नपरोस भनी उनीहरुलाई आवश्यक परेको खण्डमा तुरुन्त सुविधा सम्पन्न अस्पतालमा प्रेषण गर्न यो कार्यक्रमको व्यवस्था गरिएको हो ।स्वास्थ्य सेवाको पहुचबाट टाढा रहेका समुदायहरु पहिचान गरि गर्भवती, सुत्केरी आमाहरु र शिशुहरुको समग्र स्वास्थ्य स्थितिको प्रवर्धन गर्नको लागि जनचेतनामूलक गतिविधिहरु सन्चालन गर्न यो कार्यक्रममा बजेट विनियोजन गरिएको हो। |
| उद्देश्य | गर्भवती, सुत्केरी आमाहरु र शिशुहरुको समग्र स्वास्थ्य स्थितको सम्वर्धन गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सेवामा मातृ तथा शिशुहरुमा सेवाको उपभोग दर बृद्धि, रुग्णता दर कमी हुने। |
| संचालन प्रकृया | • लक्षित समुहः आमा समुहहरु,महिला सामुदायकि स्वास्थ्य स्वयं सेविकाहरु, गर्भवती तथा सुत्केरी महिलाहरु,नवजात शिशुहरु<br>• सन्चालन गर्ने व्यक्तिः पहेन बा जनस्वास्थ्य प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको |

| | |
|---|---|
| | व्यक्ति<br>• विधिः मातृ तथा नवजात शिशु सेवाका कभरेज कम भएका स्वास्थ्य सस्थाहरु पहिचान गरी समुदाय स्तरमा स्वास्थ्य प्रवर्धनात्मक कार्यक्रम सन्चालन गर्ने साथै कार्यक्रम सन्चालन गर्दा स्वास्थ्य सेवा निर्देशनालयसँग समन्वय गरी गर्भवती, सुत्केरी आमाहरु र शिशुहरुको समग्र स्वास्थ्य स्थितिको प्रवर्धन गर्नको लागी प्रवर्धनात्मक कार्यक्रम सन्चालन गर्ने।<br>• संचालन गर्ने व्यक्ती : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन<br>• अनुगमन निकाय/व्यक्तिः सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय र सम्वन्धित कार्यालयवाट सेवा सँग सम्वन्धित व्यक्ति |
| बजेट बाँडफाटँ | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| सन्दर्भ सामग्री | कार्यक्रमसँग सम्वन्धित मार्गदर्शनहरू। |
| अनुगमन सूचक | प्रतिवेदन तथा सुचकहरु |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख। |

घनश्याम भण्डारी
मा. मन्त्री

प्रदेश सचिव

८.४७ कृयाकलापको नामः स्वास्थ्य बीमा कार्यक्रम/ स्वास्थ्य विमा कार्यक्रम व्यवस्थापन-जनस्वास्थ्य तर्फ

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.२.२२.५७ | २२५२२ | 150 | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | स्वीकृत कार्ययोजना अनुसार |
| ७.२.२२.५७ | २२५२२ | 100 | स्वास्थ्य सेवा कार्यालय, कालिकोट, डोल्पा, रुकुम पश्चिम र मुगु | स्वीकृत कार्ययोजना अनुसार |
| ७.२.२२.५७ | २२५२२ | 300 | स्वास्थ्य सेवा कार्यालय, दैलेख, सल्यान | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्य बीमामा अपाङ्ग, अति विपन्न, सिमान्तकृत तथा लोपोन्मुख समुदायको पहुँच कम रहेकाले सो समुदायलाई बिमामा आवद्द गराउनका लागि यस शिर्षकमा बजेट विनियोजन गरीएको छ। |
| उद्देश्य | स्वास्थ्य बीमामा अपाङ्ग, अति विपन्न, सिमान्तकृत, लोपोन्मुख समुदायको पहुँच बढाउने। |
| अपेक्षित प्रतिफल | अपाङ्ग, अति विपन्न, सिमान्तकृत तथा लोपोन्मुख समुदायको बीमा सेवामा आवद्धता बढ्नेछ। |
| संचालन प्रकृया | लक्षित समुह : अपाङ्ग, अति विपन्न, सिमान्तकृत तथा लोपोन्मुख समुदाय<br>बिधिःअपाङ्ग, अति विपन्न, सिमान्तकृत तथा लोपोन्मुख समुदायको पहिचाँन गरी स्थानिय तह तथा विभिन्न सरेकारवालासंग समन्वय गरी बिमा सेवामा आवद्ध गर्ने ।<br>संचालन गर्ने व्यक्ति : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन। |
| बजेट बाँडफाँट | कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५। |
| सन्दर्भ सामग्री | बिपन्न नागरिक स्वास्थ्य बिमा तथा स्वास्थ्य उपचार सहयोग कार्यविधी २०८०। |
| अनुगमन सूचक | बिमामा आवद्ध भएका लक्षित समुहको सङ्ख्या । |
| जिम्मेवार | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

| व्यक्ति | |
|---|---|

८.४८ कृयाकलापको नामः जेष्ठ नागरिक स्वास्थ्य प्रर्वधन कार्यक्रम-जनस्वास्थ्य तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.२.२२.६ | २२५२२ | २०० | स्वास्थ्य सेवा कार्यालय, मुगु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जेष्ठ नागरिक सेवाग्राहीहरुको पहिचान गरी नियमित रुपमा सेवा लिन आउने जेष्ठ नागरिकको निःशुल्क जाँच गरी स्वास्थ्य प्रवर्धन गर्न साथै जेरियाट्रिक स्वास्थ्य सेवा संचालन (जेष्ठ नागरिक) बमोजिम विभिन्न उपचारात्मक स्वास्थ्यसेवा उपलब्ध गराउन २०७७ ,निर्देशिका यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | जेष्ठ नागिरकलाई आवश्यकता अनुसार बिभिन्न रोगको निदान गरी उपचारको माध्यमबाट स्वास्थ्य संरक्षण, प्रवर्धन साथै उचित परामर्श गरी स्वास्थ्यमा पहुँच विस्तार गर्ने । |
| अपेक्षित प्रतिफल | जेष्ठ नागरिकमा स्वास्थ्यको पहुँच प्रवर्धन भएको हुनेछ । |
| सचालन प्रकृया | • स्थानीय तहसंगको समन्वयमा समुदायमा रहेका जेष्ठ नागरिकहरुको पहिचान गरी स्वास्थ्य संस्थामा सेवा लिन आउन प्रेरित गर्ने ।<br>• पहिचान गरिएका जेष्ठ नागरिकहरुको स्वास्थ्य संस्थामा निप्रयोगशाला सेवा ) शुल्क स्वास्थ्य जाँचः गरी आवश्यकता अनुसार औषधीको व्यवस्था मिलाउने । (तथा अन्य सबै जाँचहरु<br>• संचालन गर्ने व्यक्ति : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | खरिद आदेश, दाखिला रिपोर्ट, सेवाग्राही संख्या |

| | |
|---|---|
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

८.४९ क्रियाकलापको नामः बार्षिक प्रगति प्रतिबेदन छपाइ(अन्य)-जनस्वास्थ्य तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.25.340 | २२५२२ | 50 | जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला, सुर्खेत र कालिकोट, हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.25.340 | २२५२२ | 60 | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.25.340 | २२५२२ | 80 | स्वास्थ्य सेवा कार्यालय, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.25.340 | २२५२२ | 40 | स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.25.340 | २२५२२ | 100 | स्वास्थ्य सेवा कार्यालय, सल्यान | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कार्यालयको गत आ.व. मा सञ्चालित क्रियाकलाप, उपलब्धि, समस्या र सुझावहरू समेटिएको बार्षिक प्रतिबेदन तयारी एवं प्रकाशन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | बार्षिक प्रतिबेदन तयारी र छपाइ गर्ने । |
| अपेक्षित प्रतिफल | आगामी योजना, कार्यक्रम र निर्णय प्रक्रियामा सूचना एवं तथ्याङ्कको प्रयोग भई स्वास्थ्य सेवामा सुधार आउने । |
| संचालन प्रक्रिया | तयारी बैठक, कार्य बिभाजन, बिषयगत समन्वय बैठक, समायोजन, सञ्चार खर्च र छपाइ गर्ने ।<br>संचालन गर्ने व्यक्ति : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु । |

| | |
|---|---|
| अनुगमन सूचक | वार्षिक प्रतिवेदन पुस्तिका, दाखिला प्रतिवेदन । |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

८.५० क्रियाकलापको नाम: जनचेतनामूलक सामग्री निर्माण-जनस्वास्थ्य तर्फ

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.५७९ | २२५२२ | १०० | जनस्वास्थ्य सेवा कार्यालय जुम्ला र सुर्खेत, स्वास्थ्य सेवा कार्यालय जाजरकोट, कालिकोट, डोल्पा, दैलेख, मुगु, रूकुम पश्चिम, सल्यान, हुम्ला | साउन र भदौ मसान्तसम्म |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा सर्ने तथा नसर्ने रोगहरू, उदयीमान तथा पुन उदयीमान रोगहरु, बिभिन्न विपदका घटनाहरुका साथै विभिन्न स्वास्थ्य समस्याहरू बढ्दै गइरहेको परिप्रेक्ष्यमा त्यस्ता स्वास्थ्य अवस्थाका लागि समयमै पूर्व तयारी, रोकथाम, निदान तथा उपचार गर्न जनतालाई चेतनामूलक जानकारी दिई व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन अत्यावश्यक भएकोले जनस्वास्थ्य सेवा कार्यालय र अस्पतालहरूले प्रदान गर्ने विभिन्न सेवाहरू, सरसफाई, सर्ने तथा नसर्ने रोगहरू, जीवनशैली सुधार लगायतका जनस्वास्थ्य सम्बन्धी सचेतनामूलक जनस्तरमा जानकारी दिने उद्देश्यले सूचनाहरू सञ्चारमाध्यममा प्रकाशन गर्नका लागि जनचेतनामूलक सन्देश सामाग्री निर्माण गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आयुर्वेदका विषयवस्तुहरु समेटिएको सन्देश निर्माण गर्ने । |
| अपेक्षित प्रतिफल | आयुर्वेद स्वास्थ्य सेवाको बारेमा जानकारी प्राप्त भई सेवाग्राहीहरुको संख्या बढेको हुनेछ। |
| संचालन प्रक्रिया | जनस्वास्थ्य सेवा कार्यालय र अस्पतालहरूले प्रदान गर्ने विभिन्न सेवाहरु, सरसफाई, सर्ने तथा नसर्ने रोगहरू, जीवनशैली सुधार लगायतका जनस्वास्थ्य सम्बन्धी सचेतनामूलक जनहितका सूचनाहरू सञ्चारमाध्यममा प्रकाशन गर्नका लागि सञ्चारमाध्यम, विज्ञापन एजेन्सीहरू मार्फत सन्देश सामाग्री निर्माण गर्ने।<br>संचालन गर्ने व्यक्ति : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट | सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम। |

| | |
|---|---|
| बाँडफाँड | |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, |
| अनुगमन सूचक | सूचना सामाग्री जिन्सी दाखिला। |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

८.५२ कृयाकलापको नामः सक्रीय विधिवाट क्षयरोगका बिरामीहरुको खोजपट्ताल(माईक्रोसकोपि क्याम्प संचालन)- जनस्वास्थ्य तर्फ

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.१०९ | २२५२२ | १५० | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | सन् २०३५ सम्ममा नेपाल सरकारले क्षयरोग निवारण गर्ने लक्ष्य लिएको छ । सोहि सन्दर्भमा समुदायमा रहेका सम्भावित क्षयरोगका बिरामीहरुको समयमै निदान गरी रोग संक्रमण हुन नदिने, मृत्यु हुन बाट बचाउने र समुदायमा निदान हुन छुटेका क्षयरोग बिरामीहरु समयमै पत्ता लगाई केश नोटिफिकेशन बढाउनका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | सक्रिय खोजपड्ताल विधिबाट क्षयरोग बिरामी समयमै पत्ता लगाई उपचारको दायरामा ल्याउने । |
| अपेक्षित प्रतिफल | समुदायमा विभिन्न कारणबाट पहिचान हुन छुटेका क्षयरोग बिरामीहरू पत्ता लागेका हुनेछन् । |
| सञ्चालन प्रक्रिया | रोगको प्रकोप दर बढी भएका वा संभावित क्षयरोग विरामी हुने जन/ स्वास्थ्य कार्यालय तथा स्थानीय तहसँग समन्वय गरी तालिम प्राप्त स्वास्थ्यकर्मी, प्रयोगशालाकर्मी, चिकित्सक तथा महिला स्वास्थ्य स्वयंसेविकाहरु सहित आवश्यक जनशक्ति परिचालन गरी क्षयरोग बिरामीको खोजपड्ताल गर्ने ।<br><br>संचालन गर्ने व्यक्ति: जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |

| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
|---|---|
| सन्दर्भ सामग्री | राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रमको साविकको निर्देशिकाका साथै कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमनका सूचक | सक्रिय खोजपड्ताल विधिवाट खोजी गरिएका सभांवित क्षयरोगका बिरामी तथा क्षयरोग पत्ता लागेकाको विवरण |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

८.५४ कृयाकलापको नाम: **HMIS अभिलेख तथा प्रतिवेदन फाराम, निर्देशिका छपाइ- जनस्वास्थ्य तर्फ**

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.२९ | २२५२२ | ४० | स्वास्थ्य सेवा कार्यालय, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |

| परिचय | स्वास्थ्य संस्थाहरुमा HMIS Tool र सूचना, शिक्षा तथा संचार सामग्रीहरुको समयमै आपूर्ति गर्ने कार्य महत्वपूर्ण भएकाले यो कार्यक्रम राखिएको छ। |
|---|---|
| उद्देश्य | HMIS Tool तथा IEC Material हरु विकास तथा छपाई गरी स्वास्थ्य संस्थाहरुलाई आपूर्ति गर्नु। |
| अपेक्षित प्रतिफल | अभिलेख तथा प्रतिवेदन कार्य व्यवस्थित भएको हुनेछ । |
| संचालन प्रकृया | यस कार्यक्रममा रहेको बजेटबाट मुख्य गरी दुई प्रकारका स्वास्थ्य सामग्रीहरुको विकास तथा छपाई गरिनेछ:<br>१. स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) संग सम्बन्धीत अभिलेख रजिस्टर तथा प्रतिवेदन फारामहरु<br>२. स्वास्थ्य सम्बन्धी सूचना, शिक्षा तथा संचार सामग्रीहरु<br>माथि उल्लेखित सामग्रीहरुको आवश्यक परिमाण निर्धारण गरी प्रचलित आर्थिक कार्यविधि तथा ऐन नियमावलीहरुको परिधि भित्र रही बिज्ञहरुको परिचालन गरी विकास तथा छपाई गरी स्वास्थ्य संस्थाहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।<br>संचालन गर्ने व्यक्ति: जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा |

| | |
|---|---|
| | कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाटँ | प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम। |
| सन्दर्भ सामग्री | HMIS Tool तथा IEC Material हरुको छपाईमा आर्थिक नियमको परिधिभित्र रहि अवश्यकता अनुसार खर्च गरिने छ । |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, ह.फा. |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख। |

८.५५ क्रियाकलापको नामः महामारी व्यवस्थापनको लागी बफर स्टक/ सामाग्री खरीद- जनस्वास्थ्य तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.92 | २२५२२ | 300 | जन/स्वास्थ्य सेवा कार्यालय, जुम्ला, जाजरकोट, कालिकोट, हुम्ला र दैलेख | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.92 | २२५२२ | 400 | स्वास्थ्य सेवा कार्यालय, मुगु, रुकुम पश्चिम | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.92 | २२५२२ | 350 | स्वास्थ्य सेवा कार्यालय, सल्यान | स्वीकृत कार्ययोजना अनुसार |
| 2.7.22.92 | २२५२२ | ६00 | स्वास्थ्य सेवा कार्यालय, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | भौगालिक विविधता, मौसम परिवर्तन तथा प्राकृतिक प्रकोप भैरहने कर्णाली प्रदेशमा उपयुक्त साधन श्रोतको अभावका साथै सम्भावित महामारीको जोखिम रहिरहने स्थितिको पुर्वानुमानको आधारमा आवश्यकता भएका स्थानहरुमा सम्भावित महामारीजन्य संक्रामक रोगहरुको उपचार तथा व्यवस्थापनका लागि औषधी तथा अन्य सामग्री नियमानुसार खरिद गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | महामारी तथा विपद्को समयमा हुने जोखिम न्यूनीकरणका लागी औषधि तथा अन्य सामग्रीको व्यवस्थापन गर्ने । |
| अपेक्षित | महामारी रोकथाम तथा नियन्त्रणमा सहयोग पुग्नेछ । |

| प्रतिफल | |
|---|---|
| सचालन प्रकृया | • बफर स्टकका लागि आवश्यक सामग्रीहरुको सूचि तयार गर्ने,<br>• प्रचलित कानून बमोजिम खरिद गर्ने,<br>• आवश्यकता अनुसार वितरण गर्ने।<br>• संचालन गर्ने व्यक्तिः जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम। |
| सन्दर्भ समाग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड । कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | खरिद ईकाईको निर्णय दाखिला ,खरिद कागजात ,विवरण । |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

८.५६ कृयाकलापको नामः लामो अवधिको परिवार नियोजन साधन शिवीर LARC Camp- जनस्वास्थ्य तर्फ

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.२.५.६३ | २२५२२ | १५० | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | स्वीकृत कार्ययोजना अनुसार |

| परिचय | परिवार योजनाका लामो अवधीका आधुनिक साधनहरुको पहुँच अभिवृद्धि गर्न यो कार्यक्रम राखिएको छ । |
|---|---|
| उद्देश्य | ईम्पलान्ट र आयुसिडीको प्रयोग दर बढाउने । |
| अपेक्षित प्रतिफल | परिवार नियोजनको प्रयोगदर पहुँचमा बृद्धि भएको हुनेछ। |
| सचालन प्रकृया | • स्थानीय तहसंग समन्वय गरी विनियोजित बजेट र लक्ष्यमा रहि सेवा उपलब्ध नभएका स्वास्थ्य संस्थाहरुको संख्या छनोट गरी तालिम प्राप्त स्वास्थ्य सेवा प्रदायक वा भिजिटिङ्ग प्रोभाइडर परिचालन गरी १ दिने शिविर मार्फत संस्थामै सेवा प्रवाह गर्ने । यसमा स्थानिय |

| | |
|---|---|
| | समुदायका सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई अनिवार्य परिचालन गर्ने ।<br>• सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालय संग समन्वय गरी संचालन गर्ने।<br>• संचालन गर्ने व्यक्ति: जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | नेपाल मेडिकल स्टान्डर्ड भोलुम १ ,डीएमटी फ्लिप चार्ट,मेक हिल पुस्तिका ,साथै प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | शिविर प्रतिवेदन, एच एम आइ एस इन्ट्री भएको । |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

८.५७ कृयाकलापकको नाम : कोल्डरुम तथा भ्याक्सिन सुरक्षाको लागि इन्धन-जनस्वास्थ्य तर्फ

| कृयाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१४० | २२५२२ | १५० | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | खोपबाट बचाउन सकिने विभिन्न संक्रामक रोगहरुको रोकथामको लागि गुणस्तरीय खोप सेवाको सुनिश्चिता गर्नुपर्ने हुन्छ । भण्डारण भएका खोपहरुको कोल्डचेन कायम गर्न विघुतीय श्रोतको आवश्यकता पर्दछ । बेला बेलामा हुन सक्ने विघुतीय आपूर्ति समस्याको अवस्थामा कोल्डचेन भण्डारण सुनिश्चित राख्नको लागि निरन्तर विद्युत आपूर्ति गर्न विघुतको वैकल्पिक रुपमा इन्धन आवश्यक भएकाले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | कोल्डचेन कायम राखि खोपको गुणस्तरको सुनिश्चितता तथा भ्याक्सिन ढुवानीका लागि इन्धन खरिद गर्ने । |
| अपेक्षित प्रतिफल | विद्युतको नियमित आपूर्ति भई भ्याक्सिनको गुणस्तर कायम हुने,<br>रेफ्रिजिरेटर भ्यानबाट कोल्डचेन कायम गरी भ्याक्सिन ढुवानी हुने। |
| संचालन | • यस केन्द्रको कोल्डचेन स्टोर तथा सब-स्टोरका लागि आवश्यक पर्ने इन्धनको आवश्यकता |

| | |
|---|---|
| प्रकृया | निर्धारण गरी प्रचलित नियमानुसार इन्धन खरिद गर्ने |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड। |
| अनुगमन सूचक | प्रदेश कोल्डरुमा भएको जेनेरेटरको लगबुक, गाडीको लगबुक तथा बिल भरपाईहरु |
| जिम्मेवार व्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख। |

८.५८ क्रियाकलापको नामः अस्पतालजन्य फोहोरमैला व्यवस्थापन कार्यक्रम-अस्पताल तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८८ | २२५२२ | 150 | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.१८८ | २२५२२ | 200 | स्वास्थ्य सेवा कार्यालय, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.१८८ | २२५२२ | 250 | स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालबाट दुई प्रकारका फोहोरमैला; सामान्य र अस्पतालजन्य फोहोर निस्कने हुँदा सामान्य प्रकारको फोहोरलाई डम्पिङ साइटमा फाल्न मिल्छ भने अस्पतालजन्य फोहोरलाई निर्मलीकरण गरी विसर्जन गर्नुपर्ने हुँदा यस शीर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | अस्पतालजन्य फोहोरमैला निर्मलीकरण गरी व्यवस्थित रुपमा विसर्जन गर्ने । |
| अपेक्षित प्रतिफल | अस्पतालजन्य फोहोरबाट सेवा प्रदायक र समुदायमा हुने जोखिम कम हुने । |
| संचालन प्रक्रिया | • स्वीकृत बजेटको परिधि भित्र रही निम्न क्रियाकलापहरु मध्येबाट आवश्यकतानुसार गर्न सकिनेछ:<br>• HCWMG (Health Care Waste Management Guidelines) सम्बन्धी अभिमुखीकरण वा तालिम |

| | |
|---|---|
| | गर्ने ।<br>• Health Care Waste Management सम्बन्धी नीति २०७९, Health Care Waste Management SOP २०२० अनुसार अस्पतालबाट निस्कने फोहोरमैला व्यवस्थित रुपमा विसर्जन गर्ने ।<br>• अस्पतालको फोहोरमैला व्यवस्थापन गर्न जनशक्ति अभावका कारण कठिनाई भएमा सोको व्यवस्थापन समेत गर्ने ।<br>• संचालन गर्ने व्यक्ति : चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| सन्दर्भ सामग्री | Health Care Waste Management सम्बन्धि नीति २०७९, संक्रमण रोकथाम तथा फोहोरमैला व्यवस्थापन तालिम पुस्तिका २०७९, प्रचलित कानुन तथा मापदण्डहरु। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, दाखिला प्रतिवेदन, हाजिरी । |
| जिम्मेवार व्यक्ति | चिकित्सा सेवा शाखा प्रमुख। |

८.५९ कृयाकलापको नामः प्रदेश अन्तर्गतका अस्पतालहरुमा NCD Corner को स्थापना-अस्पताल तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.५७९ | २२५२२ | १०० | स्वास्थ्य सेवा कार्यालय, हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नसर्ने रोगहरु जस्तै मुटु तथा रक्तनलीको रोग, मधुमेह, क्यान्सर तथा दीर्घ श्वासप्रश्वास सम्बन्धी रोगको भार बढ्दै गइरहेको परिप्रेक्ष्यमा त्यसको समयमा रोकथामका लागि सचेतनामूलक गतिविधिहरु संचालन गर्न अत्यावश्यक भएकोले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | उच्च जोखिममा रहेका व्यक्तिको पहिचान गरि सो समूहलाई स्वास्थ्य शिक्षा तथा परामर्श प्रदान। |
| अपेक्षित प्रतिफल | नसर्ने रोगबारे सचेतनात्यसबाट हुने जटिल, न्यूनीकरण गर्न सम्भव हुनेछ। |
| संचालन | • स्वास्थ्य संस्था भित्र NCD Corner को स्थापनाः कक्ष, उपकरण, आवश्यक IEC/BCC सामग्री |

| | |
|---|---|
| प्रकृया | प्रयोगद्वारा स्वास्थ्य सचेतना वृद्धि।<br>• प्रशिक्षित जनशक्तिको परिचालन<br>• रेफरल आवश्यक परेमा नजिकको अस्पतालमा पठाउने।<br>• संचालन गर्ने व्यक्ति : चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाटँ | प्रचलित ऐन नियमानुसार स्वीकृत बजेटको परिधि भित्र रही खरिद योजना बनाइ कार्यालय प्रमुखसंग स्वीकृत गराइ खरिद गर्ने। |
| सन्दर्भ सामग्री | PEN package प्रोटोकल तथा निर्दिशकाहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, कार्यक्रम प्रतिवेदन, रेकर्ड। |
| जिम्मेवार व्यक्ति | चिकित्सा सेवा शाखा प्रमुख। |

८.६० कृयाकलापको नाम – पेन/पेन प्लस क्लिनिक संचालन- अस्पताल तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१३९ | २२५२२ | ८०० | स्वास्थ्य सेवा कार्यालय जाजरकोट,कालिकोट,डोल्पा, दैलेख, मुगु, रुकुम पश्चिम, सल्यान | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.२१३९ | २२५२२ | ७५० | स्वास्थ्य सेवा कार्यालय हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | पेन-प्लस नसर्ने रोगहरूको (NCDs) एकीकृत स्वास्थ्य सेवा प्रदान गर्ने पहिलो तहको रेफरल अस्पतालको मोडेल हो, जुन पेन (PEN) कार्यक्रमको आधारमा निर्माण गरिएको हो। नसर्ने रोग र तिनका जोखिमहरुको समयमा नै पहिचान गरी उचित रोकथामउपचार तथा परामर्श दिने र आवश्यकता , आधारमा प्रेषणसमेत गर्ने अभिप्रायले नसर्ने रोगको जोखिमलाई कम गर्न उच्च प्राथमिकताका लागि पेन/पेन प्लस क्लिनिक सञ्चालनमा लाउने |

| | |
|---|---|
| उद्देश्य | नसर्ने रोगको समयमा नै पहिचानरोकथाम उपचार र त्यसबाट हुने जटिलतालाई न्यूनीकरण गर्न , स्वास्थ्य परिक्षण गर्ने र आवश्यकता अनुसार प्रेषणको व्यवस्था मिलाउने र नसर्ने रोग रोकथाम सम्बन्धी समुदायस्तरमा चेतना अभिवृद्धि गरी रोगको जोखिम न्यूनीकरण गर्ने। |
| अपेक्षित प्रतिफल | नसर्ने रोगको समयमा नै पहिचानरोकथाम उपचार गरी त्यसबाट हुने जटिलतालाई न्यूनीकरण गर्न , सम्भव हुनेछ। |
| संचालन प्रकृया | • चिकित्सकबाट विरामीको नसर्ने रोग सम्बन्धी जानकारी र शारिरीक जाँच गरिनेछ,<br>• प्रयोगशाला परिक्षणको गुणस्तरीयताको व्यवस्थापन प्रदेश जनस्वास्थ्य प्रयोगशालाले गर्नेछ।<br>• कार्यक्रमको प्रतिवेदन अनिवार्य HMIS मार्फत गर्नुपर्नेछ।<br>• संचालन गर्ने व्यक्ति : चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | नसर्ने रोगको पहिचान सम्बन्धी कार्यक्रम सञ्चालन निर्देशिका २०८१। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति | चिकित्सा सेवा शाखा प्रमुख। |

८.६१ कृयाकलापको नामः अस्पतालजन्य फोहोरमैलाको पृथकीकरण, निर्मलीकरण तथा उचित विसर्जन-अस्पताल तर्फ

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.२.२२.६८१ | २२५२२ | १०० | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालबाट दुई प्रकारका फोहोरमैला; सामान्य र अस्पतालजन्य फोहोर निस्कने हुँदा सामान्य प्रकारको फोहोरलाई डम्पिङ साइटमा फाल्न मिल्छ भने अस्पतालजन्य फोहोरलाई निर्मलीकरण गरी विसर्जन गर्नुपर्ने हुँदा यस शीर्षकमा बजेट विनियोजन गरिएको छ । |

| | |
|---|---|
| उद्देश्य | अस्पतालजन्य फोहोरमैला निर्मलीकरण गरी व्यवस्थित रुपमा विसर्जन गर्ने । |
| अपेक्षित प्रतिफल | अस्पतालजन्य फोहोरबाट सेवा प्रदायक र समुदायमा हुने जोखिम कम हुने । |
| संचालन प्रक्रिया | • स्वीकृत बजेटको परिधि भित्र रही निम्न क्रियाकलापहरु मध्येबाट आवश्यकतानुसार गर्न सकिनेछ:<br>• HCWMG (Health Care Waste Management Guidelines) सम्बन्धी अभिमुखीकरण वा तालिम गर्ने ।<br>• Health Care Waste Management सम्बन्धी नीति २०७९, Health Care Waste Management SOP २०२० अनुसार अस्पतालबाट निस्कने फोहोरमैला व्यवस्थित रुपमा विसर्जन गर्ने ।<br>• अस्पतालको फोहोरमैला व्यवस्थापन गर्न जनशक्ति अभावका कारण कठिनाई भएमा सोको व्यवस्थापन समेत गर्ने ।<br>• संचालन गर्ने व्यक्ति : चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | Health Care Waste Management सम्बन्धि नीति २०७९, संक्रमण रोकथाम तथा फोहोरमैला व्यवस्थापन तालिम पुस्तिका २०७९, प्रचलित कानुन तथा मापदण्डहरु, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, दाखिला प्रतिवेदन, हाजिरी । |
| जिम्मेवार व्यक्ति | चिकित्सा सेवा शाखा प्रमुख। |

८.६२ कृयाकलापको नाम: फिजियोथेरापी सेवा संचालन तथा व्यवस्थापन- अस्पताल तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७२७ | २२५२२ | ७४० | स्वास्थ्य सेवा कार्यालय, कालिकोट | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.७२७ | २२५२२ | ४०० | स्वास्थ्य सेवा कार्यालय, | स्वीकृत कार्ययोजना |

| | | | | |
|---|---|---|---|---|
| | | | डोल्पा,रुकुम पश्चिम | अनुसार |
| २.७.२२.७२७ | २२५२२<br>१ | ८३० | स्वास्थ्य सेवा कार्यालय, मुगु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विश्व बैंक तथा विश्व स्वास्थ्य संगठनद्वारा जारी गरिएको अपाङ्गता सम्वन्धी प्रतिवेदनका अनुसार कुल जनसंख्याको १५प्रतिशत मानिसहरुमा कुनै न कुनै प्रकारको अपाङ्गता भएको पाईन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसंख्या करिब २ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् । हाल नसर्ने रोगको ब्यापकता बढेसंगै अल्पकालीन र दीर्घकालीन अपाङ्गतामा समेत बृद्धि भएको पाइन्छ । ती व्यक्तिहरूको दैनिक जीवनयापनमा सहजता ल्याउनको लागि फिजियोथेरापी तथा पुर्नस्थापना सेवाको दीर्घकालीन आवश्यकता पर्ने भएकाले फिजियोथेरापी सेवालाई थप सुदृढिकरण गर्नको लागि यस कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | गुणस्तरीय फिजियोथेरापी तथा पुनर्स्थापना सेवा प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | गुणस्तरीय फिजियोथेरापी तथा पुनर्स्थापना सेवा सहज रुपमा प्राप्त गर्नेछन् । |
| संचालन प्रकृया | • अस्पतालको फिजियोथेरापी इकाईमा आएका बिरामीहरुको assessment गरी फिजियोथेरापी तथा पुनर्स्थापना सेवा प्रदान गर्ने,<br>• फिजियोथेरापी सेवा प्रदान गर्न आवश्यक सामाग्रि खरिद गर्ने,<br>• यस कार्यक्रमबाट फिजियोथेरापी सेवा प्रदायक जनशक्तिको व्यवस्थापन गर्ने ।<br>• सेवा प्राप्त गरेका व्यक्तिहरुको अभिलेख राख्ने ।<br>• संचालन गर्ने व्यक्ति : जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाटँ | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | फिजियोथेरापि तथा पुर्नस्थापना सेवा प्राप्त गरेका लाभग्राहिहरुको अभिलेख विवरण। |
| जिम्मेवार व्यक्ति | चिकित्सा सेवा शाखा प्रमुख। |

८.६३ कृयाकलापको नामः अस्पताल सुरक्षा कार्यक्रम- अस्पताल तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.४८ | २२५२२ | ५२५ | स्वास्थ्य सेवा कार्यालय,जाजरकोट,कालिकोट, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.५.४८ | २२५२२ | ३०० | स्वास्थ्य सेवा कार्यालय,डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.५.४८ | २२५२२ | ३५० | स्वास्थ्य सेवा कार्यालय,मुगु | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.५.४८ | २२५२२ | २१६ | स्वास्थ्य सेवा कार्यालय,रुकुम पश्चिम, सल्यान | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.५.४८ | २२५२२ | २४० | स्वास्थ्य सेवा कार्यालय हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा बिरामी, बिरामीका आफन्त, कर्मचारी लगायत अस्पतालको भौतिक सम्पत्तिको सुरक्षाका लागि यस शीर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | अस्पतालमा चोरी, अनैतिक कार्य, अवैध वस्तुहरुको प्रयोगमा नियन्त्रण तथा भौतिक सम्पतिको सुरक्षा हुने । |
| अपेक्षित प्रतिफल | अस्पतालमा भौतिक सम्पत्तिको निगरानी तथा शान्ति सुरक्षाको प्रत्याभूति हुनेछ । |
| संचालन प्रकृया | • स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराई २४ घण्टा अस्पताल सुरक्षाको लागि तालिम प्राप्त व्यक्तिलाई सेवा करार वा व्यक्ति करारमा सुरक्षा गार्ड व्यवस्था गर्ने ।<br>• यस कार्यक्रम अन्तर्गत सम्झौता भई करार सेवामा कार्यरत कर्मचारीहरुको विवरण सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयमा नियमित रुपमा पेश गर्ने । |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु । कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |

| | |
|---|---|
| सामग्री | |
| अनुगमन सूचक | हाजिर रजिष्टर, अनुगमन । |
| जिम्मेवार व्यक्ति | चिकित्सा सेवा शाखा प्रमुख। |

८.६४ कृयाकलापको नाम – अस्पतालमा अक्सिजन प्लान्ट व्यवस्थापन-अस्पताल तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४२७ | २२५२२ | १४० | स्वास्थ्य सेवा कार्यालय,मुगु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा उपचारका लागि भर्ना भएका सिकिस्त बिरामीलाई निरन्तर अक्सिजन, भ्याकुम र एअरको आपूर्ति अक्सिजन प्लान्टबाट भइरहेकोले प्लान्टको नियमित सर्भिसिङ, मर्मत गरी दुरुस्त राख्न यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | अक्सिजन प्लान्टबाट नियमित पाइपद्वारा बिरामीहरुलाई अक्सिजन, भ्याकुम र एअरको आपूर्ति गर्न। |
| अपेक्षित प्रतिफल | अस्पतालमा नियमित रुपमा अक्सिजनको उपलब्धता भइ बिरामीको उपचारमा सहयोग हुने। |
| संचालन प्रकृया | • प्रचलित ऐन नियमानुसार बजेटको परिधि भित्र रही अक्सिजन उत्पादन प्रणालीको व्यवस्थापन, सर्भिसिङ, मर्मत सम्भार गर्ने,<br>• अक्सिजन आपूर्ति गर्न आवश्यक पाइप लाईन, Bed headed panel लगायतका सामग्रीहरु व्यवस्थापन गर्ने,<br>• प्राविधिक प्रतिवेदन, स्पेशिफिकेशन, लागत अनुमान स्वीकृत गराइ प्रक्रिया अगाडि बढाउने।<br>• संचालन गर्ने व्यक्ति : चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४(संशोधित), कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन | दाखिला प्रतिवेदन, प्राविधिक प्रतिवेदन। |

| | |
|---|---|
| सूचक | |
| जिम्मेवार व्यक्ति | चिकित्सा सेवा शाखा प्रमुख। |

८.६५ कृयाकलापको नाम – Nutritional Rehabilitation Home- अस्पताल तर्फ

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७८४ | २२५२२ | २५० | स्वास्थ्य सेवा कार्यालय, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.१७८४ | २२५२२ | १५० | स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम, हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | गम्भीर खालका कुपोषित बालबालिकालाई अन्तरङ्ग चिकित्सकीय उपचार तथा पोषणयुक्त खाना उपलब्ध गराउन अस्पतालमा Stabilization Centre तथा पोषण पुनर्स्थापना केन्द्र संचालनार्थ आवश्यक व्यवस्थापनका लागि यो कृयाकलाप राखिएको छ |
| उद्देश्य | अस्पतालमा Stabilization Centre तथा पोषण पुनर्स्थापना केन्द्र नियमित रुपमा संचालन गर्ने । |
| अपेक्षित प्रतिफल | अस्पतालको Stabilization Centre तथा पोषण पुनर्स्थापना केन्द्रमा देखिएका समस्याहरुको समाधान गरी नियमित रुपमा गुणस्तरीय सेवा प्रवाह हुने। |
| संचालन प्रकृया | • वार्षिक बजेटको परिधि भित्र रही दैलेख बाहेकका स्वास्थ्य सेवा कार्यालयहरुले स्वीकृत कार्ययोजना अनुसार Stabilization Centre स्थापना तथा सुदृढीकरणका लागि आवश्यकतानुसार खर्च गर्न गर्न सकिनेछ ।<br>• यो कार्यक्रमबाट स्वास्थ्य सेवा कार्यालय दैलेखका हकमा हाल संचालनमा रहेको पोषण पुनर्स्थापना केन्द्रलाई थप सुदृढीकरण गर्न सकिनेछ ।<br>• संचालन गर्ने व्यक्ति : चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम। |
| सन्दर्भ | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, |

| | |
|---|---|
| सामग्री | पोषण पुनर्स्थापना केन्द्र संचालन निर्देशिका २०७९। |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, कार्यक्रम सम्पन्न प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति | चिकित्सा सेवा शाखा प्रमुख |

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

ञ. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरूका क्रियाकलापहरू

१०.१ कृयाकलापको नाम – गाउँघर/शहरी क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रम/ नसर्ने रोग पहिचानका लागि घुम्ति अभियान संचालन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१ | २२५२२ | ५०० | आयुर्वेद स्वास्थ केन्द्र, जाजरकोट, दैलेख, डोल्पा, सल्यान | स्वीकृत कार्ययोजना अनुसार |
| | | ४०० | आयुर्वेद स्वास्थ केन्द्र, हुम्ला, मुगु | |
| | | ३४४ | आयुर्वेद स्वास्थ्य केन्द्र, कालिकोट | |
| | | ३०० | आयुर्वेद स्वास्थ्य केन्द्र, जुम्ला, रुकुमपश्चिम | |
| २.७.२२.२०२८ | | ५० | आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु | |

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थाहरुको पहुँचबाट टाढा रहेका नागरिकलाई नसर्ने रोगका बारेमा जनचेतना फैलाउने तथा आयुर्वेद चिकित्सा सेवा उपलब्ध गराउनको लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका जनतालाई घरदैलोमा नै प्रत्यक्ष रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने । |
| अपेक्षित प्रतिफल | नसर्ने रोगको न्युनिकरण तथा व्यवस्थापन गर्न सहयोग पुग्नेछ । |
| संचालन प्रकृया | • स्वीकृत बजेटको परिधिभित्र रही औषधी खरिद, कार्यक्रम संचालन तथा अन्य व्यवस्थापन खर्च गर्नुपर्नेछ ।<br>• नियमित रुपमा १५ दिनको अन्तरमा स्थानीय तहको स्वास्थ्य शाखाको समन्वयमा हाल स्वास्थ्य चौकीहरूले खोप तथा गाउँघर क्लिनिकहरुमा सञ्चालन गर्दै आएका स्थानहरूमा फरक मितिमा सञ्चालन गर्ने।<br>• आवश्यकता अनुसार नसर्ने रोगहरुको न्यूनिकरण सम्वन्धी जानकारीमूलक सामग्रीको छपाई र अन्य चेकजाँचमा आवश्यक उपकरण लगायत अन्य सामग्री खरीद गर्ने,<br>• कार्यक्रम संचालन गरेको चौमासिक प्रतिवेदन स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक |

| | |
|---|---|
| | विकास मन्त्रालयमा पठाउने ।<br>• यो कार्यक्रम वर्ष भरी नै नियमित रुपमा संचालन गर्नुपर्नेछ । |
| बजेट बाँडफाँट | सार्बजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्बजनिक खरिद ऐन २०६३, तथा नियमाली २०६४ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, खरिद ईकाइको निर्णय, खरिद आदेश, दाखिला प्रतिवेदन, औषधी वितरण रजिष्टर, बिरामीको बिवरण |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

१०.२ कृयाकलापको नाम: स्तनपायी आमाको लागि निशुल्क दुग्धबर्धक औषधी वितरण/ स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धवर्धक जडिबुटी तथा अन्य औषधि वितरण कार्यक्रम/ मातृ तथा शिसु स्वास्थ्य सम्बर्धनात्मक कार्यक्रम सञ्चालन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१२ | २२५२२ | ३०० | आयुर्वेद स्वास्थ्य केन्द्र, डोल्पा, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |
| | | २५० | आयुर्वेद स्वास्थ्य केन्द्र, जुम्ला जाजरकोट, | |
| | | २०० | आयुर्वेद स्वास्थ्य केन्द्र,रुकुम | |
| | | १८० | आयुर्वेद स्वास्थ्य केन्द्र,कालिकोट | |
| | | ५० | आयुर्वेद स्वास्थ्य केन्द्र,मुगु | |
| २.७.२२.१५३१ | | ४०० | आयुर्वेद स्वास्थ्य केन्द्र,सल्यान | |
| | | २०० | आयुर्वेद स्वास्थ्य केन्द्र, हुम्ला | |
| २.७.२२.५ | २२५२२ | १५० | आयुर्वेद स्वास्थ्य केन्द्र,डोल्पा | |

प्रदेश सचिव

| | |
|---|---|
| परिचय | स्तनपान गराई रहेका आमाहरुलाई मातृशिशु सुरक्षार्थ तेल तथा दुग्धवर्धक औषधी खरिद गरी |

| | |
|---|---|
| | वितरण गर्ने हेतुले यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
| अनुगमन सूचक | भ्रमण प्रतिवेदन, कार्यक्रम सम्पन्न प्रतिवेदन आदि । |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

१०.२६ कृयाकलापको नामः स्वर्णबिन्दु प्रासन निर्माण तथा बितरण कार्यक्रम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२००३ | २२५२२ | १५० | आयुर्वेद स्वास्थ्य केन्द्र,जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | बच्चाहरुको शारीरिक तथा मानसिक गतिमा सुधार ल्याउनको लागि शास्त्रमा बर्णित १६ संस्कार मध्ये स्वर्णप्राशन पनि महत्वपुर्ण संस्कार हो । यसमा मह, अश्वगन्धा, शंखपुष्पी, वचा आदिलाई सुनसंग मिसाएर तयार पारिएको रसायन औषधीको प्रयोग गरिन्छ । बच्चाको शारीरिक,मानसिक बृद्धि विकासको साथै प्रतिरक्षा प्रणालीमा सुधार ल्याउनको लागि यो कार्यक्रम राखिएको हो । |
| उदेश्य | बच्चामा रोग प्रतिरोधात्मक शक्ति,ओज, आयु, सुन्दरता, अग्निवल बढाउने |
| अपेक्षित प्रतिफल | प्राकृतिक रुपमा नै बच्चाको रोग प्रतिरोधात्मक क्षमता बृद्धि भएको हुनेछ । |
| संचालन प्रक्रिया | • स्वर्णप्राशनको निर्माण बिधिः स्वर्णप्राशनमा स्वर्ण भष्म, मह र औषधियुक्त घ्यू मिश्रित हुन्छ । औषधियुक्त गाईको घ्युमा, आमलकी, वचा, मण्डुकपर्णी, गुडुची, शतावरी, यष्ठीमधु, अश्वगन्धा, शंखपुष्पी आदि जडिबुटीको एवं प्रक्षेप द्रव्यको रुपमा मरिच, सौंफ, पिप्पली आदिको निश्चित मात्रा राखेर विशेष बिधिबाट तयार गर्ने ।<br>• स्वर्णविन्दु प्राशनको निर्माण द्रव्यगुण विज्ञ/रसशास्त्र/भैषज्य विज्ञहरुद्वारा गराउनु पर्नेछ ।<br>• स्वर्णविन्दु प्राशन कार्यालय आफै निर्माण गर्न नसक्ने अवस्था भएमा बजारबाट खरिद गरेर बच्चाहरुलाई निःशुल्क रुपमा सेवन गराउन सकिने छ ।<br>• ५ वर्ष मुनिका बच्चालाई प्रत्येक महिनाको पुष्य नक्षत्रमा सम्भव भएसम्म स्वर्णविन्दु प्राशन सेवन गराउने व्यवस्था मिलाउनु पर्नेछ ।<br>• स्वर्णविन्दु प्राशन कार्यक्रम बजेटले पुगेसम्म वर्षभरी नै संचालन गर्ने व्यवस्था मिलाउने ।<br>• स्वर्णविन्दु प्राशन सेवा प्राप्त गर्ने बच्चाहरुको लगत संकलन तथा विवरण अध्यावधिक गरेर AHMIS मा प्रविष्टी गर्ने ।<br>• आवश्यतानुसार सामाजिक विकास मन्त्रालय स्वास्थ्य सेवा निर्देशनालय र अन्य निकाय सग समुन्वय गर्दै कार्यक्रम सुचारु गर्ने । |
| बजेट बाँडफाँड | सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम । |
| सन्दर्भ सामग्री | स्वर्णविन्दु निर्माण सम्बन्धी प्राचिन ग्रन्थहरु, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, |
| अनुगमन सूचक | स्वर्णविन्दु निर्माण तथा खरिद,औषधि वितरण, सेवाग्राहीको संख्या |

| | |
|---|---|
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

१०.२७ कृयाकलापको नामः स्थानिय तहहरु सँगको सहकार्यमा आम्चि लगाएत अन्य परम्परागत चिकित्सा सेवाको अभिलेखिकरण तथा अन्तरक्रिया कार्यक्रम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०१२ | २२५२२ | १०० | आयुर्वेद स्वास्थ्य केन्द्र, जुम्ला र रुकुम पश्चिम | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद तथा वैकल्पिक चिकित्साका विभिन्न विधाहरुलाई एकिकृत रुपमा समेटेर परम्परागत चिकित्सा पद्धतिहरुको संरक्षण गर्न, अभिलेखिकरण गर्न र सरोकारवाला निकायहरुसंग आवश्यक अन्तर्कियाका माध्यमबाट जनचेतनाको विकास गर्दै स्वास्थ्य सेवामा सबै उपचार पद्धतिहरुको समिश्रण गरी सेवाग्राहीहरुको स्वास्थ्य अवस्थालाई प्रवर्धन गर्ने हेतुले यो कार्यक्रम राखिएको हो । |
| उदेश्य | आम्ची लगायत परम्परागत चिकित्सा प्रणालीको बारेमा जनचेतना अभिवृद्धि गरेर आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको विकास अनि विस्तार गर्ने । |
| अपेक्षित प्रतिफल | परम्परागत रुपमा समाजमा सेवा गर्दै आइरहेका आम्ची, धामी, झाँकी आदि सेवा प्रदायक संस्था वा व्यक्तिहरुको क्षमता अभिवृद्धिका अतिरिक्त सेवाहरुको अभिलेखिकरण भएको हुनेछ । |
| संचालन प्रक्रिया | • स्थानिय तहहरुसंग आवश्यक समन्वय गरेर वास्तविक रुपमा सहभागी छनौट गर्नुपर्नेछ ।<br>• परम्परागत स्वास्थ्यकर्मीहरुको अभिलेखिकरणको लागि सरोकारवाला निकायहरुसंग आवश्यक समन्वय गर्ने ।<br>• आम्ची चिकित्सासंग सम्बन्धित विज्ञहरुलाई सो सेवाको बारेमा सरोकारवाला व्यक्तिहरुसंग आवश्यक अन्तर्किया कार्यक्रम संचालन गर्ने । |
| बजेट बाँडफाँड | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, |
| अनुगमन सूचक | सहभागीको विवरण कार्यक्रम सम्पन्न प्रतिवेदन |

| | |
|---|---|
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

१०.२८ कृयाकलापको नामः Anorectal Disease पहिचान सम्बन्धि स्कृनिङ्ग तथा क्षारसुत्र सेवा संचालन तथा व्यवस्थापन/ अर्श, परिकर्तिका तथा भगन्दर पहिचान सम्बन्धि स्कृनिङ्ग शिविर

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०४० | २२५२२ | २०० | आयुर्वेद स्वास्थ्य केन्द्र,जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |
| | | ३०० | आयुर्वेद स्वास्थ्य केन्द्र,सल्यान | |
| २.७.२२.२००० | | १०० | आयुर्वेद स्वास्थ्य केन्द्र,रुकुम | |

| | |
|---|---|
| परिचय | पाईल्स फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको गाँउगाँउमा पुगी निशुल्क स्क्रिनिङ्ग शिविर संचालन गरी जनचेतना दिने र आयुर्वेद स्वास्थ्य केन्द्रमा बिरामीलाई बोलाई आयुर्वेद चिकित्सा सेवाद्वारा उपचार गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका जनतालाई घरदैलोमा नै प्रत्यक्ष रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | पाईल्स फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको न्युनिकरणमा सहयोग पुग्नेछ। |
| सञ्चालन प्रकृया | • कार्यक्रम बनाई स्वीकृत गरी तोकिएको एक वा एक भन्दा बढी स्थानमा सम्बन्धित पालिको समन्वयमा पाईल्स फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको स्कीनिङ्ग शिविर संचालन गर्ने ।<br>• स्कीनिङ्ग शिविर संचालन गर्दा चिकित्सक परिचालन गरी गर्नु पर्नेछ । शिविर सञ्चालन गर्दा आफ्नो कार्यालय रहेको स्थानीय तह बाहेक अन्यत्र सञ्चालन गर्नुपर्नेछ। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, भ्रमण आदेश, औषधी खरीद खरिद आदेश दाखिला प्रतिवेदन , बिरामी तथ्यांक |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

१०.२९ कृयाकलापको नामः जेष्ठ नागरिक निःशुल्क फार्मेशी सञ्चालन तथा व्यवस्थापन

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१९६ | २२५२२ | ५०० | आयुर्वेद स्वास्थ्य केन्द्र,जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जेष्ठनागरिकहरुका लागि मात्र लक्षित गर्ने कार्यालयको हातामै निःशुल्क रुपमा जेष्ठनागरिक फार्मेसी संचालन गरेर सेवा प्रवाहलाई जेष्ठनागरिक मैत्री बनाउनको लागि यो कार्यक्रम राखिएको हो । |
| उदेश्य | जेष्ठनागरिकहरुको स्वास्थ्य प्रवर्धन गर्ने |
| अपेक्षित प्रतिफल | जेष्ठनागरिकहरुले विना झन्झट, छिटो छरितो माध्यमबाट सेवा प्राप्त गरेका हुनेछन । |
| संचालन प्रक्रिया | • सम्भव भए सम्म कार्यालयको हाता भित्र नै निःशुल्क जेष्ठनागरिक फार्मेसी सेवा संचालन गर्ने सम्भव नभएमा जेष्ठनागरिक संघ संस्था र स्थानिय पालिकाको समन्वयमा उचित स्थानको छनोट गरी  निःशुल्क जेष्ठनागरिक फार्मेसी सेवा संचालन गर्ने।<br>• जेष्ठनागरिकहरुका लागि आवश्यक पर्ने सम्पुर्ण औषधिहरु एक ठाउँबाट नै वितरण गर्ने व्यवस्था मिलाउने ।<br>• निःशुल्क जेष्ठनागरिक फार्मेसी सेवा संचालन गर्न आवश्यक भौतिक संरचना फर्निचर,जनशक्ति लगाएत अन्य सामग्रि सम्बन्धित पालिकाले व्यवस्थापन गर्नु पर्ने छ।<br>• निःशुल्क जेष्ठनागरिक फार्मेसीबाट सेवा लिने सेवाग्राहीहरुको विवरण अध्यावधिक गरेर AHMIS मा महिना महिनामा प्रविष्टी गर्न लगाउने र सो को प्रतिवेदन निर्देशनालयमा समेत पेश गर्ने । |
| बजेट बाँडफाँड | सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ |
| अनुगमन सूचक | खरिद आदेश, दाखिला प्रतिवेदन, सेवाग्राहीको संख्या, औषधि वितरण रजिष्टर |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

प्रदेश सचिव

१०.३० कृयाकलापको नामः जडीबुटी संरक्षण, संवर्धन, प्रशोधन र बजारीकरण सम्बन्धी कार्यशाला गोष्ठी

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१९७ | २२५२२ | १००० | आयुर्वेद स्वास्थ्य केन्द्र,जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्राकृतिक चिकित्साका विज्ञका अनुसार कुनैपनि औषधीको प्रयोग नगरी, शल्यक्रिया नगरी, सुई नखोपी गरिने उपचार विधी नै प्राकृतिक चिकित्सा हो। यो प्रभावकारी र हानिरहित विधि पनि हो। हरेक व्यक्ति प्राकृतिक रुपमै बलियो, निरोगी, तन्दुरुस्त हुनु पहिलो सर्त हो । पछिल्ला बर्षहरुमा मानिसमा देखिँदै गएको भडकिलो जीवनशैली, अस्वस्थ्य खानपान, चिन्ता जस्ता बिभिन्न कारणले शारिरीक तथा मानसिक रुपमा समेत कमजोर हुँदै गएको सन्दर्भमा कर्णाली प्रदेश आयुर्वेदिक जडिबुटीका साथै पोषणयुक्त बालीहरुको प्रमुख गन्तव्य भएकाले उपलब्ध जडिबुटीको, संरक्षण, सम्वर्धन, प्रशोधन र बजारिकरण गर्न यस किसिमको कार्यक्रम राखिएको हो। |
| उद्देश्य | उपलब्ध महत्वपूर्ण जडिबुटीको, संरक्षण, सम्वर्धन, प्रशोधन र बजारिकरण गर्न |
| अपेक्षित प्रतिफल | उपलब्ध महत्वपूर्ण जडिबुटीको, संरक्षण, सम्वर्धन, प्रशोधन र बजारिकरणले गर्दा नागरिकले उपयुक्त सेवा पाउनेछन्। |
| संचालन प्रक्रिया | • कार्यक्रम सञ्चालनका लागि सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यूको अभिभावकत्वमा तयारी समिति गठन गरिनेछ,<br>• यो कार्यक्रमको कार्यतालिका अनुसार २ दिनसम्म सञ्चालन गरिनेछ,<br>• यस सम्बन्धी कार्यक्रम कर्णाली प्रदेशको मात्र नभइ राष्ट्रियस्तरमा कार्यरत प्राकृतिक चिकित्सा, आयुर्वेद विज्ञ र व्यवसायीहरुलाई आमन्त्रण गरिनेछ,<br>• यस कार्यक्रम सञ्चालनपूर्व राष्ट्रियस्तरमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, आयुर्वेद तथा प्राकृतिक चिकित्सा क्षेत्रमा कार्यरत बिभिन्न संस्था तथा उत्पादक लगायत अन्य आयुर्वेद तथा प्राकृतिक चिकित्सासँग सम्बन्धित सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिनेछ,<br>• कर्णाली प्रदेशका जुम्ला, मुगु र कालिकोट जिल्लाहरुमा रहेका बिभिन्न परम्परागत प्राकृतिक चिकित्सा बिधि तथा सुगन्धित जडिबुटी यसको संरक्षण, संकलन, प्रशोधन र उत्पादनका बारेमा जानकारी गराइनेछ,<br>• कार्यक्रमलाई सफल बनाउन प्रदेश, सरकार, राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँग समन्वय तथा सहकार्य गरिनेछ,<br>• कार्यक्रमको अन्त्यमा आयुर्वेद जडिबुटीहरुको सम्वर्धन तथा संरक्षण हाम्रो प्रतिबद्धता घोषणापत्र जारी गरिनेछ। |
| बजेट बाँडफाँड | सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |

| | |
|---|---|
| सन्दर्भ सामग्री | जडिबुटीको संरक्षण, सम्बर्धन, प्रशोधन र बजारिकरण सम्बन्धी लेख प्रकाशन, अनुसन्धानमूलक सामग्री तथा बिभिन्न प्रवचनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति | आयुर्वेद चिकित्सक, शाखा प्रमुख, सामाजिक विकास मन्त्रालय |

**१०.३१ कृयाकलापको नामः निजीस्तरबाट संचालित आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाको लागत संकलन तथा अनुगमन निरिक्षण**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२९.२ | २२५२२ | १०० | आयुर्वेद स्वास्थ्य केन्द्र, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |
| | | ५० | आयुर्वेद स्वास्थ्य केन्द्र, दैलेख | |

| | |
|---|---|
| परिचय | जिल्लामा रहेका निजीस्तरबाट संचालित आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाहरुको लागत संकलन तथा अनुगमन निरिक्षण गरी त्यसमा देखिएका कमी कमजोरीहरुलाई सुधार गर्न र आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवालाई व्यवस्थित गर्न यो कार्यक्रम राखिएको हो । |
| उदेश्य | जिल्लामा रहेका निजीस्तरबाट संचालित आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाको नियमन गर्ने । |
| अपेक्षित प्रतिफल | जिल्लामा रहेका आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाहरु निश्चित मापदण्ड अनुरुप संचालित भएका हुनेछन । |
| संचालन प्रक्रिया | जिल्लामा रहेका निजीस्तरबाट संचालित आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाको अनुगमन निरीक्षण गरी मापदण्ड बमोजिम संचालन गर्न निर्देशन दिने र निजीस्तरमा संचालित स्वास्थ्य संस्थाको तथ्यांक समेत संकलन गरी बिबरण अध्यावधिक गर्ने । |
| बजेट बाँडफाँड | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, |
| अनुगमन सूचक | निजीस्तरबाट संचालित संस्थाहरुको विवरण, भ्रमण प्रतिवेदन |
| जिम्मेवार | कार्यक्रम फोकल पर्सन वा कार्यालय प्रमुखले तोकेको व्यक्ति |

प्रदेश सचिव

| | |
|---|---|
| व्यक्ति | |

१०.३२ कृयाकलापको नामः कार्यालयमा शुष्क जडिबुटी हर्वेरीयम निर्माण कार्यक्रम/ जडिवुटी उद्यान नियमन तथा हर्वेरियन निर्माण तथा व्यवस्थापन

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०२५ | २२५२२ | १०० | आयुर्वेद स्वास्थ्य केन्द्र, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.२०३४ | २२५२२ | १५० | आयुर्वेद स्वास्थ्य केन्द्र, सल्यान | |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा पाईने औषधिय गुण भएका जडिबुटीहरुको बारेमा सेवाग्राहीहरुलाई हर्वेरियमको माध्यमबाट थप जानकारी दिनको लागि यो कार्यक्रम राखिएको हो । |
| उदेश्य | सेवाग्राहीहरुलाई सल्यान र दैलेख जिल्लामा पाईने महत्वपुर्ण जडिबुटीको बारेमा जानकारी दिने । |
| अपेक्षित प्रतिफल | सेवाग्राहीहरुले आफ्नो जिल्लामा पाईने जडिबुटीहरुको बारेमा जानकारी हासिल गरेर जडिबुटीहरुको उपयोग गर्न सक्षम हुनेछन । |
| संचालन प्रक्रिया | • कार्यालयको आफ्नै जग्गा र जमिन भएका संस्थाहरुले कार्यालय परिसरमै जडिबुटी उद्यान तथा हर्वेरियम गार्डेन निर्माण गर्ने<br>• जिल्लामा पाईने महत्वपुर्ण जडिबुटीहरुको सूची तयार पार्ने ।<br>• सूची अनुसारका जडिबुटीहरुको नमुना संकलन गर्ने ।<br>• प्राप्त नमुनाहरुलाई राम्रोसंग सफा गरेर पारदर्शि शिसा वा प्लाष्टिकको बोतलमा पारदर्शि दराजमा लेवल लगाएर राखे । कार्यालयमा शुस्क जडिबुटी हर्वेरीयम निर्माण गरि राखे ।<br>• कर्णाली प्रदेशमा पाईने जडिबुटीहरु प्रथमिकतामा राखि नमुना राखे । |
| बजेट बाँडफाँड | सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | प्रचलित ऐन, कानुन, निर्देशिका, मापदण्ड तथा कार्यविधिहरु आदि । |
| अनुगमन सूचक | हर्वेरियम नमुना,कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार | कार्यालय प्रमुखले तोकेको व्यक्ति |

| | |
|---|---|
| व्यक्ति | |

१०.३३ कृयाकलापको नामः प्राथमिक उपचारका सामानहरु खरिद

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१६९७ | २२५२२ | ५० | आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्राथमिक उपचारका लागि आवश्यक पर्ने औषधी तथा यन्त्र उपकरण खरिद गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | गुणस्तरीय प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउने । |
| अपेक्षित प्रतिफल | रोगको समयमा नै निदान तथा उपचार भई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह भएको हुनेछ । |
| संचालन प्रक्रिया | • प्राथमिक स्वास्थ्य सेवाका लागि अत्यावश्यक पर्ने औषधी, यन्त्र, उपकरण खरिद गर्ने।<br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन, नियमको परिधिमा रहेर गुणस्तरीय सामानहरु खरिद गर्ने । |
| बजेट बाँडफाँड | सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, |
| अनुगमन सूचक | खरिद ईकाइको बैठक तथा निर्णय, दाखिला प्रतिवेदन |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले तोकेको व्यक्ति |

१०.३४ कृयाकलापको नामः पर्यटनमैत्री नागरिक आरोग्य सेवा केन्द्र सल्लेरी संचालन तथा व्यवस्थापन

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७०२ | २२५२२ | ४४४ | आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निःशुल्क |

| | |
|---|---|
| | प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने विषयलाई मौलिक हकका रुपमा प्रत्याभुति गरेको छ । मौलिक हक भित्र आयुर्वेद सेवा पनि परेकाले कर्णाली प्रदेशमा आयुर्वेद सेवा उपलब्ध नभएका स्थानमा नागरिक आरोग्य सेवा केन्द्रहरुको संचालन तथा व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो । |
| उदेश्य | पर्यटनमैत्री आधारभुत स्वास्थ्य सेवा प्रदान गर्नुका साथै नसर्ने रोगहरुको बारेमा जानकारी गराउने । |
| अपेक्षित प्रतिफल | स्थानिय सेवाग्राहीहरुका अतिरिक्त रारा भ्रमणमा जाने सम्पुर्ण स्वदेशी एवं विदेशी नागरिकहरुलाई आयुर्वेद चिकित्साको माध्यमबाट आरोग्यता प्राप्त भएको हुनेछ । |
| संचालन प्रक्रिया | • बजेटको परिधिभित्र रहेर प्राविधिक कर्मचारी (वैद्य/कविराज) १ जना, कार्यालय सहयोगी १ जनालाई करार सेवामा निरन्तरता गर्ने ।<br>• नागरिक आरोग्य कार्यक्रम संचालन निर्देशिका २०७६ बमोजिम सेवा प्रवाह संचालन गर्नुपर्नेछ ।<br>• सेवाको मासिक प्रतिवेदन नगरपालिकाको स्वास्थ्य शाखा र आयुर्वेद स्वास्थ्य केन्द्रमा दिने । |
| बजेट बाँडफाँड | सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, |
| अनुगमन सूचक | कार्यक्रम प्रतिवेदन, दाखिला प्रतिवेदन, बिरामी तथ्यांक आदि । |
| जिम्मेवार व्यक्ति | फोकल पर्सन वा कार्यालय प्रमुखले तोकेको व्यक्ति |

१.३५ कृयाकलापको नामः स्थानिय एकल जडिबुटीबाट चुर्ण औषधि निर्माण/ रुरल फार्मेसी औषधी निर्माण वितरण व्यवस्थापन

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७०३ | २२५२२ | २०० | आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.२८ | | १७८ | आयुर्वेद स्वास्थ्य केन्द्र, कालिकोट | स्वीकृत कार्ययोजना अनुसार |

| | | | | |
|---|---|---|---|---|
| | | २०० | आयुर्वेद स्वास्थ्य केन्द्र हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा पाईने जडिबुटीजन्य कच्चा पदार्थहरुबाट एकल चुर्ण औषधी निर्माण तथा उत्पादन गरी आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा लिन आउने सेवाग्राहीहरुलाई निःशुल्क रुपमा वितरण गरी उनीहरुको स्वास्थ्य अवस्थालाई थप प्रवर्द्धन गर्न यो कार्यक्रम राखिएको हो । |
| उदेश्य | आयुर्वेद स्वास्थ्य केन्द्रबाट निर्माण गरिएको चुर्ण औषधी जिल्लास्थित सबै आयुर्वेद स्वास्थ्य संस्थाहरुमा व्यवस्थित रुपमा वितरण गर्ने । |
| अपेक्षित प्रतिफल | गुणस्तरिय आयुर्वेद औषधीहरु निःशुल्क प्राप्त गरी स्वास्थ्य लाभ भएको हुनेछ । |
| संचालन प्रक्रिया | • कर्णाली प्रदेशमा मात्र पाईने जडिबुटीजन्य कच्चा पदार्थ संकलन तथा खरिद गरी रुरल फार्मेसीमा औषधी उत्पादन तथा औषधी आपुर्ति गर्ने ।<br>• स्थानियस्तरमा पाईने जडिबुटीहरुको बढि भन्दा बढि सदुपयोग गरी महत्वपुर्ण औषधिय जडिबुटीहरुलाई प्राथमिकतामा राखेर एकल गुणस्तरीय आयुर्वेद चुर्ण औषधीमात्र निर्माण गर्नुपर्नेछ ।<br>• आयुर्वेद स्वास्थ्य केन्द्रले निर्माण गरेको औषधीहरुमा प्रदेश सरकारबाट निःशुल्क र उपयोगिताका बारेमा स्पष्टसंग लेखी गुणस्तर मापन गरेर मात्र वितरण गर्न सकिनेछ ।<br>• उत्पादन गरिएको औषधिहरुको वितरण गरिएको विवरण सहित रेकर्ड राख्नुपर्नेछ। |
| बजेट बाँडफाँड | सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, |
| अनुगमन सूचक | एकल चुर्ण औषधी निर्माण प्रतिवेदन, दाखिला प्रतिवेदन,हस्तान्तरण फारम |
| जिम्मेवार व्यक्ति | औषधि कुटुवा |

१०.३६ कृयाकलापको नामः ब्रोसर ब्यानर पम्लेट छपाई

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२०२२ | २२५२२ | १०० | आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद सेवा बारे जानकारी गराउन श्रव्यदृष्य रेडियो, छापा, विद्युतीय माध्ययमबाट सामग्री तयार गरीं आयुर्वेद सम्बन्धी सचेतना जगाउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आयुर्वेद विषय समेटिएको सन्देश उत्पादन र प्रशारण तथा प्रकाशन गर्ने । |
| अपेक्षित प्रतिफल | जनसमुदायमा आयुर्वेद सेवाको बारेमा जानकारी हुनेछ । |
| सञ्चालन प्रकृया | • आयुर्वेद विषय समेटिएको सूचनामूलक आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा सँग सम्वन्धित सामग्रीहरू एकिन गरि छपाई गर्ने,<br>• विभिन्न विधुतीय एवम् छापा माध्यमबाट सूचनामूलक सन्देश प्रसारण तथा प्रकाशन वितरण गर्ने,<br>• संचारकर्मीहरूसँग आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा सम्बन्धी अन्तरक्रिया गर्न सकिनेछ । |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, |
| अनुगमन सूचक | सूचना प्रसारण,जिन्सि रजिष्टर ,आदि |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

.१०.३७ कृयाकलापको नामः स्थानीय तहको सहकार्यमा आम्ची (सेवा रिग्पा) चिकित्साको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१९३ | २२५२२ | ५०० | आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका हिमाली जिल्लाहरुमा पूर्वकाल देखि नै संचालनमा रहेको आम्ची चिकित्सा सेवालाई प्रवर्धन गर्नको लागि यो कार्यक्रम राखिएको हो । |

| | |
|---|---|
| उदेश्य | जिल्लामा रहेका आम्ची सेवाको ज्ञान सीपलाई पुस्तान्तरणका लागि डकुन्टेशन गर्ने। |
| अपेक्षित प्रतिफल | आम्ची सेवा पुस्तान्तरण भई, डकुमन्टेशनको अभिलेखिकरण भएको हुनेछ। |
| संचालन प्रक्रिया | • आम्ची (सेवा रिग्पा) सम्बन्धी कार्य गरिरहेका मुगुमकार्मारोङ गाउँपालिकाका स्थानीय व्यक्तिमा भएको ज्ञानसीपको अभिलेखन गर्ने। आम्ची उपचारमा प्रयोग हुने सामाग्री/जडिबुटीहरुको विवरण तयार गर्ने।<br>• स्थानीय तहको समन्वयमा आम्ची (सेवा रिग्पा) संरक्षण सम्बर्द्धनका लागि योजना बनाउने। आम्ची सँगसँगै बसेर ज्ञानसीप आर्जन गर्नका लागि एक जना स्थानीय आम्चीहरुको भाषा जान्ने स्वास्थ्यकर्मी वा आम्चीका परिवारभित्रको प्रमाणपत्र तह उतीर्ण गरेको व्यक्तिलाई करार सेवामा लिने।<br>• करार सेवामा भएको कर्मचारीले आम्ची चिकित्सा सेवा प्रदायक स्थानमा गएर आम्चि स्वास्थ्यकर्मीको ज्ञानशिप उपचारविधि प्रयोग हुने औषधि उपचार हुने रोग लगायतको ज्ञान शिप सिक्ने र अन्य विवरण मासिक रुपमा प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालय, निर्देशनालय र मन्त्रालयमा पेश गर्ने।<br>• आम्ची सेवा प्रदायक संस्थाहरुको सेवामा सहजिकरण गर्दै आगामी दिनमा आम्चिको ज्ञानसीप उपचारको संरक्षण र प्रवर्धन गर्न सकिने खाका तयार गर्नुपर्नेछ।<br>• आयुर्वेद स्वास्थ्य संस्थाहरु र आम्ची सेवा प्रदायक संस्थाहरु विच एक आपसमा समन्वय तथा सहजिकरण गरेर सेवा प्रवाह गर्न सकिनेछ। |
| बजेट बाँडफाँड | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, |
| अनुगमन सूचक | करार सम्झौता पत्र, मासिक प्रतिवेदन, |
| जिम्मेवार व्यक्ति | आम्ची चिकित्साको क्षेत्रमा काम गर्ने आयुर्वेद जनशक्ति |

१०.३८ कृयाकलापको नामः सरसफाइ सम्बन्धी प्रयोग हुने सामान व्यवस्थापन

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.६७९ | २२५२२ | ४१ | आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थामा कर्मचारी बिरामी तथा बिरामीका आफन्तहरुको आवतजावत बढी हुने भएकोले नियमित सरसफाई गरी कार्यालयलाई सफा र सुन्दर राख्नको लागि प्रयोग हुने विभिन्न सामग्री खरिद गर्नको लागि यो कार्यक्रम राखिएको हो । |
| उदेश्य | कार्यालयबाट उत्पादित फोहोर तोकिएको भाडामा संकलन गरी व्यवस्थित रुपमा विसर्जन हुने । |
| अपेक्षित प्रतिफल | कार्यालयजन्य फोहोरबाट सेवाप्रदायक, सेवाग्राही र समुदायमा हुने जोखिम कम हुने। |
| संचालन प्रक्रिया | फोहोर व्यवस्थापनका लागि आवश्यक पर्ने सामग्रीहरु खरिद । |
| बजेट बाँडफाँड | सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, |
| अनुगमन सूचक | जिन्सी खाता, प्रतिवेदन, निरीक्षण, |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

१०.३९ कृयाकलापको नामः अक्युपन्चर सेवा संचालन तथा व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७२६ | २२५२२ | ४५० | आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य केन्द्रमा रहेको सेवालाई थप व्यवस्थित गर्न अक्युपंचर सेवा बिस्तार गरी आमनागरिकलाई गुणस्तरीय आयुर्वेद तथा वैकल्पीक चिकित्सा सेवा प्रदान गर्न यो कार्यक्रम राखिएको हो । |
| उदेश्य | गुणस्तरीय अक्युपंचर सेवा प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | गुणस्तरीय अक्युपंचर सेवा सहज रुपमा प्राप्त गर्नेछन् । |

| | |
|---|---|
| संचालन प्रकृया | • आयुर्वेद स्वास्थ्य केन्द्रको आयर्वेद र अक्युपंचर सेवा लिन आएका बिरामीहरुको assessment गरी आयुर्वेद सेवा, पूर्वकर्म ,योग र अक्युपंचर सेवा प्रदान गर्ने,<br>• आयुर्वेद सेवा, पूर्वकर्म ,योग अक्युपंचर सेवालाई थप सुदृढीकरण गर्ने ।<br>• आयुर्वेद सेवा, पूर्वकर्म ,योग आवश्यक अक्युपंचर सेवालाई प्रचार प्रसार कार्यक्रमहरु संचालन गर्ने ।<br>• यस कार्यक्रमबाट अकुपञ्चर सेवा सगै आयुर्वेद सेवा समेत दिने गरि पर्यटनमैत्री नागरिक आरोग्य सेवा केन्द्र सल्लेरीमा आयुर्वेद स्वास्थ्य कर्मि र सहयोगि कर्मचारी करार सेवामा लिई गुणस्तरीय आयुर्वेद र अकुपञ्चर सेवा सुचारु गर्न सकिने छ ।<br>• सेवा प्राप्त गरेका ब्यक्तिहरुको अभिलेख राख्ने । |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | अक्युपंचर सेवा प्राप्त गरेका लाभग्राहिहरुको अभिलेख विवरण। |
| जिम्मेवार ब्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको ब्यक्ति |

१०.४० कृयाकलापको नाम: जीवनशैली ब्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२००६ | २२५२२ | १०० | आयुर्वेद स्वास्थ्य केन्द्र, रुकुम | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वस्थ जीवनशैली परिवर्तनका लागि योग प्रणायाम, ध्यानका माध्यमबाट नसर्ने रोगको न्यूनिकरण गर्नका साथै स्थानीय जडिबुटिको प्रयोग गरी स्वास्थ्य प्रर्बधन गर्न यो कार्यकम राखिएको हो । |
| उद्देश्य | चिकित्सा सम्बन्धी योगको अभ्यास तथा चिकित्सकिय सेवा दिने र जनताहरुलाई योग/ध्यानशिबिर/जीवनशैली परिवर्तन तथा सकारात्मक सोचको बारेमा जानकारी गराउने । |
| अपेक्षित प्रतिफल | सेवाग्राहीमा मानसिक तथा शारीरीक थकान,तनाव व्यवस्थापन भएको हुनेछ । |

| | |
|---|---|
| सञ्चालन प्रकृया | • जिल्लास्थित विभिन्न कार्यालयका कर्मचारीहरु,स्थानिय तहका जनप्रतिनिधिहरु,महिला स्वयंसेविकाहरु, आमा समुहहरु, पत्रकारहरु लगायत विभिन्न क्षेत्रमा काम गर्ने संघ, संस्थाहरुका प्रतिनिधिहरु राखेर जीवनशैली व्यवस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।<br>• कार्यक्रमको लागि लक्षित संख्याः कम्तिमा ४० जना |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ तथा निर्देशिका,मापदण्ड,कार्यविधि,आदि |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन ,कार्यक्रम सम्पन्न प्रतिवेदन उपस्थिति |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

१०.४१ कृयाकलापको नामः प्रयोगशालाको लागि केमिकल औजार उपकरण सामाग्री खरिद/ प्रयोगशालाको लागि रियजेन्ट तथा केमिकल खरिद

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४४ | २२५२२ | १५० | आयुर्वेद स्वास्थ्य केन्द्र, रुकुम | स्वीकृत कार्ययोजना अनुसार |
| | | १०० | आयुर्वेद स्वास्थ्य केन्द्र, सल्यान | |
| २.७.२२.६६५ | २२५२२ | २०० | आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु | |

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा रहेका प्रयोगशालाहरुको गुणस्तरियता कायम गर्न र कर्मचारीहरुको ज्ञान सिप र क्षमता विकास गर्न प्रयोगशालाको लागि आवश्यक केमिकल, औजार उपकरण सामग्रीहरु खरिद गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आवश्यक केमिकल तथा उपकरण सामग्री खरिद गरी ज्ञान, सिप र क्षमता विकास गरी परिक्षणको गुणस्तरियता ल्याउने । |
| अपेक्षित प्रतिफल | निदान तथा उपचारमा सहयोग भई गुणस्तरियता कायम भएको हुनेछ । |
| संचालन | आयुर्वेद स्वास्थ्य केन्द्रहरुका लागि आवश्यक पर्ने केमिकल तथा उपकरण सामग्रीहरुको |

| | |
|---|---|
| प्रक्रिया | स्पेशिफिकेशन स्वीकृत गराई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४(संशोधित) खरिद गर्ने । |
| बजेट बाँडफाँड | सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु |
| अनुगमन सूचक | खरिद ईकाइको निर्णय, दाखिला रिपोर्ट |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले तोकेको व्यक्ति |

१०.४२ कृयाकलापको नामः स्थानीय तहहरुसँग आयुर्वेदसम्बन्धि अन्तर्क्रिया कार्यक्रम/ समुदायमा स्थानिय रुपमा पाईने जडिबुटीहरुको उपयोगिता प्रयोग मात्राको बारेमा जनचेतना मुलक कार्यक्रम/ जडिबुटी परिचयात्मक तथा जनचेतना कार्यक्रम/ आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धि सूचना सामग्री प्रकाशन प्रसारण

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०४७ | २२५२२ | १०० | आयुर्वेद स्वास्थ्य केन्द्र, सल्यान | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.२००८ | | ६७ | आयुर्वेद स्वास्थ्य केन्द्र, रुकुम | |
| २.७.२२.१९ | | १०० | आयुर्वेद स्वास्थ्य केन्द्र, डोल्पा, मुगु | |
| २.७.२२.८ | २२५२२ | ९६ | आयुर्वेद स्वास्थ्य केन्द्र,कालिकोट | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२९.९ | | ५० | आयुर्वेद स्वास्थ्य केन्द्र, डोल्पा | |
| | | १५० | आयुर्वेद स्वास्थ्य केन्द्र,दैलेख | |
| | | १०० | आयुर्वेद स्वास्थ्य केन्द्र,सल्यान | |

| | |
|---|---|
| परिचय | जिल्लास्थित आयुर्वेद स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने विभिन्न सेवाहरुका अतिरिक्त स्थानियस्तरमा प्राप्त हुने जडिबुटीहरु, योग, तथा पंचकर्म सेवाका बारेमा जनस्तरमा जानकारी दिने उदेश्यले श्रव्य-दृष्य तथा छापा सामग्रीहरु तयार गरी वा जिल्लास्थित एफ.एम रेडियोहरुसंग समन्वय गरी आयुर्वेद सम्बन्धी सचेतना जगाउनको लागि यो कार्यक्रम राखिएको हो । |
| उदेश्य | आयुर्बेदका विषयवस्तुहरु समेटिएको सन्देश उत्पादन, प्रकाशन तथा प्रसारण गर्ने । |
| अपेक्षित प्रतिफल | आयुर्वेद स्वास्थ्य सेवाको बारेमा जानकारी प्राप्त भई सेवाग्राहीहरुको संख्या बढेको हुनेछ। |
| संचालन प्रक्रिया | • आयुर्वेदका विषयवस्तु समेटिएको सूचनामुलक सामग्रीहरु एकिन गरेर छपाई गर्ने।<br>• बिभिन्न विद्युतीय एवं छापा माध्यमबाट सन्देश/सूचनाहरु प्रकाशन, प्रसारण तथा वितरण गर्ने ।<br>• जिल्लास्थित एफ.एम रेडियोहरु वा सक्रिय संचारकर्मीहरुसंग आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम पनि सञ्चालन गर्न सकिनेछ ।<br>• स्थानीय तहहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने। |
| बजेट बाँडफाँड | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, |
| अनुगमन सूचक | सूचना प्रकाशन, प्रसारण, जिन्सी रजिष्टर, श्रव्य-दृष्य सामग्रीहरु आदि । |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

१०.४३ कृयाकलापको नाम: कर्मचारीको क्षमता अभिबृद्धि कार्यक्रम/प्राथमिक उपचार सम्बन्धि क्षमता अभिबृद्धि तालिम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.१ | २२५२२ | १०० | आयुर्वेद स्वास्थ्य केन्द्र, हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.२०३७ | | १०० | आयुर्वेद स्वास्थ्य केन्द्र, सल्यान | |

प्रदेश सचिव

| | |
|---|---|
| परिचय | कार्यालयमा कार्यरत रहेका कर्मचारीहरुलाई नविनतम प्रविधिको बारेमा समय सापेक्ष ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्न आवश्यक रहेकोले यो कार्यक्रम राखिएको हो । |
| उदेश्य | कर्मचारीहरुलाई नविनतम प्रविधिको ज्ञान सिप र क्षमता अभिवृद्धि गर्न तालिम प्रदान गर्ने । |
| अपेक्षित प्रतिफल | नविनतम प्रविधिको ज्ञान, सिप र क्षमता अभिवृद्धि भई गुणस्तरिय सेवा प्रवाह हुने । |
| संचालन प्रक्रिया | • आयुर्वेद स्वास्थ्य केन्द्र, औषधालय र नागरिक आरोग्य सेवा केन्द्रहरुमा कार्यरत कर्मचारीहरुको आवश्यकता अनुसार तपशिल बमोजिम कुनै एक वा एक भन्दा बढी क्षमता अभिवृद्धिमुलक तालिमहरु संचालन गर्न सकिने छ ।<br>कम्प्युटर तालिम, प्राथमिक उपचार सम्बन्धि तालिम<br>योग तथा पञ्चकर्म तालिम, औषधी निर्माण सम्बन्धी तालिम<br>सरसफाई सम्बन्धी तालिम, क्षारसुत्र सम्बन्धि तालिम, AHMIS तालिम<br>• तालिम संचालन अवधि बजेटको परिधि र तालिमको प्रकृति अनुसार कम्तिमा २ देखि १५ दिनसम्मको हुनेछ । |
| बजेट बाँडफाँड | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धि मापदण्डहरु |
| अनुगमन सूचक | कार्यक्रम संचालनको बिल तथा अन्य कागजातहरु, कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति, तालिम सम्पन्न गरेको प्रमाणपत्रहरु |
| जिम्मेवार व्यक्ति | फोकल पर्सन वा कार्यालय प्रमुखले तोकेको व्यक्ति |

## पूँजीगततर्फका क्रियाकलापहरु

१. खर्च शीर्षक: गैर आवासीय भवन निर्माण/खरिद (३१११२), अन्य सार्वजनिक निर्माण (३११५९) र निर्मित भवनको संरचनात्मक सुधार खर्च (३११६१) अन्तर्गतका क्रियाकलापहरु

| | |
|---|---|
| परिचय | सरकारी तथा सार्वजनिक प्रयोगका निर्माण तथा निर्मित संरचनाको मर्मत तथा सुधारका लागि पुँजीगत खर्च शीर्षक तर्फ ३१११२ (गैर आवासीय भवन निर्माण/खरिद), ३११५९ (अन्य सार्वजनिक निर्माण) र ३११६१ (निर्मित भवनको संरचनात्मक सुधार खर्च) खर्च शीर्षकहरुमा बजेट विनियोजन |

| | |
|---|---|
| | गरिएको छ ।<br><br>खर्च शीर्षक ३१११२ गैर आवासीय भवन निर्माण/खरिद अन्तर्गत डिजाइन तथा इष्टिमेट बमोजिम कार्यालय भवन, भवन तथा जग्गाको कम्पाउन्ड वाल निर्माण लगायतका भवनजन्य संरचनाको निर्माण खरीद गर्न लाग्ने खर्चहरूको साथै भइरहेको भवनमा कोठा वा तला थप गर्ने कार्यक्रमहरू पर्दछन्, भने खर्च शीर्षक ३११५९ अन्य सार्वजनिक निर्माणमा गैर आवासीय भवन निर्माण बाहेकका अन्य सार्वजनिक प्रयोजनका लागि प्रयोग हुने निर्माण वा खरिद जस्तैः कम्पाउण्ड वाल, घेराबार, खेलमैदान, रङ्गशाला शौचालय आदि पर्दछन।<br><br>खर्च शीर्षक ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च अन्तर्गत भइरहेको भवन तथा अन्य संरचना सम्बन्धी संरचनाको आयु थप हुने गरी गरिने पुँजीगत प्रकृतिका कार्यक्रमहरू जस्तैः निर्मित भवन, कक्षाकोठा, कम्पाउण्ड वाल, शौचालय, खेलमैदान आदिको मर्मत तथा संरचनात्मक सुधारजन्य कार्यहरू पर्दछन् । |
| उद्देश्य | सरकारी/सार्वजनिक प्रयोगका गैर आवासीय भवन निर्माण तथा मर्मत सुधार साथै अन्य सार्वजनिक निर्माण गर्नु । |
| अपेक्षित प्रतिफल | प्रदेशको शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्रमा भौतिक पूर्वाधारको विकास भई सेवा प्रवाह प्रभावकारी हुनका साथै आवासका लागि आवश्यक पर्ने स्रोत र साधन उपलब्ध हुनेछ । |
| सञ्चालन प्रकृया | - रू. ३० लाख भन्दा बढी रकम विनियोजन भएका आयोजनाहरू उपभोक्ता समितिमार्फत कार्यान्वयन नगरी खुला बोलपत्र मार्फत खरिद गर्नु पर्नेछ। कुनै विशेष कारणवश खुला बोलपत्रमार्फत खरिद हुन नसक्ने भएमा सोको स्पष्ट कारण र आधार खुलाई सम्बन्धित लेखा उत्तरदायी अधिकृतले मन्त्रालयबाट बाट सहमति लिई आयोजना कार्यान्वयन गर्न सकिनेछ।<br>- रू ३० लाख र सो भन्दा मुनिका योजनाहरू प्रचलित कानुन बमोजिम व्यवस्थापन समिति वा उपभोक्ता समिति वा अन्य विधि अवलम्बनाई गर्न सकिनेछ ।<br>- निर्माण भई सञ्चालनमा रहेका निर्मित सार्वजनिक संरचनाहरूको मर्मत सम्भार एवम् जीर्णो उद्धारका, प्रकोपमा क्षति भएका भवनहरूको मर्मत सुधार आदि कार्यहरूका लागि अनुगमन तथा निरीक्षण गरी आवश्यकता अनुसार लागत अनुमान तयार गरी कार्यालय प्रमुखसँग स्वीकृत गराई खर्च गर्न गर्नुपर्नेछ ।<br>- विधालय घेरावार, खेलमैदान निर्माण, मठ मन्दिर निर्माण, शौचालय निर्माण, तथा अन्य निर्माणहरू र पुर्वाधारको स्तरोन्नती लागि ३११५९ खर्च शीर्षक अन्तर्गतका क्रियाकलापहरूमा सञ्चालन गर्नु पर्नेछ । |
| सञ्चालन अवधी | स्वीकृत वार्षिक कार्यक्रम अनुसार |
| बजेट बाँडफाट | PLMBIS अनुसार (स्वीकृत कार्य योजना अनुसार) |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियमानुसार |
| प्रगति सूचक | अनुगमन प्रतिवेदन, बिल भर्पाई र फोटोहरू |

अनुसूची-१

## औषधीका प्रतिकूल असर व्यवस्थापनमा प्रयोग हुने औषधीहरूको सूची

| Adverse reaction | Suspected agents | Suggested management |
|---|---|---|
| Anorexia | Z, Pto, Eto | Appetite stimulant (for example, pizotifen) |
| Arthralgia | Z | Nonsteroidal anti-inflammatory drugs (NSAIDs); paracetamol; exercise |
| Change in behavior talkativeness, irritability) | Cs, Ofx | Haloperidol; pyridoxine ५०mg/२५०mg of Cs, up to २००mg/day maximum |
| Cutaneous reaction | H, R, Z, E, Pto, Eto, Cs,PAS, S and other aminoglycosides | Antihistamines; hydrocortisone creams |
| Depression | Cs,H, Pto, Eto | Selective serotonin reuptake inhibitors (fluoxetine, sertraline); tricyclic antidepressants (amitriptyline) |
| Diarrhoea | PAS | Rehydration; loperamide |
| Excessive salivation | Eto, Pto | Ice chips; metoclopramide |
| Flu-like syndrome | R | Paracetamol |
| Gastritis | PAS, Pto, Eto | Antacids (for example, calcium carbonate); H२ blockers; proton pump inhibitors |
| Gynecomastia | Pto, Eto | Reassurance; surveillance |
| Headaches | Pto, Eto | Nonsteroidal anti-inflammatory drugs |

| | | |
|---|---|---|
| | | (NSAIDs); paracetamol; exercise |
| Insomnia | Ofx, Lfx, Mfx | Antihistamine; zolpidem |
| Metallic taste | Pto, Eto | Reassurance |
| Musculoskeletal pain | No specific medicine | Nonsteroidal anti-inflammatory drugs (NSAIDs); paracetamol |
| Nausea and vomiting | Pto, Eto, PAS, R H, Z, E | Rehydration; metoclopramide; divide dose (morning and afternoon) only if both doses can be supervised |
| Olfactory hallucination | Pto, Eto | Reassurance |
| Peripheral neuropathy | I, N, H, Cs, S, Km, Pto, Eto, FQ | Increase pyridoxine to maximum daily dose (२०० mg/day); tricyclic antidepressants (for example, amitriptyline) |
| Pain at injection site | S, Km, Am, Cm | Cold compress |
| Photophobia | Pto, Eto | Reassurance |
| Vertigo or dizziness | S, Km, Cm, Pto, Eto | Betahistine; cinnarizine |

थप व्याख्या: क्षयरोग विशेषज्ञको सिफारिस बमोजिम [illegible] औषधी पनि खरिद गर्ने ।

प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

अनुसूची-३

## Non-pneumatic Anti-Shock Garment

| S.N. | Purchaser's Specifications |
|---|---|
| | **Non-pneumatic Anti-Shock Garment** |
| | **Manufacturer** |
| | **Brand** |
| | **Type / Model** |
| | **Country of Origin** |
| 1 | **Description of Function** |
| 1.1 | Non-pneumatic anti-shock garment (NASG) used to stabilize women during obstetric haemorrhage. |
| 2 | **Operational Requirements** |
| 2.1 | Lightweight, washable and reusable NASG made of neoprene garment and fastened with Velcro over a foam compression ball. |
| 3 | **System Configuration** |
| 3.1 | Non-pneumatic anti-shock garment (NASG) with all standard accessories. |
| 4 | **Technical Specifications** |
| 4.1 | NASG must be lightweight, flexible and comfortable for the wearer with no metal parts. |
| 4.2 | Should be made up of light weight neoprene garment and fastened with Velcro over a foam compression ball. |
| 4.3 | The design of NASG must allow perineal access so that examinations and vaginal procedures can be performed without it being removed. |
| 4.4 | NASG should be in the shape of trousers divided into six segments for ease of application to different parts of lower body below the diaphragm with Velcro fasteners.<br>• The segment 1 must consist of 2 pieces to be used in each ankles<br>• The segment 2 must consist of 2 pieces to be used in each calf<br>• The segment 3 must consist of 2 pieces to be used in each thigh<br>• The segment 4 must consist of 1 piece to be used around the pelvis<br>• The segment 5 must consist of 1 piece to be used over the naval<br>• The segment 6 must consist of 1 piece to be used aground the abdomen/umbilicus. This segment must apply extra compression with a small foam ball. |
| 4.5 | The garment must be able to apply approx. 30 to 50 mm Hg of pressure to the lower body pressure |
| 4.6 | The NASG should reusable for 40 or more uses |
| 4.7 | The NASG should be suitable for hand and machine washing. |
| 4.8 | Should be available in various size: Small, Medium and Large. |
| 5 | **Accessories, spares and consumables** |
| 5.1 | All standard accessories to be included in the offer. |
| 6 | **Operating Environment** |
| 6.1 | The product offered shall be designed to operate normally under the conditions of the purchaser's country. |
| 7 | **Standards and Safety Requirements** |
| 7.1 | Should be ISO certificated product AND |
| 7.2 | Should be CE or USFDA approved product. |
| 8 | **User Training** |
| 8.1 | Not applicable |
| 9 | **Warranty** |
| 9.1 | Comprehensive warranty for 2 year after acceptance. |
| 10 | **Installation and Commissioning** |
| 10.1 | Should be ready to use system. |
| 11 | **Documentation** |
| 11.1 | User (Operating) manual in English. |

प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

Scanned with CamScanner

- मानव संशाधन विकास केन्द्रबाट सञ्चालित तालिमहरु सकेसम्म प्रदेशमा उपलब्ध तालिम साइटहरुमा नै सञ्चालन गर्नुपर्नेछ । यदि यस किसिमका तालिमहरु प्रदेश बाहिर सञ्चालन गर्न आवश्यक परेमा सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा महाशाखाबाट अग्रीम स्वीकृति लिनुपर्नेछ साथै संस्था/सहभागी छनौट गर्दा तालिमको आवश्यकता, औचित्यका आधारमा प्राथमिकता निर्धारण गर्नुपर्नेछ।

- प्रदेश स्तरमा स्वास्थ्य कार्यक्रमहरूको समिक्षा गर्दा सबै क्षेत्रहरूलाई समावेश गरि एकिकृत रूपमा सन्चालन गर्नुपर्नेछ ।

- प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रबाट उत्पादन गरिएका सम्पूर्ण आयुर्वेद औषधिहरु सबै जिल्लास्थित आयुर्वेद स्वास्थ्य केन्द्र तथा स्थानीय तहमा रहेका आयुर्वेद औषधालयहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

- मन्त्रालय मातहतका कार्यालयहरूमा कार्यक्रमको अनुगमन गर्दा माथिल्लो निकायले र सोहि कार्यालयमा कार्यरत विषयसँग सम्बन्धित व्यक्ति र औचित्यका आधारमा अन्य कर्मचारीहरुले मात्र गर्नु पर्नेछ ।

- कार्यक्रमहरू कार्यान्वयन गर्दा आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम खर्च गर्ने मार्गदर्शनलाई पूर्णरूपमा पालन गर्नुपर्नेछ ।

- कार्यक्रमहरू सञ्चालन गर्दा मितव्ययीता र उपलब्धिलाई विशेष ध्यान दिनुपर्नेछ ।

- सम्बन्धित कार्यालयहरूले वार्षिक कार्य योजना तयार पारी अनिवार्य रूपमा सामाजिक विकास मन्त्रालय तथा निर्देशनालयमा पठाउनु पर्नेछ ।

- कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेट सम्बन्धमा यस दिग्दर्शनमा बाँडफाँटका आधार उल्लेख गरिएकोमा सोही बमोजिम तथा बाँडफाँटका आधार उल्लेख नगरिएकोमा कार्यक्रम तथा क्रियाकलापको उद्देश्य र अपेक्षित लक्ष्य अनुरूप हुने गरी आवश्यकता तथा विद्यमान नियमानुसार बजेटको बाँडफाँट गरी कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्नुपर्नेछ ।

- स्थानीय तहहरूसँगको समन्वयमा सञ्चालन गर्नुपर्ने कार्यक्रम वा स्थानीय तहसँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी योजनाबद्ध तथा समन्वयात्मक रूपमा सञ्चालन गर्नुपर्नेछ।

प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री